'पञ्ञा नरानं रतनं'

# परियत्ति : तृतीय प्रवेश शिक्षा

(भाग-२, नेपाली)

(प.स.पा.को प्रवेश तृतीय वर्ष द्वितीय पत्रको पाठय-पुस्तक)

बु.सं. २५४५ देखि स्वीकृत

Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : तृतीय प्रवेश शिक्षा

(भाग-२, नेपाली)

(बु. सं. २५४६ देखि स्वीकृत)

Dhamma Digital

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश तृतीय वर्ष द्वितीय पत्रको पाठ्य-पुस्तक)

**सम्पादन तथा संयोजन**

**कोण्डन्य**

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)

Downloaded from http://dhamma.digital/

प्रकाशक : मोतिलाल शिल्पकार, कष्णालक्ष्मी शिल्पकार परिवार
नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्
पाठयक्रम विकास तथा व्यवस्थापन समिती
मणिमण्डप विहार, पटको पाटन ।

सर्वाधिकार सुरक्षित : नेपाल बौद परियत्ति शिक्षा, बु.सं. २५४६

## उपासक श्री मोलिलाल शिल्पकारको जन्मदिनको उपलक्ष्यमा

उपासक श्री मोतिलाल शिल्पकार, लोकेश्वर टोल, जावलाखेलद्वारा नेपाल बौद्ध परियत्ति शिक्षाको लागि 'परियत्ति प्रथम प्रवेश शिक्षा प्रथम पत्र (नेपाली)' प्रकाशनार्थ अर्थ सहयोग गरिदिनुभएकोमा नेपाल बौद्ध परियत्ति शिक्षा साधुवाद व्यक्त गर्दछ ।

प्रथम संस्करण - बु. सं. २५५६ - वि.सं. २०७०
- ई.सं. २०१३ - ने.सं. ११३३

## बौद्ध परियत्ति शिक्षा स्तर

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष

२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितिय वर्ष

३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतिय वर्ष

४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष

५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितिय वर्ष

६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतिय वर्ष

७. परियत्ति सद्धम्म पालकको उपाधि परिक्षा

८. परियत्ति सद्धम्म पालकको कोविद प्रथम वर्ष

९.परियत्ति सद्धम्म पालकको कोविध मध्यम वर्ष

१०. परियत्ति सद्धम्म पालकको कोविध अन्तिम वर्ष

Downloaded from http://dhamma.digital/

# केही शब्द

नेपालको बुद्ध शासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट झण्डै ४० वर्ष देखि संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ठ देन सर्वविदितै छ। यस्को श्रेय बुद्धशासनप्रति श्रद्धा र श्रम समर्पित गर्दै आउनु भएका नेपाल बौद्ध परियत्ति शिक्षाका संचालन सम्बन्धित पदाधिकारी, सदस्यहरू, परियत्ति शिक्षाका सम्पूर्ण केन्द्रका प्रबन्धक र शिक्षक-शिक्षिकाहरू, पुस्तक प्रकाशक र पुरस्कार वितरणार्थ श्रद्धालुहरूलाई छ।

नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यापक रूपमा फैलाउन परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाका विविध पक्षहरूमा समयानुकुल परिवर्तित र परिवर्द्धित गरिंदै लानुपर्ने कुरालाई ध्यानकेन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको नियमावली बनेको र पाठ्यक्रम निर्माणमा प्रयास भएको छ। यसै अन्तर्गत प्रवेश तृतीय वर्षको पत्रगत नेपाली भाषामा सिङ्गो एक पुस्तकमा उपलब्ध हुनेगरी पाठ्य-पुस्तक प्रकाशित हुनु *"धम्मपीति"* को विषय हो।

अखिल नेपाल भिक्षु महासंघबाट संचालित नेपाल बौद्ध परियत्ति शिक्षा नेपालको बुद्धशासनिक क्षेत्रमा आफ्नै विशेषता र देन रहेको कुरा स्पष्ट हुँदै आएको छ। परियत्ति शिक्षाको प्रारम्भ समयमा अध्ययन गर्ने विद्यार्थी, परियत्तिका शिक्षक-शिक्षिका तथा शुभचिन्तकहरू उत्तरोत्तर उन्नति-प्रगति गरिंदै यसलाई व्यवस्थित ढङ्गले अगाडी बढाई शिक्षा प्रणाली अनुरूप वैज्ञानिकीकरण गरिंदै पाठ्य-पुस्तकलाई व्यवस्थित गरी अध्ययनार्थीहरूलाई सुलभ गरिंदै जानुमा सचेतता देखिनु पनि सकारात्मक कदम हो।

Downloaded from http://dhamma.digital/

पाठ्य-पुस्तकलाई प्रयोगमा ल्याई अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध श्रोतको सदुपयोग गरी सफलतापूर्वक अध्यापन गर्न सक्ने हुन्छ तापनि सहजरूपमा हाम्रा परियत्ति केन्द्रहरूमा अन्य सहायक सामाग्रीहरू उपलब्ध नहुँदा पाठ्य-पुस्तक माथि अत्यधिक निर्भर रहनु परेको छ। परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिवर्तित र परिवर्द्धित गरिँदै लानु पर्ने लक्ष्यतिर ध्यान केन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको प्रवेश स्तरका प्रथम, द्वितीय र तृतीय वर्षका प्रत्येक प्रश्न-पत्रका एउटै सिंगो पुस्तक नेपाली भाषामा उपलब्ध गराउने प्रयास भैरहेछ। यसै अनुरूप प्रस्तुत पाठ्य-पुस्तकलाई सीमित जनशक्ति र श्रोतलाई प्रयोग गरी सकेसम्म स्तरयुक्त बनाई शिक्षक र विद्यार्थीहरूका आवश्यकतालाई अत्यधिक मात्रामा पूरा गर्न सकियोस् भनी केही हदसम्म प्रयास गरिए तापनि भाषा, विषयक्रम, शैली जस्ता पाठ्य-पुस्तकमा हुनुपर्ने विविध पक्षमा अझै कमी/कमजोरीहरू यथेष्ट नै नहोलान् भन्न सकिन्न र तापनि शिक्षक, अभिभावक, विद्यार्थी, बौद्ध-विद्वान् तथा शिक्षाविद् लगायत सम्पूर्ण पाठकहरूको सक्रिय सहयोगको महत्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैका लागि रचनात्मक सुझाव, सरसल्लाहका लागि नेपाल बौद्ध प. शि. पाठ्यक्रम विकास समिति सदैव हार्दिक स्वागत गर्दछ।

यस पाठ्य-पुस्तक तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनेहरू सबै सम्बन्धित निकाय एवं श्रद्धालु महानुभावहरू तथा प्रकाशन कार्यमा सहयोग गरिदिनु हुने श्रद्धालु दाता प्रति हार्दिक साधुवाद व्यक्त गरिन्छ।

साधुवाद।

नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम विकास समिति

Downloaded from http://dhamma.digital/

# धम्मपद

अनुवादक

**भिक्षु अमृतानन्द महास्थविर**

Downloaded from http://dhamma.digital/

# परियत्ति : तृतीय प्रवेश शिक्षा - २

**धम्मपद** –

– अनुवादक : आचार्य भिक्षु अमृतानन्द महास्थविर

**संक्षिप्त कथा सहित धम्मपद** –

– लेखक आचार्य भिक्षु अमृतानन्दद्वारा

**स्मरणीय व्यक्तित्वहरू** -

– लेखक रत्न सुन्दर शाक्य "परियत्ति सद्धम्म पालक"

**– सम्पादन तथा संयोजन : कोण्डन्य**

Downloaded from http://dhamma.digital/

# विषय-सूची

विषय — पृष्ठः

## धम्मपद ........................................ १-१६

वालवग्गो ........................................ १

धम्मपद अभ्यास- १ ........................................ ६

पण्डित वग्गो ........................................ ७

धम्मपद अभ्यास - २ ........................................ १२

अरहन्त वग्गो ........................................ १३

धम्मपद अभ्यास - ३ ........................................ १६

## संक्षिप्त कथा सहित धम्मपद ........................ १७-६८

### अप्रमाद वर्ग

१. श्यामावती ........................................ १९

धम्मपद अट्ठकथा अभ्यास - १ ........................ ३७

२. कुम्भघोष ........................................ ३८

धम्मपद अट्ठकथा अभ्यास - २ ........................ ४३

३. चूलपन्थक ........................................ ४४

धम्मपद अट्ठकथा अभ्यास - ३ ........................ ५०

४. मूर्खक्रीडा ........................................ ५१

धम्मपद अट्ठकथा अभ्यास - ४ ........................ ५२

५. महाकाश्यप महास्थविर ........................ ५३

धम्मपद अट्ठकथा अभ्यास - ५ ........................ ५४

Downloaded from http://dhamma.digital/

## चित्त वर्ग


६. मेघिय स्थविर ५५

धम्मपद अट्ठकथा अभ्यास – ६ ५६

७. सङ्घरक्षित स्थविर ५७

धम्मपद अट्ठकथा अभ्यास – ७ ५९

८. चित्तहत्थ स्थविर ६०

धम्मपद अट्ठकथा अभ्यास – ८ ६२

९. नन्द गोपालक ६३

धम्मपद अट्ठकथा अभ्यास – ९ ६४

१०. सोरेय्य स्थविर ........................................................ ६५

धम्मपद अट्ठकथा अभ्यास – १० ६८


## स्मरणीय व्यक्तित्वहरू ............................६९-२००


१. प्रज्ञानन्द महास्थविर ७१

स्मरणीय व्यक्तित्वहरू अभ्यास – १ ...................... १११

२. शाक्यानन्द महास्थविर ........................................ ११२

स्मरणीय व्यक्तित्वहरू अभ्यास – २ ...................... ११९

३. धर्मालोक महास्थविर ............................................ १२०

स्मरणीय व्यक्तित्वहरू अभ्यास – ३ ...................... १४६

४. डा. आचार्य भिक्षु अमृतानन्द महास्थविर .................... १४७

स्मरणीय व्यक्तित्वहरू अभ्यास – ४ १६१

५. बौद्ध ऋषि महाप्रज्ञा १६२

स्मरणीय व्यक्तित्वहरू अभ्यास – ५ .......................१९२

६. उपासक भाजुरत्न साहू ........................................ १९३

स्मरणीय व्यक्तित्वहरू अभ्यास – ६ .......................२००


Downloaded from http://dhamma.digital/

**प्रथम खण्ड :**

# ५–बालवग्गो

## (मूर्ख वर्ग)

श्रावस्ती, जेतवन (६०) प्रसेनजित राजाको सेवक

**दीघा जागरतो रतिं–दीघं सन्तस्स योजनं**
**दीघो बालानं संसारो–सद्धम्मं अविजानतं ॥१॥**

६०– नींद नआउनेलाई रात लामो जस्तो लाग्ने, थाकेकालाई एक योजनको बाटो पनि टाढा जस्तो लाग्ने हुन्छ, त्यस्तै सद्धर्म नजान्ने अज्ञानी मूर्खलाई संसारको बाटो लामो लाग्दछ ॥१॥

श्रावस्ती (६१) कश्यपसँग बस्ने

**चरं चे ना'धिगच्छेय्य–सेय्यं सदिसम'त्तनो ।**
**एक चरियं दल्हं कयिरा–नत्थि बाले सहायता ॥२॥**

६१– भरसक आफूभन्दा गुणी मानिसको सत्संगत् गर्नु, नभए आफू समानको सत्संगत् गर्नु तर आफूभन्दा दुर्गुणीको संगत कहिल्यै नगर्नु, यस्ताको संगत गर्नुभन्दा त सुदृढ मन राखी एक्लै हिड्नु जाति छ ॥२॥

श्रावस्ती (६२) आनन्द साहु

**पुत्ताम'त्थि धनमत्थि–इति बालो विहञ्ञति ।**
**अत्ताहि अत्तनो नत्थि–कुतो पुत्ता कुतो धनं ? ॥३॥**

६२– 'मेरो छोरा छ' 'धन छ' भनी अज्ञानीहरू चिन्तित हुन्छन् । आफ्नो देह नै आफूले भने जस्तो छैन भने छोरा भएर के ! धन भएर के ! ॥३॥

Downloaded from http://dhamma.digital/

जेतवन (६३) चोर

**यो बालो मञ्ञति बाल्यं-पण्डितोवापि तेन सो ।**
**बालो च पण्डितमानी-स'वे बालो'ति वुच्चति ॥४॥**

६३– आफ्नो मूर्खतालाई चिन्नसक्ने मानिस नै पण्डित कहलाइन्छ, मूर्ख भईकन पनि पण्डित हुँ भन्नेलाई मूर्ख भन्दछन् ॥४॥

श्रावस्ती, जेतवन (६४) उदायी थेर

**यावजीवम्पि चे बालो-पण्डितं पयिरुपासति ।**
**न सो धम्मं विजानाति-दब्बी सूपरसं यथा ॥५॥**

६४– दारुले त्यून तरकारीको स्वाद थाहा नहुने झैं मूर्खजनले पनि जीवनभर पण्डितको सत्संगत् गरेता पनि धर्मको मर्म बुझ्न सक्तैन ॥५॥

श्रावस्ती, जेतवन (६५) भद्रवर्गीय भिक्षु

**मुहुत्तम'पि चे विञ्ञू-पण्डितं पयिरुपासति ।**
**खिप्पं धम्मं विजानाति-जिव्हा सूपरसं यथा ॥६॥**

६५– जिब्रोले त्यून तरकारीको स्वाद पाए झैं विज्ञजनले, क्षणमात्र भएपनि पण्डितहरूको सत्संगत् पायो भने धर्मको रस बुझिहाल्छ ॥६॥

राजगृह, वेणुवन (६६) कश्यपसँग बस्ने

**चरन्ति बाला दुम्मेधा-अमित्तेने'व अत्तना ।**
**करोन्तो पापकं कम्मं-यं होति कटुकप्फलं ॥७॥**

६६– मूर्खहरूले आफैलाई शत्रु बनाएर पाप कर्म गर्छन्। त्यही पाप कर्मको कटु-फल पछि आफैलाई प्राप्त हुन्छ ॥७॥

Downloaded from http://dhamma.digital/

(६७)

**न तं कम्मं कतं साधु-यं कत्वा अनुतप्पति ।**
**यस्स अस्सुमुखो रोदं-विपाक पटिसेवति ॥८॥**

६७- जुन कामको फल भोग गर्दा आँसु बहाई पछुतो गर्नु पर्ला त्यस्तो काम सज्जनले नगर्नु नै वेस हो ॥८॥

वेणुवन (६८) सुमन माली

**तञ्च कम्मं कतं साधु-यं कत्वा ना'नुतप्पति ।**
**यस्स पतीतो सुमनो-विपाकं पटिसेवति ॥९॥**

६८- जुन कामको फल भोग गर्दा पछुतो गर्नु पर्दैन, चित्त प्रसन्न रहन्छ, सज्जनले त्यस्तो काम गर्नु पर्दछ ॥९॥

राजगृह, वेणुवन (६९) उत्पलवर्णा भिक्षुणी

**मधु'व मञ्ञती बालो-याव पापं न पच्चति ।**
**यदा च पच्चती पापं-अथ बालो दुक्खं निगच्छति ॥१०॥**

६९- पापको फल भोग गर्नु नपरेसम्मं मूर्खले आफूले गरेको खराब कामलाई मह जस्तो ठान्दछ, तर पापको फल भोग्नु पर्दा दुःखित हुन्छ ॥१०॥

राजगृह, वेणुवन (७०) जम्बुक आजीवक

**मासे मासे कुसग्गेन-बालो भुञ्जेथ[१] भोजनं ।**
**न सो सङ्खतधम्मानं-कलं अग्घति सोलसिं ॥११॥**

७०- महिनामा एकपल्ट मात्र कुशाग्रले भोजन गरेता पनि मूर्खहरू पण्डितको अगाडि सोह्र आनामा एक आना पनि मूल्यवान् हुन सक्तैन ॥११॥

१. ब. भूञ्जेय्य

Downloaded from http://dhamma.digital/

राजगृह, वेणुवन (७१) अहि प्रेत

**न हि पापं कतं कम्मं–सज्जु खीरं'व मुच्चति ।**
**डहन्तं बाल'मन्वेति–भस्मच्छन्नो'व पावको ॥१२॥**

७१– दुहुना साथ दूध बिग्रदैन त्यस्तै पापको फल पनि तुरुन्तै आउँदैन, खरानिको आगोले क्रमशः पोले झैं पापले मूर्खलाई क्रमशः पोल्दै ल्याउँछ ॥१२॥

राजगृह, वेणुवन (७२) सट्ठिकूट प्रेत

**यावदेव अनत्थाय–ञत्तं बालस्स जायति ।**
**हन्ति बालस्स सुक्कंसं–मुद्ध'मस्स विपातयं ॥१३॥**

७२– मूर्खको बुद्धि अनर्थ गर्ने हुन्छ, मूर्खले आफ्नो मूर्खताको कारण आफ्नो सुख हुने भविष्यलाई आफ्नै शिर फोरे झैं गरेर बिगार्दछ ॥१३॥

जेतवन (७३) सुधर्म स्थविर

**असतं भावन'मिच्छेय्य–पुरेक्खारञ्च भिक्खुसु ।**
**आवासेसु च इस्सरियं–पूजा परकुलेसु च ॥१४॥**

**ममे'व कत'मञ्ञन्तु**
**गिही पब्बजिता उभो ।**
**ममे'व अतिवसा अस्सु**
**किच्चा'किच्चेसु किस्मिचि ।**
**इति बालस्स सङ्कप्पो**
**इच्छा मानो व'वड्ढति ॥१५॥**

Downloaded from http://dhamma.digital/

७३, ७४– खराब विचार हुने भिक्षुले यस्तो इच्छा गर्दछ– 'भिक्षुगणमा माथि वसुं, मठ र विहारको अधिपति होऊ, अर्काको घरमा पूजित होऊ, सबै काम आफूले भने झैं होस्'– यस्ता संकल्प गर्ने भिक्षुको मनमा तृष्णा र अभिमान बढ्दै जान्छ ॥१५॥

श्रावस्ती, जेतवन (७५) वनवासी तिस्सथेर

**अञ्ञा हि लाभू'पनिसा-अञ्ञा निब्बानगामिनी ।**
**एव'मेतं अभिञ्ञाय-भिक्खु बुद्धस्स सावको ।**
**सक्कारं ना'भिनन्देय्य-विवेकम'नुब्रूहये ॥१६॥**

७५– लाभ सत्कार पाइने बाटो आर्कै, निर्वाण पाइने बाटो आर्कै सम्झेर बुद्ध शासनमा बस्ने भिक्षुले समाजमा लाभ सत्कारको वास्ता नराखि एकान्तवासी हुने चर्य्या बढाउनु पर्छ ॥१६॥

Dhamma.Digital

**मूर्ख वर्ग सिद्धियो ।**

Downloaded from http://dhamma.digital/

## धम्मपद (मूर्ख वर्ग) : अभ्यास – १

**(१) तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) चरं चे ............................................ बाले सहायता ॥

(ख) मुहुत्तम'पि ............................................ सूपरसं यथा ॥

(ग) तञ्च कम्मं ............................................पटिसेवति ॥

(घ) न हि पापं ............................................ पावको ॥

(ङ) अञ्ञा हि ............................................विवेकम'नुब्रूहये ॥

**(२) तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) दीघा जागरतो रतिं-दीघं सन्तस्स योजनं
दीघो बालानं संसारो-सद्धम्मं अविजानतं ॥

(ख) यो बालो मञ्ञति बाल्यं-पण्डितोवापि तेन सो ।
बालो च पण्डितमानी-स'वे बालो'ति वुच्चति ॥

(ग) मधु'व मञ्ञती बालो-याव पापं न पच्चति ।
यदा च पच्चती पापं-अथ बालो दुक्खं निगच्छति ॥

(घ) यावदेव अनत्थाय-ञत्तं बालस्स जायति ।
हन्ति बालस्स सुक्कंसं-मुद्ध'मस्स विपातयं ॥

❖❖❖❖

Downloaded from http://dhamma.digital/

जेतवन (७९) महाकप्पिन थेर

**धम्मपीति सुखं सेति-विप्पसन्नेन चेतसा ।**
**अरियप्पवेदिते धम्मे-सदारमति पण्डितो ॥४॥**

७९– धर्म रस बुझ्ने व्यक्ति प्रसन्न चित्त भई आराम पूर्वक निदाउँछ, पण्डितहरूले आर्य धर्ममा मन लगाउँछ ॥४॥

जेतवन (८०) पण्डित श्रामणेर

**उदकं हि नयन्ति नेत्तिका**
**उसुकारा नमयन्ति भोजन**
**दारुं नमयन्ति तच्छका**
**अत्तानं दमयन्ति पण्डिता ॥५॥**

८०– कुलो खन्नेले आफूलाई चाहिंदो ठाउँमा पानी लैजान्छ, वाण बनाउनेले आफूलाई चाहिए बमोजिम बाण वनाउँछ, सिकर्मीले पनि आफूलाई चाहिए बमोजिमको काठ बनाउँछ, त्यस्तै पण्डितहरूले पनि आफूलाई चाहिए बमोजिम आत्म दमन गर्दछन् ॥५॥

जेतवन (८१) भद्दिय थेर

**सेलो यथा एकघनो-वातेन न समीरति ।**
**एवं निन्दा पसंसासु-न समिञ्जन्ति पण्डिता ॥६॥**

८१– ठूल्ठूला ढुङ्गालाई हावाले उखेल्न नसके झैं निन्दा र प्रशंसाले पण्डितहरूलाई विचलित गराउन सक्तैन ॥६॥

Downloaded from http://dhamma.digital/

# ६–पण्डित वग्गो

## (पण्डित वर्ग)

जेतवन (७६) राध थेर

**निधीनं'व पवत्तारं- यं पस्से वज्जदस्सिनं ।**
**निग्गय्हवादिं मेधाविं-तादिसं पण्डितं भजे ।**
**तादिसं भजमानस्स-सेय्यो होति न पापियो॥१॥**

७६– आफ्नो दोष देखाइ दिनेलाई गाडेको धन देखाइ दिने मित्र भनी ठान्नु पर्छ, ज्ञानीहरू आफूलाई गालि गरेर सिकाउनेको सत्संगत् छोड्दैनन् त्यस्ताको सत्संगत् गर्नाले आफ्नो उन्नति सिवाय हानी हुँदैन ॥१॥

जेतवन (७७) अस्सजि, पुनब्बसु

**ओवदेय्या'नुसासेय्य- असब्भा च निवारये ।**
**सतं हि सो पियो होति-असतं होति अप्पियो ॥२॥**

७७– उपदेश देऊ, आफूलाई अनुशासन गर, असभ्य स्वभाव छोड भन्ने मानिस सत्पुरुषहरूको प्रेम पात्र हुन्छ । उसलाई असत्पुरुषले रुचाउँदैन ॥२॥

जेतवन (७८) छन्न थेर

**न भजे पापके मित्ते-न भजे पुरिसा'धमे ।**
**भजेथ मित्ते कल्याणे-भजेथ पुरिसुत्तमे ॥३॥**

७८– पापी मित्र र अधर्म पुरुषको संगत नगर, कल्याण मित्र र उत्तम पुरुषको सत्संगत गर ॥३॥

Downloaded from http://dhamma.digital/

जेतवन (८२) काणमाता

**यथा पि रहदो गम्भीरो-विप्पसन्नो अनाविलो ।**
**एवं धम्मानि सुत्वान-विप्पसीदन्ति पण्डिता ॥७॥**

८२– अगाध तथा गम्भीर पोखरीको पानी निर्मल भए जस्तै पण्डितहरूको चित्त धर्म श्रवणको प्रभावले स्वच्छ र निर्मल हुन्छ ॥७॥

जेतवन (८३) पाँच शय भिक्षु

**सब्बत्थ वे सप्पुरिसा चजन्ति**
**न कामकामा लपयन्ति सन्तो ।**
**सुखेन फुट्ठा अथवा दुखेन**
**न उच्चा'वचं पण्डिता दस्सयन्ति ॥८॥**

८३– सत्पुरुषहरूले सबै कुरा त्याग गर्छन् औ शान्त भएर काम विषयक कुरा केही गर्दैनन्, सुख होस् वा दुःख होस् त्यस विषयमा केही पनि बोल्दैनन् ॥८॥

जेतवन (८४) धम्मिक थेर

**न अत्तहेतु न परस्सहेतु**
**न पुत्त'मिच्छे न धनं न रट्ठं**
**न इच्छेय्य अधम्मेन समिद्धि मत्तनो**
**स सीलवा पञ्ञवा धम्मिको सिया ॥९॥**

८४– आफ्नो निमित्त अर्काको निमित्त अथवा छोरा छोरी पाउने आशा अथवा धन र राज्यको निमित्त अधर्मबाट समृद्ध हुन्छु भन्ने विचार नराख्ने यस्तालाई धार्मिक भन्दछन् ॥९॥

जेतवन (८५) धम्मिक थेर

Downloaded from http://dhamma.digital/

**अप्पका ते मनुस्सेसु-ये जना पारगामिनो ।**
**अथा'यं इतरा पजा-तीरमे'वा' नुधावति ॥१०॥**

८५– यो संसाररूपी समुद्र देखि उता पार जाने मानिस थोरै हुन्छ अरु बाँकी सबै यतै तीरै तीरमा दगुरी रहने हुन्छन् ॥१०॥

(८६)

**ये च खो सम्म'दक्खाते धम्मे धम्मा'नुवत्तिनो ।**
**ते जना पार'मेस्सन्ति-मच्चुधेय्यं सुदुत्तरं ॥११॥**

८६– राम्रोसँग देशना गरिएको सद्धर्म अनुसार आचरण गर्ने व्यक्ति नै यस्तो दुस्तर सागरको पार तरेर जान्छ ॥११॥

जेतवन (८७) ५०० आगन्तुक भिक्षु

**कण्हं धम्मं विप्पहाय-सुक्कं भावेथ पण्डितो ।**
**ओका अनोकं आगम्म-विवेके यत्थ दूरमं ॥१२॥**

८७– भिक्षु हो, खराब धर्मलाई छोडी असल धर्म ग्रहण गर्नुपर्छ, घर छाडेर त्यागी हुनेले एकान्तसेवन गर्नुपर्छ ॥१२॥

(८८)

**तत्रा'भिरति मिच्छेय्य-हित्वा कामे अकिञ्चनो ।**
**परियोदपेय्य अत्तानं-चित्तक्लेसेहि पण्डितो ॥१३॥**

८८– कामभोग सबै छोडी नैष्कर्म्यमा रत हुनु पर्दछ, पण्डितले आफ्नो मनको मैला सबै फ्याँकेर आफूलाई परिशुद्ध बनाउँछ ॥१३॥

Downloaded from http://dhamma.digital/

पण्डित वग्गो

(८९)

**येसं सम्बोधि अंगेसु-सम्मा चित्तं सुभावितं ।**
**आदान पटिनिस्सग्गे-अनुपादाय ये रता ।**
**खीणा'सवा जुतीमन्तो-ते लोके परिनिब्बुता ॥१४॥**

८९– सम्बोधि अङ्गमा मन बसी सकेका, परिग्रहलाई त्यागेर अपरिग्रहमा लागेका, मैला रहित चित्त भएका यस्ता तेज सम्पन्न पुरुषलाई नै निर्वाण-पद प्राप्ति भएको हुन्छ ॥१४॥

**पण्डित वर्ग सिद्धियो ।**

Downloaded from http://dhamma.digital/

## धम्मपद (पण्डित वर्ग) : अभ्यास – २

**(१) तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) निधीनं'व ........................................ होति न पापियो ॥

(ख) धम्मपीति ........................................ पण्डितो ॥

(ग) सेलो यथा ........................................ पण्डिता ॥

(घ) सब्बत्थ वे ........................................ दस्सयन्ति ॥

(ङ) येसं सम्बोधि ........................................ परिनिब्बुता ॥

**(२) तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) न भजे पापके मित्ते-न भजे पुरिसा'धमे ।
भजेथ मित्ते कल्याणे-भजेथ पुरिसुत्तमे ॥

(ख) उदकं हि नयन्ति नेत्तिका
उसुकारा नमयन्ति भोजन
दारुं नमयन्ति तच्छका
अत्तानं दमयन्ति पण्डिता ॥

(ग) न अत्तहेतु न परस्सहेतु
न पुत्तमिच्छे न धनं न रट्ठं
न इच्छेय्य अधम्मेन समिद्धि मत्तनो
स सीलवा पञ्ञवा धम्मिको सिया ॥

(घ) तत्रा'भिरति मिच्छेय्य-हित्वा कामे अकिञ्चनो ।
परियोदपेय्य अत्तानं-चित्तक्लेसेहि पण्डितो ॥

❖❖❖❖

Downloaded from http://dhamma.digital/

# ७–अरहन्त वग्गो

## (अरहत् वर्ग)

जीवक आम्रवन (९०) जीवक

**गत'द्धिनो विसोकस्स–विप्पमुत्तस्स सब्बधी ।**
**सब्बगन्थप्पहीणस्स–परिलाहो न विज्जति ॥१॥**

९०– आफ्नो मार्ग तय गरी सकेको, शोक र हित भएर सबै गांठो फुकी सकेको त्यस्ता व्यक्तिलाई शोक सन्ताप हुँदैन ॥१॥

राजगृह, वेणुवन (९१) महाकश्यप

**उय्युञ्जन्ति सतीमन्तो–न निकेते रमन्ति ते ।**
**हंसा'व पल्ललं हित्वा–ओक'मोकं जहन्ति ते ॥२॥**

९१– जसले स्मृतवान् भएर उद्योग गर्दछ गृहस्थ जीवनमा रमाउन छोड्दछ त्यस्ता व्यक्तिले जस्तो हंसले क्षुद्र जलाशय छोडेर जान्छ त्यस्तै गरी गृहत्याग गरी दिन्छ ॥२॥

जेतवन (९२) महाद्विसीस

**येसं सन्निचयो नत्थि–ये परिञ्ञात भोजना ।**
**सुञ्ञतो अनिमित्तो च–विमोक्खो यस्स गोचरो ।**
**आकासे'व सकुन्तानं–गति तेसं दुरन्नया ॥३॥**

९२– जस्को संग्रह छैन, जो भोजनमा संयमी छ र शून्यस्वरूप निर्वाणमा दत्तचित्त छ, त्यस्ताको गति आकाशमा उड्ने पंक्षीको गति जस्तो देख्न गाह्रो हुन्छ ॥३॥

Downloaded from http://dhamma.digital/

राजगृह, वेणुवन (९३) अनुरुद्ध थेर

**यस्सा'सवा परिक्खीणा-आहारे च अनिस्सितो ।**
**सुञ्ञतो अनिमित्तो च-विमोक्खो यस्स गोचरो ।**
**आकासे'व सकुन्तानं-गति तेसं दुरन्नया ।।३।।**

९३– जस्को आस्रव क्षीण भई सकेको छ, आहारमा आसक्ति छैन, शून्यस्वरूप निर्वाणमा दत्त-दृष्टि छ त्यस्ताको गति आकाशमा उड्ने पंक्षीको गति जस्तै देख्न गाह्रो हुन्छ ।।४।।

श्रावस्ती, पूर्वाराम (९४) महाकच्चायन

**यस्सि'न्द्रियानि समथं गतानि**
**अस्सो यथा सारथिना सुदन्ता ।**
**पहीणमानस्स अनासवस्स**
**देवा'पि तस्स पिहयन्ति तादिनो ।।५।।**

९४– सवारले दमन गरिएको घोडा झैं जस्को इन्द्रिय शान्त भइसकेको छ त्यस्ता निरभिमानी अनास्रवी सन्त्को स्पृहा देवताहरू पनि गर्दछन् ।।५।।

जेतवन (९५) सारिपुत्र स्थविर

**पठवीसमो नो विरुज्झति**
**इन्दखील्'पमो तादि सुब्बतो ।**
**रहदो'व अपेतकद्दमो**
**संसारा न भवन्ति तादिनो ।।६।।**

९५– पृथ्वी समान र इन्द्रकील समान नडगेर बस्ने व्यक्तिको मन निर्मल पंक रहित जलाशय स्वच्छ भएर संसारका अनेक ग्रन्थिहरूमा अल्झिएको हुँदैन ।।६।।

Downloaded from http://dhamma.digital/

## अरहन्त वग्गो

जेतवन (९६) कौशम्बिकवासी तिस्स थेर

**सन्तं तस्स मनं होति-सन्ता वाचा च कम्म च ।**
**सम्मदञ्ञा विमुत्तस्स उपसन्तस्स तादिनो ॥७॥**

९६– राम्रोसँग जानी बुझी मुक्त भै सकेको अर्हत् पुरुषको मन शान्त वाणी तथा कर्म पनि शान्त हुन्छ ॥७॥

जेतवन (९७) सारिपुत्र स्थविर

**अस्सद्धो अकतञ्ञू च-सन्धिच्छेदो च यो नरो ।**
**हता 'वकासो वन्ता 'सो-स वे उत्तमपोरिसो ॥८॥**

९७– अन्धविश्वास रहित, निर्वाणका ज्ञानी, जन्म मरण रहित भएर सबै तृष्णा त्याग गरी सकेको मानिसलाई उत्तम पुरुष भनिन्छ ॥८॥

जेतवन (९८) खदिरवनीय रेवत थेर

**गामे वा यदि वा 'रञ्ञे-निन्ने वा यदि वा थले ।**
**यत्था'रहन्तो विहरन्ति-तं भूमिं रामणेय्यकं ॥९॥**

९८– गाउँ, जङ्गल, मैदान, पहाड आदि जुन ठाउँमा अर्हत्‌हरू विचरण गर्दछन् त्यो ठाउँ रमणीय हुन्छ ॥९॥

जेतवन (९९) आरण्यिक भिक्षु

**रमणीयानि अरञ्ञानि-यत्थ न रमती मनो ।**
**वीतरागा रमिस्सन्ति-न ते कामगवेसिनो ॥१०॥**

९९– रमणीय जङ्गल जहाँ विषयासक्त साधारण जन बस्न रुचाउँदैन त्यहाँ काम-भोगको पीछा छाड्ने वीतरागी मात्र बस्न रुचाउँदछ ॥१०॥

**अरहत् वर्ग सिद्धियो ।**

Downloaded from http://dhamma.digital/

## धम्मपद (अरहत् वर्ग) : अभ्यास – ३

**(१) तलका खालि ठाउँमा भर्नुहोस् ।**

(क) गत'द्धिनो ............................ परिलाहो न विज्जति ॥

(ख) यस्सा'सवा परिक्खीणा ................ गति तेसं दुरन्नया ॥

(ग) पठवीसमो नो ............................ भवन्ति तादिनो ॥

(घ) अस्सद्धो अकतञ्ञू ............................ उत्तमपोरिसो ॥

(ङ) रमणीयानि ................................ ते कामगवेसिनो ॥

**(२) तलका पालि गाथाहरूलाई नेपालीमा अर्थ लेख्नुहोस् ।**

(क) येसं सन्निचयो नत्थि-ये परिञ्ञात भोजना ।
सुञ्ञतो अनिमित्तो च-विमोक्खो यस्स गोचरो ।
आकासे'व सकुन्तानं-गति तेसं दुरन्नया ॥

(ख) यस्सि'न्द्रियानि समथं गतानि
अस्सो यथा सारथिना सुदन्ता ।
पहीणमानस्स अनासवस्स
देवा'पि तस्स पिहयन्ति तादिनो ॥

(ग) सन्तं तस्स मनं होति-सन्ता वाचा च कम्म च ।
सम्मदञ्ञा विमुत्तस्स उपसन्तस्स तादिनो ॥

(घ) गामे वा यदि वा 'रञ्ञे-निन्ने वा यदि वा थले ।
यत्था'रहन्तो विहरन्ति-तं भूमिं रामणेय्यकं ॥

❖❖❖❖

Downloaded from http://dhamma.digital/

# संक्षिप्त कथा सहित धम्मपद

लेखक

आचार्य भिक्षु अमृतानन्द

Downloaded from http://dhamma.digital/

द्वितीय खण्ड :

# अप्रमादवर्ग अन्तर्गत कथाहरू

## १. श्यामावती

**('अप्पमादो अमतपदं' भन्ने गाथाको कथा)**

"**अप्पमादो अमतपदं...**" भन्ने यो गाथा **कौशम्बीको** आश्रय गरी **घोषितारामया** बसिरहनु भएका **शास्ताले श्यामावती** सहित उनका पाँचशय स्त्रीहरूको र **मागण्डिय** सहित उनका पाँचशय स्त्रीहरूको मरणको कारणमा बताउनु भएको हो।

**चेतीय राज्यमा भद्रवती नगरमा भद्रवतीय** भन्ने सेठकी **श्यामा** (= सामा) भन्ने छोरी थिइन्। यिनको **कौशम्बी** भन्ने **घोषित** सेठसँग पत्रद्वारा मित्रता थियो। एक दिन उनको घरमा **अहिवातक** रोग निस्क्यो। भनिन्छ कि यो रोग लाग्दा कीटपतंगदेखि लिएर क्रमशः घरका मानिसहरू मर्छन्। घरको भित्ता फोरी निस्केर जानेको प्राण बच्छ। त्यसैले आफ्ना स्वास्नी तथा छोरी **श्यामा** सहित घरको भित्ता फोरी **घोषक** सेठ कहाँ जाने विचारले **भद्रवतीय सेठ** घरबाट निस्केर **कौशम्बी** पुग्दा उनीहरूसँग केही पनि थिएन त्यसैले उनीहरू **घोषक कहाँ** जान हिचकिचाए। यौटा धर्मशालामा बसी **घोषकले** दिइरहेको सदावर्त दानशालाबाट भिक्षा लिई जीविका गर्न थाले। छोरीलाई याचकहरूका साथ भिक्षा लिन पठाए। दानशालामा बस्नेले कति भाग चाहिन्छ ? भनी **श्यामासँग** सोध्दा उनले तीन भाग मागेर ल्याइन्।

Downloaded from http://dhamma.digital/

भिक्षाको खाना पचाउन नसकी उसैदिन उनका पिताको मृत्युभयो । भोलिपल्ट भिक्षा जाँदा दुइ भाग मागेर ल्याइन् । सो दिन उनकी आमाको मृत्यु भयो । अर्को दिन एक भाग मात्र भिक्षा माग्दा दानशालामा बस्नेले "अस्ति तिमीले तीन भाग माग्यौ, हिजो दुइभाग माग्यौ र आज एक भाग मात्र माग्यौ । यसो किन ?" भनी सोध्दा उनले घरबाट निस्केदेखिका सबै कुरा सुनाइन् । यो पनि भनिन् कि **घोषक** सेठ उनका बाबुका मित्र हुन् । अनि सो पुरुषले **श्यामालाई** आफ्नो घरमा लगी छोरीको रूपमा राखे । घोषक सेठको दानशालामा माग्नेहरूको निक्कै होहल्ला हुन्थ्यो । एक दिन श्यामाले यसरी होहल्ला नगराई दान दिन सकिन्न र ? भनी सोध्दा उनले सकिन्न भनी भनेपछि **श्यामाले** "आउने र जाने बाटो छुटचाई बार (वति) राखिदिएको खण्डमा होहल्ला हुने छैन" भनी भनिन् । उनका धर्मपिताले त्यसै गराइदिए पछि होहल्ला हुन छाड्यो ।

दानशालामा हुने होहल्लाको आवाज सुनेर **घोषक** सेठ बडो आनन्दित हुन्थे । केही दिनदेखि दानशालामा होहल्लाको आवाज सुनिएन । एक दिन सो दानदिने पुरुष घोषक कहाँ उपस्थानको निमित्त आएको बेलामा सेठले "के आजकल दान दिइन्न कि क्याहो ?" भनी सोध्दा उनले "दिइन्छ" भने ।

"किन त कुनै आवाज सुनिंदैन ?"

"हो, होहल्ला नहुने गरी दान दिने व्यवस्था गरें ।"

"अघि नै किन व्यवस्था नगरेको नि ?"

"स्वामी ! अघि मलाई थाहा थिएन ।"

"अहिले कसरी थाहा भयो त ?"

"मेरी छोरीले उपाय बताइदिइन् ।"

"तिम्री छोरी छिन् भन्ने कुरा त मलाई थाहा थिएन ।"

अनि उनले **श्यामाको** सम्बन्धमा सबै कुरा सुनाए । सेठले "यदि त्यसोभए उनी मेरै छोरी सरह हुन्" भनी उनलाई बोलाउन पठाई "नानी ! तिमीले केही

Downloaded from http://dhamma.digital/

धन्दा मान्नु पर्दैन । तिमी मेरै छोरी हौ" भनी आश्वासन दिई पाँचशय परिचारीकाहरू दिई आफ्नी छोरी बनाई **घोषक सेठले** आफ्नै घरमा राखे । त्यहाँदेखि **श्यामाको** नाम वार (वती) राखिदिने भन्ने अर्थले '**श्यामावती**' भन्ने रहन गएको हो ।

**कौशम्बीमा** एक ठूलो महोत्सव थियो । यस महोत्सवमा घरबाट कहिल्यै ननिस्कने स्त्रीहरू पनि निस्केर नदीमा नुहाउन पैदल नै जाने गर्छन् । **श्यामावती** पनि आफ्ना पाँचशय परिचारिका स्त्रीहरूको साथ नुहाउन निस्किन् । नदीमा जाने बाटो राजदरबारतिर पर्थ्यो । त्यस बखत दरबारको झ्यालमा बसिरहेका **कौशम्बीका** राजा **उदयन** (उदेन) ले **श्यामावती** सहित ती परिचारिकाहरूलाई देखेर "यी कस्का नर्तकीहरू हुन् ?" भनी सोध्दा "राजन् ! यिनीहरू नर्तकीहरू होइनन् । **घोषक सेठकी** छोरी **श्यामावतीका** परिचारिकाहरू हुन् ।" भन्ने सुन्ने बित्तिकै **श्यामावती** प्रति आसक्त भई **घोषक** सेठलाई **श्यामावतीलाई** तुरून्तै दरबारमा पठाऊ" भनी खवर पठाए । **घोषक सेठले** "पठाउन सक्दिन" भन्ने खबर पठाए । यो सुनेर राजा रिसाएर उनको घरमा ताल्चा लगाइदिए । नुहाएर आएकी **श्यामावतीले** आमाबाबुहरू घर बाहिर बसिरहेका देखेर "के भयो, किन घरबाहिर बसिरहनु भएको ?" भनी सोधिन् । घोषकले उदयन राजाले पठाएको खबर सुनाएपछि **श्यामावतीले** "तात ! राजालाई यस्तो जवाफ दिनु नपर्ने । बरू पाँचशय परिचारीका स्त्रीहरू सहित लिनुभए पठाउने छु भनी भन्नुपर्थ्यो" भन्ने युक्ति बताइन् । यो सुनेर **घोषक सेठले उदयन राजालाई** त्यस्तै गरी खबर पठाए । राजा प्रसन्न भई पाँचशय परिचारीकाहरू सहित **श्यामावतीलाई** लगी अभिषेक गरी अग्रमहिषी पदमा राखे ।

**उज्जैन** (उज्जेन) देशका **चण्डपज्जोत** (चण्डप्रत्योत) राजाले एकदिन "मेरो जस्तो श्रीसम्पत्ति अरू कसैको छ ?" भनी सोध्दा "महाराज ! **कौशम्बीका राजा उदेन** (= उदयन) को सम्पत्ति तपाईको भन्दा बढ्ता छ" भनेको सुनेर "त्यसोभए उनलाई समात्नु पर्‍यो" भनी भन्दा मानिसले भने "महाराज ! तपाईले उनलाई समात्न सक्नु हुन्न । उनी **हस्तिकन्तमंत्र** जान्दछन् र हस्तिसेनामा बलिया छन् ।"

Downloaded from http://dhamma.digital/

यसो भनेको सुनी "कुनै उपायद्वारा उनलाई समात्नुपर्छ" भनी भनेपछि "हात्ती देखेपछि **उदयन राजा** आकर्षित हुन्छन् । अतः काठको यन्त्रमय हात्ती बनाएर जङ्गलमा पठाउनुपर्छ । अनि कुनै मानिसद्वारा यो कुरा उनलाई सुनाउनु पर्छ । यो सुनेर अवश्य पनि हात्ती समात्न उनी आउने छन् । त्यसैबेला उनलाई समात्न सक्नुपर्छ ।"

"यो उपाय ठीक हो" भनी यन्त्रमय काठको हात्ती बनाउन लगाई त्यस भित्र साठी जना मानिसहरू राखी **उदयन** राजाको राज्य सिमानानिरको एक तलाउनिर हात्ती पठाए । हात्तीको लिंड ल्याएर ठाउँ ठाउँमा राख्न लगाए । एक वनचरले देखेर **उदयन** राजालाई "देव ! मैले फलानो ठाउँमा कैलाश पर्वत जस्तै सेतो तपाईको लागि उपयुक्त एउटा हात्ती देखेको छु" भनी भन्दा उसैलाई मार्गदेशक बनाई, हात्तीमा बसी सैन्य सहित राजा त्यसै ठाउँमा पुगे । चरपुरुषले **चण्डप्रद्योत** (चण्डपज्जोत) राजालाई उदयन राजा आएको खबर सुनाए । **चण्डप्रद्योत राजाले** बीचमा खाली राखी दुवैतिर सेनाहरू तैनाथ पारे । यन्त्रमय हात्ती देखेर **उदयनले** पीछा गरे । **हस्तिकन्तवीणा** बजाई **हस्तिकन्तमंत्र** उच्चारण गर्दा जस्तो सुकै हात्ती पनि वशमा आउँथ्यो । यस मंत्र र वीणा बजाएपछि हात्तीलाई जस्तो चाहियो त्यस्तै गराउन सक्थे । तर आज सो हात्तीले वीणाको आवाजलाई नसुने जस्तो गरी अगाडि दौडेर गएको देख्दा राजा छक्क परे । अनि हात्तीबाट ओर्ली घोडा चढी यन्त्रमय हात्तीको पीछा गरे । यसरी पीछा गर्दै जाँदा राजाका सेनाहरू सबै पछाडि परे । क्रमशः उज्जैन (उज्जेन) राज्यभित्र यो यन्त्रमय हात्ती पुगेपछि **चण्डप्रद्योत** राजाका सेनाले **उदयन राजालाई** समाती थुनिदियो । **चण्डप्रद्योतले** जयपान गरेर मात्र दिन बिताए । अनि **उदयन राजाले** पालेहरूलाई भने "तिम्रा राजा कहाँ छन् ?"

"जयपान गरिरहेछन् ।"

"आइमाई जस्ता तिम्रा राजाको यो कस्तो व्यवहार हो ? शत्रु राजालाई

Downloaded from http://dhamma.digital/

समातेपछि यात मार्न सक्नुपर्छ यात छाड्न सक्नुपर्छ ।"

उनीहरूले यो कुरा राजालाई सुनाए । अनि राजा आएर **उदयनसँग** "यसो भनेको साँच्चै हो के ?" भनी सोध्दा उनले "हो" भने ।

"हुन्छ, छाडिदिनेछु । तिमीले यस्तो मन्त्र जान्दछौ रे । के त्यो मन्त्र मलाई सिकाइ दिन सक्छौ ?"

"सक्छु, किन्तु मलाई ढोग्नुपर्छ ।"

"म ढोग्दिन ?"

"न ढोगे म पनि सिकाइदिन्न ।"

"त्यसोभए तिमीलाई मार्नेछु ।"

"हुन्छ मार । यो शरीरलाई तिमीले मार्नेछौ किन्तु मेरो मनलाई मार्न सक्ने छैनौ ।"

उनको यो शूरतापूर्ण कुरा सुनी राजाले विचार गरे "कसरी यो मन्त्र सिक्न सकिएला ?" अनि उनले "यो मन्त्र अरूलाई भन्नुहुन्न । अतः आफ्नी छोरीलाई सिक्न लगाई मैले उनीसँग सिक्न पर्‍यो" भन्ने विचार गरी "मेरो दरबारमा एक लंगडी छे । उसले तिमीलाई ढोग्ने छे । उसलाई सिकाइदिन सक्छौ ?"

"चाहे लंगडी होस् चाहे लंगडा होस् जसले मलाई ढोक्छ उसलाई सिकाइदिन सक्छु ।"

**उदयन** राजाको यो कुरा सुनी राजा आफ्नी छोरी **वासुलदत्ता**कहाँ गई "पुत्री ! एक शंखकुष्ठी पुरुषसँग एउटा अनर्घ मन्त्र छ । त्यो अरूले थाहा पाउन हुन्न । अतः पर्दा भित्र बसी उनलाई ढोगी तिमीले सो मन्त्र सिक । म तिमीसँग सिक्ने छु" भनी भने ।

उनीहरूको बीचमा हुन सक्ने आसक्तताबाट बचाउन राजाले लंगडी र कुष्ठी बनाएका हुन् । पर्दा भित्र बसेको **वासुलदत्तालाई** पर्दा बाहिर बसेर **उदयनले** मन्त्र पढाउन थाले । अनि एकदिन पढाए बमोजिम मन्त्र उच्चारण गर्न नसकेपछि

Downloaded from http://dhamma.digital/

**उदयनले** "अरे लंगडी ! कति बाक्लो ओठ भएकी हौ ! यति शब्द पनि राम्ररी उच्चारण गर्न सक्दिनौ" भनी भने ।

यो सुनेर पर्दाभित्र बस्ने **बासुलदत्ताले** रिसाएर "अरे शंखकुष्ठी कसलाई लंगडी भनेको ? म लंगडी छु र ?" भन्दै पर्दा खोलिन् । अनि **उदयनले** तिमी को हौ ?" भनी सोधे ।

"राजाकी छोरी **वासुलदत्ता** हुँ ।"

"तिम्रो बाबुले त तिमी लंगडी छचौ भनेका थिए ।"

"तिमीलाई पनि मेरा पिताले शंखकुष्ठी भनेका थिए ।"

"हामीहरूका बीचमा मैथुन सम्बन्ध होला भनी यसो भनेका होलान्" भन्दै उनीहरूको बीच उहीं मैथुन सम्बन्ध भयो । त्यहाँदेखि मन्त्र सिक्ने र सिकाउने काम बाहाना मात्र भयो । उता **वासुलदत्तासँग** उनका पिताले "मन्त्र सिक्छचौ के" भनी सोध्दा उनले "सिक्दैछु" भनी भन्दथिन् । केहि दिनपछि **उदयन राजाले वासुलदत्तालाई** भने "भद्रे ! पतिले गर्ने काम न आमा बाबुले न दाजु भाइले गर्न सक्छन् । यदि मेरो ज्यान बचाउन सक्चौ भने तिमीलाई पाँचशय परिचारिका स्त्रीहरू दिएर अग्रमहिषी स्थानमा राख्ने छु ।"

"यदि तपाई आफ्नो वचनमा बस्न सक्नु हुन्छ भने तपाईलाई बचाउने छु" भनी **वासुलदत्ताले** भनिन् ।

**वासुलदत्ता** अर्को एकदिन राजाकहाँ जाँदा राजाले "छोरी ! मन्त्र सिकिसक्यौ कि ?" भनी सोधे । उनले पिता ! सिक्न लागें । सिकिसक्ने अवस्थामा हामीलाई केही चाहिने भएको छ ।"

"छोरी ! के चाहियो ?"

"पिता ! मन्त्रको समाप्तिको लागि नक्षत्र योग पारेर जङ्गलबाट एक औषधी ल्याउनु परेको छ । त्यसको लागि एक वाहन र एउटा ढोका खुला चाहिएको छ ।"

Downloaded from http://dhamma.digital/

राजाले स्वीकार गरे । उनीहरूले आफूले चाहेको ढोकाको स्वीकृति लिए । एक दिन राजा उदचानक्रीडाको लागि गइरहेको मौका पारी "यो ठीक समय हो" भन्दै **वासुलदत्तालाई** सूचित गरी ठूला ठूला छालाका थैलाहरूमा रूपैयाँ पैसा राखेर एउटा बलियो तथा दगुर्न सक्ने हात्तीमाथि बसी उनीहरू दुबै जना हात्तीसारबाट भागेर गए । राजाले थाहा पाएपछि "चाँडै जाऊ" भनी सेना पठाएपछि सेनाहरू आइरहेको देखेर **उदयन राजाले** थैलीबाट रूपैयाँ पैसा छरिदिए । सेनाहरू रूपैयाँ पैसा टिप्न पछि लागे । यतिञ्जेल **उदयन** आफ्नो राज्य भित्र प्रवेश गरी दरबारमा पुगी **वासुलदत्तालाई** अभिषेक गरी पाँचशय परिचारीका स्त्रीहरू दिएर अग्रमहिषी बनाए ।

पछि गएर **उदयन राजाले** एक अर्की **मागण्डिय** भन्ने ब्राह्मणीलाई पनि पाँचशय परिचारिका स्त्रीहरू दिई अग्रमहिषी बनाए ।

कुरु देशको **कम्मासदम्म** भन्ने निगममा एक **मागण्डिय** ब्राह्मण परिवार थियो । उनकी अति सुन्दरी एक छोरी थिइन् । उनको नाम पनि **मागण्डिय** नै थियो । उनकी छोरीलाई अनेक मानिसहरूले माग्न आउँदा पनि "तिमीहरू मेरी छोरीको लागि लायक छैनौ" भनी कसैलाई नदिई घरमै राखेका थिए ।

एक दिन **मागंण्डिय** ब्राह्मणले बुद्धलाई देखेर "अहा ! यी पुरुष मेरी छोरीको लागि योग्य छन्" भन्ने ठानी बुद्धकहाँ गई उनले "हे श्रमण ! मेरी एउटी सुन्दरी छोरी छे । ऊ तपाईको निमित्त योग्य छे । उसको निमित्त मैले आजसम्म योग्य पुरुष पाएको छैन । म घर गएर छोरीलाई लिएर आउञ्जेलसम्म तपाई यहीं बसिरहनुहोस्" भनी दौडेर गई "हे ब्राह्मणी ! छोरीलाई चाँडै चाँडै लुगाहरू र गहनाहरू लगाईदेऊ । मैले छोरीको निमित्त एक वर भेट्टाएको छु" भनी छोरीलाई लिएर आफ्नी पत्नी ब्राह्मणी सहित पुनः बुद्ध बसिरहनु भएको ठाउँमा गए ।

त्यतिञ्जेल **बुद्ध भगवान** बसिरहनु भएको ठाउँबाट उठी पैतालाको चिन्ह देखिने गरी अर्कै ठाउँमा गई बस्नु भयो । बुद्धको पैतालाको चिन्ह जसले देख्न

Downloaded from http://dhamma.digital/

सकोस् भनी अधिष्ठान गर्नुहुन्छ उसले मात्र देख्न सक्छ। अनि ब्राह्मणीले ब्राह्मणसँग सोधिन् "खोइ त सो पुरुष ?" "त्यहीं बसिरहनुहोस्" भनी भनेको थिएँ। कहाँ गएछन् भनी यता उता चिहाई हेर्दा उहाँको पैतालाको चिन्ह देखेर 'उहाँको पदचिन्ह त यही हो" भनी ब्राह्मणीलाई भने। पदचिन्ह हेरी ब्राह्मणीले "हे ब्राह्मण ! यो त स-रागी पुरुषको पदचिन्ह होइन" भनी आफूले पढेको लक्षण शास्त्र अनुसार भनिन्। यिनी[1] त्रिवेद मात्र होइन सामुद्रिक लक्षणशास्त्रमा पनि पारंगता थिइन्। त्यसैले यसो भनेकी हुन्–

**"रत्तस्सहि उक्कुटिकं पदं भवे,**
**दुट्ठस्स होति अवकड्ढितं पदं।**
**मुल्हस्स होति सहसानुपीलितं,**
**विवत्तच्छिद्दस्स इदमीदिसं पदं'ति ॥"**

**अर्थ—**

"रागीको कठपाउ परेको हुन्छ, क्रोधीको घिस्रिएको हुन्छ, मोहीको हिंड्दा खोस्रिए जस्तो हुन्छ र क्लेश रहित निक्लेशी पुरुषको पैताला चाहिँ यस्तो हुन्छ।"

यो सुनेर ब्राह्मण भन्दछन् "तिमी त लोटाको पानीभित्र गोही देख्छयौ, चुपलाग।"

"ब्राह्मण ! तपाई जेसुकै भन्नुहोस्, यो पदचिन्ह त पञ्चकाम विषय वासना हुने पुरुषको त कदाचित होइन।"

यसरी दुइजना कुरा गर्दै यता उता हेर्दा बसिरहनु भएका बुद्धलाई ब्राह्मणले देखेर "ऊ, उता हुनुहुन्छ" भनी ब्राह्मण बुद्ध कहाँ गई "श्रमण ! यी मेरी छोरी तपाईको सेवा शुश्रूषा गर्नको निमित्त दिन्छु" भनी भने। **बुद्धले** "हुन्छ वा हुन्न" भनी केही नभनी "ब्राह्मण ! म तिमीलाई एउटा कुरा सुनाउँनेछु" भन्नु हुँदै आफू घरबाट निस्केदेखि बुद्धत्व प्राप्त गरे सम्मको सबै कुरा सुनाई "ब्राह्मण ! बुद्धत्व प्राप्त गरिसकेपछि

Downloaded from http://dhamma.digital/

**अजपाल वृक्षनिर** बसिरहेको बेलामा मारका छोरीहरू देखेर त ममा कुनै आशा भएको थिएन भने अहिले यो मलमूत्र भरित, छालाले ढाकिएको रूपलाई खुट्टाले पनि छुन चाहन्न" भनी भन्नुहुँदै यो गाथा बताउनु भयो–

**"दिस्वान तण्हं अरतिं रगञ्च,**
**नाहोसि छन्दो अपि मेथुनस्मिं ।**
**किमेविदं मुत्तकरीसपुण्णं,**
**पादा' पि नं सम्फुसितुं न इच्छे ॥"**

**अर्थ—**

"**तण्हा, अरति र रगा** जस्तालाई देखेर त मैथुनमा आशा भएन भने अहिले यो मलमूत्र भरिपूर्ण भएको शरीर देखेर कसरी आशा होला र ! खुट्टाले पनि यस्तालाई छुन चाहन्न ।"

यो गाथा सुनेर ब्राह्मण र ब्राह्मणी दुबैजना अनागामी भए । **मागण्डिय** केटीले चाहिं "यदि मलाई न चाहेमा चाहिन्न मात्र नभनी मलाई मलमूत्र भरिएकी भन्नु पर्ने कुनै कारण थिएन । हुन्छ, आफ्नो रूप, बैंश, यश अनुकूलको पति पाएपछि मैले गर्ने जानेकी छु" भनी शास्ता प्रति ईख राखिन् । यसपछि **मागण्डिय** ब्राह्मणले आफ्नी छोरीलाई भाई **मागण्डियको** जिम्मा लगाइदिए । अनि उनले "यी छोरी कुनै स्यानो पुरुषलाई दिन योग्य छैन र कुनै राजालाई नै दिन योग्य छ" भनी उनलाई साथमा लगी **कौशम्बीका राजा उदयनलाई** दिए । मागण्डियको मुख देख्ने बित्तिकै राजा मुग्धभई उनलाई पनि पाँचशय परिचारिका स्त्रीहरू दिई अग्रमहिषी बनाए । यसरी उदयन राजा तीनवटी अग्रमहिषीहरू र पन्द्रशय परिचारिका स्त्रीहरूका साथ दरबारमा बस्दथे ।

त्यस बखत **कौशम्बीका घोषक, कुक्कुट** तथा **पावारिक** भन्ने सेठहरूले बुद्धलाई **कौशम्बीमा** आउनुहुन **श्रावस्तीमा** निम्त्याएका थिए । **घोषक सेठले** बनाएको **घोषिताराम, कुक्कुट सेठले** बनाएको **कुक्कुटाराम** तथा **पावारिक सेठले** बनाएको

Downloaded from http://dhamma.digital/

**पावारिकाराम** भन्ने तीनवटा विहारहरू **कौशम्बीमा** थिए। पछि भगवान् **कौशम्बीमा** आउनु हुँदा यी तीनै विहारहरूमा आलोपालो गरी बस्नु भएको थियो। उपरोक्त तीनैजना सेठहरूको सेवामा आउने **सुमन** भन्ने एक मालाकार थियो। उसले सेठहरूसँग यस्तो भन्यो– "म तपाईहरूको हितैषी उपस्थाक हुँ। मलाई पनि एक दिन भगवान्लाई भोजन गराउने मौका दिनुहोस्।" सेठहरूले वचन दिएपछि उसले भगवान्लाई निम्तो गरी भोजन दियो।

त्यस बखत **श्यामावतीको** दासी **खुज्जुत्तरा** भन्नेलाई **उदयन** राजाले दिन दिनै **श्यामावतीको** निमित्त फूल ल्याउन आठ कार्षापण दिन्थे। उनले **सुमन** मालाकार कहाँबाट फूल किनेर ल्याउँथिन्। त्यस दिन फूल किन्न जाँदा **सुमन** मालाकारले **खुज्जुत्तरालाई** भन्यो– "आज मैले बुद्धलाई निम्त्याएको छु। उहाँलाई फूलले पूजा गरी भोजन गराउने छु। तिमी पनि केहीबेर बसी भगवान्लाई भोजन गराउने काममा सहभागी भई पछि बाँकी फूलहरू लिएर जाऊ।" भगवान् आउनु भएपछि प्रणीताकारले भोजन गराई भोजन पछि अनुमोदन धर्मदेशना गरी **शास्ता** फर्कनु भयो। त्यस बखत **खुज्जुत्तरा** पनि धर्मदेशना सुनिरहेकी थिइन्। धर्मदेशना सुन्दा सुन्दै **खुज्जुत्तरा** स्रोतापत्तिफलमा प्रतिष्ठिता भइन्। अघि अघि उनले आठ कार्षापण मध्ये चार कार्षापण आफूले लिई चार कार्षापणको मात्र फूल किनेर लैजान्थिन्। त्यस दिन उनले आठै कार्षापणको फूल किनेर लगिन्। फूल धेरै ल्याएको देखेर **श्यामावतीले** "किन आज धेरै फूल ल्याएकी ? के राजाले बढता पैसा दिए कि क्या हो ?" भनी सोध्दा "होइन" भनी भनिन्।

"त्यसो भए आज किन धेरै भयो त ?"

"अघि मैले चार कार्षापण आफूले लिई चार कार्षापणको मात्र फूल किनेर ल्याउने गरेकी थिएँ। आज चाहि आठै कार्षापणको फूल किनेर ल्याएँ।"

"आज किन यस्तो गरेकी त ?"

"आज मैले बुद्धको उपदेश सुनेर धर्मावबोध गरें।"

Downloaded from http://dhamma.digital/

"अघि अघि लिइराखेको पैसा फिर्ता गर त भनी गाली दिनुको सट्टा त्यसोभए मलाई पनि तिमीले अवबोध गरेका धर्मका कुरा उपदेश गर" भनी **श्यामावतीले** भनेपछि उनले "त्यसोभए मलाई नुहाई अग्लो आसनमा बसाल्नु-होस् । म उपदेश दिने छु" भनी भनिन् । **श्यामावतीले** त्यस्तैगरी धर्मोपदेश सुनिन् । **खुज्जुत्तराको** धर्मोपदेश सुनेर **श्यामावती** सहित उनका सबै परिचारिका स्त्रीहरूले पनि स्रोतापत्ति फल प्राप्त गरे । अनि ती सबैले **खुज्जुत्तरालाई** ढोगी "अम्मे ! आजदेखि तिमीले **शास्ता** कहाँ धर्मोपदेश सुनेर हामीहरूलाई पनि सँधै धर्मोपदेश देऊ" भनी भने । यस्तै गर्दा गर्दै **खुज्जुत्तरा** त्रिपिटकधारी भइन् । **शास्ताले** पनि पछि उनलाई बहुश्रुतहरूमध्ये अग्रस्थानमा राख्नु भयो ।

पछि **श्यामावती** सहित ती सबै परिचारिका स्त्रीहरूले **खुज्जुत्तरालाई** "अम्मे ! हामी तथागतको दर्शन गर्न चाहन्छौं । तथागतको दर्शन गराऊ" भनी भनेपछि उनले "आर्या ! राजदरबार भनेको बडो डरलाग्दो हुन्छ । तपाईहरूलाई लिएर राजदरबारबाट बाहिर जान सम्भव छैन । बरु **घोषक** आदि सेठहरूको विहारमा यसै बाटो गरी भगवान् आउनु हुँदा कोठाको भित्तामा कतै प्वाल पारी त्यसबाट तपाईहरूले भगवान्को दर्शन गर्नुहोस्" भनी भनिन् । उनीहरूले त्यस्तै गरे ।

एक दिन आफ्नो प्रासादबाट निस्केर **मागण्डिय** यसो घुम्न जाँदा **श्यामावतीको** प्रासादको भित्तामा प्वाल देखेर "यो के हो ?" भनी सोध्दा **मागण्डियको** मनमा बुद्धप्रति ईख रहेको कुरा थाहा नपाएर **श्यामावतीले** बुद्धको बयान गर्दै सबै कुरा बताइन् । अनि **मागण्डियको** मनमा "ए **श्रमण गौतम** यस नगरमा आएका रहेछन् । अब मैले जानेकी छु" भन्ने सोची उनी राजा कहाँ गएर "देव ! **श्यामावतीहरूको** बाहिरीया पुरुषहरूसँग अनुचित सम्वन्ध छ र केही दिन पछि तपाईलाई पनि हत्या गर्न बेर छैन" भनी भनिन् ।

"उनबाट यस्तो हुन सक्दैन" भन्ने विश्वासले राजाले **मागण्डियको** कुरालाई त्यति चाखलिएर सुनेनन् । उनले बार-बार त्यसो भन्दा पनि राजाले

Downloaded from http://dhamma.digital/

कुरा नसुनेकोले "त्यसोभए तपाई उनीहरू बस्ने ठाउँमा गएर एकपल्ट हेर्न जानुहोस !" भनी भनिन्। राजा गएर हेर्दा भित्तामा प्वाल देखेर "यो के हो ?" भनी सोध्दा उनीहरूले वृत्तान्त कुरा बताए। यो सुनेर राजाले सो प्वालहरू बन्द गर्न लगाई राम्ररी हेर्न सक्ने झ्यालहरू राख्न लगाए। **मागण्डियको** मनमा डाह भयो। उनीहरूलाई केही गर्न नसकेपछि "**श्रमण गौतमलाई** नै केही गर्न पर्‍यो' भन्ने द्वेषभाव राखी महाजनहरूलाई पैसादिई दास कामदार आदिका केटाहरूद्वारा बुद्धलाई अनेक अपशब्दद्वारा गालि गर्न लगाई बुद्धलाई भगाउने कोशिस गरिन्। यस्तो गालिगलोतको आवाज सुनेर **आनन्द स्थविरले** भगवान्सँग अन्त जाने कुराको माग गरे। तर भगवान् मान्नु भएन र भन्नुभयो– "आनन्द ! अन्त पनि यस्तै भए के गर्ने ?"

"फेरि अन्त जाने।"

"आनन्द यसो गर्नु ठीक छैन। जुन झगडा वा प्रश्न जहाँ उत्पन्न हुन्छ उसको समाधान उहीं नै हुनुपर्छ। आनन्द ! चिन्ता नगर। यो होहल्ला सातदिन भन्दा बढ्ता टिक्न सक्ने छैन। सातदिन पछि आफसे आफ साम्य हुनेछ। सातदिन भएर पनि बुद्धलाई भगाएर पठाउन नसके पछि उनले "अब के गरुँ ?" भन्ने सोची "यो **श्यामावती** बुद्धको अनुयायी सेविका बनिरहेकी छे। यसैलाई दुःख दिन पर्‍यो" भन्ने विचार गरी एक दिन राजा सुरापान गरी बसिरहेको ठाउँमा **मागण्डियले** आफ्नो काका **मागण्डिय** ब्राह्मणलाई आठवटा मरेका र आठवटा जिउँदा कुखुराहरू लिएर आई मलाई खबर गर्नू र चूलउपस्थापकलाई पनि घुस ख्वाएर यो यो कुरा सिकाइराख्नू भनी खबर पठाइन्।

ती कुखुरा लिई आएपछि **मागण्डिय** ब्राह्मणको खबर पठाए। राजाले आऊ भनेपछि उनले "देव ! राजाको सुरापानको स्थानमा आउन चाहन्न" भनेपछि **मागण्डियले** चूलउपस्थापकलाई आफ्नो काकाछेउ पठाइन्। उनले आठवटा जिउँदा कुखुराहरू दिएर पठाए। ऊ आएर राजालाई सो कुरा बिन्ति गर्‍यो। राजा

Downloaded from http://dhamma.digital/

खुशी भई "तरकारी पाएँ ! परन्तु अहिले कसले पकाउला र ?" भनी भन्दा "देव ! **श्यामावती** आदि स्त्रीहरूका हात खालिछन् । उनीहरूले पकाइ दिने छन्" भनी **मागण्डियले** भनेपछि राजाले उसैको हातमा उनीहरूकहाँ पठाए । ऊ गएर **श्यामावतीलाई** भन्दा उनले "जिउँदा कुखुरा मारेर पकाउन सक्दिन" भनी फर्काइदिइन् अनि **मागण्डियले** त्यसबेला पनि चूक्ली लगाई "हेर्नुहोस् देव ! कस्तो छ त ! भैले भनेको कुरा विश्वास गर्नु हुन्न । तपाईको लागि यति पनि गर्न चाहन्न । **श्रमण गौतमको** लागि पकाई पठाऊ भनी दिन पठाउनु होस् त, अनि प्राणीहिंसा गर्ने नगर्ने थाहा पाइने छ ।" राजाले त्यस्तै भनी पठाए । आफूलाई सिकाइ राखे बमोजिम गएको जस्तो गरी बाहिर बसिरहेको **मागण्डिय** काकाछेउँ गई उसले दिएका मरेका कुखुराहरू लिएर चूलउपस्थापक **श्यामावतीकहाँ** गई "यसको मासु पकाई **श्रमण गौतमलाई** दिन पठाउनू भनी राजाले भनेकाछन्" भनी दिंदा **श्यामावतीले** लिइन् । ऊ फर्केर राजाकहाँ पुगेपछि राजाले "के भयो त ?" भनी सोध्दा "महाराज ! **श्रमण गौतमको** निमित्त पकाई पठाइदिनु" भन्दा "उनीहरू खुशी भएर अगाडि आएर कुखुराहरू लिएर गए" भनी भन्यो । यत्तिकैमा **मागण्डियले** "कस्तो छ त महाराज ! यदि बाहिरियाहरूसँग उनीहरूको केही सम्बन्ध नरहे यस्तो गर्लान् त !" भनी सुनाइन् । यो सुनेर राजा चूप लागेर बसे ।

आफूले चिताए अनुसार प्रतिक्रिया नपाएपछि **मागण्डियले** फेरि विचार गर्न थालिन् "अब के गर्न पर्ला !" त्यसबखत राजा एक एक हप्ताको पालो गरी रानीहरूका प्रासादहरूमा जाने गर्दथे । अनि राजा भोलि वा पर्सी **श्यामावतीकहाँ** जाने कुरा थाहा पाएपछि आफ्नो काकालाई "एउटा सर्पको दाँत झिकी मकहाँ पठाउनू" भनी खबर पठाइन् । उनले पनि यथाशीघ्र ल्याइदिए । राजा जहाँ जाँदा पनि **हत्थिकन्तवीणा** साथमा लिएर जान्छन् । अतः उनले वीणाको तल्लो भागमा भएको प्वालबाट सर्प पसाली फूलले प्वाल टालिदिइन् । सर्प दुई तीन दिनसम्म वीणा भित्रै रह्यो । अनि राजा **श्यामावतीकहाँ** जाने दिनमा "महाराज ! आज

Downloaded from http://dhamma.digital/

कुनचाहिं प्रासादमा जानुहुनेछ ?" भनी सोध्दा "**श्यामावतीको**" भनी भनेपछि **मागण्डियले** "महाराज ! आज मैले अत्यन्त नराम्रो स्वप्न देखेको छु। आज त्यहाँ नजानुहोस्" भनी भन्दा राजाले "नगई बस्न सक्दिन। जाने नै छु" भनी भनेपछि **मागण्डियले** तीन तीन पटकसम्म रोक्दा पनि मनाउन नसकेपछि "त्यसोभए म तपाईलाई एक्लै पठाउन सक्दिन। आज के हुन्छ कुन्नि। म पनि साथमा जानेछु" भनी उनी पनि साथमा गइन्।

**श्यामावतीले** दिएको वस्त्र तथा फूलमाला लगाई सुस्वादिला भोजनहरू खाई वीणा एक ठाउँमा राखी राजा खाट्मा लेटे। **मागण्डिय** यताउता घुमे जस्तै गरी मौका छोपी वीणाको प्वालमा राखेको फूल झिकिदिईन्। सर्प वीणावाट निस्क्यो र फण फैलाई फुंकार गर्दै राजाको खाटनिर गयो। यत्तिकैमा **मागण्डियले** "देव ! देव ! सर्प !" भन्दै चिच्याएर "धिकार होस् यो **श्यामावतीलाई** राजाबाट के नपुग भएको छ र ! राजालाई मारेर के सुख पाउँछे र !! आज सारै नराम्रो स्वप्न देखेकी छु त्यहाँ नजानुहोस् भन्दा पनि राजा मान्नु भएन" भनी कराउन थालिन्। सर्प देखेर राजा मरण भयबाट डराई "अहो ! **श्यामावतीले** यस्तो पनि गर्दी रहिछे। यसको विरोधमा कति कुरा सुनाएता पनि मैले कुनै विश्वास गरेको थिइन। आज यहाँ सर्प !" भन्दै रिसले चूर भए।

अनि राजाले धनुष र बाँण लिएर वीष भरिएको बाँण राखेर धनुष तान्न थाले। त्यतिखेर **श्यामावतीले** आफ्ना परिचारिका स्त्रीहरूलाई "हे सखे ! यस बखत हाम्रो शरण अरू छैन। राजाप्रति, देवी प्रति तथा आफ्नो प्रति सबै प्रति समभाव राखी मैत्री चित्त राख। कसैमाथि द्वेष र कोप नगर" भनी सम्झाइन्। राजाले **श्यामावती** सहित सबैलाई लहरै उभ्याई उनमाथि ताकेर बाँण प्रहार गरे। उनीहरूको मैत्री चित्तको प्रभावले बाँण फर्केर आफू कहाँ आइरहेको देखेर डराउँदै राजाले "अहो ! मैले प्रहार गरेको बाँणले ढुंगालाई पनि छेडेर जान्छ। आकाशमा ठक्कर लाग्ने ठाउँ पनि यहाँ छैन परन्तु यो बाँण म कहाँ फर्केर आइरहेछ। अहो !

Downloaded from http://dhamma.digital/

यो निर्जीव बाँणले पनि यिनको गुणलाई बुझ्दछ भने मनुष्य भएर मैले बुझ्न सकिन" भनी धनुष भुइँमा छाडी हतास भई थर थर काँप्दै **श्यामावतीको** अगाडि घुंडाले टेकी यसो भने–

"श्यामे ! म सम्मोहित छु, म प्रमोहित छु र मेरो निमित्त सबै दिशा अँध्यारो जस्तो छ। **श्यामावतीले** नै मलाई रक्षा गर। तिमी नै मेरो शरण भइदेऊ।"

**श्यामावतीले** "हुन्छ, मेरो शरणमा पर्नुहोस्" भनी नभनी "महाराज ! जसको शरणमा म गइकी छु उनैको शरणमा तपाई पनि जानुहोस् र तपाई मेरो शरण भइदिनुहोस" भनी अनुरोध गरिन्।

यो सुनेर राजा भन्दछन्– "अब त म झन् प्रमोहित भएँ। मेरो निमित्त सबै दिशा झन् अँध्यारो हुन थाल्यो। हे श्यामे ! तिमीले नै मलाई रक्षा गर र तिमी नै मेरो शरण बन।"

**श्यामावतीले** फेरि पहिलेकै जस्तै कुरा भनिन्। अनि राजाले भने "त्यसो भए हे श्यामे ! म बुद्धको शरणमा जान्छु र तिम्रो पनि। म तिमीलाई बरदान पनि दिन चाहन्छु।"

**श्यामावतीले** "हुन्छ महाराज ! बरदान भयो" भनी भनिन्। बुद्धकहाँ गई उहाँको शरणमा परी निम्तो गरी एकहप्तासम्म बुद्ध सहित भिक्षुसङ्घलाई राजाले महादान दिए। **श्यामावतीलाई** फेरि भने "हे श्यामे ! बरदान लेऊ।"

"महाराज ! मलाई कुनै श्रीसम्पत्ति चाहिन्न। मलाई त्यस्तो बरदान दिनुहोस् जस्तो गर्दा मैले बुद्ध सहित पाँचशय भिक्षुसङ्घलाई नित्य भोजन प्रदान गर्न सकूँ। म धर्म सुन्न चाहन्छु।"

"हुन्छ" भनी राजा बुद्ध कहाँ गई "भन्ते ! बुद्ध सहित पाँचशय भिक्षुहरूको साथ निम्तो स्वीकार गर्नुहोस्। **श्यामावती** भगवान् सहित भिक्षुसङ्घलाई नित्य भोजन गराई धर्म श्रवण गर्न चाहन्छिन्" भनी विन्ति गर्दा भगवान्ले भन्नुभयो

Downloaded from http://dhamma.digital/

"महाराज ! नित्य एकै ठाउँमा जान सकिन्न । अरू महाजनहरूले पनि प्रतीक्षा गर्छन् ।"

"भन्ते ! त्यसोभए कुनै भिक्षुलाई आज्ञा दिनुहोस् ।"

भगवान्ले **आनन्दलाई** आज्ञा दिनुभयो । **आनन्द स्थविर** पाँचशय भिक्षुहरूका साथ रोजाना **श्यामावती कहाँ** भोजन गर्न थाले ।

उता **मागण्डियको** मनमा सारै डाहा हुन थाल्यो र सोच्न थालिन् "मैले जे कुरा सोच्छु ठीक उसको विपरीत मात्र हुन्छ । अब के गर्ने होला !" यसरी सोचेर उनले फेरि यस्तो सोचिन्– "अब मैले जानेको छु" भनी राजा उदयानमा क्रीडाको लागि गइरहेको मौका पारी आफ्नो काकालाई बोलाउन पठाई "**श्यामावतीको** प्रासादको ठाउँ ठाउँमा तेलमा भिजाएका कपडा बेरी उनीहरू सबैलाई एउटै कोठामा राखी प्रासादमा आगो लगाइ देऊ" भनी भनिन् । उनले प्रासादको लट्ठाहरूमा तेलको कपडा बेरदै गए । **श्यामावतीका** स्त्रीहरू आएर "मामा ! के गरिरहनु भएको ?" भनी सोध्दा "घर बलियो पार्न राजाले आज्ञा दिनु भएको थियो । तिमीहरू आफ्नो कोठामा बसिरहनू" भनी सबैलाई एउटै कोठामा राखी बाहिरबाट ताल्चा मारी माथिदेखि आगो लगाउँदै तल झरे । घर जलिरहेको देखेर **श्यामावतीले** सबैलाई "हे सखी हो ! यो संसारमा हामीहरू यस्तो आगोमा कतिचोटि परिसक्यौं होला । अतः कसैमाथि द्वेषभाव नराखी मैत्री चित्त राखी अप्रमत्त होऊ" भनी अर्ति दिइन् । कोठाभित्र बसी उनीहरूले "**वेदनापरिग्रह**" भन्ने ध्यानमा चित्त राखी कसैले द्वितीय र कसैले तृतीय फल प्राप्त गरे । भिक्षाटनबाट फर्किरहेका भिक्षुहरूले यो देखेर भगवान् कहाँ गई "भन्ते ! **श्यामावती** सहित उनका पाँचशय स्त्रीहरू आगोमा परेर परलोक भए । उनीहरूको के गति भयो होला ?" भनी सोध्दा भगवान्ले "भिक्षुहो ! उनीहरूको मरण विफल भएको छैन । उनीहरू मध्ये केहीले द्वितीय र केहीले तृतीय फल प्राप्त गरेका छन् । भिक्षुहो ! संसारमा घुमिरहँदा मानिसहरू सँधै अप्रमत्त भई पुण्य मात्र गर्दैनन् । प्रमत्त भई पाप कर्म पनि गर्छन् । त्यसैले

Downloaded from http://dhamma.digital/

संसारमा कहिले सुख र कहिले दु:ख हुन्छ" भनी धर्मोपदेश गर्नुभयो ।

"**श्यामावतीको** प्रासादमा आगो लाग्यो" भन्ने खबर सुनेर दौडेर आउँदा पनि राजाले कोही बचेको फेला पार्न सकेनन् । आगो निभाउन लगाई मनमा सारै दु:खी भई अमात्यहरू भेला गराई **श्यामावतीको** गुण झल झल सम्झी "यो काम कसले गऱ्यो होला ?" भन्ने विचार गरी "अवश्य पनि **मागण्डियले** गराएकी हुनुपर्छ" भन्ने ठानी "अब यसलाई तर्साएर वा हप्काएर सोध्दा यसले भन्ने छैन । विस्तारैसँग उपाय गरेर सोधेमा मात्र भन्नेछे" भन्ने विचार गरी राजाले अमात्यहरूलाई यस्तो भने– "अघि अघि म आशंकित र परिशंकित भई बस्दथें । अब बल्ल मैले शान्ति पाएँ । अब उप्रान्त म शान्तिपूर्वक बस्न सक्ने छु ।"

अनि भेला भइरहेका अमात्यहरूले "महाराज ! कसले यस्तो गरेको होला त ?" भनी सोध्दा राजाले "म माथि ठूलो स्नेह गर्ने मध्ये कसैले गऱ्यो होला" भनी भने । अनि उहीं बसिरहेकी **मागण्डियले** "महाराज ! यस्तो काम अरू कसले गर्न सक्ला र ! तपाईप्रति भएको ठूलो स्नेहको कारणले आफ्नो काकालाई बोलाई मैले यसो गर्न लगाएकी हुँ" भनी फुर्तिसाथ भनिन् । राजाले "म तिमीदेखि सारै प्रसन्न छु । रानी ! म तिमीलाई वर दिन चाहन्छु । तिम्रा ज्ञातिबन्धुहरूलाई बोलाऊ" भनी भनेपछि **मागण्डियले** "राजा म देखेर बडो प्रसन्न भएका छन्, मलाई वरदान दिने भएका छन्, अत: तिमीहरू तुरून्तै आऊ" भनी खबर पठाइन् । राजाले आएका आएकाहरूलाई सम्मान गराए । यो देखेर नाता कुटुम्ब नहुनेले पनि घुस ख्वाई नाता कुटुम्ब भन्न लगाई आए । अनि राजाले उनीहरू सबैलाई समात्न लगाई राजप्रांगणमा राखी अति क्रूरताका साथ सबैलाई आगो लगाई हत्या गरे । **मागण्डियलाई** चाहिं उनैको मासु काटि काटि तेलमा पकाई उनैलाई ख्वाई ख्वाई मारे ।

एकदिन भिक्षुहरूको बीच कुरा चल्यो "**श्यामावती** सहित उनका पाँचशय

Downloaded from http://dhamma.digital/

स्त्रीहरू आगोमा परेर मरे । **मागण्डिय** तेलको कराइमा पाकेर नै मरिन् । यिनीहरू मध्ये कसलाई मरेको र कसलाई जिउँदो भन्ने होला ?" यसै बीच त्यहाँ **शास्ता** आइपुग्नु भयो र के कुरा भइरहेको थियो भनी सोध्नु भएपछि भिक्षुहरूले सो कुरा बताए । भगवान्ले "भिक्षुहो ! जो प्रमादी भएर बस्छ ऊ शय वर्ष बाँचे पनि मरेको समान नै ठहर्छ । जो अप्रमादी भई बस्छ ऊ मरे पनि बाँचिरहेको समान हुन्छ । **मागण्डिय** बाँचेर बसेता पनि मेरकी जस्तै हो र **श्यामावती** सहित पाँचशय स्त्रीहरू मरेता पनि बाँचि नै रहेकै समान हुन्" भनी भन्नु हुँदै यो गाथा भन्नुभयो–

**२१. "अप्पमादो अमतपदं, पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता न मीयन्ति, ये पमत्ता यथा मता ॥"**

**२२. "एतं विसेसतो ञत्वा, अप्पमादम्हि पण्डिता ।**
**अप्पमादे पमोदन्ति, अरियानं गोचरे रता ॥"**

**२३. "ते झायिनो साततिका, निच्चं दल्हपरक्कमा ।**
**फुसन्ति धीरा निब्बानं, योगक्खेमं अनुत्तरं ॥"**

**अर्थ—**

२१– "अप्रमाद अमृतको बाटो हो र प्रमाद मृत्युको बाटो हो । प्रमादीहरू मर्ने झैं अप्रमादीहरू मर्दैनन् ।"

२२– "आर्यपथमा नियुक्त हुने पण्डितहरूले अप्रमादमा भएको जुन विशेषता हो त्यसैलाई देखेर अप्रमादी हुनमा नै विशेष ध्यान दिन्छन् ।"

२३– "धैर्य राख्न सक्ने ध्यानीहरूले आफ्नो वीर्यलाई बढाई ध्यानको सहायताले जन्म रहित निर्वाणपद र अनुत्तर योगक्षेम प्राप्ति गर्छन् ।"

Downloaded from http://dhamma.digital/

# धम्मपदट्ठकथा

## अभ्यास–१

१) श्यामवतीलाई 'श्यामा' भनी किन नाम राखिएको हो ?

२) राजा उदयनले श्यामावतीलाई कसरी महारानी बनाए ?

३) उदयन र वासुलदत्ताको सम्वन्ध कसरी अगाडि बढेको हो ?

४) वासुलदत्ता कसरी भाग्न सफल भइन् ?

५) मागण्डिय ब्राह्मणले आफ्नो छोरी बुद्धलाई योग्य छ भनी किन सोच्यो ? बुद्धले के जवाफ दिए ? लेख्नुहोस् ।

६) कौशम्बीमा कतिवटा विहारहरू थिए ? क-कस्ले निर्माण गरेका थिए ?

७) मागण्डियले बुद्धप्रति बदलाको भावनाले कस्तो व्यवहार प्रदर्शन गरिन् ?

८) भगवानले आनन्दलाई कसरी सम्झाए ?

९) श्यामावतीलाई दुःख दिन मागण्डियले के कस्ता उपायहरू रचिन ? स-विस्तार लेख्नुहोस् ।

१०) राजा उदयन किन र कसरी बुद्धको शरणमा परे ? चर्चा गर्नुहोस् ।

११) श्यामावतीको कसरी दुःखान्त मृत्यु भयो ?

१२) मागण्डियको कुचाल र कुकर्म राजाले कसरी थाहा पाए र त्यसपछि राजाले के गरे ? चर्चा गर्नुहोस् ।

१३) श्यामावतीको जीवनीबाट मैत्री भावना के शिक्षा पाउन सकिन्छ ? लेख्नुहोस् ।

१४) 'अप्पमादो अमत पदं.....' भन्ने गाथा भगवान् बुद्धले किन र कस्को कारणमा उपदेश गरेका हुन् ? गाथाको अर्थ सहित कथाको सन्देश लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# २. कुम्भघोषक

### ('उट्ठानवतो सतिमतो' भन्ने गाथाको कथा)

"**उट्ठानवतो सतिमतो**..." भन्ने यो गाथा **वेणुवनमा** बसिरहनु भएका **शास्ताले कुम्भघोषकको** कारणमा बताउनु भएको हो ।

**राजगृह नगरमा र राजगृह श्रेष्ठीको घरमा** अहिवातक रोग लाग्यो । यो रोग लाग्दा अन्य प्राणीहरूदेखि लिएर घरका मानिसहरू समेत मर्छन् । घरको भित्ता फोरी जानेको ज्यान बच्छ । अनि सो घरको **राजगृह श्रेष्ठीलाई** रोग लाग्यो । उनका छोरा अगाडि बसिरहेका थिए । श्रेष्ठीले छोरालाई भने "बाबु ! यो रोग लाग्दा घरको भित्ता फोरी जो निस्कन्छ उसको ज्यान बच्छ । अतः हामीहरूको वास्ता नगरी भित्ता फोरी त्यहाँबाट निस्की आफ्नो ज्यान बचाऊ । पछि आएर हामीले फलाना ठाउँमा गाडिराखेको चालिसकोटी धन लिई आफ्नो जीविका गर ।" उनी त्यस्तै गरी पहाडतिर गएर बसे । बाऱ्हवर्ष पछि उनी **राजगृह नगरमा** फर्केर आई गाडिरहेको ठाउँमा गई हेर्दा धन सुरक्षित नै देखे । बालक अवस्थामै उनी बाहिर गएको हुँदा अहिले ठूलो भइसकेका उनलाई चिन्ने कोही थिएनन् । अतः उनले विचार गरे "यदि यो गाडेको धन झिकेर ल्याएँ भने मानिसहरूले मलाई दुःखदिन पनि सक्छन् र समात्न पनि सक्छन् । बरु कुनै ज्यालादारी काम गरेर बस्नु बेश होला ।" यति विचार गरेर काम खोज्दै जाँदा एक ज्यामीकहाँ 'मानिसहरूलाई बिहानै उठाउने' काम पाएर भात-ज्याला लिएर सो काम गर्न थाले । उनलाई बस्ने एक ठाउँ दियो । उनी दिन दिनै सबेरै उठी "दाजु भाइ, दिदी बहिनी हो ! बेला भयो उठ्नुहोस् ।

Downloaded from http://dhamma.digital/

आ-आफ्ना काममा जानुहोस्, गाडामा गोरुहरू बाँध्नुहोस्, हात्ती, घोडा र पशुहरूको निमित्त घाँस काट्न जानुहोस्। यागु भात पकाउनुहोस्" भन्दै घुम्न थाले।

एक दिन उनी कराएको आवाज **बिम्बिसार राजाले** सुनी "यो त महाधनी पुरुषको आवाज हो" भनी भन्दा त्यहाँ बसेकी परिचारिकाले "राजाले जे पायो त्यो भन्नुहुन्न" भनी एकजना मानिसलाई "त्यो मानिसलाई हेरेर आऊ" भनी पठाई। ऊ गएर आई "ऊ त एक दरिद्र मानिस हो" भनी भन्यो। भोलिपल्ट पनि उनको आवाज सुनी राजाले त्यस्तै भने। सो परिचारिकाले त्यो दिन पनि मानिस पठाई हेर्न पठाउँदा "एक दरिद्र" भन्ने सुनेर राजालाई सो कुरा बताई। राजाले चाहिं विश्वास गरेनन्। "राजाले त्यसै भनेको अवश्य पनि होइन होलान्, यसमा केही रहस्य हुनुपर्छ" भनी ठानी उसले राजालाई बिन्ति गरी "यदि सरकारबाट एकहजार कार्षापण पाए यसको सबै कुरा पत्ता लगाई त्यो धन सरकारमा टक्रयाउने छु" भनी भन्दा राजाले उसलाई एकहजार कार्षापण दिए।

ऊ आफ्नी छोरीलाई लिएर मैला लुगाहरू लगाई कुनै बटुवा जस्तो देखिने गरी ज्यामीहरू बस्ने सडकमा गई एक घरमा पसी "आमा! तपाई कहाँ एक दुइ दिन बास बस्ने छौं" भनी भन्दा उसले "यहाँ ठाउँ छैन, पल्लो घरमा **कुम्भघोषकको** डेरामा ठाउँ खाली छ, त्यहाँ गएर बस" भनी भनेपछि छोरीसँग ऊ त्यहाँ गई "हे स्वामी! हामीहरू परदेशी हौं, आज एकरात तपाईकहाँ बासबसी भोलि बिहान सबेरै जानेछौं" भनी भने। उनले "यहाँ ठाउँ छैन" भनी बार बार भन्दा पनि उनीहरू घरबाट बाहिर निस्कन चाहेनन् र उहीं बसे। भोलिपल्ट उनी काममा जान लाग्दा "हे स्वामी! तपाईको चामल दिएर जानुहोस् पकाइ राख्नेछौं" भनी भने। "चाहिन्न" भनी बार-बार भन्दा पनि जिद्दी गरी उनीहरूले चामल लिए र उनी कामबाट नआउञ्जेलसम्म बजारबाट भाँडाकुँडा किनेर ल्याई असल चामल ल्याई दुइ तीन थोक तरकारीहरूको साथ राम्ररी भात पकाई राखे। उनी आएपछि खाना दिए। खाना खान सिध्याएपछि उनको मन केही नरम भएको कुरा चालपाई

Downloaded from http://dhamma.digital/

उनीहरूले "हे स्वामी ! हामीहरू सारै थाकेका छौं, एक दुइ रात यहीं थकाइ मारी जाने छौं" भनी भन्दा उनले स्वीकार गरे।

उनीहरूले त्यसै रात र भोलिपल्ट बिहान पनि मधुर खाना बनाएर उनलाई ख्वाए। उनीहरूले फेरि भने "हे स्वामी ! हामीहरू केही दिन यहीं बस्ने छौं।" यस्तै गरी बस्दा बस्दै एक दिन उनी सुत्ने खटियाको डोरी अलि अलि गरी काटी चुडाँलि दिए। खटिया झोलिंदै आएकोले खटियामा बस्दा लच्केर भुइँमा छुने जस्तो गरी खटिया खाल्टो पर्‍यो। अनि "तिमीहरू आएर मेरो भएको एउटा खटिया पनि यस्तो भयो" भनी उनी कराएपछि "के गर्ने, स्वामी ! टोलका केटाकेटीहरू आई यसैमा बसेर खेल्छन्, कतिभन्दा पनि मान्दै मान्दैनन्" भनी भने। यस्तै गर्दा गर्दै एक दिन दुइ चारवटा मात्र डोरी बाँकी राखी अरू सबै काटिदिए। राती सुत्दा खटियाको सबै डोरी चुँडी उनी एक डल्लो परेर भुँइमा खसे। अनि "एउटा खटिया भएको पनि तिमीहरूले यस्तो पारिदियौं" भन्दै कराउन थाले। अनि केटीकी आमाले "भो स्वामी ! के गरौं, टोलका केटाकेटीहरूलाई कति भने पनि रोक्न सक्दिन। अब यस बेला के गर्ने" भन्दै छोरीलाई बोलाई "छोरी ! तिम्रो दाइलाई पनि एक छेउमा सुत्ने ठाउँ देऊ" भनी भने। "आउनुहोस्, स्वामी ! यहाँ सुत्नुहोस्" भनी आफू सुत्ने ठाउँमै ठाउँ बनाइदिएपछि गएर सो केटीसँगै सुते। त्यसै रातमा संसर्ग भयो। केटी रुन थाली। "छोरी ! किन रोएकी ?" भनी उसकी आमाले सोधेपछि उसले "यस्तो भयो" भनी भन्दा "हुनदेऊ, तिमीलाई पनि एउटा पुरुष चाहिन्थ्यो उनलाई पनि एउटी केटी चाहिन्थ्यो" भनी आमा चाहिले भनी। त्यसपछि उनलाई ज्वाँइ बनाई मिलेर बसे।

केही दिनपछि सो परिचारिकाले राजालाई खबर पठाई "महाराज ! कामदारहरूको टोलमा एक उत्सवको घोषणा गराउनुहोस्। जसको घरमा उत्सव मनाइँदैन उसलाई राजदण्ड लाग्नेछ।" राजाले त्यस्तै गराए। अनि उनकी सासूले भनी "ज्वाँइ ! कामदारहरूको टोलमा राजाज्ञा अनुसार उत्सव गर्नुपर्ने भयो। अब के गर्ने ?"

Downloaded from http://dhamma.digital/

"आमा ! ज्यालादारी काम गरेर जीविका गरेको छु । कहाँबाट मैले पैसा ल्याउने ।"

"ज्वाँइ ! गृहस्थी भइ बस्नेले ऋण काटेरं भए पनि राजाको आज्ञालाई पालन गर्नुपर्छ । जाऊ जहाँबाट भएपनि एक दुइ कार्षापण ऋण लिएर आऊ । ऋण भनेको पछि तिर्न सकिने छ ।"

अनि कराउँदै चालिसकोटी धन गाडेको ठाउँबाट एउटा कार्षापण ल्याए । उसले त्यो कार्षापण खर्च गरी उत्सव मनाई । फेरि केहि दिनपछि राजाकहाँ त्यस्तै खबर पठाई । राजाले पनि "उत्सव नगर्नेलाई जरिवाना हुनेछ" भनी घोषणा गराए । उसले उनलाई फेरि अघि जस्तै भनी । उनी गएर यसपटक तीनवटा कार्षापण लिएर आए । उसले ती पनि राजालाई दिएर "अब चाहिं यो पुरुषलाई बोलाउन पठाउनुहोस्" भनी खबर पठाई । मानिसहरू आएर उनलाई "तिमीलाई राजाबाट बोलावट भएको छ" भनी भन्दा उनी डराउँदै "मलाई राजाले चिन्दैनन्, म जान्न" भनी भने । बोलाउँदा नमानेपछि पुरुषहरूले हात खुट्टा समाती जबर्जस्ती गर्न थाले । अनि सो स्त्रीले राजपुरुषहरूलाई "मेरो ज्वाँइलाई किन जबरजस्ती गरेको भनी हप्काई ज्वाँइ चाहिंलाई "ज्वाँइ आऊ, तिमीलाई हात हाल्नेलाई राजा कहाँ जाहेर गरी दण्ड गराउनेछु" भन्दै ऊ पनि घरबाट निस्की । मानिसहरूले उनलाई दरबारमा लिएर गए । ऊ चाहिं उनीहरूभन्दा अगाडि नै दरबारमा गई भेष बदली राजासँगै बसिरही । राजपुरुषहरूले उनलाई राजाकहाँ पुऱ्याए । राजालाई अभिवादन गरी उनी उभिइरहे । राजाले "तिमी **कुम्भघोषक हौ"** भनी सोधे ।

"महाराज ! हो ।"

"किन तिमी महाधन सम्पत्ति छाडेर दु:ख देखाई बसेका हौ ?"

"महाराज ! ज्यालादारी काम गरी जीविका गर्ने मैले कहाँबाट धन पाउनु ?"

"यस्तो नभन, किन हामीलाई छकाउँछौ ?"

"महाराज ! मसँग धन छैन, सरकारलाई मैले छकाएको छैन ।"

Downloaded from http://dhamma.digital/

अनि राजाले ती कार्षापणहरू देखाउँदै "यी कार्षापणहरू कसका हुन् त ?" भनी सोध्दा देख्ने बित्तिकै पहिचानी "अहो कसरी यी कार्षापणहरू यहाँ पुग्यो" भन्दै यता उता हेर्दा ती दुबै आमा छोरीलाई देखी "अहो ! यिनीहरूलाई राजाले पठाएका रहेछन्" भनी चालपाए।

अनि राजाले फेरि सोधे "हे पुरुष ! भन, किन यसरी कुरा लुकाइरहेको।"

"महाराज ! मलाई भरोसा दिने कोही छैन।"

"म जस्ताको भरोसा लिनु हुन्न ?"

"महाराज ! यदि राजाले भरोसा दिनु हुन्छ भने मेरो कल्याण हुनेछ।"

"म तिमीलाई भरोसा दिनेछु, भन तिमीसँग कति धन छ ?"

"महाराज ! चालीसकोटी छ।"

अनि राजाले त्यो धन राज प्रांगणमा थुपार्न लगाई महाजनहरू एकत्रित पारी "यो नगरमा यतिका धन हुने अरू कोही छ के ?" भनी सोध्दा "छैन" भन्ने कुरा सुनेपछि "त्यसोभए यो धनको मालिकलाई के गर्नु पर्ला ?" भनी सोध्दा "महासम्मान" गर्नुपर्छ भनी भनेपछि उनलाई **श्रेष्ठीपद** दिई सो केटी पनि उनैलाई दिए। अनि उनलाई लिएर भगवान कहाँ गई राजाले भने "भन्ते ! मैले यो जस्तो धैर्यवान् पुरुष कहिल्यै देखेको थिइन। जो यतिका धन भएर पनि कति पनि अभिमान नगरी धैर्यलिई कृपण जस्तै भई बस्न सक्ने। मैले यस्तो उपायद्वारा उनलाई **श्रेष्ठीपद** दिएँ" भनी बिन्ति गरे।

यो सुनेर **शास्ताले** "महाराज ! यसरी जीविका गर्नेलाई धार्मिक जीविका भन्न सकिन्छ। चोरी आदि काम गर्नेलाई इहलोकमा पनि दुःख हुन्छ परलोकमा पनि त्यस्ता कर्मद्वारा सुखदिन सक्दैन। धन परिहानी हुँदा खेतीको काम अथवा

Downloaded from http://dhamma.digital/

ज्यालादारी कामद्वारा जीविका गर्नु नै धार्मिक जीविका हो भनी भन्न सकिन्छ। यस प्रकार वीर्य सम्पन्न हुने, होस् राख्न सक्ने, काय वाक्द्वारा शुद्ध काम गर्ने, बुद्धि पुऱ्याई संयमतापूर्वक जीविका गर्नेको यश बढ्दछ" भन्नुहुँदै यो गाथा भन्नुभयो–

२४. **"उट्ठानवतो सतिमतो, सुचिकम्मस्स निसम्मकारिनो ।**
**सञ्ञतस्स च धम्मजीविनो, अप्पमत्तस्स यसोभि बड्ढति ॥"**

**अर्थ—**

२४– "जो स्मृतिवान् भई उद्योग गर्छ, संयमपूर्वक सुकार्य गर्छ र अप्रमादी भई धार्मिक काम गर्छ यसरी जीवन बिताउने व्यक्तिको यश बढ्छ ।"

❖❖❖❖

## धम्मपदट्ठकथा
## अभ्यास–२

१) बिम्बिसार राजाले कुम्भघोषकलाई चिन्न कस्तो कदम चाले ? सविस्तार वर्णन गर्नुहोस् ।
२) बिम्बिसार राजाले कुन उपायद्वारा कुम्भघोषकलाई श्रेष्ठीपद दिए ? वर्णन गर्नुहोस् ।
३) कुम्भघोषको कथा पढेर के शिक्षा प्राप्त हुन्छ ?

Downloaded from http://dhamma.digital/

# ३. चूलपन्थक

**('उट्ठानेनप्पमादेन' भन्ने गाथाको कथा)**

"**उट्ठानेनप्पमादेन**..." भन्ने यो गाथा **वेणुवनमा** बसिरहनु भएका **शास्ताले चूलपन्थक** स्थविरको कारणमा बताउनु भएको हो ।

**राजगृह** नगरको एक धनपतिकी छोरीलाई सात तले घरमा राखिएको थियो । यौवन अवस्थाले मत्त भइकी ऊ आफ्नै नोकरसँग बिग्री "आमा बाबुले थाहा पाएको खण्डमा मलाई टुक्रा टुक्रा गर्नेछन्" भन्ने ठानी उनीहरू दुबै जना भागेर विदेशतिर गए । उनीहरू कुनै एक ठाउँमा गएर बसिरहेको बेलामा स्त्री गर्भिणी भई । पछि सुत्केरी हुन लाग्ने बेलामा स्त्रीले "हे पुरुष ! बिरानो ठाउँमा बालक जन्माउन पर्दा हामी दुबैलाई कष्ट हुन सक्छ । अतः घरमा जाऔं" भन्दा डराएर उसले "आज भोलि" गर्दै दिन काट्न थाल्यो । ऊ जान नचाहेको कुरा बुझी एक दिन आफ्नो पुरुष बाहिर गइरहेको मौकामा छिमेकीहरूलाई "माइती जानेछु" भनी स्त्री घरबाट निस्केर गई ।

पुरुष घरमा आइपुग्दा उसलाई नदेखी यता उता सोध्दा माइतीमा गई भन्ने कुरा थाहापाए पछि ऊ दौडेर गयो र बीच बाटामा उसलाई भेट्टायो । उसले बाटैमा छोरा जन्माई । "अब के गर्छ्यौ ?" भनी सोध्दा "जुन कामको लागि घर जाँदै थिएँ । सो काम यहीं सिद्धिएपछि अब केलाई जाने" भन्दै दुबै जना फर्केर आए । बाटामा (= पन्थे) जन्मेको हुनाले पुत्रलाई '**पन्थक**' भन्ने नाम राखे । केही महीना पछि फेरि ऊ गर्भिणी भई र प्रसव समय आइपुग्दा अघि जस्तै आफ्नो पुरुषलाई

Downloaded from http://dhamma.digital/

भनी। पुरुषले पनि अघि जस्तै आलटाल गर्दै दिन बिताउन थाले पछि पहिले जस्तै स्त्री माइतीतिर लागेर गई। पुरुष घरमा आउँदा ऊ गएकी खबर सुनेर पछि दौड्दै गयो र उसले बीच बाटामा भेट्टायो। उसले पनि अघि जस्तै बीच बाटामै पुत्र जन्माई। अनि दुवैजना घरफर्की अघि जन्मेकोलाई '**महापन्थक**' भनी नाम राखे। ठूला भएपछि त्यसठाउँका बालकहरूले "बाजे, बज्यै, कान्छा बा" आदि भनी भनिरहेको सुनेर आमाकहाँ आई "आमा ! आमा ! यहाँ हामीहरूका नाता कुटुम्ब कोही छैनन् कि क्या हो ? हाम्रा बाजे बज्यैहरू छैनन् ?"भनी सोध्दा आमा चाहिंले "बाबुहो ! यहाँ तिम्रा कोही नाता कुटुम्बहरू छैनन्। **राजगृह नगरमा** "धनश्रेष्ठी" भन्ने तिम्रा बाजे छन् र धेरै नाता कुटुम्बहरू पनि छन्" भनी भने। अनि बालकहरूले "त्यसोभए त्यहाँ किन नजानुभएको त ?" भनी सोध्दा उसले नगएको कारण नबताई पति चाहिंलाई यसो भनी "यी केटाहरू बाजे बज्यैहरू कहाँ जान झगडा गर्छन्। के आमाबाबुहरूले हाम्रो मासु काटेर खान्छन् र जाऔं बालकहरूलाई उनीहरूका बाजेहरू कहाँ लैजाऔं" भनी भन्दा पति चाहिंले भन्यो "म त उनीहरू अगाडि जान सक्दिन। तर केटाहरूलाई लैजाने छु।" यति भनी केटाहरूलाई लिएर दुबैजना **राजगृह नगरमा** गई एक ठाउँमा बसे। अनि उनीहरूले "दुइजना बालकहरू लिएर हामीहरू आएका छौं" भनी आमाबाबु कहाँ खबर पठाए। उनीहरूले "तिमीहरूलाई हामी हेर्न सक्दैनौं। यति धन लिएर आफूलाई सुविधा हुने ठाउँमा गएर जीविका गर। दुइ बालकचाहिं हामी कहाँ पठाऊ" भनी दूत पठाए। आएको दूतको हातमा बालकहरू जिम्मा दिई उसले दिएको धन लिएर उनीहरू फर्के। बालकहरू बाजे बज्यैको घरमा बस्न थाले। **चूलपन्थक** स्यानै भएको हुनाले **महापन्थक** चाहिं बाजे बज्यैहरूसँग बरोबर **शास्ता**कहाँ गएर धर्मोपदेश सुन्न जान्थे। सधैं झैं **शास्ताको** धर्मोपदेश सुनेर **महापन्थकको** मनमा एक दिन प्रव्रजित हुने इच्छा भएर बाजे बज्यैहरूलाई भने "यदि मलाई वचन दिनुहुन्छ भने म प्रव्रजित हुन चाहन्छु।"

Downloaded from http://dhamma.digital/

"राम्रो हो, अरूहरू प्रव्रजित हुनुभन्दा हाम्रो निमित्त तिमी प्रव्रजित हुनु गर्वको कुरा हो । सक्छौ भने प्रव्रजित होऊ ।"

यति भनी बालकहरूलाई लिएर उनीहरू **शास्ता कहाँ** गए । **शास्ताले** "गृहपति ! केटा लिएर आयौ नि ?" भनी सोध्नु हुँदा उनीहरूले "भन्ते ! हो, यो केटा प्रव्रजित हुन चाहन्छ" भनी निवेदन गरे । **शास्ताले** एक **पिण्डपाटिक** (भिक्षाटन् मात्र गर्ने धुताङ्गशील पालन गर्नेलाई 'पिण्डपाटिक' भनिएको हो ।) भिक्षुलाई भनेर प्रव्रजित गर्न लगाउनु भयो । प्रव्रजित भएपछि उनले धेरै बुद्धवचनहरू अध्ययन गरे । उमेर पुगेपछि उपसम्पदा भए र होस् राखी राम्ररी ध्यान गरेपछि अरहत्व पनि प्राप्त गरे । अरहत् भएर ध्यान सुखमा बसिरहेको **महापन्थकको** मनमा "**यस्तो** विमुक्तिसुख **चूलपन्थकलाई** पनि दिनु पर्‍यो" भन्ने विचार गरी एक दिन बाजेहरू कहाँ गई "महासेठ ! यदि वचन दिन्छौ भने **चूलपन्थकलाई** पनि प्रव्रजित गराउन चाहन्छु" भनी भन्दा उनीहरू पनि "हुन्छ गर्नुहोस्" भनी भने । यी श्रेष्ठी उच्च कुलीनका थिए । "यी कसका छोराहरू हुन् ?" भनी सोध्दा "भागेर गएकी छोरीका हुन्" भनी भन्न पर्दा उनीहरूलाई लाज हुन्थ्यो । त्यसैले उनीहरूले सहजैसँग प्रव्रजित हुने वचन दिएका हुन् । स्थविरले चूलपन्थकलाई प्रव्रजित गराई शीलमा प्रतिष्ठित गराए । उनीचाहिं पढ्न सक्दैनथे ।

"**पदुमं यथा कोकनदं सुगन्धं**" भन्ने चार पदको एउटा गाथा पनि चार महिनासम्ममा कण्ठस्थ पार्न सकेको थिएन । माथिल्लो पद कण्ठस्थ गरी तल्लो पद कण्ठस्थ गर्दा माथिल्लो पद बिर्सिन्थे । यसरी एउटा गाथा पढ्दा पढ्दै चार महिना बित्यो । अनि उनलाई "तिमीले एउटा गाथा त चार महिनासम्ममा पढ्न सकेनौ भने प्रव्रजितको काम कहिले पुरा गर्न सकौला" भनी **महापन्थकले** विहारबाट निकालि दिए । उनी भने प्रव्रज्याको स्नेहले गर्दा घर फर्कन चाहन्नथे ।

त्यस समय **महापन्थक** स्थविर **भत्तुद्देशक** (भिक्षुहरूका निमित्त निम्तो स्वीकार गर्ने र निम्तोमा पठाउने काम गर्नेलाई "भत्तुद्देशक" भनिन्छ ।) भएका थिए । अनि

Downloaded from http://dhamma.digital/

जीवक वैद्य आएर "भन्ते ! अहिले यहाँ कति भिक्षुहरू छन् ?" भनी सोध्दा "पाँचशय" भन्ने सुनेर "भन्ते ! त्यसो भए यी पाँचशय भिक्षुहरू सहित बुद्धलाई भोलिको निमित्त निम्तो स्वीकार गर्नुहोस्" भनी प्रार्थना गरे । **महापन्थक** स्थविरले "उपासक ! यो **चूलपन्थक** बुद्धशासनको लागि अयोग्य हुँदा उनी एक जना छाडी अरूको निमित्त स्वीकार गर्छु" भनी भने । **चूलपन्थकको** मनमा "मेरो दाइको मनमा म प्रति विश्वास रहेनछ । यस्तो अवस्थामा किन यहाँ बसिरहने, चीवर छाडेर गृहस्थी भएर जानुपर्‍यो" भन्ने विचार गरी भोलिपल्ट बिहान सबेरै चीवर छोड्ने विचारले विहारबाट निस्के ।

त्यस दिनको बिहान सबेरै ध्यानदृष्टिद्वारा लोकमा हेर्दा चूलपन्थकको कुरा देख्नु भई उनी जाने बाटोको छेउमा गई भगवान बुद्ध बस्नुभयो । चूलपन्थक बिहान सबेरै विहारबाट निस्किरहेका बेलामा बुद्धलाई देखेर उहाँकहाँ वन्दना गरी उभिएर बसे । अनि **शास्ताले** "चूलपन्थक ! यसबेला कहाँ जाँदैछौ ?" भनी सोधेपछि उनले आफ्नो मनको कुरा बताए । **शास्ताले** "चूलपन्थक ! तिम्रो प्रव्रज्या मकहाँ पो भएको हो । दाइले विहारबाट निकालेपछि मकहाँ आउनु पर्ने । अतः मकहाँ बसौला, घर फर्केर के गर्छौ र ?" भन्दै उनको शीरमा चक्रांकित हातले सुम्सुम्याई **चूलपन्थकलाई** आफू बस्ने गन्धकूटीमा लगी एउटा शुद्ध र सफा रूमाल लिएर "**रजोहरणं, रजोहरणं** (= मैलो फाल्ने) भन्दै पूर्वतिर हेरी यहीं बसिरहनू" भनी भोजनको समय भएपछि **तथागत** भिक्षुहरूको साथ जीवकको घरमा जानुभयो । **चूलपन्थक "रजोहरणं, रजोहरणं"** भनी रूमाल परिमार्जन गरी बसे । यसरी परिमार्जन गरिरहेको बेलामा हातको पसिनाले गर्दा रूमाल मैलियो । अनि उनले सोच्न थाले "यो रूमाल भर्खर अघि कति सफा सुग्घर थियो । अहिले हात पुछ्दा पुछ्दै मैलो भएर आयो । यसै शरीरको कारणले गर्दा पहिलको शुद्धपन हटेर मैलो भयो । यो संस्कार अनित्य रहेछ" भन्दै अनित्य दुःखको स्मरण गरी विपश्यना ध्यान बढाउन थाले । उनले विपश्यनामा चित्त लगाएको थाहा पाएर **शास्ताले** "चूलपन्थक ! तिमीले रूमाल

Downloaded from http://dhamma.digital/

मात्र मैलो भयो भनी नठान । रागरूपी आदि मैलाहरू तिम्रो अभ्यन्तरमा धेरै छन् । तिनीहरूलाई सफा पार" भनी उनले देख्ने गरी अगाडि उभिएको जस्तै देखाई यो गाथा भन्नुभयो–

**"रागो रजो न च पन रेणु वुच्चति,**
**रागस्सेतं अधिवचनं रजो' ति ।**
**एतं रजं विप्पजहित्व भिक्खवो,**
**विहरन्ति ते विगतरजस्स सासने ॥**
**"दोसो रजो न च पन रेणु वुच्चति,**
**दोसस्सेतं अधिवचनं रजो' ति ।**
**एतं रजं विप्पजहित्व भिक्खवो,**
**विहरन्ति ते विगतरजस्स सासने ॥**
**"मोहो रजो न च पन रेणु वुच्चति,**
**मोहस्सेतं अधिवचनं रजो' ति ।**
**एतं रजं विप्पजहित्व भिक्खवो,**
**विहरन्ति ते विगतरजस्स सासने ।"**

**अर्थ–**

"रागलाई पनि रज (= मैलो) भनिन्छ । धूलोलाई मात्र होइन । यही मैलोलाई सफा पारी भिक्षुहरू निर्मल बुद्धशासनमा बस्छन् ।"

"द्वेषलाई पनि रज भनिन्छ । धूलोलाई मात्र होइन । यही मैलोलाई सफा पारी भिक्षुहरू निर्मल बुद्धशासनमा बस्छन् ।"

"मोहलाई पनि रज भनिन्छ । धूलोलाई मात्र होइन । यही मैलोलाई सफा पारी भिक्षुहरू निर्मल बुद्धशासनमा बस्छन् ।"

गाथाको अवशानमा चूलपन्थकले प्रतिसम्भिदाज्ञान सहित अरहत्व प्राप्त गरे । प्रतिसम्भिदाज्ञानको साथ साथै तीनै पिटकको ज्ञान पनि भयो ।

Downloaded from http://dhamma.digital/

उता **जीवकले** भगवानलाई दक्षिणोदक (भोजन दानको समयमा सर्वप्रथम अर्पित गरिने पानीलाई 'दक्षिणोदक' भनिन्छ।) अर्पण गरे। **शास्ताले** "जीवक ! विहारमा भिक्षुहरू बाँकी छन् होइन ?" भन्दै हातले भिक्षापात्र ढाक्नु भयो। **महापन्थकले** "भन्ते ! विहारमा भिक्षुहरू छैनन्" भनी भने। **शास्ताले** "जीवक ! विहारमा भिक्षुहरू छन्" भनी भन्नुभयो। अनि **जीवकले** "हे भणे ! त्यसोभए जाऊ र विहारमा भिक्षुहरू छन् वा छैनन् चाँडै हेरेर आऊ". भनी एक पुरुषलाई पठाए। त्यतिखेर **चूलपन्थकले** "विहारमा भिक्षुहरू छैनन् भनी मेरा दाइ भन्दछन्। विहारमा भिक्षुहरू भएको देखाउनु पऱ्यो" भन्ने विचार गरी विहारको आम्रवनभरी केही चीवर सिइरहेका, केही चीवर रंगाइरहेका र केहीले चीवर काटिरहेका आदि गरी सारा विहारको आम्रवन भिक्षुहरूले भरिदिनुभयो। हेर्न आएको पुरुषले विहारभरी भिक्षुहरू देखी फर्केर गई "आर्य ! विहार भरी भिक्षुहरू छन्" भनी भन्यो। **शास्ताले** सो पुरुषलाई भन्नु भयो "विहारमा गएर **शास्ताले चूलपन्थक** भन्नेलाई बोलाउनु भएको छ" भन। भने अनुसार ऊ गएर भन्दा "म **चूलपन्थक हुँ। म चूलपन्थक हुँ**" भनी सबैले भने। ऊ फर्की "सबैले **चूलपन्थक** भन्दछन्" भनी भगवान्लाई बिन्ति गर्दा "जसले सबैभन्दा पहिले म **चूलपन्थक** हु भनी भन्नेछ उनको हात समात। बाँकी सबै अन्तरधान हुनेछन्" भनी भगवान्ले भन्नुभयो। ऊ गएर त्यस्तै गऱ्यो। स्थविर उसँगै आए। भोजन सिद्धिएपछि भगवान्ले जीवकलाई भन्नुभयो– "जीवक ! **चूलपन्थकको** पात्र लेऊ। उनले भुक्तानुमोदन गर्नेछन्।" जीवकले त्यस्तै गरे। सिंह जस्तै गर्जिंदै त्रिपिटक मथन गरी स्थविरले अनुमोदन गरे।

एक दिन धर्म सभामा कुरा चल्यो "**चूलपन्थकले** चार महीनासम्ममा एउटा गाथा पढ्न नसकेता पनि प्रयासलाई नछाडी अन्तमा अरहत्व नै प्राप्त गरे।" **शास्ता** आउनु भई "भिक्षुहो ! के कुरा गर्दै बसिरहेका थियौ ?" भनी सोध्दा "यो यो" भनी निवेदन गरेपछि "भिक्षुहो ! वीर्यवान् भिक्षु मेरो शासनमा लोकोत्तर धर्मको स्वामी नै बन्दछ" भनी भन्नु भई यो गाथा भन्नुभयो–

Downloaded from http://dhamma.digital/

**२५. "उट्ठानेनप्पमादेन, सञ्ञमेन दमेन च ।**
**दीपं कयिराथ मेधावी, यं ओघोनाभिकीरति ॥"**

**अर्थ—**

२५– "बुद्धिमानिले संयम र चित्त दमन गरी अप्रमादी भएर बाढीले पनि हुत्याउन नसक्ने टापु समान आफूलाई बनाउनु पर्छ ।"

❖❖❖❖

## धम्मपदट्ठकथा
## अभ्यास-3

१) भगवान् बुद्धले चूलपन्थकलाई प्रतिसम्भिदाज्ञान सहित अरहत्व फल प्राप्त गराउन कुन उपाय प्रयोग गर्नु भयो ?
२) चार महिनासम्म एउटा माथा पढ्न नसकेका चूलपन्थकले कसरी अरहत्व प्राप्त गरे ? कथात्मक शैलीमा प्रस्तुत गर्नुहोस् ।
३) महापन्थक र चूलपन्थकको नाम कसरी रहन गयो र उनीहरू कसरी प्रव्रजित भए ? उल्लेख गर्नहोस् ।
४) चूलपन्थक स्थविरको जीवनीको रोचक पक्षबारे चर्चा गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ४. मूर्खक्रीडा

### ('पमादमनुयुञ्जन्ति' भन्ने गाथाको कथा)

"**पमादमनुयुञ्जन्ति**..." भन्ने यो गाथा **जेतवनमा** बसिरहनु भएका **शास्ताले** अज्ञानी मूर्खहरूको नक्षत्र उत्सवको कारणमा बताउनु भएको हो ।

एक समय **श्रावस्तीमा** नक्षत्र उत्सवको घोषणा (फागुको घोषणा) गरिएको थियो । त्यस उत्सवमा मूर्ख अज्ञानीहरू शरीरमा खरानी र गोबर घसी हिड्छन् । आफ्ना ज्ञातिबन्धुहरू वा श्रमणहरू देखे पनि उनीहरू लजाउन्नन् । दैलो दैलोमा बसेर असभ्य बोल्दछन् । असभ्य बोलि सुन्न नसकी आ-आफ्नो गच्छे अनुसार सुका वा एक मोहर मानिसहरूले दिएर पठाउँछन् । पाएको पैसा लिएर उनीहरू जान्छन् । त्यस बखत **श्रावस्तीमा** पाँचकोटी जति आर्य श्रावकहरू बस्दथे । उनीहरूले **शास्ता** कहाँ खबर पठाए– "भन्ते ! भगवान यो सप्ताहभरी भिक्षाटन् गर्न बाहिर ननिस्कनु होस् । हामी विहारमै भोजन पुऱ्याइदिनेछौं ।" यति खबर पठाई बुद्ध सहित सबै भिक्षुहरूको निमित्त भोजन पठाए । आफूहरू पनि घरबाट बाहिर निस्केनन् । अनि नक्षत्र उत्सव सिद्धिएपछि आठौं दिन भगवान सहित भिक्षु सङ्घलाई निम्तो गरी महादान दिएर एक छेउमा बसेका उनीहरूले "भन्ते ! हामीले अति कष्टपूर्वक यो एक हप्ता बितायौं । अज्ञानी मूर्खहरूको असभ्य बोली सुन्दा कानै फुट्ला जस्तो भयो । कोही कुनैसँग लजाउँदैनन् । त्यसैले हामीले तपाईलाई भिक्षाटन गर्नबाट रोकेका हौ । हामी पनि घरबाट बाहिर निस्कनौं" भनी भने । उनीहरूको कुरा सुनेर भगवानले "अज्ञानी मूर्खहरूको काम यस्तै हुन्छ । बुद्धिमानीहरूले चाहिं धनलाई सुरक्षित गरी रक्षागर्ने जस्तो अप्रमादलाई रक्षागरी अमृतमहानिर्वाण सम्पत्ति प्राप्त गर्छन्" भनी भन्नुभई यो गाथा भन्नुभयो–

Downloaded from http://dhamma.digital/

२६. **"पमादमनुयुञ्जन्ति, बाला दुम्मेधिनो जना ।**
**अप्पमादञ्च मेधावी, धनं सेट्ठंव रक्खति ॥"**

२७. **"मा पमादमनुयुञ्जेथ, मा कामरतिसन्थवं ।**
**अप्पमत्तो हि झायन्तो, पप्पोति विपुलं सुखं ॥"**

**अर्थ—**

२६– "मूर्खहरू प्रमादी हुन्छन् र पण्डितहरू सेठले धन रक्षा गरे झैं अप्रमादलाई रक्षा गर्छन् ।"

२७– "प्रमादी नहोऊ, काम विषयमा आसक्त नहोऊ र अप्रमादी भई ध्यानगर्‍यौ भने विपुल सुख प्राप्त हुन्छ ।"

❖❖❖❖

## धम्मपदट्ठकथा
## अभ्यास–४

१) श्रावस्तीका पाँचकोटी आर्यश्रावकहरूले भगवान् बुद्धलाई सातदिनसम्म बाहिर भोजन जान किन रोकेका हुन् ?

२) **"पमादमनुयुञ्जन्ति"** भन्ने यो गाथा भगवान् बुद्धले कसको कारणमा बताउनु भएको हो ? अर्थ सहित वर्णन गर्नुहोस् ।

३) भगवान् बुद्धले मूर्खक्रीडा भनी किन निन्दा गर्नुभएको हो ?

४) मूर्खक्रीडाको कथा पढेर के सन्देश पाइन्छ ? आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ५. महाकश्यप स्थविर

('पमादं अप्पमादेन' भन्ने गाथाको कथा)

"**पमादं अप्पमादेन**..." भन्ने यो गाथा **जेतवनमा** बसिरहनु भएका बुद्धले **महाकश्यप** स्थविरको कारणमा बताउनु भएको हो ।

एक समय स्थविर **पिप्फलि गुफामा** बसेका थिए । एक दिन **राजगृहमा** भिक्षाटन् गरी भोजन सकिएपछि आलोक समाधि बढाई संसारमा च्युत र उत्पन्न भइरहेका प्राणीहरूलाई दिव्यचक्षुद्वारा हेर्दै बसिरहेका थिए । **जेतवनमा** बसिरहनु भएका भगवानले "**महाकश्यप** अहिले के गरिरहेका रहेछन्" भनी ध्यानद्वारा विचार गरी हेर्दा सो कारण बुझ्नु भई "कश्यप ! प्राणीहरूको च्युति र उत्पत्तिको विषयलाई बुद्धज्ञानले पनि अन्त पाउन सकिन्न । आमाको पेटमा प्रतिसन्धि लिएर आमाले थाहा नपाउने गरी च्युत भएका प्राणीहरूको गिन्ति छैन (यसको स्पष्टिकरण लेखको बु. श्रा. भा-६ पृ. ७३ को पादटिप्पणीमा हेर्नु ।) । यो विषयलाई तिमीले जान्न सक्दैनौ । यो त केवल बुद्धको विषय हो" भनी आभाष फैलाई बसिरहेको जस्तो देखाउनु भई भगवान्ले यो गाथा भन्नु भयो ।

**२८. "पमादं अप्पमादेन, यदा नुदति पण्डितो ।**
**पञ्ञापासादमारुय्ह, असोको सोकिनिंपजं ।**
**पब्बतट्ठोव भुम्मट्ठे, धीरो बाले अवेक्खति ।"**

Downloaded from http://dhamma.digital/

**अर्थ—**

२८– "जुन बखत पण्डितले प्रमादलाई अप्रमादले जिती आफू शोक र तापबाट रहित हुन्छ, त्यस बखत उसले प्रज्ञारूपी उच्च प्रासादमा बसी शोक-सन्तप्त प्राणीहरूलाई पहाडको टुप्पोबाट पहाडमुनि बस्ने मानिसहरूलाई देखे झैं देख्दछ ।"

❖❖❖❖

## धम्मपदट्ठकथा
## अभ्यास–५

१) **"पमादं अप्पमादेन"** भन्ने यो गाथा भगवान् बुद्धले कसको कारणमा बताउन भएको हो ? वर्णन गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ३. चित्तवर्ग

## १. मेघिय स्थविर

**('फन्दनं चपलं चित्त' भन्ने गाथाको कथा)**

"**फन्दनं चपलं चित्तं...**" भन्ने यो गाथा **चालिक पर्वतमा** बसिरहनु भएका **शास्ताले** आयुष्मान् **मेघियको** कारणमा बताउनु भएको हो ।

एक समय भगवान **चालिक पर्वतमा** बसिरहनु भएको बेलामा आयुष्मान् **मेघिय** उहाँको उपस्थापक भई साथमा बसेका थिए । एक दिन **किमिकाल नदीको** तीरमा रहेको एक सुन्दर तथा रमणीय आम्रवनलाई आयुष्मान् **मेघियले** देखेर त्यहाँ गई ध्यानगर्ने विचार गरी भगवानसँग वचन मागे । भगवानले अहिले मकहाँ कोही साथी छैन मलाई साथी भएपछि जाउला भनी तीन बारसम्म रोक्दा पनि जिद्दी गरेपछि "ध्यान गर्न जान्छु भन्नेलाई अब के भनुँ र !" भनी भगवानले वचन दिनु भयो ।

उक्त आम्रवनमा गई ध्यान गर्न लाग्दा मनमा कामवितर्क आदि बितर्कले सताएपछि ध्यान गर्न नसकी भगवानकहाँ फर्केर आयुष्मान् **मेघियले** सो कुरा बताए । अनि चित्तको वशमा बस्न हुन्न । यो चित्त भनेको लघुपरिवर्तनशील भएकोले त्यसलाई आफ्नो बशमा राख्न सक्नु पर्छ" भन्नु हुँदै भगवानले यो गाथा भन्नुभयो–

Downloaded from http://dhamma.digital/

३३. "**फन्दनं चपलं चित्तं, दुरक्खं दुन्निवारयं ।**
**उजुंकरोति मेधावी, उसुकारोव तेजनं ॥**"

३४. "**वारिजोव थलेखित्तो, ओकमोकतो उब्भतो ।**
**परिफन्दति' दं चित्तं, मारधेय्यं पहातवे ॥**"

**अर्थ—**

३३– "बाँणकारकले बाँण सोजो पार्ने झैं बुद्धिमान व्यक्तिले आफ्नो छटपटाउने चञ्चल तथा संयम गर्न कठिन चित्तलाई पनि संयमित पार्दछ ।"

३४– "पानीबाट झिकेर सुखा जमीनमा राख्दा माछा जसरी छट्पटाउँछ त्यसै गरी मारको जालबाट छुटाउँदा यो चित्त छट्पटाउँछ ।"

❖❖❖❖

## धम्मपदट्ठकथा

## अभ्यास–६

१) **"फन्दनं चपलं चित्तं"** भन्ने गाथा शास्ताले कसको कारणमा बताउन भएको हो ? अर्थ सहित सविस्तार वर्णन गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# २. सङ्घरक्षित स्थविर

### ('दूरङ्गमं एकचरं' भन्ने गाथाको कथा)

"**दूरङ्गमं एकचरं**..." भन्ने यो गाथा **श्रावस्तीमा** बसिरहनु भएका **शास्ताले संघरक्षित** (सङ्घरक्खित) भन्ने भिक्षुको कारणमा बताउनु भएको हो ।

**श्रावस्तीको** एक कुलपुत्र **प्रव्रजित** भई **संघरक्षित** भन्ने नामले उपसम्पन्न पनि भए । केही समयमा नै उनले अरहत्व प्राप्त गरे । उनकी बहिनीले एक छोरा पाएपछि आफ्नो स्थविरको नामबाट उनको नाम राखी । सबैले उनलाई "**भागिनेय्य संघरक्षित**" भन्न थाले । ठूलो भएपछि उनी पनि मामासँगै प्रव्रजित भए । उपसम्पदा भइसकेपछि एक गाउँको विहारमा वर्षावास बिताए । त्यहाँ उनलाई सातहाते र अर्को आठहाते कपडा प्राप्त भयो । कपडा पाउने बित्तिकै आठहाते कपडा आफ्नो मामा उपाध्यायलाई दिने संकल्प गरे । बर्षावास पछि उपाध्याय मामा बस्ने विहारमा जाँदा उपाध्याय बाहिर गइरहेको देखेर विहारमा सफा सुग्घर पारी बढारी उपाध्यायको प्रतिक्षामा उनी बसिरहे। उपाध्याय आएपछि पाउ धुने पानी राखी आसन बिछ्याइ दिए। आसनमा बसेको उपाध्यायलाई पंखा हम्की उभिइरहे । अनि उनले उपाध्यायलाई सो कपडा चढाए । उपाध्यायले "अहिले चीवर परिपूर्ण छ मलाई यो चाहिन्न तिमीनै परिभोग गर" भनी ग्रहण गरेनन् । उनले "भन्ते ! मैले यो कपडा पाएदेखि नै तपाईलाई दिने संकल्प गरेको थिएँ" भन्दा पनि स्थविरले त्यसै भने । फेरि पनि उनले भने "भन्ते !

Downloaded from http://dhamma.digital/

तपाईले परिभोग गर्नुभए महत्फल प्राप्त हुनेछ" यसो भन्दा पनि स्थविरले ग्रहण गरेनन् । अनि पंखा हम्की उभिइरहेका उनले "गृहस्थी छँदा म उहाँको भान्जा थिएँ । प्रव्रजित भएपछि म उहाँको साथमा बसेको छु । यसो हुँदा पनि उपाध्यायले यो कपडा स्वीकार गरेनन् । यस्तो अवस्थामा यहाँ बसिरहनुको मतलब के भयो र ! बरू गृहस्थी भएर जान पर्‍यो" भनी विचार गरे । फेरि सोच्न थाले "गृहस्थीमा बस्दा जीविकाको लागि केही न केही काम गर्नुपर्छ । अतः यो आठहाते कपडा बेची त्यसको मूल्यबाट एउटा बाखो किन्ने छु । बाखो चाँडै बियाउनेछ । अनि सो बेची पाएको पैसाले एउटी स्वास्नी ल्याउने छु । छोरा पाएपछि छोरालाई लिएर मामाको दर्शनार्थ जाने छु । बाटोमा मैले दूधेबालकलाई माग्दा उसले बालक आफूले नै लिई मलाई गाडा चलाउन लगाउने छे । त्यसैबेला उसको हातबाट बालक खसेर गाडाको चक्कामा पर्नेछ । अनि उसलाई म छडीले पिट्ने छु" भन्ने विचारमा तल्लीन भएको उनले हम्की रहेको पंखाले मामाको टाउकोमा ठोके । उनले मनसा कल्पना गरिरहेको सबै कुरा स्थविरले थाहापाई "संघरक्षित ! आफ्नी स्वास्नीलाई पिट्न कल्पना गर्ने तिमीले किन मलाई हिर्काएको ?" भनी भनेपछि उनी तर्सिएर "अहो ! मैले कल्पना गरिरहेको जम्मै कुरा मामाले थाहा पाउनु भएको रहेछ" भन्ने थाहापाई त्यहींबाट भाग्न थाले । अनि उनलाई भिक्षुहरूले समाती **शास्ताकहाँ** लगे । **शास्ताले** "किन समातेर ल्याएको ?" भनी सोध्दा उनीहरूले सबैकुरा बताएपछि "साँच्चै हो के ?" भनी उनीसँग सोध्दा उनले "हो" भनी भनेपछि "भिक्षु ! किन यस्तो गरेको ?" भनी सोध्दा उनले शुरुदेखिका सबै कुरा भगवानलाई सुनाए । अनि भगवानले "भिक्षु ! चिन्ता नगर, टाढा भएर पनि यो चित्तले आरम्मण देख्न सक्छ । राग, द्वेष र मोहको बन्धनबाट छुटकारा पाउनको निमित्त मेहनत गर्नुपर्छ" भनी भन्नुभई यो गाथा भन्नुभयो–

Downloaded from http://dhamma.digital/

३७. "दूरङ्गमं एकचरं, असरीरं गुहासयं ।
ये चित्तं सञ्ञमेस्सन्ति, मोक्खन्ति मारबन्धना ॥"

अर्थ—

३७– "टाढा टाढासम्म पुग्न सक्ने एक्लै हिंड्ने विना शरीर गुफामा बस्ने चित्तलाई वशमा राख्नसक्ने व्यक्ति मारको बन्धनबाट मुक्त हुन्छ ।"

## धम्मपदट्ठकथा
## अभ्यास-७

१) भागिनेय्य संघरक्षितको कथाले कस्तो मानसिकताको चित्रण गर्न खोजेको छ ? आफ्नै शैलीमा लेख्नुहोस् ।

२) **"दूरङ्गमं एकचरं"** भन्ने गाथा भगवान् बुद्धले कसको कारणमा बताउनु भएको हो ? सविस्तार बयान गर्नहोस् ।

Downloaded from http://dhamma.digital/

# ३. चित्तहत्थ स्थविर

**('अनवट्ठितचित्तस्सं' भन्ने गाथाको कथा)**

"**अनवट्ठितचित्तस्स** ..." भन्ने यो गाथा **श्रावस्तीमा** बसिरहनु भएका **शास्ताले चित्तहत्थ स्थविरको** कारणमा बताउनु भएको हो ।

**श्रावस्तीवासी** एक गोठालाले हराएको गाई खोजी गोठमा बाँध्यो । "अवश्यमेव विहारमा केही खाना पाउनेछु" भन्ने विचारगरी भोकाएकोले विहारमा गयो । त्यसबखत खेरगएको खाना फ्याक्ने ठाउँमा धेरै खाने कुरो थियो । अनि भिक्षुहरूले उसलाई "त्यहाँबाट खाना लिएर खाऊ" भनी देखाए अनुसार उसले त्यहाँबाट खाना झिकेर खायो । साथ साथै उसले यस्तो सोच्यो "म दिनदिनै दुःख कष्ट गरी जीविका गर्दैछु । यी भिक्षुहरू भने दिनहुँ यस्ता सुस्वादिला भोजन गर्छन् । किन म प्रव्रजित नहूँ ।" यति सोचेर एकजना भिक्षुकहाँ गई ऊ प्रव्रजित भयो । सुस्वादिला भोजन खान पाएकोले केही दिनपछि ऊ मोटाएर आयो । यसको केही दिनपछि पुनः उत्कण्ठित भई चीवर छाडी गृहस्थ भयो । घरमा कामकाज गर्दा थाक्यो र फेरि भिक्षु नै हुनुपर्‍यो भनी फेरि प्रव्रजित भयो । यस्तो किसिमले ऊ ६ पटकसम्म कपडा छाडेर घरैमा गयो । चित्तको बसमा परेर घर फर्कने र प्रव्रजित हुने भएकाले उसलाई '**चित्तहत्थ**' भन्न थाले । यसरी गर्दागर्दै उसकी भार्या गर्भिणी भई । एकदिन खेत जोती हलो आदि लिएर घर फर्कदा उसकी भार्या लम्पसार परी सुतिरहेकी थिई । उसको वस्त्र यताउता परेको थियो । मुखबाट र्‍याल चुहिँदै

Downloaded from http://dhamma.digital/

थिइ, घर घर आवाज पनि आउँदै थियो । यो दृश्य देख्ने बित्तिकै मसानमा राखेको फूलेको शरीरको भ्रुभल्को लाग्यो । अनि ऊ काषायवस्त्र लिएर तुरुन्तै घरबाट निस्केर गयो । घरको नजिकमा बसेकी उसकी सासूले खेतबाट फर्केर तुरुन्तै घरबाट निस्केर गएको ज्वाँइलाई देखेर "किन होला ?" भन्ने सोचेर उसकी छोरीको घरमा पसेर हेर्दा लम्पसार परी सुतिरहेकी छोरीलाई देखेर उठाई र "तिम्रो पनि काषायवस्त्र लिएर बाहिर गइसक्यो, अब ऊ फेरि फर्कने छैन होला" भनी भन्दा छोरीले आमा ! तिमी चुपलाग ऊ फर्केर आउनेछ, ऊ कहाँ जानसक्छ र" भनी ।

सातौं पटक यस्तो दृश्य बिरक्तिएर "अहो ! अनित्य दुःख ! भन्दै गइरहेको बेलामा उसले स्रोतापत्तिफल प्राप्त गर्‍यो । विहारमा गई प्रव्रज्या माग्दा कसैले पनि प्रव्रजित गराउन चाहेन । उसले बारबार "यो पटक मात्र मलाई प्रव्रजित गराउनु होस्" भनी प्रार्थना गर्दा श्रमणभावमा उसले गरेको उपकारलाई सम्भेर अन्तमा उसलाई प्रव्रजित गराए । अनि केही दिनमै उसले प्रतिसम्भिदा ज्ञान सहित अरहत्व प्राप्त गर्‍यो । भिक्षुहरूले उसलाई भन्न थाले– "आवुसो चित्तहत्थ ! यस पटक तिमी धेरै दिनसम्म बस्यौ नि, हुन त तिमी जाने समय तिमीलाई नै थाहा होला ।"

"भन्ते ! संसर्ग भएको बेलामा म गएँ । अब त्यो संसर्ग ममा छैन, चुँढी सक्यो । अब म नफर्कने भैसकें ।"

भिक्षुहरू **शास्ताकहाँ** गई "भन्ते ! यो भिक्षु हामीले यसो भन्दा यसो भन्छ, अरहत्व पाएको कुरा सूचितगर्छ" भनीभन्दा **शास्ताले** "हो ! भिक्षुहो ! आफ्नो चित्त स्थिर नभएको बेलामा, सद्धर्म अवबोध नभएको बेलामा यसले गमनागमन गर्‍यो । अब चाहिं उसको पुण्य र पाप दुबै प्रहीण भइसक्यो" भन्दै यो गाथा भन्नुभयो–

Downloaded from http://dhamma.digital/

३८. "**अनवट्ठितचित्तस्स, सद्धम्मं अविजानतो ।**
**परिप्लवपसादस्स, पञ्ञा न परिपूरति ॥**"

३९. "**अनवस्सुतचित्तस्स, अनन्वाहतचेतसो ।**
**पुञ्ञपापपहीणस्स, नत्थि जागरतो भयं ॥**"

**अर्थ—**

३८– "चित्त स्थिर नभएको, सद्धर्म नजान्ने र अल्प श्रद्धा हुने व्यक्तिलाई पूर्णरूपले प्रज्ञा-ज्ञान प्राप्त हुन सक्दैन ।"

३९– "अनासक्त, स्थिरचित्त र जाग्रत चित्त भई पुण्य र पाप नहुने व्यक्तिलाई भय हुने छैन ।"

❖❖❖❖

## धम्मपदट्ठकथा

## अभ्यास–८

१) श्रावस्तीवासी गोठाला किन प्रव्रजित भए र उसको नाम कसरी चित्तहत्थ रहन गयो ?

२) चित्तहत्थ स्थविरले अन्तमा कसरी प्रतिसम्भिदाज्ञान सहित अरहत्व प्राप्त गरे ? सविस्तार उल्लेख गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ४. नन्द गोपालक

**('दिसो दिसं यं तं कयिरा' भन्ने गाथाको कथा)**

"**दिसो दिसं यं तं कयिरा** ..." भन्ने य़ो गाथा **शास्ताले कोशल देशमा** बस्ने **नन्द** भन्ने गोपालकको कारणमा वताउनु भएको हो ।

**श्रावस्तीका अनाथपिण्डिकको नन्द** भन्ने एक धनी गोपालक गाईहरूको हेरचाह गर्थे । समय समयमा **अनाथपिण्डिककहाँ** पञ्चगोरस ल्याई **तथागतको** दर्शन गर्थे र धर्मोपदेश पनि सुन्थे । आफू बस्ने ठाउँमा भगवानलाई आउनु हुनको निमित्त निम्तो पनि गर्थे । उनको ज्ञान परिपक्व नभएको देखेर **शास्ता** उनकहाँ जानु भएको थिएन । पछि उनको ज्ञान परिपक्व भएको बुझ्नुभई एकदिन **तथागत** धेरै भिक्षुहरूका साथ चारिका गर्नुहुँदै उनको घरको नजिक एक रुखमुनि बस्नु भयो । नन्दले **शास्ताछेउ** आई निम्तो गरी सातदिनसम्म पञ्चगोरसद्वारा भिक्षुहरू सहित **शास्तालाई** दान दिए । सातौं दिनमा भोजनपछि अनुमोदन गरी **शास्ताले** आनुपूर्विकथा सुनाउनु भयो । उपदेश सिद्धिएपछि **नन्द गोपालक** स्रोतापन्न भए र भगवानको भिक्षा पात्र समाती भगवानलाई टाढासम्म पुऱ्याउन गए । भगवानले "भइहाल्यो, नन्द ! फर्क" भनी भन्नु भएपछि वन्दना गरी उनी फर्के । त्यसबखत उनलाई एक व्याधाले माऱ्यो । पछि आइरहेका भिक्षुहरूले उनी मरेको देखेर **तथागतलाई** सूचित गरे । भिक्षुहरूले यसो पनि भने कि यदि **तथागत** त्यहाँ

Downloaded from http://dhamma.digital/

नजानुभएको भए उनको ज्यान जाने थिएन होला । यो सुनेर **तथागतले** "भिक्षुहो ! म त्यहाँ गए पनि नगए पनि अथवा उनी अन्यत्रै कतै गएका भएपनि उनको प्राण वच्ने थिएन । जुन चीज यहाँ चोरले वा वैरीले गर्न नसक्ने हो त्यो काम आफ्नो प्रदुष्ट मिथ्याचित्तले गर्छ" भनी यो गाथा भन्नुभयो–

४२. "**दिसो दिसं यन्तं कयिरा**
**वेरी वा पन वेरिनं ।**
**मिच्छापणिहितं चित्तं,**
**पापियो नं ततो करे ॥**"

**अर्थ–**

४२– "शत्रुले शत्रुलाई जति हानी पुऱ्याउन सक्छ त्यो भन्दा बढ्ता हानी कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ।"

❖❖❖❖

## धम्मपदट्ठकथा

## अभ्यास–९

१) भगवान् बुद्ध नन्द गोपालक बस्ने ठाउँमा निम्तो दिँदा पनि किन जानुभएको थिएन र पछि नन्द गोपालक कसरी श्रोतापन्न भए ?

Downloaded from http://dhamma.digital/

# ५. सोरेय्य स्थविर

('न तं माता पिता कयिरा' भन्ने गाथाको कथा)

"**न तं माता पिता कयिरा** " भन्ने यो गाथा **श्रावस्तीमा** बसिरहनुभएका **शास्ताले सोरय्य स्थविरको** कारणमा बताउनु भएको हो । यस कुराको प्रारम्भ चाहिं **सोरेय्य नगरमा** भएको थियो ।

भगवान् **श्रावस्तीमा** बसिरहनुभएको बेलामा **सोरेय्य नगरको सोरेय्य** भन्ने श्रेष्ठीपुत्र नुहाउनुको निमित्त धेरै साथीहरूको साथ रथमा बसी घरबाट निस्के त्यसबेला नगरमा भिक्षाको लागि **महाकात्यायन स्थविर** गइरहेका थिए । स्थविरको रूप सुवर्ण वर्णी अति सुन्दर थियो । स्थविरलाई देखेर **सोरेय्य श्रेष्ठीपुत्रले** "अहा ! कति राम्रो रूपवर्ण ! यो भिक्षु मेरी स्वास्नी भए अथवा यसको जस्तो रूपवर्ण मेरी स्वास्नीको भए कति राम्रो हुने थियो !" भन्ने कुरा मनमा चिताए । यत्तिकैमा उनको पुरुषलिङ्ग लोप भई स्त्री चिन्ह उत्पन्न भयो । यसबाट उनी सारै लज्जित भए । अनि साथीहरूलाई छलेर भागे । यसरी भागी **तक्षशिलातिर** गइरहेको एउटा गाडाको पछि पछि लागेर गए ।

उता **सोरेय्य श्रेष्ठीपुत्रलाई** नपाएपछि 'मरे होलान्' भन्ने ठानी मृतक भोजनादि दानपनिदिए । यसरी लिङ्ग परिवर्तन भएका स्त्री रूपधारी सोरेय्य श्रेष्ठीपुत्र क्रमशः **तक्षशिलामा** पुगेपछि त्यहाँको एक श्रेष्ठी पुत्रसँग पुनः विवाह भयो । पछि उनबाट दुईवटा छोरा जन्मे । **सोरेय्य नगरमा** आफू पुरुष भई बस्दा उनका दुइवटा छोराहरू थिए । पुरुषहरू स्त्री भएको र स्त्रीहरू पुरुष भई लिङ्ग परिवर्तन

Downloaded from http://dhamma.digital/

भएको कुरा नपाइएको होइन । व्यभिचार गरी मरणपछि मनुष्यलोकमा आउँदा स्त्री भएर जन्मेका पाइन्छन् । **आनन्द स्थविरले** पारमी पूरा गर्दा पनि एक जन्ममा नकर्मी कुलमा जन्मी व्यभिचार गर्नाको कारणले चौध जन्मसम्म स्त्री भएका र सात जन्मसम्म नपुंसक भएका थिए । पुण्य गर्ने स्त्रीहरूले "यस पुण्यको प्रभावद्वारा अर्को आत्मभावमा पुरुष हुन पाउँ" भनी प्रार्थना गर्दा पुरुष भएर जन्मिन्छन् । पतिव्रता धर्म पालन गर्ने स्त्रीहरू पनि पछि पुरुष भएर जन्मिन्छन् । यी श्रेष्ठीपुत्रले चाहिं स्थविर प्रति नराम्रो विचार गरेको चित्तको प्रभावद्वारा यसै आत्मभावमा लिङ्ग परिवर्तन भएको हो ।

एक दिन **सोरेय्य** नगरबाट उनको पहिलेको एकजना साथी व्यापारको लागि धेरै मानिसहरूका साथ **तक्षशिलामा** गइरहेको थियो । झ्यालमा बसिरहेकी स्त्रीरूप सोरेय्यले साथीलाई देखेर बोलाउन पठाई स्वागत सम्मान गरे । **सोरेय्य** नगरको आफ्नो घरको सम्बन्धमा पुछताछ गर्दा व्यापारीले "हामी तपाईलाई चिन्दैनौ । तर तपाईले हामीलाई यत्रो स्वागत सम्मान गर्नुभयो" भनी भन्दा उनले घटेको घटना सम्बन्धी सबै कुरा सुनाएपछि व्यापारीले "अहो ! बडो अनौठो घटना भयो । के त तपाईले सो स्थविरसँग क्षमाप्रार्थना गर्नुभयो त ?" भनी सोध्दा "अहँ ! भनी भनेको सुनेर "त्यसोभए उहाँ स्थविरसँग क्षमा प्रार्थना गर्नुपर्छ" भनी भन्यो । त्यसबखत **महाकात्यायन स्थविर** पनि **तक्षशिलामा** थिए । अनि स्थविरकहाँ गई सो व्यापारीले निम्त्यायो । स्थविर आई भोजन गरिसकेपछि सो स्त्रीलाई ढोग्न लगाई व्यापारीले भन्यो "भन्ते ! यिनलाई क्षमा गर्नुहोस्" भनी भन्दा स्थविरले "यो के हो, किन ?" भनी सोधेपछि शुरुदेखिको सबै कुरा बताइदियो । अनि स्थविरले "हुन्छ त, त्यसोभए म क्षमा गर्छु उठ" भनी भन्नु भयो । स्थविरले 'क्षमागर्छु' भन्ने बित्तिकै उनमा पुनः पुरुषलिङ्ग उत्पन्न भयो । अनि **तक्षशिलाको श्रेष्ठीपुत्रले** "सौम्य सहायक ! यी दुई बालकहरू मेरो कारणबाट तिम्रो कोखमा जन्मेका हुन् । यी मेरै पुत्रहरू हुन् । तिमी यसमा चिन्ता नगर र मसँगै तिमी पनि यहीं बस" भनी भन्यो ।

Downloaded from http://dhamma.digital/

यो सुनेर उनले भने "सौम्य ! मैले एकै आत्मभावना पुरुष भएर दुईवटा र स्त्री भएर दुईवटा बालकहरू जन्माएं। मेरो यो जीवन वडो विस्मयजनक छ। अब म गृहस्थी भएर बस्ला भन्ने नठान । म स्थविरसँग नै प्रव्रजित हुनेछु । यी बालकहरूमाथि प्रमादी नहोऊ" भन्दै पुत्रहरूलाई म्वाइ खाई उसलाई सुम्पिदिए । त्यसपछि उनी स्थविरसँग प्रव्रजित भए ।

उनलाई प्रव्रजित गरी उपसम्पदा पनि गरी साथमा लिएर स्थविर क्रमशः श्रावस्ती जानुभयो । उनको नाम पुनः '**सोरेय्य स्थविर**' नै रह्यो । यो खवर सुनेर आश्चर्यमानी स्थविरकहाँ आई जनपदका भिक्षुहरूले "के यो कुरा साँच्चै हो ?" भनी सोध्दा स्थविरले "साँच्चै हो" भनी भन्छन् । पुनः भिक्षुहरूले यस्तो सोधे "तपाईको कारणबाट दुईवटा पुत्रहरू भए । तपाईको कोखबाट दुईवटा बालकहरू भए । ती मध्ये तपाइलाई कुन चाहिं बालकहरूमाथि बढ्ता स्नेह छ ?"

"आवुसो ! कोखमा बसेका प्रति बढ्ता स्नेह हुन्छ ।"

आए आएका भिक्षुहरूले यस्तो सोध्दा उनी सारै बिरक्तिए । त्यसैले उनले एकान्तमा वसी अनित्यताको भावना गर्न थाले। यसो गर्दा गर्दै उनले प्रतिसम्भिदाज्ञान सहित अरहत्व प्राप्त गरे । फेरि आए आएकाले यसरी प्रश्न सोध्दा उनले "अब मलाई कसैको पनि स्नेह छैन" भनी भने । यो सुनेर नपत्याउने भिक्षुहरूले भगवान्‌कहाँ गई उक्त कुरा सुनाए । "भिक्षुहो ! उनले अन्यथा कुरा गरेका छैनन् । ठीक ठाउँमा गएको चित्तद्वारा मार्गदर्शन भएपछि उनमा कुनै माथि स्नेह भएन । जुन सम्पत्ति आमाबाबुहरूले दिन सक्दैनन् त्यस्तो सम्पत्ति राम्ररी ठीक ठाउँमा पठाएको आफ्नो चित्तद्वारा प्राप्त हुनेछ" भनी भन्नुभई यो गाथा भन्नुभयो–

Downloaded from http://dhamma.digital/

४३. **"न तं माता पिता कयिरा, अञ्ञेवापि च ञातका ।**
**सम्मापणिहितं चित्तं, सेय्यसो नं ततो करे ।"**

**अर्थ—**

४३– "सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्दछ त्यति उपकार बाबुआमा र कुटुम्बले समेत गर्न सक्दैनन् ।"

❖❖❖❖

## धम्मपदट्ठकथा
## अभ्यास–१०

१) सोरेय्य श्रेष्ठीपुत्रले किन पुरुषलिङ्ग लोप भई स्त्रीलिङ्ग धारण गर्नुपर्‍यो ? र पछि कसरी प्रव्रजित भए ? उल्लेख गर्नुहोस् ।

२) "**न तं माता पिता कयिरा**" गाथाको अर्थ सहित चर्चा गर्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# स्मरणीय व्यक्तित्वहरू

लेखक

रत्न सुन्दर शाक्य

"परियत्ति सद्धम्म पालक"

Downloaded from http://dhamma.digital/

## "अरिय धम्मरक्खित नेपाल बुद्धशासन वंसालंकार सिरि"

## "अग्गमहापण्डित"

# १. भिक्षु प्रज्ञानन्द महास्थविर

आधुनिक युगमा नेपालमा विशेषत: काठमाडौं उपत्यकामा स्थविरवाद वुद्ध-धर्म पुनरुत्थान गर्नमा अग्रज हुनुभएका व्यक्तिहरूमा भिक्षु प्रज्ञानन्द महास्थविर प्रमुख हुनुहुन्थ्यो ।

उहाँको जन्म २१ वैशाख १९५७ अक्षय तृतीयाका दिन कान्तिपुरको मध्यस्थित इटुंवहालमा भएको थियो ।

पिता हर्षवीरसिंह तुलाधर र माता मोहनमाया तुलाधरको कनिष्ठ पुत्र कुलमानसिहं तुलाधर । वैद्य कुलका हुनाको कारण नाम मै वैद्य संज्ञा जोडिएको थियो "वैद्य कुलमानसिंह तुलाधर" ।

वाल्यकालदेखि नै तीक्ष्ण वुद्धिका कुलमानसिंह तुलाधरको शिक्षा विशेषत: आफ्नै पिताको तर्फबाट भएको थियो । आफ्नो पिता हर्षवीरसिंह तुलाधरको तर्फ उहाँले पैतृक विद्या अनुसार ज्योतिषी विद्या आयुर्वेदिक, झारफुक (वैद्य कार्य) आदि सम्वन्धि ज्ञान हासिल गर्नुभएको थियो ।

अफशोच ! उहाँले आफ्नो शिक्षा एवं सिल्प कार्य पूर्णरूपमा हासिल गर्न नपाउँदै १४ वर्षको उमेरमा पिता हर्षवीरसिंह तुलाधरको स्नेह संभारबाट विमुख हुनु पऱ्यो । पिताको निधन १ वर्ष पछि आमा मोहनमाया तुलाधरले १५ वर्षको उमेरमा उहाँको विवाह कान्तिपुरकै तेवहालस्थित न्हुछेमाया नामकी एक केटीसित गरिदिए ।

Downloaded from http://dhamma.digital/

त्यसको १ वर्षदिनपछि १६ वर्षको उमेरमा वैद्य कुलमानसिंह तुलाधर त्यसताकाको चलनानुसार धन-सम्पत्ति आर्जन गर्ने हेतु सार्थवाह (वञ्जा:) को रूपमा ल्हासातिर प्रस्थान गर्नुभएको थियो । शायद भावी धर्मप्रचारक भएर होला त्यस यात्रा कालमा उहाँ दुइवटा दुर्घटनावाट वच्नुभएको थियो ।

१६ वर्षको उमेरमा ल्हासा पुग्नुभएका उहाँले आफ्नो व्यापारिक कामको अतिरिक्त आफ्नो पैतृक कार्यबाट पनि ल्हासास्थित नेपाली एवं तिब्वती समाजमा आफ्नो प्रभाव बनाउँदै जान सफल हुनुभएको थियो । तिब्वतमा शुरुमा उहाँको नाम उहाँको स्वभाव अनुसार "हासां ग्याबु" राखिएको थियो जसको अर्थ थियो– सदा मुस्कुराउने" । साँच्चै नै ल्हासावासी नेपाली बन्धूहरूद्वारा राखिएको उहाँको त्यस नाम उहाँको जीवनको अन्त सम्म पनि सही सलामत रहेको कुरा उहाँसित परिचित सबैले महशुस गरेकै हुनुपर्दछ ।

उहाँ ल्हासा पुग्नुभएको ३ वर्षपछि उहाँको जीवनमा पुनः थप वज्रपात भयो कि उहाँले ल्हासामै आमा मोहनमाया तुलाधरको निधन भएको खबर सुन्नु परेको थियो । यस कुराबाट उहाँले आफ्नो जीवन शून्यप्रायः सम्भिनुभयो । तैपनि साहू मानवीरसिंह सार्थवाहको रूपमा जानुभएका उहाँले पूरा ३ वर्ष तिब्वत (ल्हासा) मा रहनुभयो ।

यस अवधि भित्रमा ल्हासामा उहाँको नाम पुनः वदलियो । उही आमाको वर्खीमा रहनुभएको कारण टोपी पनि सेतो नै लगाउनुभएको थियो । आफ्नो वैद्य कार्य एवं भारफुकबाट कयौं तिब्बतीहरूको उपकार गरिएको थियो । सेतो टोपी लगाउने हुनाले एक समय उहाँको नाम नै "स्यामुकापु वैद्य" (सेतो टोपीवाला वैद्य) रहन गएको थियो ।

यसप्रकार दुःख सुखपूर्वक ६ वर्ष ल्हासामा बिताई माता-पिता एवं पत्नीले पनि छोडेर गइसकेतापनि दाजु एवं भाउजुहरूको माया, ममताको स्मरण गरी स्वदेश फर्कनुभयो तर त्यहाँ पुगेको केही महिनाको अवधि मै यस्ता कयौं घटनाहरू

Downloaded from http://dhamma.digital/

घटे जसबाट उहाँको हृदय विचलित हुँदै गयो । त्यस अवधि भित्रमा उहाँको ३-४ जना भतिजाहरू एक-डेढ महिना मात्रको फरक गरी मृत्यु हुन गएको कारण उहाँको वैराग्य भावना बढ्दै गयो । केही महिनापछि पुनः उहाँका पाँच दाजुभाइहरू ३ ठाउँमा गरी भिन्नै भए । उहाँ माहिलो दाजु कीर्तिवीरसिंह सित रहे । त्यस प्रकार दाजुभाइहरू पनि विभेद भएबाट उहाँ नेपालमै रहन चाहनु भएन । उहाँ ने. सं. १०४२ (वि. सं. १९७९) मै दाजु कीर्तिवीरसिंहको मद्दतबाट असनका मोहनवीर सिंह साहूको सार्थवाह भई पुनः तिब्बत (ल्हासा) प्रस्थान गर्नुभयो ।

त्यस दोश्रो तिब्बत (ल्हासा) यात्राकालमा पनि उहाँले अत्यधिक रूपमा असह्य वेदना सहनु परेको थियो । आफूलाई केही संकट नआएको भएपनि आफू सहित ४ जनाको सामूहिक यात्रामा दुइजना त बाटैमा गुमाउनु परेको थियो । तिनीहरूमा एक त उहाँको आफ्नो मालिक साहू मोहनवीरसिंह नै थियो र अन्य एक सार्थवाह मित्र । दुबै केही-केही दिनको बिमारीबाट उहाँको उपचारको वावजूद पनि निको हुन नसकी यस संसारबाट बिदा भए ।

आफू र आफूभन्दा कम उमेरका बालक (बन्जाः) दुइजना मात्र ल्हासामा पुग्यो ।

कुलमानसिंह वैद्य ल्हासा पुगी एक कोठीको बन्दोवस्त गरी पहिले कैं जस्तै नवुको ब्यापार गर्दै जानुभयो । पूर्ण यौवनावस्था (२२/२३ वर्षको उमेर) को उमेरमा रहेका कुलमानसिंह वैद्यले केही क्षण (केही वर्ष) वैरागको कुरा भुलिंदै गए जसको फलस्वरूप केही वर्षपछि (२६/२७ वर्षको उमेरमा) उहाँको विवाह एक तिब्बती सुन्दरी लोसांक्षुत्वीसित भयो । स्मरणीय छ, उहाँको पहिलो विवाहिता स्त्री न्हुछेमायाले उहाँको पहिलो ल्हासा निवासकाल मै छोडेर गइसकेकी थिइन् ।

कुलमानसिंह वैद्यले तिब्वती पत्नी लोसांक्षुत्वीको तर्फबाट एक पुत्र पाउनु भयो । समय व्यतीत हुँदै गयो । एक दिन ल्हासास्थित आफ्नो पसल बाहिर घाम तापी उहाँ आफ्ना केही मित्रहरूका साथ बसिबियाँलो गर्दै रहँदा एक्कासी एक जना

Downloaded from http://dhamma.digital/

मित्रको तर्फबाट उहाँले आफ्ना एक स्वबन्धु घरबार त्यागी भिक्षु (घ्येलुं) हुन गएको कुरा सुनायो। यसबाट कुलमानसिंह वैद्यको पूर्वसंस्कार अनुरूप आफू पनि त्यस तर्फ लाग्ने दृढसंकल्पित हुनुभयो। वास्तवमा उहाँलाई ७ ८ वर्षको उमेरमा नै ल्हासाबाट नेपाल आउनुभएका शाक्यत्ती लामा, जो धर्ममान साहू (वि. सं. १९१८-१९९४) को आश्रयमा रहेका थिए ले स्वयम्भूको एक स्थानमा पिताको सन्मुख प्रव्रजित गरिसकेका थिए। माता-पिताको अनुमति नरहेको कारणले मात्र उहाँलाई शाक्यत्ती लामाले त्यसताका ल्हासामा साथ नलगेको थियो। नत्र बालक कुलमानसिंह वैद्य त्यसबेला नै शाक्यत्ती लामाको छत्रछाँयामा रही ल्हासा पुग्नेवाला हुनुभएको थियो। मित्रको कुरा सुनेदेखि उहाँले उपर्युक्त बालककालको कुरा पनि स्मरण गरी जति सक्यो त्यति चाँडो गृहत्याग गर्ने तरखरमा लाग्नुभएको थियो।

संयोगको कुरा ! त्यसताका ल्हासामा नेपालबाट निष्कासित गरिएको घ्येलुं महाप्रज्ञा पनि रहँदै थिए। त्यसबेला घ्येलुं महाप्रज्ञा आफू रहेको गुम्बा क्येचांश्यारको पछाडि स्थित ढुंगाको गुफामा घाँसको आसन राखी ध्यान गरेको बाट उहाँलाई बातरोग (हातखुट्टा नचल्ने) लागेको थियो। त्यसैको उपचारको लागि कुलमानसिंह वैद्य उहाँको सामु उपस्थित हुने मौका पायो। उहाँ भन्दा पहिले आएका वैद्यले महाप्रज्ञा घ्येलुंलाई उपचार गर्न नसकिने कुरा जनाई फर्केको थियो। कारण उक्त वैद्यले बातरोगको औषधि विना मांस एवं मांसको रस सेवनबाट हुन नसकिने कुरा जनाएकोमा महाप्रज्ञा घ्येलुंले ज्यान गए पनि मांस एवं मांसको रस सेवन नगर्ने अठोट लिएबाट ती वैद्य नाराज भई फर्केको थियो।

बाल्यकालदेखि नै वैद्य कार्यमा निपुण भएका कुलमानसिंह वैद्यले उहाँको उपचार मांस एवं मांसको रस सेवन विना नै गर्न सकिने कुरा बताउनु भयो। उहाँले पूरा दुई महिनासम्म कुनै किसिमबाट पनि अल्सी नमानी दिनको दुइपटक बिहान र बेलुका नियमित रूपमा आउनुभई मालिस गरिदिएका थिए। उहाँले महाप्रज्ञा घ्येलुंको उपचार गर्ने तीव्र मनसायको आकर्षण पनि रहेको थियो जुन

Downloaded from http://dhamma.digital/

उहाँको मनोभाव अनुरूप महाप्रज्ञा घ्येलुंबाट उहाँको वैराग्यभावनालाई उपयुक्त रूपमा उपदेश एवं सरसल्लाह प्राप्त हुँदै जानु । यसैको फलस्वरूप दुई महिनापछि महाप्रज्ञा हिंड्डुल गर्न सके भने कुलमानसिंह वैद्य पनि (पत्नीलाई पनि थाहा नदिइकन) ल्हासाको सारास्थित गुम्बामा गई त्यहाँको फोरंखा रिम्पोछे गुरुको आचार्यत्वमा "थिले छुलथिय" वा "कर्मशील" नामबाट घ्येलु जान सफल भए । यो सन् १९२८ को कुरा हो ।

वैद्य कुलमानसिंह तुलाधर "कर्मशील" नामबाट घ्येलुं भई गुरु फोरंखा रिम्पोछेकहाँ घ्येलुंको नियमानुसार केही दिन शिक्षा-दीक्षा लिइसकेपछि त्यहाँबाट फर्की ल्हासा शहरमा रहनुभएका साहू दानबहादुरकहाँ एक रात बिताई बिहान सबेरै "भिखा चें" को निमित्त ओर्लनुभएको थियो । उहाँहरू ३ जना थिए । महाप्रज्ञा गुरु, कर्मशील घ्येलुं र महवीर्य घ्येलुं – यहाँ पनि वि. सं. १९८४ सालमा राणा चन्द्रशम्शेरको सरकारबाट निष्कासित गरिएका ५ जना भिक्षु (घ्येलुं) हरूमा (महाप्रज्ञाका साथ) थिए ।

उहाँहरू तीनैजना आ-आफ्नो भोरी आफै बोकी फर्किरहेका थिए । तिब्बतको बाटो जहाँबाट, जहिले आवत-जावत गरे पनि हरेक किसिमले जोखिन (खतरा) थियो नै । कहिले लामो यात्रा हुनाको कारण थकावत् नै जीउज्यान जाने भय, कहिल्यै ब्रह्मपुत्र तर्नमा भय त प्रायः डाँकाहरूको नै भय । यसपटक उहाँहरू फर्कनु भएको बेलामा उपर्युक्त दुइ कुराको भय नभएतापनि तेश्रो चाहिँबाट वडो भयावहका साथ पार गर्नुपरेको थियो, जुन महाप्रज्ञाको शब्दमा– "जिपिं स्वम्ह थःथःगु सामान थः थःपिंसहे खुसि कुवियाः सिसाकू छपु-छपुं चुयाः 'भिखा छें' वने धकाः मार्गगामी जुयावना ।

लँय् छथाय शून्यगु मार्गय् तापाकंनिसे स्वम्ह मनू म्ह छम्हं हिखों जक दुपिं, ज्यनावःगु खिपः नं चुपि नं हिखों जकपिं वःगु खनाः कर्मशील घ्येलों नं धाल– "गुरु ! भ्गीगु पाप कटेयाना बिइपिं विधातापिं वल खंला ?" जिपिं स्वम्हं लँया सिथय्

Downloaded from http://dhamma.digital/

थामय् कुदिकाः थः थः विश्वासी देवतापिंगु आराधना यानाच्वना। लँय् वयाच्वंपि इपिं सतिना वःलिसे जिमिगु मनय् भयंकर जक मखु प्राणयागु आशा समेततं मदयावन। जब न्हचोने थ्यन इमिसं जिमित बाँलाक सोत, जिपिं स्वम्हं मिखा कनाः च्वने मफुत। जिमिगु मनं मनं प्राणअमित लःल्हानाः चित्तं भगवान् लुमंकाः मिखा तिसिनाच्वना। जिमिगु मनं मनं इमिसं खिपतं चियेव ठीक ठाक याःथे च्वं। मिखा कनाः स्वयाबले इपिं हुंकनथ्यंक वने धुंकल। उलि खनालि तिनि जिमि रोकय् जुयाच्वंगु सासः ताःहाकः ज्वीक प्याहाँवल "भगवान् वचे याना बिल– कानु! धकाः स्वम्हसियां थःथःगु भारि कुबियाः वना।"

यसप्रकार ज्यानमारा डाँकाहरूको तर्फबाट मुक्त भई उहाँहरू ल्हासा शहर छोडेको १८ औं दिनमा "भिखाछेँ" पुग्नुभयो। भिखाछेँमा उहाँहरू केही दिन रही भिक्षाटनको अनुभव पनि गर्नुभयो। उहाँहरू विशेषतः "भिखाछेँ" का एक प्रतिष्ठित साहू एवं श्रद्धालु भिक्षु वीरसिंहको कोठीमा रहनुभएको थियो।

एकदिन उक्त साहूले उहाँहरूको निमित्त एक उपयुक्त स्थान देखाउन लग्नुभयो जुन स्थान भिखाछेँको मूलबजारबाट २ कोश जति टाढा रहेको, घर केही नरहेको सिर्फ एक श्मशानमात्र नजिक रहेको गाउँ थियो। ध्यान-भावना गर्नको निमित्त एकदमै उपयुक्त त्यस् स्थानको नाम "कापक्या" थियो।

त्यही कापक्या र भिखाछेँमा उहाँहरू भिक्षाटन् एवं ध्यान-भावनाको अभ्यास एकै साथ केही महिना गरिसकेपछि महाप्रज्ञा र महावीर्य कालिम्पोङ्ग आउनुभयो। कर्मशील घ्येलुं एकजनालाई कापक्या नामक उक्त स्थान ध्यान-भावनाको निमित्त निकै उपयुक्त स्थान रहेको कारण केही महिना पुनः रहने आशयले उहाँहरू दुइजनालाई कालिम्पोङ्गको निमित्त बिदा दिए।

कर्मशील घ्येलुं कापक्याको त्यस अख्यपर्वत स्थित गुफामा एक्लै ध्यानअभ्यास गर्दै रहेको बेलामा पनि पहिले (३ जना रहनुभएको बेलामा) जस्तै १५/२० दिनको फरकमा भिखाछेँमा आई भिक्षाटन् गर्न आउँथे। भिक्षाटन्बाट प्राप्त सबै वस्तुहरू

Downloaded from http://dhamma.digital/

भिक्षु वीरसिंहको घरमा छोडेर आउथे । त्यसैबाट भिक्षु वीरसिंहले आवश्यतानुसार चम्पा, चिया, घ्यू आदि तयार गरी गुफामा पुऱ्याइ दिन्थे । त्यसताका त्यसप्रकार उपस्थान गर्नुभएका भिक्षु वीरसिंहको गुणलाई उहाँले जीवनको अन्तसम्म बिर्सनु भएको थिएन ।

कापक्या स्थान ध्यान-भावनाको निमित्त उपयुक्त हुनु र अन्य एक प्रमुख कारण श्मशान नजिक हुनु थियो जुन अशुभ भावना गर्नको निमित्त एकदम उपयुक्त थियो कारण तिव्वत जस्तो ठण्डी देशमा संस्कार प्रक्रिया जलाउने नभई मृतकको सम्पूर्ण हाड-मांस टुक्रा टुक्रा पारी गिद्धहरूलाई खुवाउने नै त्यहाँको दाहसंस्कार प्रक्रिया रहेको थियो । यस्तो दृश्य प्रत्यक्ष हेर्न पाएबाट अशुभ-भावनाको अभ्यास हुनु स्वाभाविकै भयो ।

कर्मशील घ्येलुं झिखाछें एवं त्यस अरण्य पर्वतमा ११ महिना पूरा रहनुभएपछि कालिम्पोङ्गबाट गुरुवर महाप्रज्ञा र भाजुरत्न साहू (वि. सं. १९४०-२०१३) को पत्र आइराखेको कारण भिक्षु वीरसिंह उपासकसित सर-सल्लाह गरी ग्याँची-फारी-धोमो हुँदै कालिम्पोङ्ग पुग्नुभएको थियो । एक पुत्र ज्ञानज्योति कंसाकारले उल्लेख गर्नुभएको छ–

"सन् १९२९ पाखेया खँ खः जिपिं मचा हे तिनि, कालिम्पोङ्गय् च्वना च्वनागु । ल्हासां नेपाः मि घ्येलुं कर्मशील कालिम्पोङ्ग बिज्याइगु खबर वल । बाः यागु अचंकथं लँस्वः वपिंनापं जि नं वना । ताथिस सलय् च्वना वःपिं सु वल धायेवं वसपोल हे खःला धयागु मती वनीगु, तर सकलें अजू चायेक वसपोल न्यासि हे बिज्याना च्वन । म्हय् हचाउँगु चीवर, ल्हाःतिई विशेष प्रकारयागु नँयागु तुतां (६ फिट हाकः, च्वकाये बुद्धमूर्ति, धंधला चिनातःगु-एकान्त लँय न्यासि वनेबले एकनास कथंया सः वइबले न्यासि वनागु मचाइगु जुयाच्वन, उकिं धंधला चीगु चलन दु ।) वसपोल जिमि न्हचने थ्यनेवं कुशल वार्ता जुल, अले परिचयया झ्वलय् वसपोलं थःगु नां "कर्मशील" धया बिज्यात । अनं वसपोलयात स्वागत

Downloaded from http://dhamma.digital/

याना हया: जिमि छें भचा उखे लाइब्रेरी धका: दयेका त:गु विहारय् बिज्याकल । उगु लाइब्रेरीया नां "कालिम्पोङ्ग बुद्धिस्ट लाइब्रेरी" धका: धर्मादित्य धर्माचार्यजु छुना बिज्यागु ख: ।"

त्यसताका महाप्रज्ञा गुरु कालिम्पोङ्गमा थिएन उहाँ झिखाछेँबाट कालिम्पोङ्ग पुगेको शायद केही दिनमै एउटा पुस्तकमा "आर्य अष्टांगिक मार्ग" को बारेमा लेखिएको केही कुरा नबुझेको कारण त्यसलाई बुझ्न उत्तर-प्रदेश स्थित तथागतको परिनिर्वाणस्थल कुशीनगरमा रहँदै आउनुभएका ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) समक्ष पुग्नुभएको थियो । त्यसबेला उहाँ पुन: स्थायी रूपमा ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा थेरवाद परम्परानुसार प्रव्रजित भई "श्रामणेर महाप्रज्ञा" हुनुभयो । यो सन् १९२८ को अन्तिम तिरको कुरा हो । यसभन्दा अगाडि उहाँले सन् १९२४/२५ तिर नै बोधिगयामा ऊ कोशालानायक एक भिक्षु (स्थविरवादी) को तर्फबाट श्रामणेर दीक्षा लिइ सक्नुभएको थियो । उहाँले मात्र होइन उहाँको गुरु छेरिन्नोर्बुले समेत काषायवस्त्र लगाइसकेको थिए । बोधिगयाबाट कलकत्ता-कालिम्पोङ्ग-दार्जलिङ्ग पुग्नुभएका महाप्रज्ञाले त्यसबेला नै त्यसै वर्ष नै स्थविरवादी विचार धाराका धर्मादित्य धर्माचार्य (वि. सं. १९५९-२०२०), ब्रह्मचारी देवप्रिय वलिसिन्हा (सन् १९०४-६८) आदिसित सम्पर्क राखी स्थविरवादी विचारधारा लिइसकेका थिए । पछि पुन: सन् १९२६–२७ तिर छेरिन्नोर्बु गुरुका साथ ल्हासा प्रस्थान गर्न लागेको बेला कालिम्पोङ्गस्थित त्रिपाई गुम्बाका गुरु घ्येसे रिम्पोछेको तर्फबाट घ्येलुं हुनुभएको थियो ।

कर्मशील घ्येलुं सन् १९२९ मा कालिम्पोङ्ग पुग्नु भएको बेला महाप्रज्ञा घ्येलुं "श्रामणेर महाप्रज्ञा" भएर पनि गुरु ऊ. चन्द्रमणि महास्थविरको आदेशानुसार सारनाथस्थित वर्मी विहारमा रहनुभएको भिक्षु ऊ. कित्तिमा बर्मा एकपटक जानुपर्ने खबर आएको कारण उहाँको अनुपस्थितिमा विहारको रक्षार्थ रहनु जानु भएको थियो ।

Downloaded from http://dhamma.digital/

त्यसवेला सारनाथमा मूलगन्ध-विहार बनाउँदै थिए। 'महाबोधि सभा' को तर्फवाट निर्मित एक सानो विहारमा श्रीलंकाका भिक्षु श्रीनिवास (सन् १८९४-१९६८) र वर्मा विहारमा श्रामणेर महाप्रज्ञा– उहाँहरू दुईजना मात्र तथागतको धर्मचक्र-प्रवर्तनस्थल सारनाथमा थिए । वेलाबखतमा महाबोधि सभाका संस्थापक अनगारिका धर्मपाल (सन् १८६४-१९३३) निर्माण कार्य भइरहेको 'मूलगन्धकुटी विहार' हेर्न आउने कुरा महाप्रज्ञा गुरुले आफ्नो दैनिकिमा उल्लेख गरिराख्नु भएको छ।

सारनाथमा सालभर रही भिक्षु ऊ. कित्तिमामा बर्माबाट फर्कनुभएपछि श्रामणेर महाप्रज्ञा पनि त्यहाँबाट कुशीनगर फर्कनुभयो। कुशीनगरमा केही दिन रही उहाँ कालिम्पोङ्ग फर्कनुभयो। त्यसबेला सम्ममा कर्मशील घ्येलुं कालिम्पोङ्ग पुगेको महिनौं भइसकेको थियो। त्यस अवधि भित्रमा कर्मशील घ्येलुंले स्थविरवादी विचार धारा स्वीकार गरिसकेका रामोदर साधु (भावी महापण्डित राहुल सांकृत्ययायन, सन् १८९३-१९६३) सित पनि कालिम्पोङ्गमा भेटघाट गर्ने मौका प्राप्त गरिसकेका थिए । उहाँ पनि तिब्बतमा सवा वर्ष बिताई कयौं अमूल्य ग्रन्थहरूको साथै महाबोधि चैत्यादिको चित्र (Thanka) लिई फर्केका थिए जुन उहाँलाई पनि देखाइएको थियो – यो ५ जून १९३० (जेष्ठ, वि. सं. १९८७) को कुरा हो । त्यसवेला कालिम्पोङ्गमा धर्मादित्य धर्माचार्य पनि रहेको कुरा राहुल सांकृत्यायनले आफ्नो यात्रा ग्रन्थ "तिब्बतमे सवा वरस" मा उल्लेख गर्नुभएको छ।

महाप्रज्ञा श्रामणेर कालिम्पोङ्ग पुग्नुभएपछि उहाँ कर्मशील घ्येलुंका साथ एक आपसमा भेटघाट मात्र होइन श्रामणेर महाप्रज्ञाले स्थविरवाद परम्पराबारे श्रामणेर कर्मशीललाई पूरा जानकारी दिइयो । फलस्वरूप केही महिनापछि नै उहाँहरू दुवैजना कुशीनगर पुगे । श्रामणेर महाप्रज्ञाको अनुकम्पाबाट कर्मशील घ्येलुं पनि भिक्षु ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा स्थविरवादी परम्परानुसार प्रव्रजित भई "श्रामणेर कर्मशील" हुनु भयो– यो सन् १९३० को अन्तिम (मंसिर-पौष, वि. सं. १९८७) तिरको कुरा हो ।

Downloaded from http://dhamma.digital/

श्रामणेर कर्मशील कुशीनगरमा एक-डेढ महिना जति रही बर्मी लिपिकासाथ परित्राण पनि सिक्दै जानु भएको थियो । ध्यानभावनाको अभ्यास त उहाँले कापक्यामै महिनौं गरिसकेका थिए । महायानी (तिब्वती परम्परा) बुद्ध-धर्मको अध्ययन त उहाँसित थियो नै । अतः उहाँले चन्द्रमणि गुरु समक्ष रही स्थविरवादीको अध्ययन गर्दै जानुभयो ।

उहाँको स्वइच्छाकोसाथै श्रामणेर महाप्रज्ञा लगायत कालिम्पोङ्मा भेट भएका वागिन्द्रवज्र (शायद घ्येलुं नै) बाट पनि कर्मशीललाई नेपाल एकपटक अवश्य जाने आग्रह गरेको थियो । नेपालमा गएमा स्वयम्भू स्थान पछाडि रहेको कुमारनरसिंह कर्णेलको भग्नावशेष रहेको बंगलामा रहने सुझाव वागिन्द्रवज्रले त्यस बेला नै दिनुभएको थियो । अतः श्रामणेर कर्मशील जति सक्यो त्यति चाँडोल कान्तिपुर एकपटक पुग्नु पर्ने आवश्यकता महशुस गरेको थियो जसमा झिखाछेँमा भेट भएका रामसुन्दर साहूलाई दिइसकेको वचन पनि पूरा गर्नु थियो । उहाँले रामसुन्दर साहूलाई आफू अवश्य नेपाल आउने छु भनी वचन दिएको थियो ।

स्थविरवाद बुद्ध-धर्मको प्रचार-प्रसारको शुभारम्भ गर्ने एवं उपर्युक्त हेतुहरूको कारण उहाँ गुरु चन्द्रमणि महास्थविरसित अनुमति लिई श्रामणेर महाप्रज्ञा कुशीनगर बाट रक्सौलमा आइ पुग्नुभयो । श्रामणेर महाप्रज्ञाले उहाँलाई रक्सौल सम्म साथ दिन आउनु भएको थियो । उहाँ रक्सौलबाट अगाडि आउन बन्देज थियो– श्रावण, वि. सं. १९८४ को निष्काशनको बेलादेखि ।

अतः श्रामणेर कर्मशील एक्लै रक्सौलबाट वीरगञ्ज विना आनाकानी राहदानी प्राप्त गरी सिमरासम्म रेलबाट र भीमफेदी सम्मा मोटरबाट पुग्नु भयो । भीमफेदीको उकालो चढी चिसापानी गढी पुग्नासाथ उहाँलाई त्यहाँका सरकारी कर्मचारीहरूले शंकाको नजरबाट हेरे । महाप्रज्ञा नै सम्झे । उहाँले कयौं पटक आफू त्यस प्रकारको भिक्षु नरहेको, आफू पहिले कहिल्यै त्यस बाटोबाट नआएको कुराको साथै गृहस्थ बेला कान्तिपुरबाट ल्हासा गएका त्यहींबाट भारत पुगी बौद्ध

Downloaded from http://dhamma.digital/

तीर्थस्थल घुमी फर्केको भनी नम्रपूर्वक वेलीविस्तार गरिसकेपछि मत्र बल्ल गद्दीबाट जान छूट पाइएको थियो ।

त्यसबेला सम्ममा साँझ पर्न लागिसकेको थियो । अतः उहाँ गृहस्थ सरह दौडादौड गरी आएबाट पनि थानकोट पुगेको बेला अन्धकार भइसकेका थियो । उहाँ बल्ल मध्यराततिर मात्र स्वयम्भूस्थित किन्दोल विहार पुग्नुभयो । त्यतिबेला सम्म पनि त्यहाँस्थित मञ्जुहर्ष घ्येलुं (पूजारी) धार्मिक स्तोत्र, धारणी आदि पाठ गर्दै थिए । श्रामणेर, कर्मशील एक रात त्यही किन्दोल विहारमा बिताई भोलिपल्ट विहान सवेरै उहाँ मित्र वागिन्द्रवज्रको सल्लाहनुरूप स्वयम्भू स्तूप पछाडि रहेको छवद्‌दों (आद्येश्वर) मा रहन जानुभयो । त्यसताका उहाँसँग चीवर एक जोर, चकति एउटा र केही किताबहरू सिवाय अन्य केही थिएन । भिक्षाटन्‌बाट प्राप्त अन्न आदि खाद्य वस्तु माटो कै भाँडावर्तनमा पकाई खाने गर्दै रहेको थियो ।

स्मरणीय छ, श्रामणेर कर्मशील नै आधुनिक युगमा नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थानमा पहिलो बौद्ध श्रमण थिए । त्यसबेला (वि. सं. १९८७) उहाँले गर्नुभएको भिक्षाटन् कान्तिपुरवासीहरूको निमित्त एकदमै नौलो र खुलदुली लाग्ने खालको थियो । जुन देशबाट केही वर्ष अगाडि मात्र धर्मप्रचार गरेको अभियोग लगाई ५ जना बौद्ध श्रमण (महायानी घ्येलुं) हरूलाई देश निष्कासन गरिएको थियो त्यही देशमा पुनः बुद्ध-धर्म पुनरुत्थान गर्न पहेँलो वस्त्र लगाई आगमन गरेका श्रामणेर कर्मशीलको साहस मामूली थिएन किनकि स्थिति प्रतिकूल थियो र सत्तापक्षले केही गर्न सक्ने खालको थियो ।

उहाँ छवद्‌दोंस्थित कुमारनरसिंह कर्णेलको दरवारको भग्नावशेषमा रहिआएको ८/१० दिनपछि उहाँलाई भेट्न आएका दशरत्न उपासक (भावी भिक्षु धम्मालोक) र लोकरत्न उपासकले उहाँसित खानपान एवं रहन सहनको निमित्त आवश्यक केही सामान नभएको देख्नासाथ उहाँलाई त्यस ठाउँ छोडी किन्दोल विहारमा रहन अनुरोध गरे । उपासकद्वयको अनुरोधलाई सहर्ष स्वीकार गरी श्रामणेर कर्मशील

Downloaded from http://dhamma.digital/

किन्डोल विहारमा रहन आए ।

उहाँ किन्डोल विहारमा रहे पछि त्यस विहारको शोभा बढ्यो । किन्दोल विहारमा हुने विभिन्न पूजादि (अष्टमी व्रत, न्यूनव्रत आदि) कार्यक्रममा ३० वर्षका एक युवक भिक्षुको तर्फबाट शीलप्रदान एवं धर्मोपदेश सुन्न पाएबाट धर्ममा श्रद्धालु व्यक्तिहरूको श्रद्धा झन् बढ्दै गयो । उहाँले आफ्नो धर्मोपदेशमा विशेषतः स्थविरवादी तवरले ज्ञानगुण समाज सुधार एवं जीवन पद्ति सुधार हुने उपदेश दिंदै गए । फलस्वरूप एक-डेढ महिनापछि नै किन्दोल विहारमा अष्टमी व्रत, न्यून व्रतमा लाग्दै आएका विशेषतः ४ जना श्रद्धालुहरूले उहाँको साथ लागी प्रव्रजित समेत हुने मनसाय व्यक्त गरे । त्यागी जीवन बिताउन चाहेका ती श्रद्धालुहरूलाई त्यागी जीवन बिताउन सक्ने हो होइन जान्न उहाँले परीक्षा पनि लिइसकेका थिए ।

ती श्रद्धालुहरूमा तीनजना महिला र एक पुरुष थिए । तिनीहरूको श्रद्धा बढ्नुमा अन्य एक खास कारण थियो– श्रामणेर महाप्रज्ञाको गुप्तरूपमा नेपाल आगमन । वि. सं. १९८७ सालको शिवरात्री (मार्च, १९३१ ई.) को अवसरमा नेपाल आउनु भएका श्रामणेर महाप्रज्ञाले श्रामणेर कर्मशील एवं ती श्रद्धालुहरू (माहिला उपासक, पुण्यतारा उपासिका, लछिमि उपासिका र चन्द्रमाया उपासिका) लाई गुप्तरूपमै भेटी सरसल्लाह गरी रक्सौल हुँदै कुशीनगर पुग्ने योजना बनाएका थिए । योजना अनुरूप गुप्तरूपमै आएका श्रामणेर महाप्रज्ञा गुप्तरूपमै हिन्दू बाबाजीकै रूपमा चन्द्रगिरी कुलेखानी-चिसापानी-भीमफेदी-अमलेखगञ्ज हुँदै रक्सौल पुग्नुभयो । रक्सौलमा उहाँ भावी "श्रेष्ठ सिरपाः" का दाता स्वयम्भूलाल श्रेष्ठका बुबा ईश्वरीलाल श्रेष्ठको घरमा ५ दिनसम्म श्रामणेर कर्मशील एवं ती श्रद्धालुहरूको प्रतीक्षामा रहेका थिए । उहाँहरू छैंठो दिनमा रक्सौल पुगेर सातौं दिनमा महाप्रज्ञा लगायत कुशीनगर तर्फ लागे ।

उहाँहरू कुशीनगरपुगेको केही दिनपछि वि. सं. १९८७ सालको अन्तिम मा वि. सं १९८८ सालको शुरुमा ती श्रद्धालुहरू चारै जनालाई भिक्षु ऊ. चन्द्रमणि

Downloaded from http://dhamma.digital/

महास्थविरको तर्फबाट प्रव्रजित गराउन श्रामणेर महाप्रज्ञा एवं श्रामणेर कर्मशील सफल हुनुभयो । प्रव्रज्या पश्चात् तिनीहरूको नाम यसप्रकार राखियो–

१) माहिला उपासक – श्रामणेर शासनज्योति
२) पुण्यतारा उपासिका – अनगारिका रत्नपाली
३) लछिमि (चन्छिमि) उपासिका – अनगारिका धर्मपाली
४) चन्द्रमाया (संघतारा) – अनगारिका संघपाली

स्मरणीय छ, नेपालमा स्थविरवाद बुद्ध-धर्मका पुनरुत्थानको इतिहासमा सर्वप्रथम गृहत्याग गरी अनगारिकाहरूको इतिहास शुभारम्भ यी नै ३ जना महिलाहरूले गरेका थिए ।

प्रव्रज्या पश्चात् तिनीहरूलाई विशेषतः श्रामणेर महाप्रज्ञाको तर्फबाट कुशीनगरको गाउँ-गाउँमा गई भिक्षाटन्का अनुभव गराएका थिए ।

कुशीनगरमा केही दिन रहिसकेपछि श्रामणेर शासनज्योति एकजना श्रामणेर महाप्रज्ञाको साथ छोडी अनगारिका रत्नपालीलाई नेपाल पठाई अनगारिका धर्मपाली र संघपालीलाई साथ लिई श्रामणेर कर्मशील कालिम्पोङ्गको घुमपहाडमा जानुभयो । घुमपहाडमा परिचित साहू कुलमुनिकहाँ केही दिन रहनुभयो । त्यहीं अनगारिका संघपालीका भाइ (बज्राचार्य) आई उनलाई इलाममा साथै लगे, त्यसै दौरानमा श्रामणेर कर्मशीललाई पनि एकपटक इलाम पुग्नुपरेको थियो । इलाममा संघपालीको घरमा केही दिन रही विशेषतः परिवारलाई धर्मोपदेशबाट बोध गराई फेरि एक्लै घुमपहाड फर्कनुभएको थियो । घुमपहाडमा पुगी उहाँ कुलमुनि साहूकहाँ छोडेर गएका अनगारिका धर्मपालीलाई साथ लिई फर्कनुभयो । उहाँ कान्तिपुर पुगी पुनः किन्दोल विहार मै रही पहिले जस्तै धर्मकार्य गर्न आउने श्रद्धालुहरूलाई शील प्रदान, धर्मोपदेशको साथै परित्राण पाठको पनि शुभारम्भ गरी श्रद्धालुहरूलाई स्थविरवाद बुद्ध-धर्म तर्फ आकर्षित गराउँदै लैजानुभयो ।

त्यसताका कान्तिपुरका केही शिक्षित नवयुवकहरू १२ जनालाई नयाँ मत

Downloaded from http://dhamma.digital/

प्रचार गरेको दोष लगाई वि. सं. १९८७ सालको माघ महिनादेखि घरपकड शुरु गरेको थियो । उहाँहरूलाई ९ महिना सम्मा तारिखमा राखी यातना दिएका थिए । अन्तमा २१ कार्तिक १९८८ का दिन उहाँहरूको मुद्दा बल्ल तत्कालीन प्रधानमन्त्री श्री ३ भीमशम्शेर (सन् १९२९–३२) कहाँ जाहेर गरियो । मुद्दाको फैसलामा कसैलाई पूर्व, कसैलाई पश्चिम, कसैलाई कान्तिपुर मै नजरबन्द गरियो जसमा दशरत्न (बारां) साहूलाई किन्डोल विहारमा अष्टमीव्रत चलाउनको निमित्त मुष्टिदान लिन नेपाल-भाषामा पर्चा छापी वितरण गरेको अभियोगमा रू ५०।- जरिवाना गरिएको थियो ।

'आडम्बर मत पर्व' नामबाट परिचित यस काण्डमा लागेका महानुभावहरू दशरत्न लगायत योगवीरसिंह, सिद्धिरत्न, माणिकमान, धर्ममान, करुणाकर, खड्ग राज, मञ्जुहर्ष, मानदास, हर्षदास, चित्तधर र लक्ष्मीनानी थिए । यिनीहरूमा योगवीरसिंह र सिद्धिरत्न कंसाकार, मञ्जुहर्ष बज्राचार्य र अन्य सबै तुलाधर थिए तर सबै नेवार समुदायका नै थिए । उनीहरूको अभियोगमा ब्राह्मणहरूलाई नढोग्नु, मादक पदार्थ सेवन नगर्नु, जातिभेद नमान्नु आदि श्रामणेर कर्मशीलकै धर्मोपदेशको प्रभाव थियो । उहाँहरूको मुद्दा फैसला भएको बेला श्रामणेर कर्मशील फर्पिङ्गको वज्रयोगिनीमा एकान्तवास गरी ध्यान-भावनामा लागिरहनु भएको थियो । कान्तिपुरको काण्ड एक उपासिकाको तर्फबाट सुनीसकेपछि किन्दोल विहारमा पनि आवत-जावत हुनेहरू प्रायः शून्य हुँदै गएको थाहा पाउनासाथ उहाँ पुनः निर्भीक रूपमा किन्दोल विहारमा रहन जानुभयो ।

उसबेला 'आडम्बर मत पर्व' मा सामेल भएका दशरत्न साहूलाई धर्मकार्य गरेर पनि मार आएको कारण केही समयको लागि भएपनि मन शान्त गर्ने हेतु बाहिर (भारत तिर) जाने मनसाय राख्नुभयो । उहाँले यसको निमित्त श्रामणेर कर्मशीलसित पनि सरसल्लाह गर्नुभयो । पछि त उहाँहरू एक जमात नै भए जसमा उपासकहरू मात्र होइन उपासिकाहरू पनि सम्मिलित भए, उहाँहरू

Downloaded from http://dhamma.digital/

थिए– रामगोपाल, साँगेदोर्जे, लक्ष्मीनानी (भावी अनगारिका धर्मचारी), दानमाया (भावी अनगारिका विशाखा), आरती, शीलप्रभा, लक्ष्मीनानी (शाक्य), संघपाली, सुचिता आदि थिए। यहाँहरू सबै सर्वप्रथम कुशीनगर पुगे। कुशीनगरमा श्रामणेर कर्मशीलले नेपालको सम्पूर्ण वृत्तान्त (धर्मप्रचार सम्बन्धी) आफ्ना गुरुवर ऊ. चन्द्रमणि महास्थविर समक्ष व्यक्त गर्नुभयो साथै दशरत्न उपासकले पनि त्यसै गरे।

भिक्षु ऊ चन्द्रमणि महास्थविरले आफ्ना नेपाली शिष्य श्रामणेर कर्मशीलको तर्फबाट नेपालमा स्थविरवाद बुद्ध-धर्मको बेजोड प्रचार-प्रसार गराउन उनलाई विशेष रूपमा विद्याध्ययन गराउने विचार लिनुभयो। अतः उहाँले श्रामणेर कर्मशीललाई बर्माको अराकनमा रही बुद्ध-धर्म अध्ययन गराउने हेतु अराकनस्थित अनगारिका मा. धम्मचारीको विहारमा रहने प्रबन्धपत्रको व्यवस्था गर्नुभएको थियो साथै उहाँसित आउनुभएका सम्पूर्ण उपासकोपासिकाहरूलाई सजिलै यात्रा गराउन मार्गदर्शकको रूपमा आफ्ना एक शिष्य भिक्षु जिनानन्दलाई पनि साथ लगाइदिनुभयो।

उहाँहरू सबै कुशीनगरबाट सारनाथ, बुद्धगया घुम्दै कलकत्ता पुग्नुभयो। कलकत्ताबाट चटगाउँ जानुभयो। चटगाउँमा अग्गमहापण्डित धम्मवंश महास्थविरको विहारमा एक रात बिताई उहाँहरू अराकन जानुभएको थियो। अराकनमा केही दिन रही दशरत्न साहू एक्लै बर्माको अक्याव, रंगून आदि शहरहरूमा भ्रमण गरी फर्कनुभएको थियो। अन्य उपासकोपासिकाहरू पनि पछि क्रमशः अराकनबाट कलकत्ता हुँदै नेपाल फर्कनुभएको थियो।

श्रामणेर कर्मशील चन्द्रमणि गुरुको आदेशानुसार अराकनकै लेंमादो च्याउँ नामक विहारमा, विहारका अधिपति भिक्षु ऊ मनवा महास्थविरको छत्रछाँयामा रही बुद्ध-धर्म सम्बन्धी शिक्षा हासिल गर्दै जानुभयो। भिक्षु ऊ मनवा महास्थविरले श्रामणेर कर्मशीलको शीलाचरण, आज्ञापालन, विद्याध्ययन उत्साह, गुरुभक्ति आदि

Downloaded from http://dhamma.digital/

गुणबाट प्रभावित भई आफ्नै प्रयासबाट उहाँको उपसम्पदा गराउने मनसाय राख्नुभयो जसको निमित्त उहाँले श्रामणेर कर्मशीलका गृहस्थकालदेखिका गुरु भिक्षु महाप्रज्ञा (उपसम्पदा–वैशाख पूर्णिमा, वि.सं. १९८८) लाई पनि चटगाउँबाट अराकन निमन्त्रित जानुभएको थियो ।

यसप्रकार ऊ मनवा महास्थविरले श्रामणेर कर्मशीलको उपसम्पदा हेतु आफैले दाताको प्रबन्ध मिलाई साथै पूर्वाचार्यको समेत अनुमति एवं उपस्थिति गराई वि.सं. १९८९ (२३ जून १९३२) को आषाढ सुदि ५ का दिन उपसम्पन्न गराइएको थियो। उहाँको उपाध्यायत्व यद्यपि ऊ चन्दिमालाम महास्थविर हुनुभएको थियो तर नामकरण गर्ने अधिकार पूर्वाचार्य हुनुभएका भिक्षु महाप्रज्ञालाई दिइएको थियो अतः उहाँले आफ्नै नामको अंश ल्याई श्रामणेर कर्मशीललाई "भिक्षु प्रज्ञानन्द" नामकरण गरिदिनुभएको थियो ।

भिक्षु प्रज्ञानन्द उपसम्पदा पश्चात् पनि पूरा २ वर्षभन्दा बढी अराकनस्थित त्यस लेंमादों च्याउँ विहारमा रही बुद्ध-धर्मका अनेकौं ग्रन्थहरू अध्ययन गर्नुभएको थियो जसमा प्रमुखतः अभिधर्म, धातुमेदानुपस्सना, धम्मपद, धम्मपदअट्ठकथा आदि थिए साथै उहाँले गुरुवर ऊ मनवा महास्थविरको तर्फबाट धर्मोपदेश दिने तरिका पनि सिक्नुभएको थियो ।

यतिले मात्र पनि भिक्षु प्रज्ञानन्द सन्तोष हुनु भएन, बुद्ध-धर्मको गहन अध्ययन अराकनमा भन्दा बर्माको रंगून, माण्डले, मोलमिन शहरमा व्यवस्थित भएको उहाँले थाहापाउनासाथ त्यसतर्फ जान प्रयत्नशील हुनुभयो तर गुरु ऊ मनवा महास्थविरले अराकनमै पूर्णअध्ययन गर्न सल्लाह दिनुभयो। उहाँको विशेष लक्ष्य उपर्युक्त ठाउँहरूमा गई विद्याध्ययन गर्ने मनसाय हुन गएको कारण बडो कठिनरूपबाट गुरुवरबाट अनुमति लिनुभयो । उहाँ रंगून जाने उद्देश्य लिई बन्दर्गाह पुगेको मात्र थियो जहाज प्रस्थान गरिहाल्यो । पछि थाहा पाइयो कि उहाँसित रंगून सम्म पुग्ने रकम पनि पर्याप्त थिएन तर उहाँले खर्च पुऱ्याउन

Downloaded from http://dhamma.digital/

अराकनमै रहनुको सट्टा आफूसित रहेको रकमबाट रंगूनको सट्टा चटगाउँमा भएपनि पुग्न जहाजमा चढिहाल्नुभयो ।

उहाँ चटगाउँ पुगी अग्गमहापण्डित धम्मवंश महास्थविरकै विहारमा पुग्नुभयो जहाँ उहाँले पहिले अराकन आगमनको बेला नेपालबाट आएका समूहका साथ एक रात बिताइ सक्नुभएको थियो । संयोगको कुरा, त्यहीँ उहाँको भेट नेपालका भिक्षु महाप्रज्ञा र शासनज्योतिसित भएको थियो । उहाँहरू केही दिनमात्र साथै रहनुभयो ।

त्यसताका उहाँ ३ महिनासम्म धम्मवंश महास्थविरको विहारमा रहेता पनि रंगूनसम्म पुग्ने पर्याप्त रकम जम्मा गर्न नसक्नुले उहाँले चटगाउँको आसपासमा रहेको उनयमपुर, कर्तला, सातवारिया आदि ठाउँहरूको विहारहरूको अवलोकन गर्न पाइएको थियो साथै धम्मवंश महास्थविरसित पनि केही विद्याध्ययन गर्न पाइएको थियो ।

३ महिनाको समय व्यतीत गरिसकेको ठाउँ भएतापनि नजिक आइसकेको वर्षावास (वि.सं. १९९१–सन् १९३४) को निमित्त त्यहीँ रहन अलि अप्ठ्यारो महशुस भएको कारण त्यसको निमित्त उहाँ कक्स बजार (Cox's Bajar) स्थित ऊ तिस्स स्थविरको विहारमा जानुभयो तर वर्षावास रहनुभएको महिना दिनपछि नै उहाँ सिकिस्त विरामी हुनुभयो । उहाँसित केही औषधि पनि थिएन न त औषधोपचारको निमित्त पर्याप्त रकम नै थियो । जसोतसो गरी उहाँले कठिनतापूर्वक वर्षावास बिताउनुभयो । त्यस अवधिभित्रमा रोग केही कम भइसकेको थियो । तसर्थ उहाँ त्यस विहारबाट पूर्वस्थित "रामु पांवा" भन्ने स्थानमा जानुभयो जहाँ विहार रहेको कुरा उहाँलाई थाहा थियो तर जाँदाजाँदै लक्षित स्थान 'रामु पांवा' को सट्टा 'रामुपातली' भन्ने ठाउँमा पुग्नुभयो । संयोगको कुरा त्यहाँ पनि एउटा विहार रहेको, शायद वर्षौंदेखि कोही भिक्षु नरहेको, दाताहरू अराकनका प्रवासी हुनु आदि कारणबाट भिक्षु प्रज्ञानन्दले त्यस विहारमा रहन आग्रह गरिए मुताबिक मञ्जुर

Downloaded from http://dhamma.digital/

गर्नुभयो । यस विहारमा उहाँले पूरा ४ वर्ष बिताउनु भएको थियो जसको फलस्वरूप रामुपातलीका प्रत्येक स्थानहरू प्राय: सम्पूर्ण वासिन्दाहरूसित उहाँको घनिष्ठ सम्बन्ध रहँदै गएको थियो ।

पूरा ४ वटा वर्षावास कहीँ कतै नगइकन रामुपातलीमा बिताइसकेपछि उहाँले दाताहरू समक्ष आफ्नो वर्षौदेखिको बर्माको रंगून, माण्डले मोलमिन पुग्ने इच्छा व्यक्त गर्नुभयो । उहाँले रामुपातलीका उपासकोपासिकाहरूलाई धैर्य एवं सान्त्वना दिई केही महिनाको निमित्त रंगून प्रस्थान गर्नुभयो तर रंगून पुगेको झण्डै दुई हप्ता नै नबित्दै त्यहाँस्थित मुस्लिम र बर्मेलीहरूको बीच भएको आकस्मिक भीडन्तबाट उहाँको रंगूनमा रही विद्याध्ययन गर्ने लक्ष्यमाथि आघात पुऱ्यायो तसर्थ उहाँलाई अन्पन्न (सथुं प्रदेश) जान बाध्य भयो । सथुं प्रदेशबाट उहाँ मोलमिन जानुभयो जहाँ उहाँले नेपाली भिक्षु शाक्यानन्द र भिक्षु अनिरूद्ध रहेको कुरा थाहा पाइएको थियो । भिक्षु प्रज्ञानन्दले उहाँहरूलाई मोलमिनको "ताउँ-पाउ-च्याउँ" विहारमा भेटघाट गर्नुभयो । यहाँको विहाराधिपति ऊ चम्कपाल महास्थविर (सन् १८८०–१९५३) को छत्रछायामा भिक्षु प्रज्ञानन्दले पनि ५/६ महिना रही बुद्धधर्मको गहन अध्ययन गर्नुभएको थियो । बर्माका विभिन्न शहरहरूमध्ये भिक्षु प्रज्ञानन्दलाई मोलमिन शहर स्वास्थ्य अनुकूल हुनाको कारण त्यहाँको बसाइ एकदम स्वस्थ्यकर र सुखकर रहेको कुरा उहाँले महशुस गर्नुभयो ।

त्यस अवधिभित्र (बर्मा पुगेको ७/८ महिनापछि) वर्षावास (वि.सं. १९९६–सन् १९३९) को समय नजिकी आएको कारण उहाँलाई रामुपातलीका दाताहरूले पत्र मात्र होइन बाटो खर्च समेत पठाएको कारण उहाँ त्यस सालको वर्षावासको निमित्त पनि मोलमिनबाट रामुपातली मै पुग्नुभयो ।

रामुपातलीमा वर्षावास बिताइरहेको समयमै नेपालबाट पनि पत्रहरू आउन शुरु भयो । मोलमिनमा भिक्षु शाक्यानन्द र अनिरूद्धसित भेट हुनुअगाडि सम्म (४/५ वर्ष) गुमनाम भइरहेका भिक्षु प्रज्ञानन्दको सही ठेगाना बल्ल नेपालका

Downloaded from http://dhamma.digital/

उपासकोपासिकाहरूले भिक्षु शाक्यानन्द र भिक्षु अनिरूद्धबाट प्राप्त गरियो। तसर्थ पत्राचारको निमित्त सही ठेगाना प्राप्त हुनासाथ विशेषतः किन्दोल विहारका उपासकोपासिकाहरूको साथै दाजु कीर्तिवीरसिंह तुलाधरको पत्र पनि भिक्षु प्रज्ञानन्दले पाउनुभयो । अझ उपासिकाहरूमा विशेषतः दानमाया उपासिकाद्वारा (भावी विशाखा अनगारिका) बाटो खर्च समेत पठाइएको थियो ।

यसप्रकार नेपालबाट पत्रको आवागमन हुनु, मोलमिनमा भिक्षु शाक्यानन्द र अनिरूद्धलाई नेपाल जाने वचन दिइ आएको आदि कारण देखाई वर्षावास समाप्तिपछि रामुपातलीका दाताहरूलाई सुनाई तिनीहरूसित बिदा लिई भिक्षु प्रज्ञानन्द नेपालमा आउनाको निमित्त चटगाउँ बन्दर्गाहमा पुग्नुभयो। उहाँ चटगाउँबाट कलकत्ता पुगी त्यहाँस्थित बंगाली (धर्माङ्कर विहार) विहारमा रहनुभयो । त्यसबेला उक्त विहारमा श्रामणेर प्रज्ञारश्मि (प्रव्रजित–बैशाख पूर्णिमा वि.सं. १९९६) विद्याध्ययनको निमित्त रहँदै थिए । उहाँलाई विशेष मद्दत गर्ने आग्रह त्यहाँस्थित चटगाउँवासी भिक्षुहरूसित गरी भिक्षु प्रज्ञानन्द वि.सं. १९९६ साल (ने.सं. १०६० को शुरु) को कार्तिक-मंसिर महिनातिर कान्तिपुर आई किन्दोल विहारमा रहनुभयो । त्यसताका बौद्ध पुनर्जागरण हेतु भिक्षु धर्मालोक एक्लैले किन्डोल विहारमा रही जोडदार रूपमा स्थविरवादी बुद्धधर्म प्रचार-प्रसार गरिरहेको भिक्षु प्रज्ञानन्दको पनि आगमन हुनासाथ सुनमाथि सुगन्ध हुन गएको थियो तर उहाँहरूको यस कार्यप्रति डाह गर्नेहरूको समूह पनि त्यतिकै मजबुत थियो जसमा राणा शासन पक्षका ब्राह्मण पुरोहितहरू मात्र थिएनन् बौद्ध पुरोहितहरू पनि थिए ।

अगाडि-पछाडि जतिसुकै विरोध आएतापनि उहाँहरूको उपदेशलाई त्यसताकाका प्रायः शिक्षित नवयुवकहरूले स्वीकार गर्दै आएका थिए। फलस्वरूप यस धर्ममा आफ्नो सम्पूर्ण जीवन अर्पण गर्ने अठोट लिएका श्रद्धालुहरू पनि आउँदै गरे जसमा प्रमुखतः वज्राचार्य कुलबाट भिक्षु प्रज्ञानन्दका शिष्यत्व ग्रहण गर्न आएका सप्तरत्न वज्राचार्यलाई लिन सकिन्छ जसलाई प्रव्रजित गराउन भिक्षु

Downloaded from http://dhamma.digital/

प्रज्ञानन्दले कुशीनगर सम्म जानुभएको थियो। सप्तरत्न बज्राचार्यको साथ प्रव्रजित हुनेहरूमा बलम्बूका निकुसिं उपासक र कान्तिपुरकै हारा उपासक पनि थिए। यहाँहरूलाई वि. सं. १९९७ सालको माघ-पूर्णिमाका दिन भिक्षु ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित गराउन भिक्षु प्रज्ञानन्द सफल हुनुभएको थियो। प्रव्रज्यापश्चात् उहाँहरूको नाम यसप्रकार राखियो–

१) सप्तरत्न बज्राचार्य – श्रामणेर बुद्धघोष।
२) हारां उपासक – श्रामणेर महापन्थ।
३) निकुसिं उपासक – श्रामणेर चूलपन्थ।

यी श्रामणेरहरूमा विशेषतः १८/१९ वर्षका युवक श्रामणेर बुद्धघोषलाई बुद्ध-धर्म अध्ययनार्थ बर्मा पठाउने बारे भिक्षु प्रज्ञानन्दले ऊ. चन्द्रमणि महास्थविर सित सरसल्लाह लिनुभयो। श्रामणेर बुद्धघोषलाई बर्मा पठाउनु अगाडि तथागतको धर्मचक्र-प्रवर्तन स्थल सारनाथको अवलोकन पनि गर्न लैजानुभएको थियो। सारनाथ वाराणसीबाट उहाँहरू कलकत्ता पुगी विशेषतः साहू मणिहर्षज्योति कंसाकार (वि. सं. १९७४-२०४९) को सहयोगबाट श्रामणेर बुद्धघोषलाई बर्मा पुऱ्याउन भिक्षु प्रज्ञानन्द सफल हुनुभयो। श्रामणेर बुद्धघोष बर्मा पुगेको खबर आइसकेपछि मात्र भिक्षु प्रज्ञानन्दले कलकत्ताबाट प्रस्थान गर्नुभएको थियो। कलकत्ताबाट उहाँ भोजपुरका उपासिका लक्ष्मीमायाका सुपुत्र विजयरत्न (कसाहाचा) लाई साथ लिई चटगाउँ काक्स बजार हुँदै रामुपातलीको विहारमा पुग्नुभएको थियो।

उहाँहरू रामुपातली पुग्नुभएको केही महिनापछि शायद उहाँकै आचार्यत्वमा साथै लगेका बालक विजयरत्नलाई "श्रामणेर अग्गधम्म" नामले प्रव्रज्या दिनु भयो। भिक्षु प्रज्ञानन्दले यसपटक पनि झण्डै २ वर्ष नै रामुपातलीमा बिताउनु भयो। यस अवधिभित्रमा उहाँले पहिलो ४ वर्षको रामुपातली निवासकालमा

Downloaded from http://dhamma.digital/

लेखिराखेको बुद्धोपदेश, धातुभेदानुपस्सना र विशुद्धि ज्ञान दर्शन नामक पुस्तक प्रकाशनार्थ बरोबर कलकत्ता आउनुभएको थियो ।

भिक्षु प्रज्ञानन्दले वि. सं. १९९८ (सन् १९४१) को वर्षावास रामुपातलीमा बिताई श्रामणेर अग्गधम्मलाई चटगाउँ कै एक विहारमा विद्याध्ययनको व्यवस्था गरी कलकत्ता फर्कनुभयो । कलकत्तामा उहाँ केही दिन रही कालिम्पोङ्ग जानु भयो । कालिम्पोङ्गमा पनि उहाँ भाजुरत्न साहूकै कोठी (पुस्तकालयको रूपमा राखिएको) मा रहनुभएको थियो । त्यस समयभित्रमा कालिम्पोङ्गमा भाजुरत्न साहूको अनुकम्पाबाट भिक्षु महाप्रज्ञाले सन् १९३६ मा त्रिपाई डाडाँमा "प्रज्ञाचैत्य महाविहार" नामक विहार निर्माण भइसकेको कारण भिक्षु प्रज्ञानन्द पनि बरोबर त्यस विहारमा जानुभई भिक्षु महाप्रज्ञाका साथ रहनुभएको थियो ।

त्यसताका (सन् १९४१ को अन्ततिर) भिक्षु अमृतानन्द (वि. सं. १९७५-२०४७) श्रीलंकाबाट फर्की स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसारार्थ किन्डोल विहारमा रहँदै हुनुहुन्थ्यो । उहाँले भिक्षु प्रज्ञानन्द कालिम्पोङ्ग पुग्नुभएको थाहापाउनासाथ आफ्नो जन्मस्थान तानसेनमा गई वर्षावास रहनु जान अनुरोध-पत्र पठाउनु भएको थियो । पछि विशेष कारणवश उहाँ समयमै कालिम्पोङ्ग पुगी भिक्षु प्रज्ञानन्दसित भेट्घाट गरी आफ्नो आशय व्यक्त गर्नुभएको थियो अन्यथा आफू नै तानसेनमा गई वर्षावास बस्नुपर्ने बाध्यता रहनआएको कुरा पनि उहाँले बताउनुभयो । तसर्थ भिक्षु अमृतानन्दको अनुरोधलाई स्वीकार गरी भिक्षु प्रज्ञानन्द वि. सं. १९९९ साल (सन् १९४२) को वर्षावास तानसेनमा बिताउन कालिम्पोङ्गबाट प्रस्थान गर्नुभयो । आफू पहिले नपुगेको ठाउँ हुनाको कारण भिक्षु प्रज्ञानन्दले तानसेन पुग्न कयौं ठाउँहरूमा सोधपूछ गर्दै पुग्नुभएको थियो ।

तानसेन पुगी उहाँले वर्षावास बिताई त्यस अवधि भित्र नै आफ्नो विशेषता सम्पन्न धर्मोपदेश शैलीबाट प्रभावित गरी किन्डोल विहारमा जस्तै प्रव्रजित हुने श्रद्धालुहरूको समेत उपलब्धी हासिल गर्नुभएको थियो । उहाँहरूमा

Downloaded from http://dhamma.digital/

तेजलक्ष्मी उपासिका (भावी अनगारिका मुदिता) का सुपुत्र अष्टमान शाक्य, सूर्यलाल बज्राचार्य, यचु उपासिका र कान्छी उपासिकाका माया उपासिका थिए ।

उहाँहरूलाई भिक्षु प्रज्ञानन्दले वर्षावासकाल समाप्ति पश्चात् कार्तिक महिनामा कुशीनगर लगी भिक्षु ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट प्रव्रजित गराउन उहाँ सफल हुनुभयो । प्रव्रज्या पश्चात् उहाँहरूको नाम यसप्रकार राखियो–

१) सूर्यलाल बज्राचार्य – श्रामणेर चुन्द ।
२) अष्टमान शाक्य – श्रामणेर कुमार काश्यप
३) यचु उपासिका – अनगारिका थुल्लनन्दी (पछि खेमाचारी)
४) कान्छी उपासिका – अनगारिका चुल्लनन्दी (पछि विवेकाचारी)
५) माया उपासिका – अनगारिका महानन्दी ।

प्रव्रज्या पश्चात् उहाँहरू कोही तानसेन मै रहे त कोही भिक्षु प्रज्ञानन्दका साथ कान्तिपुर आई किन्डोल विहारमा रहे । विशेषत: श्रामणेर कुमार काश्यप भिक्षु प्रज्ञानन्दका साथ रहनुभयो ।

भिक्षु प्रज्ञानन्द किन्डोल विहारमा रहँदै आएको केही महिनापछि विशेषत: भिक्षु शाक्यानन्द र श्रामणेर प्रज्ञारश्मिको अनुरोधमा पाटनको सुमंगल विहारमा रहनु जानुभएको थियो । यसको खास कारण उक्त विहारमा रहँदै आउनुभएका श्रामणेर प्रज्ञारश्मिलाई त्यहाँका मिथ्यादृष्टिक व्यक्तिहरू आई अनेकानेक ढंगले उत्पट्यांग प्रश्न गरी हायक-कायल गरिरहेका कारण उहाँ दिक्क मानी किन्डोल विहार आई भिक्षु प्रज्ञानन्द र शाक्यानन्दको सामू आफ्नो असमर्थता जाहेर गर्नुभएको थियो । अत: पाटनमा सिर्फ एउटा मात्र (त्यसताका) रहेको विहारलाई भिक्षु प्रज्ञानन्द र शाक्यानन्दले छोडनु उचित ठान्नुभएन । त्यसैले ती मिथ्यादृष्टिक व्यक्तिहरूसित टक्कर लिने जिम्मा भिक्षु प्रज्ञानन्दले लिनुभएको थियो । उहाँमा यस (शास्त्रार्थ) को निमित्त उपयुक्त गुणहरू रहेका कारण इतिहासविद् भुवनलाल

Downloaded from http://dhamma.digital/

प्रधानले यसप्रकार उल्लेख गर्नुभएको छ–

"उनमा जसले जे भनेपनि, आफूले भनेको कुराको विरोध वा खण्डन गर्न खोजे पनि चुपचाप सुनिरहने धैर्य र सहनशीलता थियो झोकिने वा रिसाउने स्वभाव बिलकुल थिएन, सधैं हाँसी-हाँसी नरम स्वरले कुरा गर्दथे। कोही उनको रिस उनी सदैव चतुर्ब्रह्म-विहार (मैत्री, करुणा, मुदिता र उपेक्षा) ले युक्त भएर रहन्थे। आफूप्रति सधैं नराम्रो व्यवहार भएपनि उनी त्यसको प्रतिकार नगरिकन, विपरीत स्वभाव नदेखाइकन शान्त र सन्तुष्ट रहन्थे। यस्तो क्षान्ति पारमिता उनको मूल साधन थियो भन्न सकिन्छ। "अधिवासन खन्ति" (क्षान्तिलाई आफूमा वास गराइराख्ने) मा उनी एकदम सफल देखिन्थे। फेरि मङ्गलसूत्रको "फुट्ठस्सलोक धम्मेहि, चित्तं यस्स न कम्पति" अर्थात् लोकधर्म-लाभ, अलाभ, यश-अयश, निन्दा-प्रशंसा, सुख-दुःखले प्रभावित गर्दा चित्त नडगमगाइकन रहनु भन्ने मङ्गल गुण त उनमा राम्ररी चरितार्थ भएको पाइन्थ्यो।

विभिन्न विचारका मानिसहरूका थरीथरीका परीक्षणबाट कर्मशील भन्ते उत्तीर्ण भए, निखारिए। उनलाई मन, वचन, कर्मले बुद्धका अनुयायी, सच्चा श्रमण भनेर बुझ्दै आएपछि आगन्तुकहरूले उनलाई जिस्क्याउन, खिस्सी गर्न छाडे। त्यतिमात्र होइन, उनीप्रति श्रद्धा पनि गर्न लागे, उनको देशना सुन्न आकृष्ट भए। बुद्ध-धर्मको यथार्थज्ञान पाउँदै गएपछि श्रोताहरूले त्यसप्रति सही दृष्टि अपनाए। उनी आदरका पात्र बन्नाको साथै उनले बुद्ध-धर्मलाई यहाँ लोकप्रिय बनाई पुनःस्थापित गरिछाडे।"

यसप्रकार भुवनलाल प्रधानले भन्नुभए जस्तै भिक्षु प्रज्ञानन्द पाटनको सुमङ्गल विहारमा रही त्यहाँका कयौं मिथ्यादृष्टिक एवं प्रतिष्ठित व्यक्तिहरूलाई धर्मावबोध गराई सुमंगल विहारको रक्षा गरे।

यसै विहारमा रही दुईवटा वर्षावास पूर्ण गर्न नपाउँदै राणा जुद्धशम्शेरको सरकारले १५ श्रावण २००१ (३० जुलाई १९४४) का दिन उहाँ लगायत

Downloaded from http://dhamma.digital/

उपत्यकामा रहेको ८ जना स्थविरवादी भिक्षु एवं श्रामणेरहरूलाई देश निष्कासनको दण्ड दियो । उहाँहरूले शासक पक्षबाट आएको ३ वटा शर्तलाई नामञ्जूर गरिसकेपछि सो सजायँ सुनाइएको थियो, शर्तहरू निम्न हुन्–

१) विहार-विहारमा बुद्ध-पूजा गर्न नपाउने ।
२) उपासकोपासिकाहरूलाई धर्मोपदेश गर्न नपाउने र
३) गृहस्थीहरूलाई प्रव्रजित नगराउने ।

यी ३ वटा शर्तहरू पालन गर्नुको अर्थ नै भिक्षुहरूको भिक्षुत्व समाप्त गरी निष्क्रिय गराउनु, जनसम्पर्कबाट अलग्ग राख्नु आदि हुनाको कारण ज्येष्ठ भिक्षुहरूले ती शर्तहरूलाई पूरापूर इन्कार गरी बरू देशबाट निर्वासित हुनु नै उपयुक्त ठाने । निष्कासित भिक्षु एवं श्रामणेरहरू निम्न छन्– (भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु सुबोधानन्द र भिक्षु प्रज्ञारश्मि । श्रामणेर अग्गधम्म, श्रामणेर रत्नज्योति, श्रामणेर कुमार काश्यप र श्रामणेर प्रज्ञारस) देश निष्कासन पछि उहाँहरू सबै रक्सौल पुगी एक आपसमा सरसल्लाह गरी भिक्षु प्रज्ञानन्द, श्रामणेर कुमार काश्यप र प्रज्ञारसलाई साथ लिई, कालिम्पोङ्ग जानुभयो त भिक्षु धम्मालोक, भिक्षु सुबोधानन्द र भिक्षु प्रज्ञारश्मि साथ लिई कुशीनगर जानुभयो । श्रामणेर अग्गधम्म नौतनवामा, श्रामणेर रत्नज्योति बंगालतर्फ जानुभयो ।

भिक्षु प्रज्ञानन्द श्रामणेर कुमार काश्यप र श्रामणेर प्रज्ञारसलाई साथ लिई कालिम्पोङ्गमा भाजुरत्न साहूको आश्रयमा रहनु भयो । उहाँहरूलाई भाजुरत्न साहू एवं उहाँको परिवारले बसोबासको लागि पूरा प्रवन्ध गरिदिनु भएको थियो । कालिम्पोङ्गमा ६ महिनाजति भाजुरत्न साहूको आश्रयमा रहिसकेपछि श्रामणेर कुमार काश्यप सारनाथ घुम्न जाने आशय लिई त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । त्यस्तै श्रामणेर प्रज्ञारस पनि कालिम्पोङ्ग छोडी दार्जिलिङ्ग घुम्न भएका त्यहीं बिरामी भई दार्जिलिङ्गको अस्पतालमा भर्ना भइरहेको कुरा थाहापाउनासाथ भिक्षु

Downloaded from http://dhamma.digital/

वि.सं. २००६ र २००७ सालको वर्षावास उहाँले बलम्बू र द्वम्बुमा बिताउनु भएको थियो। यस अवधिभित्रमा पनि उहाँले धर्मप्रचारको कार्य तीव्ररूपमा गर्नुभएको थियो । महिना दिनको अवधिमा ४/५ ठाउँमा अतूटरूपमा बुद्ध-पूजा गराउँदै आउनुभएको थियो। ती ठाउँहरू हुन्– बलम्बू, कीर्तिपुर, द्वम्बू, नगां, पाँगा आदि ।

वि.सं. २००८ सालदेखि पाटनका उपासकोपासिकाहरूको अनुरोधमा उहाँको वर्षावास सुमंगल विहारमा रहन आयो । वि.सं. २०१२ सालसम्म सुमंगल विहारमा वर्षावास रहनु भएको अवधिभित्रमा उहाँले कयौं शासनिक कार्यहरूमा सहभागी हुने मौका प्राप्त गर्नुभएको थियो । जसमा प्रमुखतः वि.सं. २००८ सालमा बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविरहरूको अस्थिधातु आगमन गराएको बेला धातु हातमा लिई (सजिएको मोटरमा बसी) नगर परिक्रमा गर्नु, त्यहीं अवसरमा उहाँलाई "थेर सम्मति" प्रदान गरिनु, बर्मामा शुरुभएको छट्ठ संगायनामा सम्मिलित हुनु आदि अवसर प्राप्त गर्नुभएको थियो ।

यस्तै वि.सं. २०१३ सालको कार्तिक महिनामा काठमाडौंमा सम्पन्न भएको चतुर्थ विश्व बौद्ध सम्मेलनमा पनि उहाँले नेपालको विशेष प्रतिनिधित्व गर्नुभएको थियो। नेपालमा सम्पन्न भएको चतुर्थ विश्व बौद्ध सम्मेलन पश्चात्नै भारतको केन्द्रीय सरकारले बुद्धको २५०० औं जयन्ती समारोह भव्य रूपमा नयाँदिल्लीमा मनाएको थियो। यस समारोहमा भारत सरकारले भिक्षु प्रज्ञानन्द महास्थविरलाई पनि निमन्त्रित गरिएको थियो। अतः उहाँ चतुर्थ विश्व बौद्ध सम्मेलनमा उपस्थित भएका ४२ राष्ट्रका प्रतिनिधिहरूका साथै नयाँदिल्ली पुग्नुभएको थियो । उहाँको आवासस्थल "अशोक होटल" मा गरिएको थियो ।

यस बुद्धजयन्ती समारोहमा उहाँले भिक्षु अमृतानन्दको विशेष अनुरोधमा तिब्बतका दलाई लामा (१४ औं जन्म– ६ जुलाई १९३५) र पंचेनलामा सित तिब्वती भाषाबाट विशेष भेटवार्ता गर्नुभएको थियो ।

Downloaded from http://dhamma.digital/

यस २५०० औं बुद्धजयन्ती समारोहको अवधिमा सारा बौद्ध-जगतको निमित्त एउटा दुःखद समाचार सुन्नुपरेको थियो त्यो हो– भारतका संविधान निर्माता–जो डेढ महिना अगाडि मात्र आफ्ना लाखौं अनुयायीहरूका साथ महा-राष्ट्र प्रदेशको नागपुरमा ऊ चन्द्रमणि महास्थविर समक्ष पंचशील ग्रहण गरी "बौद्ध" घोषित हुनुभएको थियो जसले भारतको राष्ट्रिय झण्डा र मुद्रा एवं राष्ट्रपति भवनमा भगवान बुद्धको शासनको प्रथम सन्देश अंकित धर्मचक्र चिन्ह जसलाई पछि 'अशोक चक्र" पनि मानियो प्रतिस्थापित गराउने प्र. भीमराव अम्बेदकरको निधन।

६ दिसम्बर १९५६ का दिन शान्तरूप लिईसकेका उहाँको भौतिक शरीर प्रति श्रद्धाञ्जली अर्पण गर्न जाने मनसाय भिक्षु प्रज्ञानन्द एवं भिक्षु अमृतानन्दको रहेको थियो तर सम्मेलनकै कार्यव्यस्तताको कारण उहाँहरू जान सक्नुभएन।

वि.सं. २०१३ सालको वर्षावास भिक्षु प्रज्ञानन्द महास्थविरले पाटनको थपा-बहीमा बिताउन भएको थियो त वि.सं. २०१४ सालदेखि उहाँको वर्षावास थैनास्थित शाक्यसिंह विहारमा शुरु भएको थियो।

यस वर्षदिनको अवधिमा विशेषतः पाटनका एक सुप्रतिष्ठित साहू कुल-नरसिंहको श्रद्धाबाट "शाक्यसिंह विहार" को निर्माण शुरु भएको थियो। भिक्षु प्रज्ञानन्द महास्थविर स्वयम्‌को स्वइच्छा अनुरूप सो ठाउँमा तयार भएको सो विहारको जग्गा पनि जग्गा धनी हर्षराज शाक्य स्वयमले सहर्ष उहाँ (भिक्षु प्रज्ञानन्द महास्थविर) लाई प्रदान गर्नुभएको थियो। अतः विहार निमार्ण भएपछि उहाँले विहारको नामाकरणमा दाताहरू दुबै शाक्य हुनु र जग्गा दाता हर्षराजको 'ह' र कुलनरसिंहको 'सिं' अक्षर मिलाई 'शाक्यसिंह विहार' नामकरण गर्नुभएको थियो।

यसै विहारमा भिक्षु प्रज्ञानन्द महास्थविरले वि.सं. २०२७ सालसम्म अतूट रूपमा वर्षावास बिताउनु भएको थियो। यस अवधि भित्रमा उहाँले एक अन्तराष्ट्रिय सम्मेलनमा प्रतिनिधित्व गर्नुभएको थियो त्यो हो– चीनको राजधानी

Downloaded from http://dhamma.digital/

प्रज्ञानन्द दार्जिलिङ्ग गई आवश्यक हेर-विचार गर्नु भएको थियो । दार्जिलिङ्गबाट फर्की घुमपहाडमा केही दिन आराम लिइरहेका भिक्षु प्रज्ञानन्दलाई पुनः पाटनबाट मधेश (भारत) घुम्न आएका केही परिचितहरू (रत्नज्योति, लानिमाया, शायद अनागारिका चन्द्रशीला र सुभद्रा) अकस्मात् चारैजना बिरामी भई नौतनवाको अस्पतालमा परिरहेको खबर आउनसाथ उहाँ त्यसतर्फ पनि आउनु भयो । उहाँ नौतनवामा रहुन्जेल भिक्षु श्री निवास महास्थविर (सन् १८९४–१९६८) को विहारमा रहनुभएको थियो । भिक्षु श्री निवास महास्थविरले उक्त विहार तथागतको जन्मस्थल लुम्बिनीमा भ्रमणार्थ आउने यात्रुहरूको सुविधाको निमित्त दुई वर्ष अगाडि (दिसम्बर, १९४२ ई.) मात्र तयार गरिएको थियो ।

नौतनवामा उपर्युक्त बिरामीहरू अलि अलि ठीक भएपछि कुशीनगरमा जान चाहेका चन्द्रशीलालाई त्यहाँ पठाई बाँकी ३ जना दार्जिलिङ्ग आउन चाहेकालाई साथ लिई भिक्षु प्रज्ञानन्द घुमपहाड आउनु भएको थियो । घुमपहाडमा केही दिन रही उहाँ अनगरिका सुभद्रालाई साथ लिई कालिम्पोङ्ग पुग्नुभयो ।

भिक्षु प्रज्ञानन्द स्थविर कालिम्पोङ्ग फर्केको केही महिनापछि आफ्ना गुरुवर भिक्षु ऊ चन्द्रमणि महास्थविरको दर्शन गर्ने उच्च अभिलाषा राखी पुनः कालिम्पोङ्गबाट प्रस्थान गर्नुभयो। उहाँ कुशीनगर पुगी गुरुवर समक्ष आफ्नो वृत्तान्त कुरा सुनाउनु भयो र केही दिन रही कालिम्पोङ्गमै फर्कन गुरुवरसित अनुमति माग्नुभयो। गुरुवर ऊ चन्द्रमणि महास्थविरले कालिम्पोङ्गमा फर्कन लागेका भिक्षु प्रज्ञानन्दलाई दिनाजपुर (बंगलादेशस्थित) मा रहेका अराकनका शरणार्थीहरूलाई एउटा पत्र पुऱ्याउने काम दिनुभएको थियो । गुरुवरको आज्ञा सहर्ष स्वीकार गरी भिक्षु प्रज्ञानन्द कालिम्पोङ्ग पुग्नु अगाडि दिनाजपुर जाने रेलमा चढ्नु भएको थियो। उहाँ दिनाजपुर पुगी यत्रतत्र सोधपूछ गरी ३/४ माइलभित्र रहेको गुरुवरद्वारा लक्षित शरणार्थी दाताहरूलाई उक्त पत्र पुऱ्याउनुभयो ।

यी अराकरनवासी शरणार्थीहरू द्वितीय विश्वयुद्ध (सन् १९३९–४५) का

Downloaded from http://dhamma.digital/

परिणाम हुन् । कलकत्ता नजिक मौंदो (बुसिताँड) भन्ने स्थानमा रहँदै आएका यिनीहरूलाई जापानी सेना भण्डै कलकत्तासम्म पुग्नआउने खबरबाट फाइदा उठाई त्यहाँस्थित मुसलमानहरूले तिनीहरूलाई निष्कासन गर्ने हेतु तिनीहरूको धनसम्पत्ति लुट्नु, महिलाहरूलाई दुर्व्यवहार गर्नु, घर-घरमा आगो लगाइदिनु आदि जस्ता अत्याचार कार्य बढ्दै आएको कारण तिनीहरू प्राणसम्म बचाई दिनाजपुरमा रहन आएका थिए । त्यहाँ रहने प्रबन्ध भारतीय अँग्रेज सरकारले गरिदिएको थियो । यति हुँदा पनि ती शरणार्थीहरूले आफ्नो धर्म अनुरूप शील पालन गर्दै थिए । शरणार्थी क्याम्पभित्रै क्याम्प अनुरूप (बाँसको) नै विहार एउटा पनि निर्माण गरी भिक्षु-श्रामणेरहरूलाई निम्तो गरिराखेका थिए । तिनीहरूले पत्रवाहक भिक्षु प्रज्ञानन्दलाई पनि राम्ररी परिचित (नेपालबाट निष्कासित भिक्षुहरूमा एक एवं ज्येष्ठ भन्ने बारे) गरिसकेपछि त्यहीँ रहन निकै अनुरोध गरे । तसर्थ उहाँ पनि ती श्रद्धालु शरणार्थीहरूको आग्रहलाई सहर्ष स्वीकार गरी त्यहीँ रहनु-भयो ।

उहाँ त्यहीँ रहनुभएको बेलामै गुरुवर ऊ चन्द्रमणि महास्थविर पनि कुशीनगरबाट दिनाजपुर आइपुग्नुभयो । उहाँका साथ नेपाली अनगारिकाद्वय चन्द्रशीला र संघमित्रा (भिक्षु अमृतानन्दकी गृहस्थ धर्मपत्नी-प्रव्रजित वि.सं. १९९९) पनि थिए । गुरु ऊ चन्द्रमणि महास्थविर दिनाजपुर पुग्नुभएको बेला उहाँको साथ शरणार्थी क्याम्पमा रहेका सम्पूर्ण भिक्षुहरूलाई रथमा राखी भव्यरूपमा जात्रा गरी ग्राम परिक्रमा समेत गरी स्वागत गरिएको थियो ।

भिक्षु चन्द्रमणि महास्थविर दिनाजपुरमा केही दिनमात्र रहेर भिक्षु प्रज्ञानन्द महिनौं रहनुभएको थियो । वि.सं. २००२ साल (सन् १९४५) को वर्षावास उहाँले त्यहीँ बिताउनुभएको थियो । त्यस अवधिभित्रमा उहाँले त्यहाँस्थित अन्य भिक्षुहरूलाई दार्जिलिङ्ग घुमपहाड कालिम्पोङ्ग आदि ठाउँको अवलोकन गराउन साथ लिएर आउनुभएको थियो । उहाँहरू दिनाजपुर फर्कनुभएको केही समयपछि भिक्षु

Downloaded from http://dhamma.digital/

प्रज्ञानन्दले आफूले तयार गरिराखेको "महाजयमंगल पाठ" नामक पुस्तक एउटा प्रकाशन गर्ने हेतु दिनाजपुरका भिक्षुहरू एवं दाताहरू सित बिदा लिई कालिम्पोङ्ग आउनुभयो। कालिम्पोङ्गमा उहाँ भाजुरत्न साहूकै पुस्तकालयमा रहनुभयो। उहाँ वरोबर भिक्षु महाप्रज्ञा उक्त पुस्तकको पाण्डुलिपि (गुरुकापी) संशोधनार्थ जानुहुन्थ्यो तर त्यसबेला भिक्षु महाप्रज्ञा अस्वस्थ हुनाको कारण केही-केही मात्र संशोधन गरिदिनु भएको थियो।

उक्त पुस्तक प्रकाशनार्थ भिक्षु प्रज्ञानन्द कलकत्ता जानुभएको थियो। कलकत्तामा उक्त पुस्तकको छपाइको अवधिमा उहाँलाई भाजुरत्न साहूका परिवारले निकै मद्दत गरेको थियो। पुस्तक छपाइ सम्बन्धी सम्पूर्ण कार्य सिध्याई २५/३० वटामात्र पुस्तक साथमा लिई भिक्षु प्रज्ञानन्द कालिम्पोङ्ग फर्कनुभयो। अन्य सम्पूर्ण पुस्तकहरू कलकत्तामै भाजुरत्न साहूको कोठीमा छोडिआएको थियो।

त्यसताका नेपालमा भिक्षु अमृतानन्दको विशेष प्रयत्नबाट निष्कासित भिक्षुहरूलाई स्वदेश फर्काउने हेतु श्रीलंकाबाट भिक्षु नारद महास्थविर (सन् १८९८–१९८३) को नेतृत्वमा ५ जनाको एक शिष्टमण्डल कान्तिपुर आइपुगेको थियो। दिन थियो– ५ बैशाख २००३ (१७ अप्रिल १९४६)।

उहाँहरूबाट तत्कालीन प्रधानमन्त्री श्री ३ पद्मशम्शेर (शासनकाल–सन् १९४५–४८) सित भेटघाट गरी निष्कासित भिक्षुहरूलाई फर्काउने प्रमाङ्गी प्राप्त गरे अनुसार २३ जेष्ठ २००३ (५ जून १९४६ ई.) का दिन निष्कासित भिक्षुहरूमा वृद्ध भिक्षु धर्मालोक स्थविर कान्तिपुर पुगी आनन्दकुटी विहारमा आइपुगे। उहाँको आगमन पछि मात्र शिष्टमण्डल कालिम्पोङ्ग कलकत्ता हुँदै श्रीलंका फर्केको थियो। त्यसैवेला कालिम्पोङ्गमा भिक्षु प्रज्ञानन्दले उक्त शिष्टमण्डलका प्रतिनिधिहरूसित भेटघाट भएको थियो साथै आफ्ना प्रकाशित पुस्तक "महाजयमंगल पाठ" ८/१० वटा जति भिक्षु अमृतानन्दलाई दिइ पठाएको थियो।

Downloaded from http://dhamma.digital/

भिक्षु प्रज्ञानन्दले नेपालमा भित्रिने स्वीकृति पाइसकेको भएपनि वि.सं. २००३ सालको वर्षावास कालिम्पोङ्मै अधिष्ठान गर्नुभयो । वर्षावास समाप्ति पश्चात् भतिजा उत्तरनरसिंह वैद्यको सहयोगबाट २९ पौष २००३ तदनुसार १३ जनवरी १९४७ सोमबारका दिन कान्तिपुरबाट वीरगंज गोश्वाराका हाकिमलाई राहदानी दिन फोन आइसकेपछि भिक्षु प्रज्ञानन्दले राहदानी प्राप्त गरी भोलिपल्टै कान्तिपुर एवं पाटनको सुमंगल विहारमा आइपुग्नुभयो ।

भिक्षु प्रज्ञानन्दले वि.सं. २००४ सालको वर्षावास सुमंगल विहार एवं बलम्बूका उपासकोपासिकाहरूको सहयोगबाट मातातीर्थको सत्तल जीर्णोद्धार गराई त्यहीँ रहनुभएको थियो । शुरुमा एकान्तको स्थान रोजी वर्षावास बिताउनु भएको ठाउँमा भएपनि पछि क्रमशः उपासकोपासिकाहरूको आवागमन बढ्दै आयो । उपासकोपासिकाहरू ध्यान गर्ने हेतु समूह-समूह गरी आउन थाले । ग्रामका केही बालकबालिकाहरू पनि उहाँकहाँ अध्ययन गर्न आए । तैपनि रात्रीकालमा अन्य ठाउँमा भन्दा एकदम सुनसान रहेको कारण ध्यान-भावनाको सीमित उपयुक्त एवं आनन्द महशूस गर्दै रहनुभयो ।

उहाँ, त्यहाँ रहनुभएको बेला बिहान बुद्धपूजादि सकिएपछि कहिल्यैकहीँ भोजनको निमित्त आनन्दकुटी विहारमा पुग्नुहुन्थ्यो । फेरि भोजन पछि पाटनको सुमंगल विहारमा गई केही क्षण विश्राम लिई मातातीर्थमै फर्कनुहुन्थ्यो । यो त्यसबेलाको कुरा थियो जब कि आवागमनको निमित्त यातायातको कुनै साधन नै थिएन ।

वि.सं. २००४ सालमा जस्तै २००५ सालमा पनि भिक्षु प्रज्ञानन्दले वर्षावासको निमित्त त्यस्तै एकान्त, मनोरम एवं आनन्ददायक ठाउँ रोज्नुभयो त्यो हो 'आनन्दकुटी विहार' । सो विहारमा वर्षावास रहनुभएको बेलामा पनि उहाँको धर्मप्रचार कार्य त्यस्तै ग्राम-ग्राम, नगर-नगरमा पुगी श्रद्धालुहरूलाई धर्ममा समर्पित गराउँदै जानुभएको थियो ।

Downloaded from http://dhamma.digital/

पेकिङ्गमा सन् १९६३ (वि.सं. २०२१) मा सम्पन्न एशियाली बौद्ध सम्मेलन । ११ वटा एशियाली राष्ट्रहरू यस सम्मेलनमा नेपालको तर्फबाट उहाँका साथ भिक्षु सुदर्शन र तत्कालीन राष्ट्रिय पञ्चायतका एक सदस्य श्री अमीर लामा पनि गएको थियो । सो सम्मेलनमा भिक्षु प्रज्ञानन्द महास्थविरले त्यसताका दक्षिण भियतनामी सरकारले त्यहाँ रहेका बौद्ध जनताहरूलाई अमानवीय रूपमा गरेको दमनको विरोधमा बोल्नुभएको थियो ।

त्यस सम्मेलन पश्चात् उहाँहरू चीनका विभिन्न भू-भागहरूमा अवस्थित अनेकौं दर्शनीय स्थलहरूको अवलोकन गरी कैन्टन (क्वाङ्गचाउ) हुँदै हङ्कङ्ग पुग्नुभएको थियो । हङ्कङ्गमा केही दिन रही उहाँहरू विमानबाटै बर्मा पुग्नुभयो । बर्माका विभिन्न शहरहरूमा अवस्थित अनेकौं विहार, चैत्यपछि दर्शन गरी ढाका (बंगलादेश) हुँदै नेपाल फर्कनुभयो ।

भिक्षु प्रज्ञानन्द महास्थविरले वि.सं. २०२८ साल (बु.सं. २५१५, ई.सं. १९७१) को वर्षावास एकपटक बलम्बूको नजिक रहेको द्वम्बूस्थित "विजयाराम विहार" मा रही पुनः वि.सं. २०२९ सालदेखि २०४२ सालसम्म अतूट रूपमा पाटनकै थैनास्थित शाक्यसिंह विहारमा वर्षावास बिताउनु भएको थियो । यस अवधि (१४ वर्षावास) भित्रमा उहाँले शासनिक कार्य अन्तर्गत देश-विदेशमा सम्पन्न भएको कयौं सभा-सम्मेलनहरूमा सहभागी भई धर्मप्रेमी श्रद्धालुहरूलाई श्रद्धा वृद्धि गराउनुको साथै विदेशीहरूलाई समेत आफ्नो व्यक्तित्वबाट प्रभावित पार्नुभएको थियो ।

यसै अन्तर्गत वि.सं. २०२९ साल कार्तिक महिनामा पोखरामा सम्पन्न महापरित्राण, वि.सं. २०३० सालमा पाटनको पुल्चोकस्थित नेपाल भूतपूर्व सैनिक संगठनको स्मृतिभवनमा भव्य रूपमा सम्पन्न जापानी भिक्षु निचिदात्सु फुजी (सन् १८८५–१९८५) को ८९ औं जन्मोत्सव, ११ मंसिर २०३० तदनुसार २६ नवम्बर १९७३ का दिन पोखराको अनदू डाँडामा विश्व शान्ति स्तूप निर्माणार्थ सर्वप्रथम

Downloaded from http://dhamma.digital/

नवनिर्मित प्रार्थनाहलमा बुद्ध-मूर्ति स्थापना, १–३ नवम्बर १९७४ सम्म भारतको दिल्लीमा सम्पन्न तृतीय एशियाली बौद्ध सम्मेलन, २५ नवम्बर १९७४ का दिन राजगृहको विश्व-शान्ति स्तूपको पाँचौ वार्षिकोत्सव आदि प्रमुख अन्तराष्ट्रिय सभा सम्मेलनहरूमा भाग लिई सम्बोधन भाषण पनि गर्नुभएको थियो ।

वि.सं. २००७ सालदेखि (५१ औं जन्मोत्सव) भिक्षु प्रज्ञानन्द महास्थविरको जन्मोत्सव मनाउने परम्परा भिक्षु अमृतानन्द महास्थविर (वि.सं. १९७५–२०४७) ले शुरु गर्नुभयो । सुमंगल विहारमा रहनुभएको बेलादेखि शुरु भएको यस जन्मोत्सव परम्परा अहिले सम्म पनि विभिन्न तवरले मनाउँदै आएका उहाँ प्रति सम्पूर्ण भिक्षु, श्रामणेर, अनगारिका एवं उपासकोपासिकाहरूको विशेष श्रद्धाको स्वरूप थियो ।

वि. सं. २०३२ सालको अक्षय तृतीयका दिन (३१ वैशाख २०३२) भिक्षु प्रज्ञानन्द महास्थविरको ७६ औं जन्मोत्सव भव्यरूपमा भिक्षु संघबारे महापरित्राण पाठ गरी सम्पन्न गरिएको थियो सोही अवसरमा सोही जन्मोत्सवको अवसरमा आर. बी. वन्द्यबाट लिखित भिक्षु प्रज्ञानन्द महास्थविरको जीवनी पुस्तक पनि विमोचन कार्य सम्पन्न हुनुको साथै यस पंक्तिका लेखकका ज्येष्ठ दाजु धर्मसुन्दर शाक्य भिक्षु प्रज्ञानन्द महास्थविरको आचार्यत्वमा "श्रामणेर धम्मशोधन" नामबाट प्रव्रजित हुनुभएको थियो जसको श्रेय भिक्षु विवेकानन्द महास्थविर (वि. सं. १९७३-२०४२) लाई रहेको छ ।

यस्तै वि. सं. २०३३ सालमा पनि उहाँको ७७ औं जन्मोत्सव भव्यरूपमा उहाँकै जन्मस्थान काठमाडौंको इटुंवहालमा मनाउने आयोजना गरिएको थियो तर भव्यरूपमा सम्पन्न हुन लागेको सो जन्मोत्सव हुनु ६ दिन अगाडि (१४ बैशाख २०३३ का दिन) अकस्मात् उहाँलाई हृदय रोगले आक्रमण गऱ्यो । तसर्थ उहाँलाई उपचारार्थ वीर अस्पतालको इन्टेन्सिभ क्योर युनिटमा भर्ना गर्न ल्याउनुभयो । उहाँ उक्त महापरित्राणमा सम्मिलित हुन सक्नु नै भएन ।

Downloaded from http://dhamma.digital/

नेपालका संघनायक हुनुभएका भिक्षु प्रज्ञानन्द महास्थविरको ७७ औं जन्मोत्सवको उपलक्ष्यमा अखिल नेपाल भिक्षु महासंघको तर्फबाट (त्यसताकाको विषयगत) “शाक्यमुनि बुद्धको जन्मस्थान-लुम्बिनी, पितृकुल-कपिलवस्तु, मातृ कुल-देवदह” को विषयमा काठमाडौं उपत्यकाव्यापी अन्तर माध्यमिक विद्यालयबीच निबन्ध प्रतियोगिताको आयोजना पनि गरिएको थियो । सो प्रतियोगिता १९ बैशाख २०३३ का दिन गण महाविहारमा सम्पन्न गरिएको थियो सोही दिनको बेलुका इटुम्वहालमा महापरित्राण पाठ शुरु भएको थियो ।

वीर अस्पतालमा उपचारार्थ रहनुभएका भिक्षु प्रज्ञानन्द महास्थविरलाई ८ ज्येष्ठ २०३३ का दिन डाक्टरहरूले डिस्चार्ज हुने अनुमति दिइसकेपछि उहाँ (२३ दिन पछि) शाक्यसिंह विहारमा फर्कनुभयो । उहाँलाई ६ महिनासम्म आराम लिनुपर्ने र केही परिश्रम गर्न नहुने कुरा डाक्टरहरूले भनेको थियो तर उहाँले आफ्नो स्वभावनुसार विहारमा आउने उपासिकोपासिकाहरूलाई विस्तारै धर्मोपदेशका साथै ध्यान-भावनाको अभ्यास पनि गराउँदै लगेको थियो ।

नेपालका भिक्षु एवं श्रामणेरहरूलाई लङ्का र बर्मा पश्चात् बुद्ध-धर्म अध्ययन गराउने स्वर्ण अवसर दिएको राष्ट्र थाइलैण्डबाट पुनः नेपालसित घनिष्ठ धार्मिक सम्बन्ध बढाउने हेतु सर्वप्रथम बैङ्क- ६ स्थित वात पकनामका नायक भिक्षु धम्मधीर राजमहामुनि २४ जना भिक्षुहरू, दुइजना अनगारिका एवं ५१ जना थाई उपासकोपासिकाहरू पनि साथ लिई नेपालमा भव्य रूपमा कठिनोत्सव मनाउन २७ कार्तिक २०३५ का दिन सम्पूर्ण कठिन दानका सामाग्रीहरू लिई काठमाडौं आइपुग्नु भएको थियो ।

स्मरणीय छ, उहाँ महास्थविर एवं उहाँका एक अन्तेवासी भिक्षु विजय स्थविर २०३२ (सन् १९७५) सालको वर्षावास आनन्दकुटी विहारमा बिताउन आउनुभएको थियो । त्यही वर्षावासकाल भित्रमा उहाँले यस पंक्तिका लेखकको सानी आमा (आमाको बहिनी) मायादेवी शाक्यलाई भक्तपुरको बौद्ध संमकृत

Downloaded from http://dhamma.digital/

विहारमा आउनु भई अनगारिका वजिरञाणी नामबाट दशशील ग्रहण गराई प्रव्रजित गरिदिएको थियो । वर्षावासकाल समाप्ति पश्चात् भक्तपुर कै एक श्रामणेर सुमेधलाई भिक्षु अमृतानन्दको अनुरोधमा थाइलैण्डमा बुद्ध-धर्म अध्ययनार्थ लानुभएको थियो ।

२८ कार्तिक २०३५ का दिन थापाथलीस्थित थाई राजदूतावास देखि भव्यरूपमा कठिन वस्त्र यात्रा गरी पाटनको मणिमण्डप विहारमा पुऱ्याई त्यहाँ वर्षावास रहनुभएका भिक्षुहरू (थाई भिक्षुहरू पनि) लाई कठिन चीवर दान-कार्य सम्पन्न गरेको थियो तत्पश्चात् थाई समूह शाक्यसिंह विहारमा गई भिक्षु प्रज्ञानन्द महास्थविरलाई कल्पवृक्ष दान कार्य पनि गरेको थियो ।

यसको ठीक २ महिनापछि नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर एवं उहाको साथ भिक्षु सुदर्शन स्थविर लगायत अन्य ४ जना (एक श्रामणेर एवं ३ जना उपासकहरू) को यात्रादल बैङ्ककस्थित बाट स्राकेट (Golden Mount) का नायक भिक्षु ब्रह्मगुणाभर्ण महास्थविरको निमन्त्रणामा २१ पौष २०३५ (५ जनवरी १९७९) का दिन बैङ्कक पुग्नुभयो । उहाँहरू दुई हप्ता सम्म थाइलैण्डको प्रमुख विहारहरू एवं दर्शनीय स्थलहरूको अवलोकन गरिसकेपछि १९ जनवरी १९७९ का दिन नेपाल फर्कनुभएको थियो ।

यस्तै भिक्षु प्रज्ञानन्द महास्थविर एवं लुम्बिनी विकास समितिको तर्फबाट पनि थाई बौद्ध शिष्टमण्डललाई नेपाल निमन्त्रित कार्य भयो जुन शिष्टमण्डलमा थाइलैण्डका उपसंघराजा सोमेदच भिक्षु धीरज्ञानमुनि महास्थविर र बाट स्राकेट महाविहारको नायक भिक्षु ब्रह्मगुणाभर्ण महास्थविरका साथ एक अन्य भिक्षु र एक उपासक पनि थिए ।

यसप्रकार नेपाल र थाइलैण्डका प्रमुख भिक्षुहरूको तर्फबाट मैत्रीपूर्ण भ्रमणको आदान-प्रदान भएबाट नेपाल र थाइलैण्डको बीच मैत्री सम्बन्ध राष्ट्रिय स्तरमा पनि बढ्दै आयो जसबाट दुबै देशका व्यापारीहरूको बीचमा पनि सम्पर्क

Downloaded from http://dhamma.digital/

हुँदै आएबाट दुवै देशको आर्थिक क्षेत्रमा पनि विशेष प्रभाव पार्दै ल्याएको थियो।

वि. सं. २०३६ सालको आश्विन महिनामा नेपालका प्रायः ज्येष्ठ भिक्षु एवं अनगारिकाहरूका गुरुवर ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) का एक प्रमुख शिष्य भदन्त ऊ. ज्ञानेश्वर महास्थविर (हाल अग्गमहापण्डित) ले संघनायक एवं अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष हुनुभएका भिक्षु प्रज्ञानन्द महास्थविरको सम्मानार्थ उहाँकै विहारमा भव्य कठिनोत्सव कार्य सम्पन्न गर्ने हेतु नेपाल आउनुभएको थियो, उहाँले २७ आश्विन २०३६ (१३ अक्टोवर १९७३) का दिन सम्पन्न गरिएको सो कठिनोत्सव समारोहमा नेपालका सम्पूर्ण भिक्षु एवं अन्य उपस्थित ६० जना महायानी लामाहरूलाई समेत चीवर-वस्त्र प्रदान गर्नुभएको थियो।

यस्तै भव्य पुनीत कार्य कुशीनगरमा सन् १९८१ को जनवरी महिना (माघ, २०३७ साल) मा सम्पन्न गरियो– सो पुनीत कार्य थियो – १९ औं शताब्दीको अन्तिम दशक देखि तथागतको परिनिर्वाणस्थल कुशीनगरमा रही भारत एवं नेपालमा बुद्ध-धर्मको व्यापक प्रचार-प्रसार गर्न टेवा दिनुभएको ऊ. चन्द्रमणि महास्थविरको प्रतिमा संस्थापन समारोह। सो प्रतिमाको उद्घाटन सम्माननीय दलाई लामा (१४ औं) को करकमलबाट २० जनवरी १९८१ का दिन सुसम्पन्न गरेको थियो। यसको भोलिपल्ट २१ जनवरीका दिन एक भव्य सार्वजनिक समारोह पनि भएको थियो त्यस समारोहको सभापतित्व पूज्यवर संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरले गर्नुभएको थियो। उहाँले उक्त समारोहमा ऊ. चन्द्रमणि महास्थविरको देन बारे विस्तृत चर्चा गर्नुभएको थियो।

वि. सं. २०४१ सालमा आश्विनमा अखिल नेपाल भिक्षु महासंघ (स्थापना :– वि. सं. २००८ साल) ले नेपालमा स्थविरवाद बुद्ध-धर्म पुनरुत्थान भएको ५० वर्ष पूरा भएको उपलक्ष्यमा देश एवं विदेश (लंका, बर्मा, थाइलैण्ड) का केही प्रमुख (प्रतिष्ठित) भिक्षुहरू समेत सम्मिलित गराई एक ऐतिहासिक भिक्षु सम्मेलन

Downloaded from http://dhamma.digital/

सम्पन्न गरिएको थियो । सो सम्मेलनको समुद्घाटन नेपालका ज्येष्ठ भिक्षु (८५ वर्ष भइसकेका) प्रज्ञानन्द महास्थविरले नै गर्नुभएको थियो । १८ देखि २२ मंसिर २०४१ सम्म सम्पन्न गरिएको सो सम्मेलनमा उहाँलाई "संघमहानायक" को साथै "अरिय धम्म रक्खित नेपाल बुद्धशासन वंसालंकार सिरि" नामक सम्मान (उपाधि) ले सुशोभित गरिएको थियो ।

वि. सं. २०४२ सालमा पूज्यपाद भिक्षु प्रज्ञानन्द महास्थविरले थाइलैण्डको दोस्रो पटक भ्रमण गर्नुभएको थियो । यसपटकको थाइलैण्ड भ्रमणको प्रमुख उद्देश्य बैङ्कक-६ स्थित वाट पकनामका भदन्त धम्मधीर राजमहामुनि एवं उहाँको सक्रियतामा थाई उपासकोपासिकाहरूले कीर्तिपुर स्थित नगर मण्डप श्रीकीर्ति विहारमा बुद्धका चार संवजनीयं स्थलहरूको प्रतिक बनिएको प्राचीन स्मारकहरूको साथै नेपालमा स्थविरवाद बुद्ध-धर्मका पुनरुद्धारक हुनुभएका भिक्षु प्रज्ञानन्द महास्थविरको ऐतिहासिक भिक्षाटनको स्मृति मानव सरहको उहाँको प्रतिमा राख्ने आशयले थाइलैण्डमा निर्मित उहाँको प्रतिमाका शिल्पकारलाई उहाँको सजीव रूप देखाउनको निमित्त थियो । सन् १९८५ को नवेम्बरको शुरुमा थाइलैण्ड जानुभएका उहाँ धेरै पटक प्रतिमा निर्माता कहाँ जानुभएको थियो । त्यहाँको काम सकिएपछि उहाँ केही दिन थाई-राजविहारबाट बबरनिवेशमा रहनुभएको थियो । त्यस अवधिभित्रमा उहाँले उक्त विहारमै थाई सम्राट भूमिबोल अदुल्यादेजसित पनि भेटवार्ता गर्नुभएको थियो साथै उहाँ समक्ष थाई राजगुरु सोमदेच फ्रा. ञाणसंवर महास्थविरको ७३ औं जन्मोत्सव नेपालमा विशेष रूपमा मनाउने आग्रह एवं अनुमति पनि लिनुभएको थियो । भिक्षु प्रज्ञानन्द महास्थविरको आग्रहलाई थाइ सम्राटले सहर्ष अनुमोदन मात्र गरि बक्सेको थिएन स्वयम् नेपालमा सम्पन्न गर्ने सोमदेच फ्रा. ञाणसंवर महास्थविर को ७३ औं जन्मोत्सवको उपलक्ष्यमा नेपालका ७३ जना शाक्यपुत्रहरूलाई प्रव्रज्याको निमित्त आवश्यक वस्त्रादिको भार (जिम्मा) पनि वहन गरिबक्सेको थियो ।

Downloaded from http://dhamma.digital/

२३ नवेम्वर १९८५ तद्नुसार ८ मंसिर २०४२ का दिन नेपाल आउनुभएका थाई राजगुरु सोमदेच फ्रा. ञाणसंवर महास्थविरले २४ नवेम्बर १९८५ का दिन कीर्तिपुरको नगरमण्डप श्रीकीर्ति विहारमा ७३ जना शाक्यपुत्रहरूलाई प्रव्रजित गरी ओवाद समेत दिनुभएको थियो । उहाँ हप्तादिनको कार्यक्रम सिध्याई ३० नवेम्वर १९८५ तद्नुसार १५ मार्ग २०४२ का दिन थाइलैण्ड फर्कनुभएको थियो ।

त्यस पुनित कार्य सम्पन्न भएको वर्ष दिन नहुँदै संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर रोग उपचारार्थ २ जुलाई १९८६ का दिन बैङ्कमा पुग्न बाध्य भए । यसभन्दा अघि उहाँ एक-डेढ हप्ता (मई, १९८६) महाराजगंजको शिक्षण अस्पतालमा भर्ना हुनुभएको थियो । यो अवधि (मई-बैशाख) उहाँको ८७ औं जन्मोत्सवको अवधि थियो – २९ बैशाख २०४३– अक्षय तृतीयाका दिन उहाँको ८७ औं जन्मोत्सवको उपलक्ष्यमा ८७ जना उपासिकाहरू साप्ताहिक रूपमा अनगारिका एवं दशशील पालन गरी श्रीकीर्ति विहारमा रहने भव्य कार्यक्रम राखिएको थियो । अक्षय तृतीयाको हप्ता दिन अगाडि ५ मई १९८६ का दिन मै उहाँलाई विशेषत: मुटुको व्यथाले शिक्षण अस्पतालको इन्टेन्सिभ क्योर यूनिटमा भर्ना गर्न बाध्य हुन गएको थियो । उहाँको अनुपस्थिति मै अक्षयातृतीयाको कार्यक्रम सम्पन्न गर्नुभयो ।

संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरले वि. सं. २०४३ साल (सन् १९८६) को वर्षावास थाइलैण्डको चूलालङ्कन अस्पतालमै बिताउनु भयो । उहाँको उपचारको सारा प्रवन्ध थाई सम्राट भूमिबोल अदूल्यादेज स्वयंले लिइबक्सेको थियो । अत: भिक्षु प्रज्ञानन्द महास्थविरलाई अस्पतालमा कुनै किसिमको (व्यवस्थाको) समस्या भएन । उहाँले स्वास्थ्यलाभ गरिसकेपछि केही हप्ता बाट बबरनिवेशमा रहनुभयो । भिक्षु प्रज्ञानन्द महास्थविरले थाई सम्राट प्रति विशेष रूपले कृतज्ञता ज्ञापन गरिसकेपछि ५ नवेम्बर १९८६ का दिन बैङ्कबाट काठमाडौं फर्कनुभयो ।

Downloaded from http://dhamma.digital/

भिक्षु प्रज्ञानन्द महास्थविरलाई, उहाँको ९० औं जन्मोत्सवको उपलक्ष्यमा २४ बैशाख २०४६ का दिन पुल्चोक अक्षेश्वर विहारमा नेपालका विभिन्न संघ, संस्थाहरूको तर्फबाट सार्वजनिक रूपमा अभिनन्दन समारोह सम्पन्न गरिएको थियो। यसको दुई वर्ष पछि ६ पौष २०४८ तदनुसार २१ दिसम्बर १९९१ का दिन बर्मा सरकारद्वारा पनि उहाँलाई "अग्गमहापण्डित" को उपाधि प्रदान गरिएको थियो । सो उपाधि उहाँलाई पाटनको शाक्यसिंह विहारमा एक समारोहका बीच तत्कालीन बर्मा राजदूत ला मिइन्तले प्रदान गर्नुभएको थियो ।

संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरले "अग्गमहापण्डित" उपाधि ग्रहण गर्नुभएको वर्षदिन पछि २८ फागुण २०४९ का दिन साविक बमोजिन विहान सबेरै उठी दैनिक कार्य शुभारम्भ गर्नुभएको थियो । त्यस दिन पनि प्रायः अन्य दिनहरूमा जस्तै उहाँको दर्शनार्थ कोही न कोही देशी वा विदेशी श्रद्धालुहरू आउने क्रममा एक थाई भिक्षु ज्योतिवरो एवं अन्य केही थाई उपासकोपासिका उहाँको दर्शनार्थ दिनको ४ बजेतिर शाक्यसिंह विहार आइपुगेको थियो । ती भिक्षु एवं उपासकोपासिकाहरूलाई उहाँले ओवादोपदेश पनि दिनुभएको थियो । थाई भिक्षु एवं थाई उपासकोपासिकाहरू उहाँलाई शाष्टाङ्ग दण्डवत् गरी फर्किसकेपछि निकै समयसम्म ओवादोपदेश दिनुभएको कारण अलि थकित भएको महशुस गरी आराम लिनुभयो तर उहाँको यस आराम वा विश्राम नै उहाँको जीवनको अन्तिम आराम हुन गयो। उहाँ त्यस शयनासनबाट उठ्न सक्नुभएन। उहाँलाई हृदयघातले एक्कासी आक्रमण गऱ्यो। उहाँको यसस्थिति थाहा पाउनासाथ यत्र-तत्र खबर एवं फोन पठाइयो जसअनुसार केही डाक्टरहरूका साथ उपासकोपासिकाहरू पनि शाक्यसिंह विहारमा आइपुगे । उपासकोपासिकाहरूको जमघट हुनु अगाडि नै रातको ९:१५ बजे परमपूज्य संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरले आफ्नो ९४ वर्षको झण्डै शताब्दीकालीन जीवन यात्रा अन्त गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

उहाँको दाहसंस्कारको प्रवन्धार्थ वर्माका राजदूतले "अग्गमहापण्डित" को हैसियतले बर्मी सरकारको परम्परानुसार २४,३५०।- रूपियाँ चन्दास्वरूप प्रदान गरियो। भिक्षु प्रज्ञानन्द महास्थविरको शवलाई ३ दिनसम्म शाक्यसिंह विहारमा श्रद्धालुहरूको दर्शनार्थ राखियो। ३० फागुण २०४९ तद्नुसार १३ मार्च १९९३ का दिन मध्यान्हको बेला उहाँको शवयात्रा अभूतपूर्व रूपमा पाटनको थैनास्थित शाक्यसिंह विहारबाट प्रारम्भ गरियो।

स्मरणीय छ, नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको निधनको समाचार थाइलैण्डमा पुगिसकेपछि थाइलैण्डका संघराजा सोमदेच फ्रा. ञाणसंवर महास्थविरले नेपालको संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको अन्तिम धार्मिक संस्कारमा सम्मिलित गराउन आफ्नो प्रतिनिधि स्वरूप भिक्षु महानायक महाथेर र नेपाली भिक्षु सुगन्ध (थाई संघराजाका नीजि सचिव) लाई पांशुकुलवस्त्र, सुजल एवं विशेष प्रकारले सजावटी फूलका साथ समवेदना सन्देश पठाएको थियो।

शाक्यसिंह विहारबाट शुरूभएको त्यस शवयात्रा ओकुबहाल-सौगल (सुन्धारा)-मङ्गल बजार-गा:वहाल-न:टोल-पाटनढोका-नकबहिल-क्वालखु-कोन्ति (कुम्भेश्वर)-ई:बही हुँदै शंखमूल र बाग्मती नदीको दोभानमा पुगी अन्तिम दाहसंस्कार गरिएको थियो।

दाहसंस्कारको बेला थाई पुष्पहरूद्वारा अभूतपूर्व श्रृंगार र तीन हजार श्रीखण्डद्वारा निर्मित गुलावको फूलहरी सहित गरी दागवत्ती गरिएको थियो। भिक्षु प्रज्ञानन्द महास्थविरको शवको अग्नि संस्कार गरेको केही घण्टा पछि नै अनित्य देह यस संसारबाट विलीन भयो।

यसप्रकार अग्गमहापण्डित-संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको ९४ वर्षको जीवनकाल कान्तिपुरको इंटुवहालबाट शुरु भई वर्षौं तिब्बतमा बिताई सन् १९३० देखि स्थविरवाद वुद्ध-धर्ममा प्रव्रजित भई शुरु मै एक्लैले धर्मप्रचार गर्दै वुद्ध-धर्मलाई जनस्तरसम्म पुऱ्याई अनेक विहारहरूको स्थापना-पुस्तक लेखन एवं

Downloaded from http://dhamma.digital/

प्रकाशन, कयौं श्रद्धालुहरूलाई प्रव्रजित हुनको लागि अभिप्रेरित आदि पुण्यकार्य एवं देश विदेशमा सम्पन्न कयौं अन्तर्राष्ट्रिय सम्मेलनहरूमा पनि सहभागी भई अन्तमा ६३ वर्षको अथक धर्मको प्रचार-प्रसार पश्चात् अन्तर्राष्ट्रिय व्यक्तिहरूलाई आफ्नो शवयात्रामा सम्मिलित हुने सौभाग्य दिई सदाको निमित्त यस लोकबाट प्रस्थान गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

# स्मरणीय व्यक्तित्वहरू

## अभ्यास–१

१। आधुनिक नेपालको स्थविरवाद बुद्ध धर्ममा श्रामणेर कर्मशीलको अहं भूमिका रहेको कुरालाई चर्चा गर्दै उनको योगदानलाई प्रकाश पार्नुहोस् ।

२। श्रामणेर कर्मशील नेपालको संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरसम्म कसरी निरन्तर अगाडि बढे ? उनको जीवनीलाई समेटिएर प्रकाश पार्नुहोस् ।

३। दिवंगत संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरले नेपालमा स्थविरवाद बुद्धधर्मको पुनरूत्थान र प्रचार-प्रसार गर्न के-कस्ता योगदानहरू पुऱ्याउनु भएको छ ? आफ्नै शव्दमा लेख्नुहोस् ।

४। नेपालका पहिलो संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरको जीवनीलाई चार सय शव्दमा लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# २. भिक्षु शाक्यानन्द महास्थविर

भिक्षु महाप्रज्ञाको साथै उहाँलाई विशेष सहायता दिनुभएका श्रामणेर अमृतानन्द एवं अन्य ९ जना उपासकहरूलाई पनि बेलुका, मैन्टोलबत्ती २ वटा लिई, ११ जनालाई सिपाही र कर्मचारीहरूको बीचमा राखी बडा हाकिम अगाडि घोडामा चढ्दै पहाडको बाटोबाट अड्डाखानामा लगिरहेको दृश्य त्यसबेला उहाँहरूलाई अलि रमाइलो पनि लागेको थियो ।

बडाहाकिम एवं सरकारी कर्मचारीहरूले भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई जेलमा राखियो र उपासकहरूलाई महिनौं तारिखको रूपमा हाजिर हुनुपर्ने गरी कष्ट दिए। उपासकहरूमा विशेषत: कुलराज शाक्य (भिक्षु सुबोधानन्द) लाई स्थानीय प्रमुख मद्दती ठहऱ्याई निकै दु:ख दिएको थियो ।

श्रामणेर सुबोधानन्द वि.सं. १९९७ साल कार्तिक महिनातिर कालिम्पोङ्गको प्रज्ञाचैत्य महाविहारमा रहनुभएको बेला श्रामणेर अमृतानन्दले उपसम्पन्न हुनको निम्ति श्रीलंकामा आएपनि हुन्छ भन्ने खबर पठाएकोले उहाँ श्रीलंका प्रस्थान गर्नुभयो र २५ जनवरी १९४० का दिन श्रामणेर अमृतानन्दका साथै उपसम्पन्न भई "भिक्षु सुबोधानन्द" हुनुभयो । उहाँहरू कोलम्बो, वजिररामका, महानायक भिक्षु वज्रज्ञान (वजिरञाण) महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न हुनुभएको थियो ।

त्यसबेला दोश्रो विश्वयुद्ध शुरू भइरहेको थियो । अत: श्रीलंकामा पनि फौज पुग्न सक्ने सम्भाव्यताले भिक्षु अमृतानन्दले अध्ययन गराउनको निमित्त तानसेनबाट दुइजना केटाहरूलाई श्रीलंका लिएर जानुभएको थियो । तिनीहरूलाई साथमा लिई भिक्षु अमृतानन्द सन् १९४२ को अन्ततिर स्वदेश फर्कनुभएको थियो ।

Downloaded from http://dhamma.digital/

ती केटाहरूमा भिक्षु (अमृतानन्दकै भाइहरू) मतिनाकाजी शाक्य पछि वि.सं. २००१ सालमा श्रीलंकामै "श्रामणेर विमलानन्द" हुनुभएको थियो ।

उहाँहरूलाई तानसेनमा छोडिसकेपछि भिक्षु अमृतानन्द स्वयम्भूको किण्डोल विहारमा आउनुभयो । उहाँले स्वयम्भूपर्वत स्थानमा वि.सं. १९९९ साल (सन् १९४२ मई) को कार्तिक महिनाभर बिहान-बिहान एक एक घण्टा धर्मोपदेशको कार्यक्रम गर्नुभएको थियो । उहाँको धर्मोपदेश सुन्न त्यसताका (मानिसहरू एकत्रित हुन नपाउने जंगी कानून लागू भएको बेला पनि हजारौंको संख्यामा श्रोतागणहरू उपस्थित हुँदै आएका थिए । धर्मोपदेश (विश्वन्तरजातकदेशना) समाप्तिको अवसरमा उहाँले ४ जना भिक्षुहरूद्वारा कार्तिक पूर्णिमाका दिन पहिलोपल्ट अहोरात्र-महापरित्राण सम्पन्न गर्नुभएको थियो ।

यस महापरित्राणको निमित्त भिक्षु अमृतानन्दले भोजपुरमा भिक्षु शाक्यानन्दलाई पत्र पठाउनु भएको थियो जुन पत्र पाउनासाथ भिक्षु शाक्यानन्द एउटा भरिया साथ लिई पहाडको बाटोबाट १०–११ दिन जति बिताई काठमाण्डौ पुग्नभएको थियो ।

भिक्षु सुबोधानन्द पनि श्रीलंकामा ३ वटा वर्षावास बिताई सन् १९४३ (वि.सं. २००० वैशाख पूर्णिमा अगाडि) मा श्रीलंकाबाट कालिम्पोङ्ग आउनुभयो । कालिम्पोङ्गबाट लगत्तै काठमाण्डौ आउनुभई किन्डोल विहारमा दाजु शाक्यानन्दलाई भेट्नुभयो, यो उहाँहरूको (दाजु-भाइको) १२ वर्षपछिको मिलन थियो ।

यस वर्ष काठमाडौंमा भिक्षुहरू प्रज्ञानन्द धम्मालोक, अमृतानन्द, शाक्यानन्द र सुबोधानन्दहरूको सक्रिय सहयोगले भव्यरूपमा बुद्धजयन्ती मनाउनु भएको थियो ।

बैशाष-पूर्णिमा सिध्याई भिक्षु सुबोधानन्द वर्षावासको निमित्त किन्दोलमै रहनुभयो । भिक्षु शाक्यानन्द वर्षावासको निमित्त पुनः भोजपुर प्रस्थान गर्नुभयो ।

यसै पटक (सन् १९४३ – वि.सं. २०००) को वर्षावास सिध्याई भिक्षु

Downloaded from http://dhamma.digital/

शाक्यानन्द भोजपुरबाट फर्कंदै थिए। बीच बाटैमा १६–१७ जवान पुलिसहरू आई उहाँलाई पक्री गोश्वारा लगिहाले। उहाँलाई, विवाहिता नारीहरूलाई अप्टशील दिएको र दुई चार जना पुरुषहरू र दुइ चार जना स्त्रीहरूलाई कुशीनगरमा लगी बुद्ध धर्ममा मोड्न लागेको आरोप लगाइएको थियो।

उहाँको सम्पूर्ण कुरालाई काठमाण्डौ पुऱ्याई, त्यसको जवाफ नआएसम्म भोजपुरकै ज्ञानज्योति गुभाजूको जमानीमा छोडिएको थियो। काठमाण्डौबाट "बुद्धमार्गीहरूले बुद्धधर्ममा मोड्दा कुनै बाधा छैन" भन्ने जवाफ आइसकेपछि मात्र बडाहाकिम गरुडध्वजले उहाँलाई भोजपुरबाट बाहिर जान सक्ने आदेश दिएको थियो।

उहाँ भोजपुरबाट कुशीनगर जानुभई ऊ चन्द्रमणि महास्थविरको दर्शन गर्नुभयो र केही दिनपछि बुटवल तानसेन हुँदै पोखरा आउनुभयो। पोखराबाट उहाँले मुक्तिक्षेत्रको यात्रा गर्नुभयो। मुक्तिनाथको यात्रापछि उहाँ पुनः पोखरा फर्कनुभई १५ दिनजति धर्म-देशनाको कार्यक्रम गर्नुभएको थियो।

त्यसबेला पोखरामा भिक्षु महाप्रज्ञा पनि आइरहनु भएको थियो। उहाँले अनगारिका धर्मशीलाको बुद्धविहारको निमित्त एउटा बुद्ध-मूर्ति निर्माण गरिदिनुभएको थियो। उहाँ २० दिनजति पोखरामा रहनुभई बुटवल प्रस्थान गर्नुभयो, भिक्षु शाक्यानन्द पनि बैशाखपूर्णिमा समाप्त हुने बित्तिकै तानसेन प्रस्थान गर्नुभयो। त्यस सालदेखि (२००१ साल) जीवनपर्यन्त उहाँ तानसेनमै रहनु भएको थियो।

अतः उहाँले जीवनको अन्तसम्ममा बिताउनु भएको भिक्षु-जीवनका केही प्रमुख घटनाहरूलाई याद गरौं–

१) वि.सं. २००६ साल (सन् १९४९) मा बुद्धरक्षित (बंगाली) र संघरक्षित (अंग्रेजी) नामका दुइजना श्रामणेरहरूलाई तानसेनमा धर्मप्रचारार्थ ऊ चन्द्रमणि महास्थविरले कुशीनगरबाट पठाउनु भएको थियो। उहाँहरू चन्द्रमणि महास्थविर

Downloaded from http://dhamma.digital/

कै हातबाट १२ मई १९४९ (बैशाख-पूर्णिमा) का दिन श्रामणेर हुनुभएको थियो। उहाँहरू तानसेनको टक्सारमा एक महिनाजति रहनु भएको थियो। अत: उहाँहरूको सम्पर्क भिक्षु शाक्यानन्द स्थविरसित घनिष्ठ रहेको कुरा स्वयम् भिक्षु संघरक्षितले आफ्नो यात्रा वर्णनको रूपमा लेखिएको "The Thousand-Petalled lotus" भन्ने ग्रन्थमा भिक्षु शाक्यानन्दको साथै आनन्द विहार र महाचैत्य विहार आदि तानसेन सम्बन्धी कुरा कृतज्ञस्वरूप थियो।

२) त्यसबेला भोजपुर, तानसेन र पोखरा आदि ठाउँहरूमा रहनुभएका शाक्य, वज्राचार्यहरूलाई आफ्ना छोराहरूको चूडाकर्म (व्रतबन्ध) गर्न काठमाडौं उपत्यकासम्म धाउनुपर्ने समस्याले निकै जटिल रूप लिँदै आएको थियो। यस समस्यालाई भिक्षु अमृतानन्द महास्थविर (वि.सं. १९७५–२०४७) ले बेलैमा बुझ्नु भई भिक्षु शाक्यानन्द र भिक्षु सुबोधानन्द सहित तानसेन र भोजपुरका केही प्रतिनिधिहरूको एक टोली बनाई नारायणहिटी राजदरबारमा जानुभई श्री ५ त्रिभुवन (वि.सं. १९६३–२०११) समक्ष आ-आफ्नो ठाउँमै चूडाकर्म गर्न पाउने विन्तिपत्र चढाउनुभएको थियो। सो विन्तिपत्रलाई श्री ५ त्रिभुवनले सहर्ष स्वीकार गर्नुभई आ-आफ्नो ठाउँमा चूडाकर्म गर्ने हुकुम प्रमाङ्गीबक्सेको थियो– यो थियो २००८ सालको कुरा।

३) सन् १९५४ मा बर्मामा छट्ठ संगायना शुरू भएको थियो, जसको प्रथम सन्निपात (अधिवेशन) १७ मई १९५४ मा शुरू भई ८ जुलाई १९५४ का दिन समाप्त भएको थियो। त्यस्तै दोश्रो सन्निपात २५ नवेम्बर १९५४ देखि शुरू हुने भएको थियो, जसको निमित्त नेपालको तर्फबाट संगीतिकारको रूपमा भिक्षु शाक्यानन्द र भिक्षु विवेकानन्द (वि.सं. १९७३–२०४२) १३ नवेम्बरका दिन कलकत्ताबाट वायुयानद्वारा "रंगून" पुग्नुभएको थियो।

द्वितीय सन्निपातको अवधिमा नै ३ देखि ५ दिसम्बर १९५४ सम्म द्वितीय विश्व बौद्ध सम्मेलन पनि संगायना भएको ठाउँ "महापाषान गुफा" मै सम्पन्न

Downloaded from http://dhamma.digital/

भएको थियो ।

विश्व बौद्ध सम्मेलनको साथै संगायनाको द्वितीय सन्निपात सिध्याई भिक्षु शाक्यानन्द एक्लै स्वदेश (तानसेन) फर्कनुभएको थियो ।

४) २०१३ (सन् १९५६) सालमा, नेपालमा चतुर्थ बौद्ध सम्मेलन सम्पन्न भएको थियो, जुन सम्मेलन नवेम्बर (कार्तिक) महिनाको १५ देखि २१ तारिखसम्म ४२ राष्ट्रहरू सम्मिलित भई सुसम्पन्न भएको थियो ।

यस वर्ष २५०० औं बुद्ध-जयन्ती पनि पर्न आएको कारण धूमधामका साथ तानसेनमा पनि बुद्ध-जयन्ती मनाएको थियो । बुद्ध-जयन्ती एवं वर्षावासको समाप्ति पछि भिक्षु शाक्यानन्द, अनगारिका करुणा र सुशीलालाई साथ लिई भारत भ्रमणमा जानुभएको थियो, जुन भ्रमण अन्तर्गत उहाँहरू साँची, अजन्ता, एलौरा, बम्बई, दिल्ली र आग्रा हुँदै कुशीनगर पुग्नुभएको थियो । कुशीनगरबाट पुनः उहाँहरू अन्य अनगारिकाहरूलाई पनि साथ लिई चतुर्थ विश्व-बौद्ध सम्मेलनमा सहभागी हुन काठमाडौ आइपुग्नु भयो ।

५) काठमाडौ उपत्यकाबाहिर नेपालभाषा साहित्य र बुद्धधर्ममा बढी जागरण भएको ठाउँ भोजपुर पनि एक थियो । त्यसताका नेपालमा भएका २५-२६ जवान भिक्षुहरूमा भोजपुरका सिर्फ टक्सार टोलका सुपुत्रहरू मात्रै ५ जना थिए, अझ अनगारिका हुनेहरू पनि थिए । पुनः सिर्फ कुलधन शाक्यका चार पुत्रहरूमा पुण्यधन शाक्य (जेष्ठ) बाहेक अन्य तीनै भाइहरू भिक्षू शाक्यानन्द, भिक्षु सबोधानन्द र श्रामणेर सुगतानन्द हुनुभई बुद्ध शासनमा सम्मिलित हुनुभएको थियो ।

चैत्यधन शाक्य वि. सं. २०१८ सालको कार्तिक पूर्णिमाका दिन कुशीनगर मै ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट नै "श्रामणेर सुगतानन्द" हुनुभएको थियो । उहाँ कुशीनगरबाट बुटवल, रिडी र तानसेन हुँदै भिक्षु शाक्यानन्दका साथ पौष महिनामा भोजपुर पुग्नुभयो, जहाँ पौष २३ गतेदेखि माघसंक्रान्तिसम्म गरी

Downloaded from http://dhamma.digital/

९ दिन भव्यरूपमा "शाक्यमुनि बौद्ध सङ्घ" को तत्वावधानमा "शाक्यमुनि विहार" मा महापरित्राण सुसम्पन्न भएको थियो। ती महापरित्राणमा एकै परिवारका तीनै जना प्रव्रजितहरू सामेल हुनुभएको एक विशेष महत्वको कुरा मान्न सकिन्छ। श्रामणेर सुगतानन्दको महापरित्राण सिध्याई केही दिनमै (माघ ७ गते) पुरानो श्वास रोगको कारण ४९ वर्षको उमेरमा भोजपुरमै निधन भयो।

६) २०४१ साल, मंसिर १८ गतेदेखि २२ गते सम्म "अखिल नेपाल भिक्षु महासङ्घ" ले देश विदेशका भिक्षुहरूको समागम गरी "भिक्षु सम्मेलन" सम्पन्न गर्नुभएको थियो। त्यस सम्मेलनमा हाल हुनुभएका नेपालका जेष्ठ भिक्षु प्रज्ञानन्द महास्थविरलाई "उपसंघनायक" पदवाट विभूषित गरिएको थियो। उक्त सम्मेलनमा श्रीलंकाबाट मदिहे पञ्ञासिंह महास्थविर र प्रियदर्शी महास्थविर, थाइलैण्डबाट फ्रा. धम्मधीर राजमहामुनि, बर्माबाट ऊ सागराभिवंश महास्थविरहरू पनि आमन्त्रित हुनुभएको थियो।

भिक्षु शाक्यानन्द महास्थविरलाई "उपसंघनायक" पदबाट विभूषित गरिएको खुशियालीमा "तानसेन ज्ञानमाला संघ" परिवारले २२ पौष २०४१ का दिन 'आनन्द विहार' मा उपहार सहित 'अभिनन्दन समारोह' को आयोजना गरिएको थियो।

७) वि. सं. २०४५ साल चैत्र १७ गतेदेखि २१ गतेसम्म तानसेनवासी (विशेषतः ज्ञानमाला सभा, टक्सार महाचैत्य विहार) हरूले भिक्षु शाक्यानन्द महास्थविरको ८० औं वर्ष प्रवेश र धर्मदेशनाको ४५ औं वर्ष प्रवेशको उपलक्ष्यमा भव्यरूपमा अभिनन्दन समारोह र तृतीय राष्ट्रिय बौद्ध हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरिएको थियो जसमा म आफैले पनि भाग लिएको थिएँ।

८) २८ फागुण २०४९ का दिन "अग्गमहापण्डित" "अरिय धम्मरक्खित नेपाल बुद्धशासन वंसालंकार सिरि" "संघनायक" भिक्षु प्रज्ञानन्द महास्थविरको

Downloaded from http://dhamma.digital/

निधन पश्चात् "अखिल नेपाल भिक्षु महासंघ"ले "संघनायक सम्मान समर्पण समारोह समिति" तयार गरी २१ कार्तिक २०५० का दिन तत्कालीन सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा "संघनायक" पद पूज्यपाद भिक्षु शाक्यानन्द महास्थविर प्रति सम्मान समर्पण गरिएको थियो ।

९) २३ मार्च १९९७ अर्थात् १० चैत्र २०५३ का दिन बर्मा सरकारले भिक्षु शाक्यानन्द महास्थविरबाट नेपालमा सद्धर्मको प्रचार-प्रसार गरेको योगदानको कदर स्वरूप "अग्ग महासद्धम्म पालक ज्योतकधज" नामक उपाधि प्रदान गरिएको थियो । सो उपाधि ग्रहण गर्न उहाँ भिक्षु सदर्शन महास्थविर र प्रा. छत्र राज शाक्यका साथ बर्मा जानुभएको थियो ।

अफशोच ! उहाँहरू बर्मा एवं थाइलैण्डको पनि भ्रमण गरी सकुशल फर्कनुभएको ७ महिना पछि ८ कार्तिक २०५४ का दिन संघनायक भिक्षु शाक्यानन्द महास्थविरले आफ्नो ८८ वर्षको दीर्घ जीवनकाल तानसेनको मिशन अस्पतालमा समाप्त गर्नुभयो ।

**सन्दर्भ :**

१) मेरो जीवन यात्रा, भिक्षु शाक्यानन्द महास्थविर, आनन्दकुटी विहार गुठी, स्वयम्भू– २०४३
२) शाक्यमुनि विहारया ऐतिहासिक परिचय, भिक्षु सुबोधानन्द, (सप्तबोध्यंग धर्म भावना), पुण्यधन सपरिवार, भोजपुर, टक्सार–२०३०
३) भिक्षु श्रद्धानन्द, रत्न सुन्दर शाक्य, 'आनन्द भूमि' वर्ष-२२, अंक २, २०५१
४) 'आनन्द भूमि', वर्ष-१२, अंक ९ र १०, २०४१

Downloaded from http://dhamma.digital/

# स्मरणीय व्यक्तित्वहरू

## अभ्यास – २

१) भिक्षु शाक्यानन्द महास्थविरले आफ्नो जीवनको अन्तसम्ममा बिताउनु भएको भिक्षु जीवनको प्रमुख घटनाहरूलाई चर्चा गर्नुहोस् ।

२) वि.सं.२००० (सन् १९४३) मा भिक्षु शाक्यानन्दलाई पुलिसहरूले कस्ता आरोपहरू लगाई पक्रेर लगे ?

३) भिक्षु शाक्यानन्द महास्थविरले पाल्पामा रहनुभई बुद्धधर्मको लागि के-कस्ता योगदान गर्नुहोस् ।

४) भिक्षु शाक्यानन्द महास्थविरको संक्षिप्तरूपमा जीवनी लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ३. भिक्षु धर्मालोक महास्थविर

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरूत्थान गर्नमा धर्मसेनापतिको रूपमा भूमिका निभाएका व्यक्तिहरूमा भिक्षु धर्मालोक महास्थविर पनि एक प्रमुख मध्येको हुनुहुन्छ ।

उहाँको जन्म सन् १८९० को दिसेम्बर महिनामा काठमाडौं असनटोलको धालासिक्व बहालनिर भएको थियो । पिता केशसुन्दर तुलाधर र माता वेखालक्ष्मी तुलाधरबाट उहाँको नाम 'दशरत्न' राखिएको थियो । पछि 'बाबुराम' भनियो । 'साहू-कुलमा जन्मेको कारण उहाँलाई छोटकरीमा 'बारांसाहू' र 'दशरत्न साहू' भनी सम्वोधन गरिन्थ्यो ।

व्यापारको सिलसिलामा उहाँ बरांबर कलकत्ता, ल्हासा र आसाम आदि ठाउँमा जानु हुन्थ्यो । यसरी वि. सं. १९७० तिर एकपटक कलकत्ता पुग्नुभएको बेला उहाँले कलकत्तामा श्रीलंकाका मानिसहरू देख्नुभएको थियो । त्यो देखेर उहाँ निकै आश्चर्य चकित हुनुभयो । काठमाडौंमा रहँदा सानै उमेरदेखि ब्राह्मण-पुरोहितहरूको तर्फबाट रामायणको कथा सुनी 'श्रीलंका' राक्षसहरूको देश सम्फी राखेको हुँदा श्रीलंकाका मानिसहरू देख्नासाथ उहाँलाई पत्यार नलागी उहाँ आश्चर्य चकित हुनुभएको थियो ।

त्यसबेला कलकत्ताको कलेज स्क्वायर स्थित 'महाबोधि सभाको' 'धर्म-राजिक विहारमा' स्वयं गई अनागरिक धर्मपाललाई भेट्नुभयो । त्यसबेला धर्मपाल श्रीलंकाबाट विश्वमा बुद्धधर्मको प्रचार प्रसार गर्दै आउनुभएको थियो । उहाँ स्वयंले पनि आफू श्रीलंकाका नागरिक भनेतापनि आफूमा द्वन्द भई नै रहेको थियो ।

Downloaded from http://dhamma.digital/

यस्तै वि.सं. १९७३ सालमा उहाँले ल्हासामा रहनुभएको बेला महाचीन पुगी 'महामञ्जुश्री' दर्शन गरेर आएका केही तिब्बतीहरूलाई भेट्नुभएको थियो। यस कुरामा उहाँलाई विश्वास नलागेकोले पछि स्वयं ती दुबै ठाउँ (श्रीलंका र महामञ्जुश्री) पुग्नुभई तथ्य कुरा थाहा पाउनु भएको थियो।

उहाँ गृहस्थकै बेलादेखि दृढ निश्चित गर्न सक्ने खालका व्यक्ति थिए। त्यसबेला उहाँको आफ्नो टोल असनमा दानप्रदानमा सरिक हुने सानुसाहू नामक एक व्यक्ति थिए जसले पटक पटक उपत्यकाका सम्पूर्ण शाक्य वज्राचार्यहरूलाई ३/३ मोहर दान दिने गर्न लागेको थियो। यस कुरालाई दशरत्न साहूले विरोध जनाई एउटा लामो पत्र लेखेका थिए जसमा उहाँले त्यस प्रकारको दानको सट्टा निःशुल्क पठन पाठनको साथै खानपिनको व्यवस्था हुने गरि एउटा "पाठशाला" खोलिदिने सल्लाह दिनुभएको थियो। त्यस सुझावलाई सहर्ष स्वीकार गरी धालासिक्वका सानुसाहूले विजयेश्वरी स्थानको पछाडि जग्गा समेत प्रवन्ध गरिसक्नु भएको थियो, तर यो कुरा ब्राह्मण पुरोहितहरूले थाहा पाई यसको उजूर श्री ३ चन्द्र शम्शेर (राज्यकाल सन् १९०१-१९२९) समक्ष पुऱ्याए। प्रधानमन्त्री चन्द्र शम्शेर सानुसाहूलाई बोलाउन पठाई ३/३ मोहर नै दान दिन विवश गराए।

यस्तो दृढ एवंशक्ति सम्पन्न साहू वि. सं. १९८७ साल देखि शुरू भएको 'आडम्बर मत पर्व' मा सामेल हुनुभयो। उहाँ त्यसमा सामेल हुनु परेको मुख्य कारण किन्डोल विहारमा 'अष्टमीब्रत' चलाउनको निमित्त मुष्ठीदान आदि चन्दा संकलन गर्न नेपाल भाषाबाट एउटा पर्चा छापी वितरण गर्नुभयो, यसैको दण्डस्वरूप उहाँ सहित यस पर्वमा लागेका अन्य योगवीरसिंह कंसाकार, सिद्धि रत्न कंसाकार, माणिकमान तुलाधर, धर्ममान तुलाधर, करूणारत्न तुलाधर, खड्गराज तुलाधर, मञ्जुहर्ष बज्राचार्य, मानदास तुलाधर, हर्षदास तुलाधर, चित्तधर तुलाधर (हृदय) र लक्ष्मीनानी तुलाधर (पछि अनगारिका धर्मचारी) लाई मुद्दा हाली प्रधानमन्त्री भीम शम्शेर (शासनकाल सन् १९२९-३२) समक्ष २१

Downloaded from http://dhamma.digital/

कार्तिक १९८८ का दिन पेश गरेको थियो । त्यसको एक सप्ताहपछि २८ कार्तिकको दिन सबैलाई बोलाई कागज गराई रिहाई गरिदिएको थियो । त्यसबेला दशरत्न साहूलाई ५०।- रूपैयाँ जरिवाना गरेको थियो ।

वि. सं. १९८१ (सन् १९२४) साल देखि दशरत्न साहू ल्हासाबाट फर्कनुभई पुत्र गजरत्न (पछि भिक्षु अनिरुद्ध) सहित किन्डोल विहारमा रहँदै आउनु भएको थियो । त्यसबेला उहाँ दिनुहुँ 'अष्ट सहस्रिका प्रज्ञापारमिता' पाठ गर्नुहुन्थ्यो ।

केही वर्षपछि किन्डोल विहारमा पुजारीको काम गर्दै आउनु भएका ठिमीका एक गुभाजुको अतिसारको रोगले निधन हुन गयो । त्यस ठाउँमा उहाँले नमोबुद्ध (नमुरा) मा रहेका भक्तपुरका एक घ्येलु मञ्जुहर्षलाई बोलाई पुजारीको जिम्मा लगाइदिए ।

तीनै मञ्जुहर्षका गुरु 'सेरापदोर्जे' नामक एक लामा जो भूटान (डुक्पा) का थिए । भूटानीहरूको चन्दा संकलन गरि स्वयम्भू स्तूप जिर्णोद्धारको निमित्त उहाँलाई विशेष जिम्मा लिई काठमाडौं पठाएको थियो । उहाँले स्वयम्भूस्तूपको केही जीर्णोद्धार गरी काठमाडौं कै एक अन्य स्तूप बौद्ध (खास्ती) मा रहँदै आएनुभएको थियो । त्यसबेला उहाँ काठमाडौं उपत्यकामा अष्टमी व्रत, न्यूनव्रत आदिको प्रचार प्रसार गर्दै आउनुभएको थियो । तसर्थ उहाँकै शिष्य मञ्जुहर्षले पनि किन्डोलविहारमा रही ती व्रतहरू चलाउँदै आएका थिए, जसमा दशरत्न साहूले पनि यथाशक्य योगदान दिंदै आउनु भएको थियो ।

त्यसबेला भारतका एक विद्वान् संन्यासी स्वामी रामोदर (पछि राहुल सांकृत्यायन) श्रीलंकाबाट तिब्वत यात्रा गर्नको निमित्त शिवरात्रीको अवसर लिई नेपाल आगमन गर्नुभएको थियो । उहाँको विशेष लक्ष्य तिब्वतमा रहेका बुद्धधर्मका ग्रन्थहरू अध्ययन, मनन गरि त्यसलाई संस्कृत भाषामा एवं अन्य भाषाहरूमा अनुवाद गरी बुद्ध धर्मको व्यापक प्रचार प्रसार गर्ने महान लक्ष्य थियो । अतः उहाँ तिब्बत जानको लागि एक सुयोग्य मित्रको खोजीमा थिए । यसैको सिलसिलामा

Downloaded from http://dhamma.digital/

उहाँ बौद्ध पुग्नुभएको थियो । बौद्धमा उहाँले त्यहीं डुक्पा लामा [सेरापधोर्ज्ये] लाई भेट्नुभयो र आफ्नो आशय पनि व्यक्त गर्नु भयो । डुक्पा लामाले पनि त्यसलाई सहर्ष स्वीकार गरी आफू सँगै तिब्बत जाने सल्लाह दिनुभयो । डुक्पा लामाज्यू कहाँ भने अटूट रूपमा अष्टमीव्रत एवं न्यूनव्रतको निमन्त्रणा आइनै रहयो ।

साधु रामोदर ९ मार्च १९२९ [वि.सं. १९८५] को शिवरात्रीको दिनदेखि ३० मार्च सम्म बौद्धको एक घरमा अज्ञातवास रहनुभयो । उहाँ दिउँसोको समय बाहिर आउने त कुरै थिएन, रातमा पनि सिर्फ शौचालय जानको लागि मात्र बाहिर आउनुहुन्थ्यो ।

यसको अतिरिक्त उहाँ सिर्फ दिनको एक पटक बेलुका भोटिया भेषमा 'बौद्ध चैत्य' परिक्रमा गर्न निस्कनुहुन्थ्यो, जसको निमित्त उहाँले बौद्धमा पुग्नुभएको दिनदेखि स्नान समेत गर्न छोडनु भएको थियो ।

३१ मार्च १९२९ को दिन डुक्पा लामा सेरापदोर्ज्येलाई न्यूनव्रतका दाताहरूले किन्डोलविहारमा धर्मोपदेश गराउन निम्त्याएको थियो, जस अनुसार उहाँका साथै साधु रामोदर पनि त्यौड तँलाछीका धर्ममान साहू [वि.सं. १९१८–१९९४] कहाँ २ दिन रहनुभई उहाँ ३ अप्रिल १९२९ को दिन किन्डोल विहार पुग्नुभयो । त्यसैबेला उहाँको सम्पर्क विहारका प्रवन्धक दशरत्न साहूसित हुन गएको थियो ।

किन्डोल विहारमा निकै मानिसहरूको आवत जावत हुन गएको कारण साधु रामोदरलाई भय उत्पन्न हुन थाल्यो । अतः उहाँले दशरत्न साहूलाई बोलाई कतै एकान्त ठाउँमा रहुनपर्ने कुरा महसूस गरायो । दशरत्न साहूले पनि बुद्ध धर्मको निमित्त महान् लक्ष्य लिएर आउनुभएका साधु रामोदरलाई खेतको बीचमा रहेको एक एकान्त घरमा रहने व्यवस्था गर्नुभयो । बाहिर सदा ताला बन्द देखिन्थ्यो, दिनको सिर्फ २ पटक बिहान दशरत्न साहूका सुपुत्र गजरत्न तुलाधर खाना पुऱ्याउन जानुहुन्थ्यो ।

यसरी कठिन रूपमा किन्डोलमा पनि केही दिन अज्ञातवास बितिसक्दा

Downloaded from http://dhamma.digital/

पनि सेरापदोर्जे लामा तिव्वत जाने तरखरमा लागेको थिएन । अतः साधु रामोदर दिक्दार हुनुभयो । उहाँको मर्मलाई वुभी दशरत्न साहूले सेरापदोर्जे-लामा हेलम्बु (यल्मो) को बाटो गरी तिव्वत जाने कुरा थाहा पाइसकेपछि स्वयंले घोडाजात्रा (८ अप्रिल १९२९) का दिन साधु रामोदरलाई साथ लिई उहाँलाई भय-त्रास नहुने गरी हेलम्बूसम्म छोडेर आउनुभएको थियो ।

साधु रामोदरलाई हेलम्बू छोडेर आउनु भएको केही महिनापछि पुत्र गजरत्नलाई साथलिई दशरत्न व्यापारको सिलसिलामा कलकत्ता पुग्नुभयो । गजरत्नलाई उसको मामा महाधर साहूकहाँ छोडी अन्य २ जना साथी लिई दशरत्न आसामको 'देवालगिरी गोदाम' भन्ने स्थानमा व्यापारको निमित्त जानु भयो ।

साधु रामोदर किन्डोलमा अज्ञातवास रहनुभएको वेला खाना पुऱ्याउन आउने गजरत्नलाई श्रीलंकामा गई अध्ययन गर्न गए वेश हुने कुरामात्र जनाएको थिएन, त्यहाँ पुग्नको निमित्त के कस्तो गर्नु पर्ने हो सबै कुरा साधु रामोदरले गजरत्नलाई अवगत गराई राखेका थिए । यस कुरा दशरत्नलाई केही थाहा नभएको रहेछ । अतः गजरत्न पिताका साथ कलकत्ता पुगेदेखि श्रीलंका जाने धूनमा थिए । तसर्थ उहाँले पिता आसाम गई सकेको कारण मामा महाधर साहूलाई श्रीलंका पठाउन ढिपी गरिराखेका थिए, तर मामाले पिताको अनुमति विना पठाउन नसक्ने कुरा जनाएपछि खाना पिना छोड्नु, जहाँ तहीं जानु, रूवाबासी गर्नु आदि शस्त्र प्रयोग गर्नुभएको थियो । तव महाधर साहूले दशरत्नलाई पत्र पठाउनु भयो र दशरत्न पनि पत्र पुगेको भोलिपल्टै कलकत्ता आउनुभयो । छोरोको दशा एवं जिद्दीलाई मनन गरी अध्ययन गर्ने चाहना राखेका व्यक्तिलाई स्वतन्त्र छोडिदिने अनुमति दियो । त्यसलाई चाहिने खर्च-वर्च सबै दिएर पठाउने आदेश मामाचाहिँलाई दिई दशरत्न साहू पुनः आसाम फर्कनुभयो ।

गजरत्न पनि केही महिनापछि श्रीलंकाकै शरणंकर नामक भिक्षुको आश्रय

Downloaded from http://dhamma.digital/

लिई उहाँको विहार (श्रीलंका) मा पुग्नुभयो । उहाँसित त्यहाँ केही महिना रहनु भई सिंहलभाषा अध्ययन गर्दै रहँदा भदन्त आनन्द कौशल्यायन (सन् १९०५–८८) संयोगवश त्यसै विहारमा पुग्नुभएको थियो । सिंहली जस्तो नदेखिएका गजरत्नलाई देख्नासाथ आनन्द कौशल्यायनले उहाँको वारेमा सोध्नुभयो । रामोदर साधुले लक्षित गरि राखेका बालक गजरत्न शरणंकरको आश्रयमा पुगिराखेको देखि ताजुव मानी गजरत्नलाई तत्कालै विद्यालंकार परिवेणमा लानुभएको थियो । त्यही विद्यालंकार परिवेणका प्रधानाचार्य लु. धर्मानन्द महास्थविर (सन्–१८६९–१९४५) को आचार्यत्वमा सन् १९३० को शुरूमा गजरत्न "श्रामणेर अनिरूद्ध" हुनुभएको थियो ।

यसको खवरको साथै श्रामणेर भेद्धको एउटा फोटो राखी श्रामणेर अनिरूद्धले नेपाल पुगी सक्नु भएका पिता दशरत्नलाई पत्र पठाउनु भएको थियो । श्रामणेर अनिरूद्धले आफ्नो भाइ त्रिरत्नलाई पनि आफ्नै बाटोमा लगाउनु बेस होला भन्ने ठानी पितालाई बरोबर पत्र लेख्दै रहनु भएको थियो । अतः पिता दशरत्नले पनि त्यो कुरा ठिक सम्फी श्रीलंका जाने निश्चय गर्नुभयो । उहाँ आफ्नो छोरालाई लिई श्रीलंका जाने कुरा हस्तिरत्न विचारी नामक व्यक्तिले थाहा पाई 'मोहनरत्न' भन्ने एक टुहुरा बालकलाई पनि श्रीलंका लगी विद्याध्ययन गराउने सल्लाह दिनुभयो । दशरत्नले आफ्नो छोराका साथै मोहनरत्न (पछि भिक्षु महानाम) लाई साथ लिई वि.सं. १९८६ सालमा श्रीलंका पुग्नुभएको थियो ।

श्रीलंकामा एक महिना विताई घुमफिर गर्दा पनि उहाँले रामायणको कथामा आएका विभीषण र रावणको दरवार कहीं भेट्टाउनु भएन । बरू उहाँले अशोक महाराजका सुपुत्र महेन्द्र महास्थविर सर्वप्रथम श्रीलंका पुग्नुभएको ऐतिहासिक स्थल, अनेकौ ऐतिहासिक बुद्धमूर्तिहरू, तथागत सम्यक्सम्बुद्धका दण्डधातु मन्दिर (The Temple of the Tooth, Kandy) र सम्राट अशोककै सुपुत्री भिक्षुणी संघमित्राले श्रीलंकामा लगेको बोधिवृक्ष जुन अहिले सम्म पनि बडो सम्मानको

Downloaded from http://dhamma.digital/

रूपमा पूजनीय वृक्षको रूपमा रहेको छ लाई दर्शन गरेर फर्कनु भएको थियो।

उहाँ फर्कन लागेको वेला नेपालमा दुर्लभ चीज हुनाको कारण अष्ट-परिष्कार एकजोर विद्यालंकार परिवेणका नायकपाद लु. धम्मानन्द महास्थविर (सन् १८६९-१९४५) सँग मागी नेपाल ल्याउनु भएको थियो, जुन अष्ट-परिष्कारलाई भिक्षुको प्रतीकको रूपमा राखी दशरत्न साहूले अष्टमी-व्रत चलाउँदै आए। उहाँको यस पुण्यकार्यमा श्रद्धालुहरू बढ्दै गएको कारण असह्य भई सप्तरत्न उदास (तुलाधर) नामक एक व्यक्तिले किन्डोल विहारमा 'आडम्बर मत' चलायो भनी उजुर गर्न गए। त्यसले दशरत्न तुलाधरले मात्र पोल गरेको थिएन, अन्य (जाँड रक्सी नखाने, मासु नखाने, ब्राह्मणलाई नढोग्ने प्रगतिशील विचारधारा भएका १०, ११ जवान व्यक्तिहरूको नाम पेश गरिदिएको थियो। अतः ती सम्पूर्ण व्यक्तिहरूलाई घरपकड गरी विभिन्न सजाँय दिइएको थियो। दशरत्न साहूलाई पनि नेपालभाषाबाट पर्चा छापी वितरण गरेको कारण रू ५०।- जरिवाना गरेको थियो।

यसरी धर्म-कार्य गरेर पनि विरोध आएको कारण उहाँले नेपालमा रहन चाहनु भएन। अतः उहाँ अन्य केही धर्मबन्धुहरूका साथ भारतमा भ्रमण गर्न जानुभयो। उहाँहरू कुशीनगर पुगी गुरुवर ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) को तर्फबाट केही परिचय पत्रहरू लिई वर्माका विभिन्न ठाउँहरूमा भ्रमण गर्नुभयो। वर्माको अक्याव र रंगून आदि ठाउँमा पुगी नेपाली भिक्षु महाप्रज्ञा र शासन ज्योतिलाई पनि भेट्नु भएको थियो। उहाँहरूकै दाता एमाउँको घरमा केही दिन अतिथिको रूपमा रहनुभएको थियो।

यसरी वर्मामा २, ३ महिना बिताउनु भई दशरत्न कलकत्ता फर्कनुभयो र कलकत्ताबाट सीधा कुशीनगर आउनु भयो। कुशीनगरमा रहँदा एक्कासी उहाँको मनमा विरक्तिभाव उब्जन थाल्यो, कारण उहाँको साथ अब कोही रहेन। दुइटै छोराहरू श्रीलंकामा भइ हाले। उनीहरूको आमा दिव्यलक्ष्मी तुलाधरको पहिले नै

Downloaded from http://dhamma.digital/

निधन भइसकेको थियो। फेरि आफू व्यापारमा लागेको बेला साहु महाजनहरूले गरेका छलकपट र दुर्व्यवहार आदि सम्झना आउन थाल्यो। सम्पत्तिको कारण अनेक भय, माया, ममतामा समेत धक्का पर्न आउने कुराहरू उहाँलाई याद आउन थाल्यो। यसको साथै नेपालमा बुद्ध धर्म प्रचारार्थ सके भिक्षुहरूद्वारा नै गर्ने उच्च अभिलाषा राख्नु भयो। अतः उहाँले चन्द्रमणि महास्थविर समक्ष प्रव्रजित हुन आग्रह गर्नु भयो। ऊ. चन्द्रमणि महास्थविर पनि प्रसन्न भई उहाँलाई बुद्ध शासनको बारेमा सम्राट अशोकको देनबारेका केही घटनाहरू सुनाउनु भयो। दशरत्न उपासकले पनि आफू पहिले ल्हासामा रहनु भएको बेला नेपालमा गुरू छेरिन्नोर्बु लगायत नेपालका अन्य ५ जना महायानी घ्येलुं भिक्षुहरूलाई देश निर्वासन गरेको कुरा सुनिराखेको भएतापनि दृढताका साथ यस्तो विचार गर्नुभएको थियो कि यदि आफू भिक्षुरूपमा नेपालमा जानेबेलामा त्यस्तै निष्काशन गरेमा केही अफशोच नहुने कुरा महसुस गर्नुभयो। उहाँको दृढता थियो कि यदि देशबाट निष्काशन नै गरेपनि मानिसहरू नभएको ठाउँमा गर्ने त पक्कै होइन होला, जहाँसम्म पृथ्वी रहन्छ, त्यहाँसम्म कोही पनि भूखा रहने त कुरै छैन।

यस्तो दृढ प्रतिज्ञा लिई उहाँ वि.सं. १९८९ को मध्यमा ऊ.चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भई 'श्रामणेर धर्मालोक' हुनुभयो।

उहाँ श्रामणेर हुनुभएपछि पुनः एकपटक गुरू चन्द्रमणि महास्थविरका साथ बर्माको भ्रमणमा जानुभयो। यसपटक श्रामणेर धर्मालोकले बर्मामा धेरै अनुभवहरू बटुल्नुभयो। रंगून स्थित जेतवन च्याउँ नामक विहारका प्रमुख महास्थविरसित जेलखाना एवं पागलखानामा रहेका बन्दीहरूलाई समेत शीलप्रदान एवं धर्मोपदेश दिने व्यवस्थालाई पनि हेर्न जानुभएको थियो।

'जेतवन च्याउँ' विहारमा केही दिन रहनुभएपछि निमन्त्रणानुसार उहाँहरू गतः शताब्दीका प्रथम उत्तर भारतीय भिक्षु महावीर महास्थविर (सन् १८३३–१९१९) का एक प्रमुख दायक खेजारी बाबूका सुपुत्रीले दिनुभएको भोजनको

Downloaded from http://dhamma.digital/

निमन्त्रणा रंगूनमा रहेसम्म स्वीकार गर्नुभएको थियो। रंगूनवाट उहाँहरू माण्डले, पेगू, मोलीमन र अक्याव आदि ठाउँमा गरी एक वर्ष जति बिताउनु भएपछि कुशीनगर फर्कनुभयो।

कुशीनगरमा केही महिना रहनुभएपछि धम्मालोक श्रामणेर नेपाल आउनुभयो, तर उहाँलाई अमलेखगंजदेखिनै सरकारी अफिसरहरूले दुःख दिन थाले। वस्त्रको अपरिचितताको कारण उहाँलाई राहदानी नदिने कुरा उठायो। सँगै मोटरमा आएका यात्रुहरूले एवं ड्राइवरले साथ दिएपछि मात्र वल्ल राहदानी लेखिदियो। यस्तो स्थिति भीमफेदीमा पनि हुन आयो। बल्ल उहाँ दुइ दिनपछि दिउँसो २:०० बजे तिर किन्डोल विहार पुग्नुभएको थियो।

किन्डोल विहार पुगेको २ घण्टा वित्न नपाउँदै एक जना पुलिस वडो मिजाशका साथ कुराकानी गर्न आए। थकाइले चूर भइसकेका उहाँ वेलुका तुरुन्तै निदाउनु भएको थियो। रातको ९:०० बजेतिर दुई जना पुलिस आई 'तिमीलाई थानामा बोलाएको छ' भनी साथमा लगे।

थानामा रात बिताइसकेपछि भोलिपल्ट मेजर चन्द्रबहादुरसमक्ष हाजिर गराइयो। ठूलठूला आँखा गरी मेजर चन्द्रवहादुर गर्जे– "किन यस्तो शिर मुण्डन गरी यस्तो वस्त्र लगाएर आएको ?"

श्रामणेर धर्मालोकले स्पष्ट जवाफ दिनुभयो–

"म सिर्फ आफ्नो भविष्य सुधार गर्न यस्तो वस्त्र एवं शिरमुण्डन गरेर आएको हुँ।"

मेजर चन्द्रबहादुर सन्तोष भएन र जाग्यो–

"नेपालमा यस्तो वस्त्र लाएर रहन पाउँदैन, विना महाराज (प्रधानमंत्री जुद्धशम्शेर) कहाँ जाहेर गरी तँलाई छोडदिन।"

श्रामणेर धर्मालोकले पनि जवाफ दिए– "जहाँ हाजिर गराउनुपर्ने हो गराऊ म तयार छु।"

Downloaded from http://dhamma.digital/

उहाँलाई एक दुई दिन भन्दै बल्ल छैठौं दिनमा प्रधानमन्त्री जुद्धशम्शेर (शासनकाल सन् १९३२–१९४५) समक्ष हाजिर गराइएको थियो। त्यस अवधिभित्रमा दरबारिया षड्यन्त्रकारीहरूले उहाँको विरूद्ध अनेकौं भए नभएका कुराहरू केही महिना अगाडि देखि मात्र प्रधानमन्त्री हुनु भएका जुद्धशम्शेरसमक्ष विन्ति गरिराखेका थिए। अतः श्रामणेर धम्मालोकलाई देख्नासाथै जुद्धशम्शेरले केही क्रुद्धभावले सोध्यो–

"क्या हो। तिम्रो धर्म त नास्तिक भन्छ नि, राजद्रोहको कुरा फैलाउँछ भन्छ नि।"

यसको प्रत्युत्तरमा श्रामणेर धर्मालोकले शान्त एवं दृढताका साथ दिनुभयो–

"होइन महाराज। हाम्रो धर्म त चोरी नगर्ने, झूठो नबोल्ने, जाँड-रक्सी नखाने, रण्डीबाजी नगर्ने, हिंसा नगर्ने आदि पञ्चशीलमा आधारित धर्म हो। राजकाजसित हाम्रो कुनै द्रोह छैन।"

यस्तो प्रत्युत्तर पाई जुद्धशम्शेरले चुकलीवाजहरूलाई लक्षित गरेर भन्नु भयो– "त्यो भिक्षु साधु भयो त मेरो राज्यमा के हानी छ।"

तब पनि ब्राह्मणबादी ती षड्यन्त्रकारीहरूले जुद्ध शम्शेर समक्ष अन्य कुराहरूको दोष देखाई सुनाउन थाल्यो।

श्री ३ जुद्ध शम्शेरलाई त्यहाँको वास्तविकता थाहा पायो। अतः उहाँले ती ब्राह्मणवादीहरूलाई हेरी क्रुद्ध भई भन्नु भयो– "जाओ! तिमीहरू पनि साधु हुने इच्छा छ भने जाओ मलाई केही पनि हानी हुने छैन।"

यसपछि मात्र ती ब्राह्मणवादी सुब्बा एवं षड्यन्त्रकारीहरूले केही बोल्न सकेनन्।

श्रामणेर धर्मालोक पनि विना रोकतोकका साथ किन्डोल विहार फर्कनु भयो।

यस घटनाको उल्लेख भिक्षु राहुल सांकृत्यायनले १७ जनवरी १९३३ का

Downloaded from http://dhamma.digital/

दिन भदन्त आनन्द कौशल्यायनलाई लेख्नु भएको पत्रमा उल्लिखित छ । पत्रांश यस प्रकार छ–

'धम्मालोक सामणेर नेपाल (काठमांडू) पहुँच गये । उहाँ पहिले पकडकर उन्हे ४ दिन जेलमे रक्खा, पीछे पूछा पाछा । महाराज ने कहा छोड दो, अपने धर्मका सन्यासी हो गया तो क्या हुआ । यस प्रकार बाप ने बेटों (भिक्षु अनुरूद आदि) का रास्ता भी साफ कर दिया । आज कई महीने बाद बाप की ऐसी चिठ्ठी पर अनिरूद्ध तो बहुत खुश थे ।'

यस घटनापछि केही दिन भिक्षाटनको अनुभव प्राप्त गरी उहाँ केही महिना किन्डोल विहारमा रहनुभयो । त्यसै वर्ष (बि. सं. १९९०) को हिउँदे पौष महिनामा सदाकाल जस्तै भारत भ्रमण जानुभयो । यसै अन्तर्गत उहाँ कुशीनगरमा रहनुभएको बेला सारनाथमा नयाँ बनिएको सीमा भवन तयार भएको थियो । जसको प्रतिस्थाको निमित्त ऊ. चन्द्रमणि महास्थविरलाई पनि निमन्त्रणा आएको थियो । उहाँको साथै श्रामणेर धम्मालोक पनि सीमा भवनका प्रतिष्ठा कार्य हेर्न जानुभएको थियो ।

सीमा गृह प्रतिस्था भएकै दिन (सन् १९३४ का शुरूमा) गुरुवर ऊ चन्द्रमणि महास्थविर र सीमा भवन बनाउन आएका बर्मी दाताहरूका बीचमा केही कुराकानी भयो । त्यसै कुराकानी अन्तर्गत आधुनिक युगमा सर्वप्रथम सारनाथमा बनिएको यस सीमागृहमा उपसम्पदाकार्य पनि शुरूवात गर्ने कुरा चल्यो, जस अनुसार श्रामणेर धम्मालोकलाई उपसम्पन्न गराउने कुरा उठायो, जसको निमित्त एक दाता पनि तयार हुन आयो । यसको निर्णय श्रामणेर धम्मालोकलाई राती नै जानकारी दिइयो । गुरुवर ऊ. चन्द्रमणि महास्थविरले नै निर्णय दिनुभएको कारण श्रामणेर धर्मालोकले विना रोकतोक स्वीकार गर्नुभयो । यसरी श्रामणेर धर्मालोक सन् १९३४ को शुरू जनवरी फरवरी तिर 'भिक्षु धर्मालोक' हुनुभयो ।

उपसम्पन्न भएको एक डेढ महिनापछि उहाँ पहिले देखिको इच्छा अनुरूप

Downloaded from http://dhamma.digital/

महाचीनमा गई महामञ्जुश्री दर्शन गर्न जाने उत्कृष्ठ इच्छा लिई तिव्वतको वाटो गरी जान कालिम्पोङ्ग प्रस्थान गर्नुभयो । त्यसैवेला (मार्च १९३४ ई.) भिक्षु राहुल सांकृत्यायन पनि आफ्नो पहिलो तिव्वत यात्रा (सन् १९२९-३०) को अधूरो काम (ग्रन्थको खोजी) पूरा गर्न तिव्वत जानको निमित्त कालिम्पोङ्ग आइपुग्नु भएको थियो । त्यस्तै नेपालका एक साहित्यकार एवं बौद्ध विद्वान् धर्मरत्न 'यमि' (वि. सं. १९७२-२०३२) त्यसवेला व्यापारको सिलसिलामा तिब्वत जान कलकत्ताबाट कालिम्पोङ्ग आइपुग्नु भएको थियो ।

यसरी भिक्षु राहुल सांकृत्यायन, भिक्षु धर्मालोक, धर्मरत्न 'यमि' र राहुलजीका सेक्रेटरीको रूपमा आउनुभएका राजनाथ पाण्डे नामक एक युवा गरी जम्मा ४ जना तिव्वतको निमित्त प्रस्थान गर्नुभयो । झण्डै एक महिना सम्मको लामो यात्रामा भिक्षु राहुल सांकृत्यायन र भिक्षु धर्मालोक (अलि पुराना विचारका) को बीच धर्म सम्बन्धी हुने वाद विवाद सुन्दै जान पाएको कारण धर्मरत्न 'यमि' र राजनाथ पाण्डेलाई यात्राको कठिनाइको आभासै भएन ।

यसै यात्राकालमा भिक्षु राहुल सांकृत्यायनले पालिविनय पिटकलाई हिन्दीमा अनुवाद २७ अप्रिल १९३४ देखि शुरू गर्नुभई १७ जून १९३४ सम्ममा २७ दिन भित्र पूरा गर्नुभएको थियो । जसको विवरण उहाँले यसप्रकार दिनुभएको छ–

| महिना | तारिख | दिन | स्थानको नाम |
|---|---|---|---|
| अप्रिल | २७ | १ दिन | पद्-मो-गङ् |
| मई | २–४ | ३ दिन | फारी |
| " | १२ | १ दिन | ग्याँचो |
| " | २१-२५ | ५ दिन | ल्हासा |
| " | २९-३१ | ३ दिन | " |
| जून | १,२ | २ दिन | " |
| " | ४-६ | ३ दिन | " |

Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| " | ८, ९ | २ दिन | " |
| " | ११-१७ | ७ दिन | " |
| | | २७ दिन | |

भिक्षु राहुल सांकृत्यायनले ६, ७ महिना भित्र नै आफ्नो प्राचीन ग्रन्थहरू पत्ता लगाउने कार्य सिध्याउनुभएको थियो। अतः उहाँले भिक्षु धर्मालोकलाई नेपाल फर्कने कुरा उठाउनुभयो। तर भिक्षु धर्मालोकले आफू महाचीन गई 'पञ्चशीर्ष पर्वत' मा महामञ्जुश्रीको दर्शन गरेर मात्र आउने अठोट सुनाउनुभयो।

भिक्षु धर्मालोक नफर्कने निश्चय भएपछि भिक्षु राहुल सांकृत्यायन तिब्वती विद्वान् मित्र गेशे धर्मवर्द्धनका साथ १७ नवेम्बर १९३४ का दिन काठमाडौं आइपुग्नु भएको थियो। उहाँहरू ८ सितम्बर १९३४ का दिन ल्हासा शहर छोडेर आउनुभएको थियो। ल्हासाबाट साक्यामा आई १७ दिन रहनुभई उहाँहरू नेपालतर्फ आउनुभयो। १० नवेम्वर १९३४ का दिन तिब्वती सीमा पार गरी नेपालको सीमानामा पुगेका उहाँहरू जलवीरा, चौंतारा, देवपुर हुँदै सांखु पुग्नुभएको थियो। १६ नवेम्बरका दिन बौद्ध (खास्ती) मा एक रात बिताई १७ नवेम्बरका दिन काठमाडौं शहर पुग्नुभएको थियो।

उता, भिक्षु धर्मालोक महिनौं ल्हासामा रहेर पनि महाचीन जाने प्रबन्ध मिलाउन नसकेपछि कालिम्पोङ्गमै फर्कनुभएको थियो। संयोगवश कालिम्पोङ्ग पुग्नुभएको १०/१२ दिन पछि १३-१४ जवान मंगोलियनहरू ल्हासाको ब्यापार गरी पेकिङ्ग फर्कन लागेको एक दल कालिम्पोङ्ग आइपुगेको खबर उहाँले थाहा पाउनुभयो। अतः उहाँ तिनीहरूलाई भेट्न जानुभयो। तिनीहरूले पनि ४ दिन पछि जाने कुरा सुनाए। ४ दिनपछि ती मंगोलियनहरूका साथ भिक्षु धर्मालोक महाचीन जानको निमित्त २ मंसिर वि. सं. १९९२ का दिन कलकत्ता पुग्नुभयो।

Downloaded from http://dhamma.digital/

कलकत्तामा ४ दिन भित्र डाक्टरी सर्टिफिकेट एवं चीनी भिसा (Visa) लिई हङ्कङसम्मका टिकट लिनुभएको थियो। टिकट भाँडा जम्मा भा. रु. ४४।- थियो, खानाको लागि पनि भा. रु. ७३।- बुझाउनुभएको थियो। यसरी आवश्यक सामान जोरजाम समेत सम्पूर्ण काम सिध्याई पाँचौ दिनमा उहाँ मंगोलियनहरूकासाथ जहाजमा चढ्न जानुभएको थियो।

एक रात जहाजमा [कलकत्ता वन्दर्गाहमै] बिताईसकेपछि मात्र दोश्रो दिन जहाज चलेको थियो। त्यस जहाज समुद्रको किनारै किनार हुँदै रामेश्वरम् पुगेपछि मात्र पूर्वतर्फ मोडेर गएको थियो। कलकत्ताबाट प्रस्थान भएको ४ दिनपछि उहाँ रहनुभएको जहाज पेनाङ्ग (Penang) पुगेको थियो। पेनाङ्गबाट पुनः जहाज चलेको ४, ५ दिनपछि सिंगापुर (Singapore) पुग्नुभयो। सिंगापुरमा पनि डेढ दिन जति माल सामान ओसार पसारको निमित मुकाम हुन गएको कारण सिंगापुर शहरको दृश्यावलोकन गर्न पाइएको थियो।

सिंगापुरबाट चलेको जहाज १२ दिनपछि मात्र हङकङ (Hong-Kong) पुगेको थियो। भिक्षु धर्मालोक विना सामुद्रिक रोग सकुशलताका साथ हङकङ पुग्नुभएको थियो।

हङकङबाट पुनः स्यांहे, संघाई, पेकिङ्ग हुँदै भिक्षु धर्मालोक रिपुच्वेडा [कलकत्ता वन्दर्गाहमै] पुग्नुभएको थियो। त्यहाँ पुग्नासाथ आफूले ठेगाना लिएर आएको गुम्बामा गई त्यहाँको प्रमुख लामालाई भेट्नु भयो, जसको पत्र एउटा पनि ल्हासाबाट लिएर आउनुभएको थियो।

त्यस लामाज्यूले उहाँको लागि विशेष प्रबन्ध गरिदिनुभयो। ती लामाज्यूकहाँ ४ दिन रहनुभएपछि एक जना मार्गदर्शक साथ लिई त्यहाँका विभिन्न गुम्बा एवं अनेकौं दर्शनीय स्थलहरू अवलोकन गर्न जानुभयो।

सबभन्दा पहिले उहाँ 'महाभञ्जुश्री' रहेको गुम्बा जानुभयो। यत्र तत्र सबै ठाउँमा हेरिसकेपछि 'महामञ्जुश्री गुरु कहाँ रहेको छ ?' भनी सोधेको प्रश्नको

Downloaded from http://dhamma.digital/

जवाफ त्यहाँको लामाज्यूहरूले देखाउनु भयो–

जहाँ एउटा ठूलो कमलको फूल, जसको चार वटा पातहरू (डेढ दुई फूट जतिको) चारैदिशामा अवस्थित। प्रत्येकमा एक एक बुद्ध मूर्ति अवस्थित। बीचमा अन्य एक बुद्ध मूर्ति रहेको छ।

यसरी पञ्चबुद्ध (अक्षोभ्य, रत्नसंभव, अमिताभ, अमोघसिद्धि र बीचमा वैरोचन) लाई नै पाँच ज्ञानमूर्तिको प्रतीकको रूपमा वा तथागत शाक्यमुनिको दैनिक पाँच चर्याको प्रतीकको रूपमा देखाइराखेको महामञ्जुश्री रूपी फूललाई देख्नुभयो।

त्यहाँको मंजुश्रीको मूर्ति देखेपछि उहाँलाई नेपालको पौराणिक इतिहास सबै भूठ जस्तो सावित हुन आयो। रामायणको कथा प्रति पनि श्रीलंका गएर आएदेखि विश्वासै लागेन।

पछि उहाँ त्यही प्रतीकको रूपमा बनाइराखेको महामञ्जुश्रीलाई वन्दनादि गरी धूप बत्ति बाली 'खाता' चढाई सकेपछि अन्य दर्शनीय स्थलहरू अवलोकन गरी आफू रहेको गुम्बामा फर्कनुभएको थियो।

भिक्षु धर्मालोक 'पञ्चशीर्षपर्वत' मा ५ महिना रहनुभएको थियो। त्यस अवधिभित्र उहाँले पञ्चबुद्धको पाँच लाख तथा महामञ्जुश्रीको एक लाख धारणी पनि पाठ गर्नुभएको थियो। यसको अतिरिक्त अपरिमिता धारणी एक लाख पनि पाठ गर्नु भएको थियो। यसै अवधिभित्र उहाँले 'अनुत्तर विजय' र 'गुरु मण्डलया भावार्थ सहित' नामक दुइवटा किताबहरू संस्कृतबाट नेपालभाषामा अनुवाद गर्नुभएको थियो।

पञ्चशीर्ष पर्वतबाट पेकिङ्ग फर्कनुभई उहाँले वि. सं. १९९३ सालको वर्षावास पेकिङ्गमै बिताउनुभयो। पेकिङ्गमा पनि ५ महिना बिताउनु भई भिक्षु धर्मालोक थ्यांकिन, नानकिंग हुँदै स्यांहेमा आउनुभयो। स्यांहेबाट पुनः उहाँ एक मार्गदर्शकका साथ चीनको महान् तीर्थको रूपमा रहेको च्यूल्हास्वां, वमिस्वां र

Downloaded from http://dhamma.digital/

फूथोस्वांमा पनि जानुभएको थियो ।

ती तीर्थस्थानहरू घुम फिर गरिसकेपछि उहाँ जहाजबाट नानकिंग फर्कनु भयो । नानकिंगबाट पुनः उहाँ स्याँहिमा आउनुभई त्यहाँ ५, ६ दिन रहनुभयो । स्याँहिबाट आएको छैठौं दिनमा उहाँ रहनुभएको जहाज हङकङ पुग्न आयो । हङकङमा एक दिन मुकाम भई दोश्रो दिनको बिहानै जहाज स्टार्ट भयो र सातौं दिनमा सिंगापुर पुग्नुभयो । त्यहाँबाट पुनः ६ दिनपछि पेकिङ्ग पुगी १० सौं दिनमा 'गंगासागर' आई पुग्नुभयो । गंगासागरबाट दिनको २-३ बजेतिर कलकत्तामा पुग्नु भयो ।

कलकत्ताको रामजीदास जेतियालेन (वडा बाजार) स्थित भाजुरत्न साहु (वि. सं. १९४०-२०१३) को कोठी (घर) मा एक हप्ता रहनुभई उहाँ वि. सं. १९९४ सालको वैशाख पूर्णिमा (बु. सं. २४८१) अगाडि किन्डोल विहार आइपुग्नु भयो ।

वैशाख पूर्णिमाको दिन किन्डोल विहारमा उहाँले महाचीनबाट ल्याइदिएको बुद्ध जीवनी सम्बन्धित सम्पूर्ण तस्वीरहरू प्रदर्शन गर्नुभएको थियो, जुन प्रदर्शनी प्रायः जसो उपत्यकाका सम्पूर्ण बौद्ध धर्मालम्बीहरूले हेर्न आएका थिए ।

भिक्षु धर्मालोक महाचीनबाट फर्कनुभए देखि विशेषतः पुस्तक प्रकाशन कार्यमा जोड दिनुभयो । उहाँले आफू पञ्चशीर्ष पर्वतमा रहनुभएको बेला अनुवाद गर्नुभएको "अनुत्तर विजय" गुरूमण्डलमा भावार्थ सहित', आफू श्रामणेरको बेला ऊ. चन्द्रमणि महास्थविर सित ६ महिना जति साथ रहनुभएको बेला महापण्डित राहुल सांकृत्यायनद्वारा लिखित 'बुद्धचर्या' ग्रन्थको आधारमा 'बुद्ध गुण' नामक एक पुस्तिका पनि लेखिराखेको थियो । यस्तै उहाँले राहुल सांकृत्यायनकै अनुवादित ग्रन्थ 'दीघ निकाय' र 'मज्झिम निकाय' को आधारमा केही सूत्रहरू पनि नेपाल भाषामा अनुवाद गर्नुभएको थियो, जुन 'प्रज्ञा दरसन' को रूपमा प्रथम भाग र द्वितीय भाग गरी बु. सं. २४८४ वि. सं. १९९७ मा प्रकाशित गर्नुभएको थियो

Downloaded from http://dhamma.digital/

साथै उहाँले आफ्नो मौलिक किताबहरूको रूपमा 'लोकय् कुचाल कुव्यवहार सुधारं', 'ईश्वर म्हसीकि' आदि किताबहरू पनि ३-४ सालको अवधिमा नै प्रकाशित गर्नुभएको थियो। यसै अवधिभित्र उहाँले भिक्षु प्रज्ञानन्द (हाल संघनायक) ज्यूले तयार गरिराखेको 'परित्राण' किताब पनि बु. सं. २४८४ मा प्रकाशित गर्नुभएको थियो ।

यी सम्पूर्ण किताबहरू उहाँले बनारसमा छपाउनु भएको थियो। त्यसभन्दा अगाडिसम्म उहाँले प्रेस सम्बन्धी कुनै कार्य गरेको थिएन । तापनि जानि-नजानिकन नै प्रेस सम्बन्धी कार्य गर्नुभएको थियो– तसर्थ उहाँलाई शुरू-शुरूमा अति नै कठिन हुन गएको थियो। शुरूमा त बनारसमा कुनै प्रेसले पनि नेपाल-भाषामा लेखिएका ती किताबहरू प्रकाशन गर्न मञ्जुर गरेको थिएन, बल्ल एउटा ठूलो प्रेसको रूपमा रहेको "इण्डियन प्रेस" ले स्वीकार गऱ्यो तर पनि आफूले नजानेको भाषा हुनाको कारण कम्पोज गर्नेहरू कम दिक्क मानेको थिएनन्। उहाँले तिनीहरूलाई सम्झाई, बुझाई ती किताबहरू प्रकाशन गर्दै लानु भएको थियो । त्यसबेला उहाँमा आलस्य भन्ने नै थिएन, सारनाथबाट दिनहूँ पैदल बनारस आई प्रुफ हेर्ने काम पूरा गर्नुहुन्थ्यो ।

शुरूमा उहाँले प्रकाशित गर्नुभएको किताब २, ३ सयमात्र लिई, बाँकी सबै कुशीनगरमै छोडी, काठमाडौं आउनुभएको थियो। किनेल विर पुगेको केही दिनमै सम्पूर्ण किताबहरू बिक्री भएको कारण किताब किन्न नपाएकाहरू असन्तोष भए। ती पुस्तक नपाएका व्यक्तिहरूमा काठमाडौंका एक किसान उपासक हारां (पछि भिक्षु महापन्थ) पनि थिए । अतः उहाँले भिक्षु धर्मालोकले कुशीनगरमा छोडेर आउनु भएको किताब, अन्य एक साथी साथ लिई भिक्षु धम्मालोकको आदेशानुसार कुशीनगरसम्म जानुभई उहाँहरूले सकेजति किताब बोकेर ल्याएका थिए ।

Downloaded from http://dhamma.digital/

यसरी ३, ४ सालसम्म लेखन तथा प्रकाशन सम्बन्धी कार्य अटूट रूपमा गर्दै रहेकोलाई त्यस्तै लेखन तथा प्रकाशनको जिज्ञासा लिई भिक्षु अमृतानन्द (वि. सं. १९७५-२०४७) ले शुरु गर्नुभयो। तव भिक्षु धर्मालोक बेलावखतमा एक डेढ महिना बाघद्वार र मणिचूड आदि ठाउँमा गई शान्त वातावरणमा दिन बिताउन जानुभयो।

विशेषतः उहाँलाई किन्डोल विहारमा भिक्षु एवं अनागारिकाहरू सबै ठाउँमा विवशताका साथ रहनुपर्नाको कारण मनमा शान्ति थिएन, किनकि बाहिर अनेकौं निन्दा-चर्चाका कुराहरू हुने गर्दथ्यो, साथै अनेकौं उपहास पनि हुँदै रहन्थ्यो।

यस्तै निन्दा-चर्चा, उपहास आदि हुँदै आएको कारण दिक्दारको बेला उहाँ स्वयम्भू पर्वत स्थानमा घुम्न जाने गर्नुहुन्थ्यो।

एक दिन उहाँ यस्तै घुम्न जानुभएको बेला "ख्वाउँ-बुंगाः" नामक स्थानको माथितिर अलि घना जङ्गल रहेको ठाउँमा एक मैदान भेटाउनुभयो। त्यहीँ उहाँले एकान्त अनुभव गर्दै जाँदा विशेष आनन्दको पनि अनुभव हुँदै आयो। पछि आएर उहाँ दिनहुँ आनन्दको अनुभव गर्न आउने स्थान हुन आयो।

एक दिन उहाँले त्यस्तै आनन्दको अनुभव गर्दैरहनु भएको बेला (वि. सं. १९९८) वर्षावास त्यहीँ एउटा 'कुटी बनाई रहने विचार गर्नुभयो। त्यहीँ रहन उहाँले बन पाले सित सोध्नुभयो। वन रक्षकले पनि 'साधु' भएको हुनाले केही बाधा नभएको कुरा सुनायो। भिक्षु धर्मालोकले ती नै बल रक्षकलाई 'कुटी' बनाउने अर्डर दिई चाहिने जति रुपियाँ दिनुभयो। वर्षावास अधिष्ठान गर्नुभएको बेला कूटी' पूर्ण रूपमा तयार भएकै थिएन तैपनि उहाँले अधिष्ठान गर्नुभई जसो तसो दुइ-पटकसम्म ताल्चा फोरी ओढ्ने ओछ्याउने चोरेर लगे पनि) ३ महिने वर्षावास पूरा गर्नुभयो।

वर्षावास समाप्त भएपनि उहाँ त्यस कुटीमा गई सुत्न गइ नै रहे। वर्षावास समाप्तिपछि कार्तिक महिनाभर उहाँले भिक्षु अमृतानन्दलाई स्वयम्भू

Downloaded from http://dhamma.digital/

पर्वतस्थानमा 'विश्वन्तर जातक' को कथावाचन गराउनुभएको थियो, जुन धर्मोपदेश सुन्न श्रद्धालु भक्तजनहरू बिहान सबेरै सबेरै नै आई पुग्थे । प्रायः गरी यस धर्मोपदेशको सारा बन्दोबस्त भिक्षु धर्मालोकले गर्नुभएको थियो । उहाँ सबेरै आनन्द उहाँ स्वयंले नै गर्नु हुन्थ्यो । धर्मोपदेश समाप्तिको अवसरमा भिक्षु अमृतानन्दले नेपालमा सर्वप्रथम अहोरात्र महापरित्राण पाठ सम्पन्न गरेको थियो । कार्तिक पूर्णिमा (सकिमिला पुन्ही) का दिन सम्पन्न भएको त्यस महापरित्राण सुन्न स्वयम्भू पर्वत स्थानमा हजारौं भक्तजनहरू उपस्थित भएका थिए । परित्राणको समाप्तिपछि भोलिपल्ट बिहान बडो धूमधामका साथ बुद्ध पूजा भएको थियो । यसै बेला देखि स्थविरवाद बुद्धधर्मप्रति जनमानसको ध्यान केन्द्रित हुँदै आएको थियो ।

उता, विस्तारै आनन्दकुटी पनि विहारको रूपमा परिणत हुँदै आयो । यसको निमित्त द्वारिका, पूर्णमान र भक्तलाल आदि उपासकहरूको साथै क्षेत्रपाटीका बातुली नामक उपासिकाको श्रद्धाले कुटीलाई विस्तृत गर्नुको साथै अन्य एक आवास स्थल पनि निर्माण हुन आयो । अतः भिक्षु धर्मालोक वि. सं. २००० सालदेखि किन्डोल विहार छोडी "आनन्द कुटी विहार" मा रहन आउनुभयो ।

त्यसै सालको शिवरात्रीको समयमा ऊ. चन्द्रमणि महास्थविर, भिक्षु अमृतानन्दका साथ नेपाल आउनुभएको थियो । उहाँ एक महिनासम्म आनन्दकुटी विहारमै रहनुभएको थियो । त्यस अवधि भित्रमा गुरु चन्द्रमणि महास्थविरले उपत्यकाका विभिन्न दर्शनीय स्थलहरूको अवलोकन गर्नुका साथै विभिन्न विहार-विहारमा जानुभई गुप्त रूपमा पर्याप्त धर्मोपदेश गर्नु भई नवजागृत बौद्धहरूलाई प्रफुल्लित पार्नुभएको थियो ।

त्यसैबेला भिक्षु धर्मालोकले एक दिन गुरुवर समक्ष आफ्नो एउटा इच्छा जाहेर गर्नुभएको थियो, त्यो हो– "यदि कुनै एउटा बुद्ध मूर्ति पाए, बिहान-बेलुका वन्दनादि गर्न एउटा मन्दिर (सानो विहार) बनाउन पाउने थियो ।"

ऊ. चन्द्रमणि महास्थविरले पनि "यदि मन्दिर बनाउने पक्का भए, आफू

Downloaded from http://dhamma.digital/

कहाँ (कुशीनगरको धर्मशालामा) रहेको दुईवटा संगमरमर (Marble) का बुद्ध-मूर्ति मध्ये एउटा दिने पनि पक्का" भनी जवाफ दिनुभयो। तसर्थ धर्मालोकले बडो जोडतोडका साथ बुद्ध-मूर्ति राख्न "बुद्ध-मन्दिर" बनाउने शुरू गर्नुभयो। मन्दिर सिद्दिन लागेपछि उहाँ बुद्ध-मूर्ति लिन कुशीनगर जानुभयो। कुशीनगरबाट बुद्ध-मूर्ति लिई भीमफेदीमात्र के पुगेको थियो, काठमाण्डौबाट आएका यात्रुहरूले बौद्ध भिक्षुहरूलाई सरकारले कडिकडाउ गर्दै ल्याएको कुरा सुनाउनुभयो। उहाँलाई पनि काठमाण्डौ नजान सल्लाह दिनु भयो। त्यसो गर्नाको कारण भने कसैले बताउन सकेन। त्यसको भोलिपल्ट बिहान सबेरै बुद्ध-मूर्ति भीमफेदी मै छोडी उहाँ पैदल काठमाण्डौ आउनु भयो। उहाँ एक रात बलम्बूमा बिताएर मात्र "आनन्दकूटी" आउनु भएको थियो। त्यही दिन (१५ श्रावण २००१) भिक्षु, श्रामणेर, अनगारिकाहरू सबैलाई सिहदरबारमा हाजिर हुनुपर्ने पूर्जी दिइराखेको रहेछ। अतः भिक्षु धम्मालोक पनि आनन्दकुटी पुगेको केही समयपछि नै बिहानै सिंहदरबारमा हाजिर हुन गए। एक लाइनमा भिक्षु, श्रामणेरलाई राखियो त दोश्रो लाइनमा अनगारिकाहरूलाई राखियो।

श्री ३ जुद्ध शम्शेरका हजुरिया जर्नेल बहादुर शम्शेरले भिक्षु एवं अनगारिकाहरूले नेपालमा बुद्ध-पूजा गर्न नपाउने, प्रव्रजित गर्न नपाउने, धर्मदेशना गर्न नपाउने, नेपालभाषाबाट किताब लेख्न नपाउने, आदि कुराहरू उल्लिखित कबुलियत पत्रमा सही राख्न पूरापूर इन्कार गर्नु भएपछि हुकुम दिएको थियो–

"यिनीहरूले भनेको कुरा नमान्ने भएपछि चिसापानी गढी कटाइ दिनू, आइमाई अनगारिकाहरूलाई वर्षावासपछि मात्र पठाउनू।"

यी अनुज्ञा (हुकुम) श्री ३ जुद्ध शम्शेरलाई थाहै नदिकन ब्राह्मण पुरोहितहरूको षडयन्त्रमा संलग्न भई हजूरिया जर्नेल बहादुर शम्शेर (जुद्ध शम्शेर को पुत्र) ले दिएको थियो।

हजुरिया जर्नेलले हुकुम दिएपछि प्रत्येक भिक्षु एवं श्रामणेरहरूको पछाडि

Downloaded from http://dhamma.digital/

एक-एक जना पुलिस साथ लगाई आ-आफ्नो विहारमा रहेको चीवर, किताव, विछ्यौना आदि केही सामानहरू बन्दोबस्त गराई सबैलाई (८ जना भिक्षु एवं श्रामणेर) भोटाहिटी स्थित चपरासी अड्डामा हाजिर गराए। त्यहींबाट पुनः एक-एक जना पुलिस साथ लगाई चिसापानी गढीसम्म छोडेर आउने अर्डर दिए।

यसरी बुद्धको जन्मस्थल नेपालमा बुद्धधर्म पुनरुद्वार गर्न आउनु भएका बौद्ध भिक्षुहरूलाई तेश्रो पटक (पहिलो–१९८२ साल ५ जना घ्येलुँहरूलाई, दोश्रो–१९९३ साल भोजपुरबाट भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई) १५ श्रावण २००१ को दिन बडो अन्यायपूर्वक देश निर्वासित गरेको थियो।

निष्काशित गरिएका उहाँहरू (भिक्षु-प्रज्ञानन्द, धम्मालोक, सुबोधानन्द, प्रज्ञारश्मि, श्रामणेर-अग्गधम्म, कुमार काश्यप, रत्नज्योति र प्रज्ञारस) थानकोटमा एक रात बिताई दोश्रो दिन बिहान सबेरै चन्द्रा गिरी पहाड चढ्नु भएको थियो। दोश्रो दिन उहाँहरू भीमफेदीमा साहू द्वारिका प्रसाद मानन्धरको घरमा बास बस्नु भयो।

तेश्रो दिन उहाँहरू वीरगंज पुग्नुभयो। वीरगंजबाट रक्सौल पुग्नुभएपछि उहाँहरूले एक आपसमा सरसल्लाह गरी कोही कालिम्पोङ्ग, कोही नौतनवा, कोही कलकत्ता जानुभएको थियो। भिक्षु धर्मालोक, भिक्षु सुबोधानन्द र भिक्षु प्रज्ञारश्मि ३ जना कुशीनगर जानुभएको थियो। कुशीनगर पुग्नुभएपछि सारा वृत्तान्त ऊ. चन्द्रमणि महास्थविरलाई सुनाउनुभयो र त्यहीं वर्षावासको अधिष्ठान पनि गर्नुभयो।

जसो तसो गरी बडो कठिनाइका साथ वर्षावास समाप्त गर्नुभई उहाँहरू सारनाथ जानुभयो। त्यही ३१ नवम्बर १९४४ (बु.सं. २४८८ कार्तिक पूर्णिमा) का दिन ऊ. चन्द्रमणि महास्थविरको अध्यक्षतामा "धर्मोदय-सभा" को स्थापना भएको थियो। 'धर्मोदय-सभा' का (तत्कालीन स्थापना कालका) कार्य कारिणी पदाधिकारी निम्न रूपमा रहनु भएको थियो–

Downloaded from http://dhamma.digital/

१) अध्यक्ष – ऊ. चन्द्रमणि महास्थविर
२) उपाध्यक्ष – भदन्त आनन्द कौशल्यायन
३) सचिव – भिक्षु अमृतानन्द
४) संयुक्त सचिव – भिक्षु महानाम
५) कोषाध्यक्ष – मणिहर्षज्योति कंसाकार
६) सदस्य – भिक्षु ऊ. कित्तिमा महास्थविर
७) " – भिक्षु महाप्रज्ञा स्थविर
८) " – भिक्षु धर्मालोक स्थविर
९) " – भिक्षु सुबोधानन्द ।

त्यसबेला सारनाथमा "मूलगन्धकुटी विहार" को वार्षिकोत्सव (१४ औं) को समय थियो । अतः त्यहाँ मेला जस्तै भीड हुने गर्दथ्यो । ती उत्सवको समाप्ति पछि भिक्षु धर्मालोक कुशीनगर फर्कनुभयो । कुशीनगरमा केही समय रहनुभई उहाँ कालिम्पोङ्ग प्रस्थान गर्नुभयो ।

कालिम्पोङ्गबाट पुनः भाजुरत्न साहूकै खच्चरद्वारा फारी जानुभयो । फारीमा २ हप्ता जति रहनुभई उहाँ अन्य तिब्बतीय स्थानहरूको साथै 'दुयू' भन्ने स्थानमा धेरै महिना रहनुभयो । 'दुयू' भन्ने स्थानमा धेरै महिना रहनुभयो । 'दुयू' बाट उहाँ 'स्यासिमा' भन्ने स्थानमा रहन जानुभयो, जहाँबाट हुलाक नजिक हुनाको कारण कयौं व्यक्तिहरूसित पत्र-व्यवहार गर्दै रहनुभयो । त्यसैबेला उहाँले नेपालमा जुद्ध शम्शेर पश्चात् श्री ३ पद्मशम्शेर (शासनकाल वि. सं. २००२-२००४) नेपालको प्रधानमन्त्री हुनु भएको खवर सुन्नु भएको थियो, साथै श्रीलंकाबाट भिक्षु नारद महास्थविर (सन् १८९९-१९८३) को नेतृत्वमा एक शिष्टमण्डल काठमाडौं आइपुग्नुभएको खबर पनि उहाँले थाहा पाउनुभयो, जुन शिष्टमण्डलमा भिक्षु अमृतानन्द पनि थिए ।

पछि भिक्षु अमृतानन्दले नै उहाँलाई स्वदेशमा आगमन गर्न सजिलो हुने

Downloaded from http://dhamma.digital/

गरी कालिम्पोङ्गमा आइरहन पत्र पठाउनुभएको थियो, जुन पत्रानुसार उहाँ पनि 'स्यासिमा' बाट ५, ६ दिनपछि कालिम्पोङ्ग आईपुग्नुभयो ।

यता काठमाडौंमा श्रीलंकाबाट आउनुभएका उहाँहरू (भिक्षु नारद महास्थविर, भिक्षु प्रियदर्शी, भिक्षु अमृतानन्द, डा. रत्नसूर्य र प्रोफेसर आर्यपाल) ले श्री ३ पद्म शम्शेरलाई भेट्नभई "निष्काशित भिक्षुहरूलाई फर्काइ पाउँ" भनी बिन्ति पत्र चढाएका थिए जुन बिन्ति पत्रलाई श्री ३ पद्मशम्शेरले सहर्ष स्वीकार गर्नुभएको थियो । अतः भिक्षु अमृतानन्दले सर्वप्रथम भिक्षु धर्मालोक (निष्काशित भिक्षुहरूमा वृद्ध) लाई आगमनको निमित्त पत्र पठाउनुभएको थियो ।

तीं पत्र भिक्षु धर्मालोक कालिम्पोङ्ग पुग्नुभएको ५ दिनपछि प्राप्त भएको थियो । अतः उहाँ तुरून्तै काठमाडौं पुग्न रक्सौल आइपुग्नुभयो तर वीरगंजमा हुकुमको पूर्जी नआउको कारण उहाँ ७/८ दिन त्यहीं रहनुपर्‍यो । त्यसबेला जेठ महिना भएको कारण उहाँलाई गर्मीको कारण वीरगंजमा रहिरहन असह्य हुँदै आयो । त्यसैले उहाँ कालिम्पोङ्गमै फर्कने विचारमात्र गरिरहेको थियो, त्यसैबेला काठमाडौंबाट त्यहाँ आउने खबर पठाइयो । तब राहदानी पाएपछि भीमफेदीमा एक रात बिताई सन् १९४६ को जून महिना (जेष्ठ शुक्ल ६, २००३) मा उहाँ आनन्दकुटी आइपुग्नुभयो । त्यस दिन उहाँको आँखामा प्रीतिमय आँसु भरिएको थियो । उहाँले भित्रि हृदयदेखि 'नारद महास्थविर' को दया र करूणा प्रति प्रसन्नता भाव व्यक्त गर्नुभयो साथै भिक्षु अमृतानन्दलाई पनि भन्नुभयो– "अमृतानन्द । तपाईले निभिसकेको बत्तीलाई फेरि बालिदिनुभयो ।"

आफूले निर्माणकार्य शुरू गरेको आनन्दकुटीमा विशेष भिक्षु अमृतानन्द र उपासकोपासिकाहरूको श्रद्धाले भीमफेदीमा छोडेर गएको बुद्ध-मूर्तिलाई पनि आफूले बनाएर गएको मन्दिरको सट्टा त्यही स्थानमा जगैदेखि राम्ररी बनाएको मन्दिरमा विराजमान गराइसकेका थिए । अतः उहाँ आनन्दकुटी पुग्नासाथ आफूले

Downloaded from http://dhamma.digital/

नसोचेकै रूपमा प्रगति भइरहेको देखि निकै आनन्दको अनुभव गर्नुभएको थियो।

यसरी निष्काशित भिक्षुहरूको आगमन पश्चात् पुनः नेपालमा स्थविरवाद बुद्ध-धर्मको प्रचार-प्रसार तीव्र रूपमा हुँदै आयो। यसैको फलस्वरूप २००८ सालको कार्तिक महिनामा बुद्धका अग्रश्रावक सारिपुत्र र मौद्गल्यायनको अस्थिधातु नेपालमा पनि आगमन गर्न नेपाली बौद्ध समुदाय सफल भएको थियो।

त्यस्तै २०१३ सालको कार्तिक (नोभेम्वर, सन् १९५६) महिनामा "धर्मोदय-सभा" को तत्त्वावधानमा ४२ राष्ट्रका प्रतिनिधिहरू सम्मिलित गराई "चतुर्थ विश्व बौद्ध सम्मेलन" पनि सम्पन्न भएको थियो।

यी प्रत्येक कार्यहरूमा भिक्षु धर्मालोकले सक्दो योगदान दिनु भएको थियो। यसको अतिरिक्त उहाँले बुद्धको जन्मस्थल लुम्बिनी, कुल भूमि कपिलवस्तु, प्राचीन स्तूप स्वयम्भूप्रति उहाँको भावना विशेष रूपमा व्यवस्थित गर्ने आशयले नै उक्त स्थानहरूको निमित्त उहाँले आफ्नो अमूल्य समय दिनुभएको थियो।

राणा भीमशम्शेरको पाला (वि. सं. १९८७ साल) मा नेपाल भाषाबाट पर्चा छापे वापत आडम्बर मत पर्वमा समाविष्ट हुनु, कयौं किताबहरू नेपाल-भाषामा लेखी बनारसमा बार-बार गई प्रकाशन गर्नु, विशेषतः सामाजिक सुधार एवं समीक्षात्मक रूपमा नेपाल-भाषामा किताब लेखी पूर्ती गरिदिएको कारण "च्वसापासा" को तर्फबाट उहाँलाई "भाषा-जवाः" को उपाधिले सम्मानित गरेको थियो।

"च्वसा पासा"– नेपाल भाषा एवं साहित्यलाई विकास गर्नको निमित्त प्रेम बहादुर कंसाकार (ने. सं. १०३७-११११) र मदनलोचन सिंहद्वारा ४ बछलागा १०७० ने. सं. (बैशाख पूर्णिमा २००७ साल) को दिन कलकत्तास्थित रामजीदास जेतियालेन (धर्मोदय कार्यालय) मा स्थापना गरेको थियो।

यसरी "च्वसापासा" स्थापना हुनुभन्दा अगाडि नै कयौं किताबहरू नेपाल भाषामा लेखी प्रकाशन गरिसक्नु भएका भिक्षु धर्मालोक महास्थविर विशेषतः धर्म-सम्वन्धी वाद-विवाद गर्दै रहनु नपाए दिक्क मानिने स्वभावका व्यक्ति थिए।

Downloaded from http://dhamma.digital/

उहाँ गृहस्थ (दशरत्न उपासक) को वेला नै अन्याय, अकीर्तिको विरुद्ध आवाज उठाउन सक्ने व्यक्ति, प्रव्रजित भए पश्चात् झन निर्भीक रूपमा बोलाइमा मात्र होइन लेखाइमा नै उग्रता ल्याउनुभएको थियो। प्रमाणको रूपमा "लोकय् कुचाल कुव्यवहार सुधार" ईश्वर म्हसीकि" "कर्म सुधार" "सुयागु धर्म सत्य खः" आदि किताब लेखी विकृत हुँदै आइरहेको बौद्ध समाजलाई सुधार्न उहाँ अग्रगण्य हुनु भएको थियो।

यसको अतिरिक्त उहाँले त्यस बेला नै तामाङ, गुरुङ, मगर, थकाली, मानन्धर , ताम्राकार आदि कयौं जातिहरू बौद्ध भएर पनि जनसंख्याको जनगणनामा बौद्धहरूको जनसंख्या आश्चर्यजनक रूपमा कमी देखाएकोमा तीव्र विरोध गर्नुभएको थियो।

यसप्रकार हरेक क्षेत्रमा अमूल्य योगदान दिंदै आउनुभएका उहाँ ७५ वर्षको उमेरमा लुम्बिनीको 'धर्मोदयविहार' बाट अस्वस्थ रूपमा काठमाडौं आउनुभएको थियो। कान्ति अस्पतालमा भर्ना भई स्वस्थ हुनु भयो, तव देखि उहाँ आनन्दकुटी विहारमा रहँदै आउनुभएको थियो।

वृद्ध एवं रोगी शैय्याबाट उठेको शरीर भए तापनि आफ्नो स्वभावानुसार प्रत्येक कार्यमा संकल्प विकल्प गर्दै रहने व्यक्ति। अनायाश ! ५ अक्टोवर १९६७ (१८ आश्विन २०२४) को दिन आनन्दकुटी विहारमै रातको समय निधन हुनुभयो।

८ अक्टोवरको दिन उहाँको शवयात्रा उपस्थित बुद्धधर्मका तीनैयान (थेरवाद, महायान र वज्रयान) का असंख्य उपासकोपासिकाहरूका साथै कैयौं अवौद्धहरू पनि उहाँलाई श्रद्धाञ्जली चढाउन आएका थिए। यसवाट उहाँको प्रतिभा छर्लङ्ग भएको महशुस गर्न सकिन्छ।

अन्तमा, आनन्दकुटी विहार, स्वयम्भूमा उहाँको स्मृतिस्वरूप बनिएको 'धम्मालोक धम्मागार' स्थित उहाँको प्रतिबिम्व (प्रतिमा) सदाको लागि नमनीय भएको छ।

Downloaded from http://dhamma.digital/

## –सन्दर्भ–

१) महाचीनयात्रा – भिक्षु धर्मालोक स्थविर
'धर्मोदय सभा' कालिम्पोङ्ग– ने. सं. १०७०

२) लुमंके बहःपिं व्यक्ति'-१– भिक्षु सदर्शन
'च्वसापासा' केल मासंगल्ली,
यें, ने. सं. १०९०

३) तिब्वतमे सवा वरस – राहुल सांकृत्यायन
– शारदा मन्दिर, नई दिल्ली,
वि. सं. १९९०

४) यात्रा के पन्ने – राहुल सांकृत्यायन
– साहित्य सदन, देहरादून– १९५२

५) महास्थविर धम्मालोक भन्ते – धर्मरत्न 'यमि'
– लेखक स्वयं वि. सं. २०२७

Downloaded from http://dhamma.digital/

## स्मरणीय व्यक्तित्वहरू
## अभ्यास–३

१) साहू दशरत्नको मनमा प्रव्रजित हुने विचार कसरी उत्पन्न भयो ?
२) भिक्षु धर्मालोकको महाचिन यात्राबारे के थाहा छ ? वर्णन गर्नुहोस् ।
३) स्वयम्भू पर्वत स्थानको "ख्वाउँ-बुँगा:" नामक स्थानको घना जङ्गलको मैदान कसरी आनन्दकुटी विहारमा परिणत भयो ? ऐतिहासिक विवेचना गर्नुहोस् ।
३) भिक्षु धर्मालोक महास्थविरले नेपाली बौद्ध साहित्य र नेपाल भाषामा पुऱ्याउनु भएको देनबारे चर्चा गर्नुहोस् ?

Downloaded from http://dhamma.digital/

# ४. डा. आचार्य भिक्षु अमृतानन्द महास्थविर

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरूत्थान गर्नमा अग्रणी भूमिका निभाउनु भएका व्यक्तिहरूमा आचार्य भिक्षु अमृतानन्द महास्थविर पनि एक प्रमुख हुनुहुन्छ।

उहाँको जन्म लुम्बिनी अञ्चलको पाल्पा तानसेनस्थित भीमसेन टोलमा वि. सं. १९७५ को पौष महिनामा भएको थियो। उहाँको बाटबाट हीराकाजी शाक्य र आमा टीकामाया शाक्य थिए। उहाँहरूले आफ्नो जेठो छोरालाई "लालकाजी शाक्य" नामाकरण गरेका थिए।

लालकाजी शाक्यलाई ७ वर्षको उमेरमा बाटबाट हीराकाजी शाक्यले चूडाकर्म गराउन पाटनको हिरण्यवर्ण महाविहार (क्वाः बहाल्) मा ल्याएका थिए। त्यसताका एक वृद्ध गुभाजु (बज्राचार्य) को मुखबाटट लालकाजी शाक्यले यी शब्दहरू सुनेका थिए–

"हिजोआज भित्तामा चित्रित गरेका भिक्षुहरूमात्र छन्, सजीव भिक्षुहरू कहाँ छन् र ?"

हो पनि, त्यसताकासम्ममा नेपालमा न त कोही महायानी भिक्षु (घ्येलुं थिए न त कोही थेरवादी। वि. सं. १९८१ सालमा नेपाल आगमन गर्नुभएका तिब्बतको अन्दो (खाम्) का क्यान्छ्या लामाको उपदेश सुनी प्रभावित हुनुभएका ५ जना घ्येलुंहरू पनि शायद केही महीनापछि मात्र कान्तिपुरमा देखापर्न आएको हुनसक्छ।

लालकाजी शाक्यले आफ्नो जीवनमा सबभन्दा पहिले सजीव भिक्षुको दर्शन सन् १९३५ (वि. सं. १९९२ को बैशाख महिनातिर) मा तथागतको परिनिर्वाणस्थल कुशीनगरमा पाएको थियो। उहाँले त्यसैबेला भगवान् बुद्धको निर्वाणमूर्ति भएको

Downloaded from http://dhamma.digital/

मन्दिरमा गई "आउँदो वर्षमा प्रव्रजित हुनेछु" भनी मनमनै प्रतिज्ञा गरेका थिए जसअनुसार एक सालपछि पहिलेजस्तै उहाँ तानसेनबाटट कसैलाई थाहै नदिईकन अझ गर्भवती स्त्रीलाई समेत थाहा नदिई कुशीनगर पुगे । तर उहाँलाई खोज्न उहाँको काका मोतिकाजी शाक्य (लुम्बिनीस्थित भिक्षु विमलानन्दकाहाँ ब्वा) कुशीनगर आइपुगे ।

अफशोचको कुरा ! लालकाजी शाक्य १० वर्षको उमेरमा आमाबाट एवं बाजेको समेत निधन हुन गएको कारण शायद उहाँलाई विरक्तभाव आएको हुनुपर्छ जसको कारण उहाँ बरोबर घरबाट भागी यताउता डुल्न जान्थे । त्यही प्रसंगअनरूप वि. सं. १९९१ मा तानसेनबाट भागी कलकत्ता पुग्नुभएका उहाँ हिउदै मौसममा आफ्ना आफन्तहरू रहेको ठाउँ नेपालको पूर्वाञ्चलस्थित भोजपुरमा पुग्नुभएको थियो । त्यहाँ आफ्नो प्रमुख नातेदार कुलधन शाक्य (दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविर एवं हाल उपसंघनायक भिक्षु सुबोधानन्द महास्थविरका बाट) कहाँ केही महीना रही वि. सं. १९९२ (बु. सं. २४७९) को बैशाख पूर्णिमा कुशीनगरमा हेर्ने हेतु कुलधन शाक्यले आफ्ना एक छिमेकी सिद्धिराज शाक्य र पुत्र कुलराज शाक्य (भावी भिक्षु सुबोधानन्द (प्रव्रजित वि. सं. १९९६ बुद्ध तीर्थयात्रा गर्न आएकाहरूका साथ लालकाजी शाक्य पनि आउनुभएको थियो । त्यसैबेला उहाँले कुशीनगरमा पहिलोपल्ट सजीव भिक्षुको दर्शन पाउनुभएको थियो । उहाँहरू तीर्थयात्रा सम्पन्न गरी लालकाजी शाक्यलाई तानसेन छाडी भोजपुर फर्केका थिए । लालकाजी शाक्यलाई तानसेन छाड्न आउनुभएका विशेषतः कुलधन शाक्यले मोतीकाजी शाक्यलाई लालकाजी शाक्यको स्वभावलाई बदल्न विवाह गरिदिनुपर्ने सल्लाह दिएर आउनुभएको थियो । उहाँको यस रायलाई सही ठानी काका मोतीकाजी शाक्यले टोल छिमेकीकै छोरी हरिमाया (भावी अनागारिका संघमित्रा) सित लालकाजी शाक्यको विवाह गरिदिएको थियो । यो वि. सं. १९९२ सालको कुरा हो ।

Downloaded from http://dhamma.digital/

विवाह भयो, तर लालकाजी शाक्यको स्वभावलाई बदलेन, उहाँ वि. सं. १९९३ को शुरूमा घरबाटफेरि भागे। कुशीनगर पुगी आफ्ना इच्छा ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२) समक्ष व्यक्त गरे। तत्कालै उहाँले प्रव्रजित गर्नुभएन। अतः लालकाजी शाक्य गोरखपुर र बनारसमा केही समय घुमफिर गरी रहे। उहाँलाई खोज्न आउनुभएका काका मोतीकाजी शाक्यले उहाँको एक पत्र गोरखपुरमा प्राप्त गरे। जुन पत्रमा आफू श्रामणेर बन्ने अठोट गरिसकेको कुरा उल्लेख गरिएको थियो। त्यस पत्र देख्नासाथै मोतीकाजी शाक्यले भतिजाको आशा मारी तानसेन फर्केका थिए। पछि अन्य एक पत्रद्वारा पनि श्रामणेर बन्ने स्वीकृति पठाए।

यसप्रकार घरबाट अनुमति प्राप्त गरी लालकाजी शाक्य २ अगस्ट १९३६ का दिन ऊ. चनद्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भई "श्रामणेर अमृतानन्द" हुनुभयो। उहाँलाई श्रामणेर गरिसकेपछि ऊ. चन्द्रमणि महास्थविरले श्रामणेर अमृतानन्दलाई नेपालका आफ्नै एक शिष्य भिक्षु महाप्रज्ञाकहाँ, कालिम्पोङ्ग पठाइदिए। यसप्रकार श्रामणेर अमृतानन्द ऊ. चन्द्रमणि महास्थविरको आश्रयमा रहेको केही महीनापछि भिक्षु महाप्रज्ञाको आश्रयमा रही अध्ययन-मनन गर्ने मौका पाउनुभएको थियो।

कालिम्पोङ्गको त्रिपाई डाँडामा अवस्थित "प्रज्ञाचैत्य महाविहार" मा भिक्षु महाप्रज्ञाका साथ केही समय बिताइसकेपछि श्रामणेर अमृतानन्दले पुनः एकपटक भोजपुरमा आफ्ना आफन्तहरूकहाँ जाने विचार गर्नुभयो। अतः उहाँ गुरू भिक्षु महाप्रज्ञासित अनुमति लिई वि. सं. १९९३ सालको मंसिरको पहिलो हप्तामा दार्जिलिङ्गमा व्यापार गर्न आउनुभएका भोजपुरका जीतबहादुर साहूका साथ इलामको बाटो हुँदै भोजपुर प्रस्थान गर्नुभएको थियो।

Downloaded from http://dhamma.digital/

श्रामणेर अमृतानन्द भोजपुर पुग्नुभएको ३ हप्तापछि भिक्षु महाप्रज्ञा पनि दार्जिलिङ्गमा व्यापारका निम्ति आउनुभएका भोजपुरका साहू खड्गबहादुर उदासका साथ भोजपुर आइपुगे ।

श्रामणेर अमृतानन्द र गुरूवर भिक्षु महाप्रज्ञाको भोजपुर आगमनबाट भोजपुरमा उहाँहरूको प्रवचनले त्यहाँका परम्परागत बुद्ध धर्मावलम्बीहरूले बुद्धधर्म बारे निकै ज्ञान हासिल गरे । त्यहाँका उपासकोपासिकाहरूको श्रद्धाको कदर गरी एउटा बुद्धमूर्ति बनाउने कुरा भिक्षु महाप्रज्ञाले उठाउनासाथै तुरून्तै आवश्यक सामान बटुली काम शुरू गरिएको थियो । दुबै भिक्षुहरूबाट धर्मप्रचारमा आलोपालो गर्दै मूर्ति बनाउने कार्य हुँदै गयो । केवल १८ दिनमा सो बुद्धमूर्ति तयार भएपछि वि. सं. १९९३ साल, पौष ३० गतेका दिन भव्य रथयात्रा गरी पहिलेदेखि धर्मस्थलको रूपमा रहँदै आएको गुम्बामा प्रतिस्थापित गरी गुम्बाको नाम पनि भिक्षु महाप्रज्ञाले नै "श्री शाक्यमुनि विहार" राख्नुभएको थियो ।

यसको भोलिपल्ट १ माघ १९९३ का दिन विहारमा थुप्रै भक्तजनहरू धर्मश्रवणको साथै दानप्रदानको निमित्त आइरहेको थियो । ठीक त्यसै बेला भोजपुर जिल्लाका बडाहाकिम गरूडध्वज केही कर्मचारी र सिपाहीहरू साथ लिई विहारमा आउनुभयो । निज, श्री ३ चन्द्रशम्शेर (शासनकाल– सन् १९०१-२९) को पालामा सिंहदरबारमा आठपहरिया छँदा महाप्रज्ञालगायत अन्य ४ जना घ्येलुंहरूलाई देश निकाला गरेको घटनासँग परिचित व्यक्ति थिए ।

भिक्षु महाप्रज्ञालाई देख्नासाथ केही सवाल-जवाफ गरियो । त्यसबेला नै निष्कासित गरिएका व्यक्ति पुनः देशभित्र आएको, नयाँ धर्म (स्थविरवाद) प्रचार गरेको, हिन्दू– बुद्ध भएको, अझ बुद्धमूर्तिसमेत निर्माण गरेको आदि आरोप लगाई उहाँको साथै उहाँको विशेष मद्दतगार (प्रमुख सहयोगी) हुनुभएका श्रामणेर अमृतानन्दलाई पनि साथै लगी ३ महीनासम्म भोजपुर जेलमा राखिएको थियो ।

Downloaded from http://dhamma.digital/

भोजपुर जेलमा ३ महीना राखिसकेपछि उहाँहरूलाई चैत्र मसान्तका दिन २ जना पुलिसहरू साथ लगाई धनकुटा जेलमा चलान गरीदिएको थियो। धनकुटा जेलमा १ महिना बिताई पुन: उहाँहरूलाई २ जना पुलिसहरू साथ लगाई नेपालको सिमाना पारी जोगवनी स्टेशन पुऱ्याए।

यसप्रकार भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्द विशेषत: बुद्धधर्म प्रचार गरेको अभियोगमा ३ महीना भोजपुर र १ महिना धनकुटा जेलमा रहिसकेपछि बल्ल मुक्त भई जोगवनीबाट सिलीगुडी हुँदै कालिम्पोङ्को "प्रज्ञाचैत्य महाविहार" मा पुग्नु भयो।

वि.सं. १९९४ सालको शुरू (सन् १९३७ को मध्य) मा श्रामणेर अमृतानन्द पाली साहित्य अध्ययनार्थ बर्मा जानुभयो। बर्माको माथिल्लो भाग मोलमिनमा अवस्थित "टाउँपोक च्याउँ" नामक विहारमा केही महीना रहनुभयो। त्यसताका सो विहारमा दिवंगत संघनायक भिक्षु शाक्यानन्द महास्थविर र संघनायक हुनुभएका भिक्षु अनिरूद्ध महास्थविर पाली साहित्य अध्ययनार्थ रहँदै थिए। तर श्रामणेर अमृतानन्दलाई त्यस ठाउँ (मोलमिन) उपयुक्त (खानाको प्रतिकूलताको कारण) नहुनाको कारण उहाँ त्यहाँबाट श्रीलंका जानुभयो।

श्रामणेर अमृतानन्द श्रीलंका पुग्नुभई सर्वप्रथम केलनियास्थित विद्यालंकार परिवेणमा केही महीना रहे। त्यसपछि कोलम्बोको प्रसिद्ध वजिराराममा जानु भयो। उहाँले वजिरारामका प्रमुख आचार्य सिरिपेलेन वजिराण महास्थविरको छत्रछायाँमा रही पाली साहित्य अध्ययन गर्दै लगे।

उहाँ श्रीलंका पुग्नुभएको अढाई वर्षपछि गृहस्थको बेलादेखि नै नातेदार हुनुभएका कुलराज शाक्य, जो वि. सं १९९६ सालको बैशाख पूर्णिमाको दिन कुशीनगरमा ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भई श्रामणेर सुबोधानन्द हुनुभएका थिए, लाई निरन्तर पत्र व्यवहार गर्दै आएको फलस्वरूपसँगै उपसम्पन्न हुन श्रीलंका बोलाइयो।

Downloaded from http://dhamma.digital/

त्यसताका (कार्तिक, वि. सं १९९६) श्रामणेर सुबोधानन्द कालिम्पोङ्गको "प्रज्ञाचैत्य महाविहार" मा भिक्षु महाप्रज्ञाका साथ रहँदै थिए। श्रामणेर अमृतानन्दको पत्र पाउनासाथ श्रामणेर सुबोधानन्द गुरूवर भिक्षु महाप्रज्ञासित अनुमति लिई कलकत्ताबाट मण्डपम्कैम्प (धनुष्कोटी-तलैमन्नार हुँदै कोलम्बोको वजिराराममा पुग्नुभयो।

श्रामणेर सुबोधानन्द श्रीलंका पुग्नुभएको दुई-अढाई महीनापछि श्रामणेर अमृतानन्दले विहाराधिपति पेलेन वजिराण महास्थविरसमक्ष उपसम्पन्न हुने कुरा उठाउनुभयो जसअनुसार उहाँहरू दुबै जना वजिराण महास्थविरको उपाध्यायत्वमा २५ जनवरी १९४० अर्थात् १२ माघ १९९६ का दिन कोलम्बोको रत्मलाने चक्किन्दाराम विहारको सीमागृहमा उपसम्पन्न भई भिक्षु अमृतानन्द र भिक्षु सुबोधानन्द हुनुभएको थियो।

भिक्षु अमृतानन्द उपसम्पन्न हुनुभएको झण्डै ३ वर्षपछि सन् १९४२ को अन्त (आश्विन, १९९९ साल) तिर कान्तिपुरको स्वयम्भूस्थित किन्डोल विहारमा आइपुग्नुभएको थियो। त्यसबेला उहाँ भरखर २४/२५ वर्षका नवयुवक भिक्षु थिए जो श्रीलंकाबाट अध्ययन गरी फर्कनुभएको कारण पनि जनमानसमा उहाँ एवं उहाँको उपदेशको प्रभाव पर्नगएको थियो त्यसैमा पनि उहाँ ऊ. चन्द्रमणि महास्थविर र भिक्षु महाप्रज्ञाजस्ता धर्मकथिक गुरूहरूको आश्रयमा रही वाक्शक्ति प्राप्त गरिसकेका व्यक्ति थिए।

यी विभिन्न कारणहरूबाट उहाँ एवं उहँको धर्मोपदेशको प्रभाव त्यसताका प्रायः सम्पूर्ण श्रद्धालुहरूलाई अमिटछापको रूपमा पर्नगएको थियो। त्यसमा पनि सोही सालको कार्तिक महीनाभर स्वयम्भूपर्वतस्थानमा विहान (विहान उहाँले विशेषतः विश्वन्तर जातकको धर्मदेशना गर्नुभएको थियो। धर्मदेशना समाप्तिको अवसरमा कार्तिक पूर्णिमाका दिन उहाँले ४/५ जना भिक्षु-श्रामणेरहरूद्वारा अहोरात्र

Downloaded from http://dhamma.digital/

महापरित्राण पाठ सम्पन्न गर्नुभएको थियो । महापरित्राणको समाप्तिपछि भोलिपल्ट विहान पनि बडो भव्यरूपमा असंख्य श्रद्धालुहरूको उपस्थितिमा बुद्धपूजा एवं दानादि कार्य सम्पन्न भएको थियो । यसै बेलदेखि विशेषत: काठमाडौं उपत्यकाका श्रद्धालुहरूका ध्यान बुद्धधर्मप्रति केन्द्रित हुँदै आएको थियो ।

तर, अफसोच ! यसको डेढ वर्षपछि नै षडयन्त्रकारीहरूको उजूरीबाट राणा प्रधानमन्त्री जुद्धशम्शेर (शासनकाल, सन् १९३२-४५) को सरकारले भरखर-भरखर मात्र कान्तिपुरमा देखिन आएका ८ जना भिक्षु एवं श्रामणेरहरूलाई १५ श्रावण २००१ अर्थात् ३० जुलाई १९४४ का दिन देशबाट निर्वासित गरियो ।

बर्षाबासकालभित्र निर्वासित गरिएका ती भिक्षु एवं श्रामणेरहरूले भारतका विभिन्न ठाउँहरूमा जसो तसो गरी बर्षाबासकाल बिताइसकेपछि प्राय: उहाँहरू कार्तिक (नोभेम्बर १९४४) महीनामा सारनाथमा जम्मा भए उहाँहरू एवं भारतस्थित देश-विदेशका भिक्षुहरू बीच नेपाल सरकारले गरेको अन्यायबारे बृहत् छलफल गरे जसको फलस्वरूप नेपालमा पुन: बुद्धधर्म भित्र्याउने आशयले "धर्मोदय सभा" को स्थापना भयो । संस्थापक अध्यक्ष भिक्षु ऊ. चन्द्रमणि महास्थविर नियुक्त हुनु भयो । उपाध्यक्षमा– भदन्त आनन्द कुशल्यायन, सचिव– भिक्षु अमृतानन्द, संयुक्त सचिव– भिक्षुमहानाम, कोषाध्यक्ष– मणिहर्षज्योति कंसाकार र अन्य सदस्यहरूमा भिक्षु ऊ. कित्तिमा महास्थविर भिक्षु धर्मालोक स्थविर, भिक्षु महाप्रज्ञा स्थविर र भिक्षु सुबोधानन्द नियुक्त गरियो ।

यस सभाले कार्यान्वयन स्वरूप विशेषत: सचिव पदमा रहनुभएका भिक्षु अमृतानन्दले भारतमा जति पनि बौद्ध संस्थाहरू थिए ती सबैसँग नेपालबाट भिक्षुहरू निस्कासित गरिएको बाटरेमा नेपाल सरकारको विरोध गर्नका निम्ति अपिल गरे । श्रीलंका, बर्मा, थाइलैण्ड आदि थेरवादी बौद्ध देशहरूलाई पनि पत्र पठाए ।

Downloaded from http://dhamma.digital/

विशेषत: यसै सन्दर्भमा भिक्षु अमृतानन्द सन् १९४५ मा श्रीलंका जानु भयो। उहाँ आफ्नो गुरूकहाँ जानुभयो र गुरूका प्रमुख शिष्य भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३) को नेतृत्वमा आफूसहित ५ जनाको एक शिष्टमण्डल नेपाल ल्याउन सफल भए।

त्यस शिष्टमण्डको तर्फबाट विशेषत: भिक्षु अमृतानन्दकै प्रयासबाट नेपालबाट निस्कासित भिक्षुहरूमा बृद्ध भिक्षु धर्मालोक स्थविर (त्यसताका ५६ वर्ष लाई भित्र्याउने प्रमांगी श्री ३ पद्मशम्शेर (शासनकाल सन् १९४५-४८) ले दिएको थियो। भिक्षु धर्मालोक कालिम्पोङ्गबाट काठमाडौंका स्वयम्भूस्थित आनन्दकुटी विहारमा आइपुग्नुभएको बेला उहाँको आँखामा प्रीतिमय आँसू भरिएको थियो र कृतज्ञतास्वरूप भिक्षु अमृतानन्दलाई भन्नुभएको थियो( "अमृतानन्द ! तपाईले निभिसकेको बत्तीलाई फेरि बालिदिनुभयो।"

त्यस बेलादेखि सन् १९७९ (वि. सं. २०३६) सम्ममा भिक्षु नारद महास्थविरले ६ पटकसम्म नेपाल यात्रा गर्नुभई नेपालमा स्थविरवाट बुद्ध धर्मको व्यापक प्रचार प्रसारमा निकै योगदान दिनुभएको थियो। निस्कासित भिक्षुहरूलाई फर्काउने हेतु आएको शिष्टमण्डलको प्रमुख नेतृत्व गर्नु, अनुराधापुरस्थित बोधिवृक्षको बिरूवा ल्याई आनन्दकुटी विहारमा लंकाराम चैत्य निर्माण गराई प्रतिस्थापित गराउनु, कान्तिपुरको यट्खा बहालमा अभूतपूर्व रूपमा नागरिक अभिनन्दन समारोह गराउन हेतु हुनुभएको आदि कैयौं भिक्षु नारद महास्थविरका उल्लेखनीय देनहरू हुन्। यी सब कार्य भिक्षु नारद महास्थविरको भिक्षु अमृतानन्दसित घनिष्ट सम्पर्क हुन आएको फलस्वरूप सम्भव भएको हो।

सन् १९५१ को फरवरीको अन्तिम हप्ता फागुण, २००७ वि. सं. मा कोलम्बो वजिररामवासी मद्दिहे पञ्ञासिंह र आनरतेन महास्थविर नेपाल आगमन गर्नुभएको थियो। त्यसबेला उहाँहरूले श्री ५ त्रिभुवनलाई नारायणहिटी दरबारमा

Downloaded from http://dhamma.digital/

भेट गर्न जानुभएको थियो। उहाँहरूको साथै भिक्षु अमृतानन्द पनि जानुभएको थियो। भेटको सुअवसरमा उहाँहरूले मौसुफ सरकारको सु-स्वास्थ्यको कामना गरी परित्राण पाठ गर्नुभएको थियो। परित्राण पाठपछि मौसुफ सरकारको बाहुलिमा भिक्षु अमृतानन्दले परित्राण सूत्र बाँधिदिएको थियो। त्यस वेलादेखि मौसुफ सरकारसँग भिक्षु अमृतानन्दको सौहार्द पूर्ण मैत्री सम्बन्ध उहाँको अन्तिम जीवनकाल (श्री ५ त्रिभुवनको स्वर्गारोहण (३० फागुण २०११ वि. सं) सम्म पनि रहेको थियो। त्यस अवधिभित्रमा भिक्षु अमृतानन्दको प्रेरणाबाट श्री ५ त्रिभुवनले विशेषतः निम्न पुण्यकार्यहरू गर्ने सुअवसर प्राप्त गरिबक्सेको थियो। यथा(

१. वुद्धका अग्रश्रावक सारिपुत्र र महामौद्गल्यायन महास्थविरहरूको पवित्र अस्थितधातु नेपाल आगमन गराउन मौसुफकै अध्यक्षतामा स्वागत समिति तयार गरेको थियो। मौसुफले नै ६ नवम्बर १९५१ का दिन गौचरणमा अस्थिधातु रहेको सुवर्णमय चैत्य श्रद्धाका साथ आफ्नो हातमा जिम्मा लिइबक्सेको।

२. २४ कार्तिक २००८ का दिन अग्रश्रावक अस्थिधातुका साथ आउनु भएका देशविदेशका भिक्षुमहासंघलाई नारायणहिटी राजदरवार भित्र भोजन गराइबक्सेको।

३. वि. सं. २००८ साल वैशाख पूर्णिमाका दिन (७ जेष्ठ, २४९५ बु. सं) मौसुफ सरकार आनन्दकुटी विहारमा सवारी होइबक्सी वैशाख पूर्णिमाका दिन सार्वजनिक छुट्टीको घोषणा गरिबक्सेको।

४. सन् १९५१ (वि. सं. २००८) देखि श्री ५ को जन्मोत्सवमा भिक्षुमहासंघद्वारा महापरित्राण पाठ गराउने चलन शुभारम्भ गरिबक्सेको, सन् १९५१ मा श्री ५ त्रिभुवनले राजदरवार भित्रै महापरित्राण पाठ गराइबक्सेको।

Downloaded from http://dhamma.digital/

५ सन् १९५६ (वि. सं. २०१३) मा विश्व बौद्ध भ्रातृत्व संघ (The World Fellowship of Buddhist) को चतुर्थ विश्व बौद्ध सम्मेलन नेपालमा सम्पन्न गर्नको निमित्त सन् १९५४ मा बर्मामा भएको तेस्रो विश्व बौद्ध सम्मेलनमा प्रस्ताव पठाइबक्सेको ।

अफशोच ! २३ मार्च १९५५ मा श्री ५ त्रिभुवन स्वर्गारोहण होईबक्सेको कारण नेपालमा सन् १९५६ को नोभेम्बर महीनामा सम्पन्न भएको चतुर्थ विश्व बौद्ध सम्मेलनमा उहाँको स्थानमा श्री ५ महेन्द्रले अध्यक्षता ग्रहण गरिबक्सेको थियो ।

स्मरणीय छ, सन् १९५० मा विश्व बौद्ध भ्रातृत्व संघको स्थापना प्रो. गुणपाल पियसेन मललशेखर (सन् १८९९-१९७३) ले गर्नुभएको थियो । संघको स्थापना सालदेखि नै विश्व बौद्ध सम्मेलन पनि शुभारम्भ भएको थियो ।

प्रथम विश्व बौद्ध सम्मेलन, जुन सन् १९५० मा श्रीलंकामा सम्पन्न भएको थियो देखि भिक्षु अमृतानन्दले प्रत्येक सम्मेलनहरूमा भाग लिंदै आउनुभएको थियो । नेपालमा सम्पन्न भएको चतुर्थ विश्व बौद्ध सम्मेलनको आयोजना यद्यपि "धर्मोदय सभा" को आयोजनामा भएको थियो तैपनि उहाँको विद्वताले आफ्नै स्थान ओगटेको थियो । यसैको फलस्वरूप सम्मेलनको समाप्तिपछिदेखि भिक्षु अमृतानन्दलाई देशविदेशमा भ्रमण गर्न आमन्त्रण गरियो जसअनुसार सर्वप्रथम उहाँ इटालीका प्रो. जोसेफ टुच्चीको निमन्त्रणामा ३१ डिसेम्बर १९५६ का दिन रोम प्रस्थान गर्नुभयो । उहाँ इटालीको साथै यूरोपका अधिकांश मुलुकहरूमा पुगी नेपालको परिचय दिंदै जानुभयो । यात्राकै दौरानमा उहाँ २४-३० नोभेम्बर १९५८ मा थाइलैण्डको राजधानी बैंककमा सम्पन्न पञ्चम विश्व बौद्ध सम्मेलनमा पनि नेपालको प्रतिनिधि भई सहभागी हुनुभएको थियो । सम्मेलनपश्चात दक्षिणपूर्व एशियाका अन्य केही मुलुकहरूमा भ्रमण गरी २२ डिसेम्बर १९५८ का दिन उहाँ स्वदेश फर्कनुभएको थियो ।

Downloaded from http://dhamma.digital/

त्यसपश्चात् भावी जीवनमा उहाँले गर्नुभएको भ्रमण कार्यहरूको पनि एकपटक स्मरण गरौं–

सन् १९५९ – चीन, भियतनाम, मंगोलिया, रूस आदि

सन् १९६० – भेनिसमा सम्पन्न विश्व धर्म सम्मेलनमा सहभागी ।

सन् १९६२ – मास्को (रूस), पोल्याण्ड, चेकोस्लाभाकिया, हंगेरी, बुल्गेरिया, युगोस्लाभिया, अष्ट्रेलिया, पूर्वजर्मनी, इरान, पाकिस्तान आदि ।

सन् १९६५ – हेलसिन्की (फिनल्यान्ड) मा सम्पन्न विश्व धर्म सम्मेलनमा सहभागी ।

सन् १९६९ – कैरो (इजिप्त) मा सम्पन्न विश्व शान्ति सम्मेलनमा सहभागी । इजरायली सरकारको निमन्त्रणामा तेलअभिभको भ्रमण ।

सन् १९७० – मंगोलिया, जापान, दक्षिण कोरिया, अफगानिस्तान– वामयान ।

सन् १९८३ – अतिशा दिपंकर श्रीज्ञानको १000 औं जन्मोत्सव जुन ढाका (वंगलादेश) मा सम्पन्नभएको थियो, मा सहभागी हुनुभएको ।

अब याद गरौं– उहाँको विद्वताको कदर स्वरूप देश विदेशबाट उहाँलाई दिएको मानपदवीहरू–

१. नेपाल शासनसोभण श्री धर्मरक्षित वंशालंकार ( सन् १९५५, श्रीलंकाको कोलम्बोस्थित अमरापुर निकायबाट ।

२. "गार्डेन" – सन् १९५९, मंगोलियाका वौद्धहरूबाट ।

३. "गोरखा दक्षिणबाहु" – सन् १९६८, नेपाल सरकार – श्री ५ महेन्द्रबाट

४. "साहित्य चक्रवर्ती" – सन् १९७६, बुद्धिष्ट एकेडेमी अफ सिलोनबाट ।

५. "विद्यावारिधि" – सन् १९७९, नालन्दा पाली विश्वविद्यालयबाट ।

Downloaded from http://dhamma.digital/

६. "त्रिपिटक विशारद् शासन जोतक"। सन् १९८४ श्रीलंकाको तीनै (श्याम निकाय, अमरापुर निकाय, र रामञ्ञ निकायबाट।

भिक्षु अमृतानन्दले वि. सं. २००८ सालको मंसिर (डिसेम्बर, १९५१ ई.) महीनामा आनन्दकुटी विहारमा "अखिल नेपाल भिक्षुमहासंघ" को स्थापना गर्नुभएको थियो। यस्तै सन् १९५२ मा उहाँले "आनन्दकुटी विद्यापीठ" नामक स्कूल पनि स्थापना गर्नुभयो।

वि. सं. २०२९ साल (सन् १९७३) मा उहाँले आनन्दकुटी विहारको हेरचाह, संरक्षण र बुद्धधर्मको प्रचार प्रसारका साथै विहारमा वस्ने भिक्षुहरूको निम्ति भोजन आदिको व्यवस्था गर्न "आनन्दकुटी विहार गुठी" को स्थापना गर्नुभएको थियो। यसै विहार गुठीको तर्फबाट उहाँको बुद्धकालीन ग्रन्थहरू मात्र धराधर प्रकाशित भएको थिएन वि. सं. २०३० सालको बैशाख महीनादेखि "आनन्दभूमि" बौद्ध मासिक पत्रिका पनि अद्यावधिसम्म प्रकाशित गर्दै आएको सबैलाई थाहा भएकै कुरा हो।

भिक्षु अमृतानन्द महास्थविर र बुद्धकालीन ग्रन्थ एक आपसमा पर्यायवाची शव्दजस्तै हुनगएको छ। उहाँले झण्डै दुई दशकसम्म एउटै कोठामा रही वुद्धकालीन ब्राह्मण, गृहस्थी, राजपरिवार, परिब्राजक, महिला श्रावक, श्राविका, ब्रह्मदिदेव, प्रेतकथा, विभानकथा आदि असंख्य पात्रहरूलाई संकलन गरी क्रमिक रूपमा छुट्टयाई सर्वप्रथम बुद्धकालीन ब्राह्मणदेखि लेखन कार्य शुरू गर्नुभएको थियो। जसअनुसार बुद्धकालीन ब्राह्मण–३ भाग, गृहस्थी – ३ भाग, राजपरिवार – ३ भाग, परिब्राजक – ३ भाग, महिलाहरू २ भाग, श्राविक – ६ भाग, श्राविक चरित – १ भाग, ब्रह्मादिदेव – ३ भाग, र प्रेतकथा र विमानकथा १/१ भाग गरी प्रकाशन गर्नुभएको ५। यसप्रकार भिक्षु अमृतानन्द महास्थविरको सत्प्रयासबाट नेपाली जनसमुदायलाई बुद्धधर्म अध्ययन गर्न एकदम सजिलो र रोचक रूपमा (बौद्ध साहित्य, नेपाली साहित्य) मा उपलव्ध गराई ठूलो सेवा गर्नुभएको छ।

Downloaded from http://dhamma.digital/

भिक्षु अमृतानन्द महास्थविरले वि. सं. २०३३ सालको जेष्ठ महिनामा आफू प्रव्रजित भएको १० औं वर्ष र उपसम्पन्न भएको २५ औं (रजत वर्ष) वर्ष पुगेको अवसर लिई आनन्दकुटी विहारमा महापरित्राण पाठ एवं अन्य दानादि कार्य गर्नुभएको थियो । त्यस बेला श्रीलंकाबाट नारद महास्थविर पनि निमन्त्रित हुनुभएको थियो ।

यस्तै गरी भिक्षु अमृतानन्द महास्थविरले आफू प्रव्रजित भएको ६४ औं र उपसम्पन्न भएको छ्रण औं वर्ष (स्वर्ण उत्सव) पुगेको अवसर लिई आनन्दकुटी विहार वि. सं. २०४७ सालको आश्विन १८ र १९ गते (४/५ अक्टोबर, १९९०) दुई दिन बडो भव्य रूपमा विभिन्न कार्यक्रम राखी अझ अभूतपूर्व रूपमा ऐतिहासिक संगायना देशना समेत गर्ने प्रबन्ध गर्नुभएको थियो । यस अवसरमा गरिने संगायना धर्मदेशना र विशिष्ट प्रकारको दान-प्रदान (५०० प्रकारका वस्तु को विषयमा ४ भाद्र २०४७ का दिन बेलुकी ९.०० बजेसम्म आनन्दकुटी विहारबासी भिक्षुहरूसँग छलफल गर्दै शयन गर्न जानुभएका उहाँ रातको प्रहरमा हृदयगति बन्द भई निधन हुनुभयो, जुन कसैलाई थाहा भएन सो हाल ५ भाद्र २०४७ का दिन बिहान मात्र थाहा पाईयो ।

स्मरणीय छ, भिक्षु अमृतानन्द महास्थविरको अन्तिम भाषण ३० जून १९९० अर्थात १६ असार २०४७ का दिन काठमाडौंको खुल्लामञ्चमा दिनुभएको थियो । त्यसबेला उहाँले धर्म निरपेक्षताको माग राख्दै निस्केको शान्ति पदयात्राको अवसानमा नेपालमा हिन्दू धर्मको एकाधिपत्यताले गर्दा विगत ३० वर्षका इतिहास (पञ्चायती व्यवस्था) मा हिन्दूधर्मको नाममा धेरै अमानवीय, अन्याय, दुराचार, बचाव तथा भय र त्रासहरू भएको कुरा स्पष्ट पारिदिनुभएको थियो । उहाँले त्यसबेला नेपालको संविधान धर्मनिरपेक्ष हुनुपर्ने अत्यावश्यक भएको बारेमा विशाल जनसमूहमा बोल्नुभएको थियो । तर पछि आएर उहाँ एवं प्रायः सम्पूर्ण नेपाली जनताको आशाविपरीत नेपालको संविधानमा हिन्दू अधिराज्य उल्लेख यथावत् गरियो

Downloaded from http://dhamma.digital/

नै । केही दरबारिया ब्राह्मणहरूको हातमा लगाम रहेको यस देशका जनताको केही न केही रकम चाहेर नचाहेर पनि हिन्दू धर्मको प्रचार प्रसारमा लगाउन बाध्य छन् ।

लाख अफसोच ! नेपाललाई विश्वमा शायद सबभन्दा बढी चिनारी दिने भिक्षु अमृतानन्द महास्थविर जानुभयो– उहाँको अनित्य देह दुई दिन आनन्दकुटी विहारमा अन्तिम दर्शनका निम्ति राखिएको थियो । ६ भाद्र २०४७ का दिन उहाँको शबयात्रामा बौद्धजगतका अत्याधिक नर-नारी, व्यापारी, मजदुर, विद्यार्थी एवं राजनैतिक व्यक्तिहरूद्वारा श्रद्धाका साथ सम्मिलित भई उहाँप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

उहाँको अनित्य देहको अन्तिम संस्कार उहाँको प्रमुख शिष्य भिक्षु अश्वघोषद्वारा बौद्ध परम्पराअनुसार दागबत्ती दिई गरिएको थियो । चित्ता प्रज्वलित भएको केही घण्टामै आचार्य भिक्षु अमृतानन्द महास्थविरको भौतिक देह यस संसारबाट सदाको निम्ति विलिन भयो ।

Dhamma.Digital

## सन्दर्भ

१. **नेपालमा थेरवाद बुद्ध धर्मको संक्षिप्त इतिहास,** भिक्षु अमृतानन्द महास्थविर, आनन्दकुटी विहार गुठी, स्वयम्भू– बु. सं. २५२५

२. **आत्मकथा – मोतिकाजी शाक्य,** लेखक स्वयं, भीमसेन टोल – ३, तानसेन

३. **Amritanjali – A Homage,** Anandakuti Vihar Trust, Kathmandu – 1992

४. **अमृताञ्जली विशेषांक "आनन्दभूमि",** वर्ष १८/६, २६/१

Downloaded from http://dhamma.digital/

# स्मरणीय व्यक्तित्वहरू

## अभ्यास–४

१) श्री ५ त्रिभूवनले कसको प्रेरणाबाट कस्ता पूण्यकार्यहरू गर्ने सु-अवसर प्राप्त गर्नुभएको थियो ? वर्णन गर्नुहोस् ।

२) वि. सं. २००१ सालमा राणा प्र.मं. जुद्धशम्सेरले देशबाट निर्वासित गरेका भिक्षु एवं श्रामणेरहरूलाई भिक्षु अमृतानन्द महास्थविरको विशेष प्रयासबाट पुनः नेपाल फर्काउन सफल भएको थियो । यस कुरालाई वर्णन गर्नहोस् ।

३) दिवंगत भिक्षु अमृतानन्द महास्थविरले नेपालको थेरवाद बुद्धशासन र बौद्ध-साहित्यमा अतुलनीय योगदान पुऱ्याउन भएको छ । कसरी ? आफ्नै शव्दमा चर्चा गर्नुहोस् ।

४) दिवंगत भिक्षु अमृतानन्द महास्थविर यूरोप लगायत अधिकांश देशहरूमा नेपालको विशिष्ट पहिचान गराउने कार्यमा एक सफल व्यक्तित्व हुनुहुन्थ्यो भन्नुमा अत्युक्ति नहोला । यसलाई पुष्टि गर्नुहोस् ।

५) भिक्षु अमृतानन्द महास्थविरको व्यक्तित्व र कृतित्वका बारे छोटो निवन्ध लेख्नुहोस् ।

६) बहुआयमिक व्यक्तित्वका धनी आचार्य महानायक डा. भिक्षु अमृतानन्द महास्थविर को संक्षिप्त जीवनी लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ५. बौद्ध ऋषि महाप्रज्ञा

आधुनिक युगमा, नेपालमा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसार (पुनरूत्थान) गर्नेहरूमा महाप्रज्ञा गुरु प्रमुख व्यक्ति हुनुहुन्छ ।

उहाँको जन्म वि. सं. १९५८ (सन् १९०१) सालको जेष्ठ शुक्ल द्वितीयाको दिन कान्तिपुर (काठमाडौं) को न्हूघल टोलमा भएको थियो । पिता कुलनारायण नायुजू र माता हीरामाया नायुजूद्वारा बालकको नाम "नानिकाजी" राखियो ।

उहाँहरूको घरको आसपास रामचन्द्रको एक मन्दिर छ, जहाँ पुजारीको रूपमा एक ब्राह्मण रहन्थ्यो । त्यही ब्राह्मणद्वारा नानिकाजीलाई अक्षराम्भ गराइएको थियो । पछि आएर नानिकाजीको सङ्गत गाइजात्राको समयमा नचाइने नाच गान तयार गर्ने मित्रहरूसित हुन गयो ।

यसरी नानिकाजी १३ वर्षको उमेरदेखि भजन, नृत्य, सङ्गीत र वाद्यवादन आदिमा दक्षता हासिल गर्दै जानुभएको थियो । उहाँको योग्यतालाई उपयुक्त ठानी वि. सं. १९७७ सालमा एक हितैषीले उहाँलाई नारायणहिटी राजदरबारमा त्यस विषयमा भइरहेको तालिममा भर्ना गरिदिए, जसमा सफलता पाउनु भएपछि उहाँलाई तालिम दिनुभएका वेदविक्रम कर्णेलले राजा श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव (वि. सं. १९६१-२०११) का हजुरिमा मनोरञ्जन गराउने व्यक्तिको रूपमा राखिदिए । अत: नानिकाजी, पछि उहाँले आफ्नो नाम प्रेमबहादुर श्रेष्ठ राख्नुभएको थियो । उहाँ श्री ५ त्रिभुवनका परिचित व्यक्तिमा रहनुभयो ।

वि. सं. १९८० मा प्रेमबहादुर श्रेष्ठले राजदरबारको जागिरी-जीवन छोडी, आफ्नै टोलमा "एकादशीको महात्म्य" सम्बन्धी एउटा खेल तयार गर्नमा लागे । नारायणहिटी राजदरवारमा नगएको कारण वेदविक्रम कर्णेलले पुलिसहरू पठाई

Downloaded from http://dhamma.digital/

खोजखबर गराएका थिए । ती पुलिसहरूले भेट्टाउन नसकेको कारण मात्र बचेको थियो नत्र उहाँ जस्तै जागिर छोडेका तुलसी मानन्धरले जस्तै पटक-पटक गरी वेदविक्रम कर्णेलको कोर्दा खानु पर्नेवाला थियो ।

साहसको कुरा हो ! उहाँले वि. सं. १९८० । १९८१ दुई वर्षमै दुइवटा पर्दावाला खेल (नाटक) तयार गरी नारायणहिटी भित्रै देखाई उम्कन सफल हुनुभएको थियो । नारायणहिटीमा देखाउनु पर्नाका खास कारण खेत तयार गर्नमा लागेको खर्च (रकम) थियो, जुन श्री ५ त्रिभुवनबाट रू. २००।- बक्सिस पाएपछि व्यहोरिन्थ्यो । पहिलो साल (वि. सं. १९८०) मा भरिया पोशाक लगाई वेद विक्रम कर्णेलको हातबाट उम्कन सफल हुनु भएको थियो भने दोस्रो वर्ष (वि. सं. १९८१) आफ्नो आँखा टेढो (डेढो) गरी सफल हुनु भयो साथै नामबाट पनि मद्दत मिलेको थियो, कारण उहाँले वेद विक्रम कर्णेलकहाँ आफ्नो नाम प्रेमबहादुर श्रेष्ठ लेखिराखेको थियो । एक-एक गरी जाँच गरिएको बेला उहाँको नाम सोद्धा उहाँका मित्रहरूले "नानिकाजी" भनिदिए । अतः आँखा र नाम नमिलेकोले उहाँलाई छाडिदिएको थियो । यसरी दुई सालमै वेद विक्रम कर्णेलका पञ्जाबाट उम्कन उहाँ सफल हुनुभएको थियो ।

प्रेमबहादुर श्रेष्ठको यस किसिम (नाच-गान आदिमा मात्र लागिरहनु) को क्रियाकलापबाट वाक्क लागी माता-पिताले उहाँलाई परदेशतिर घुमेर आउने सल्लाह दिनुभयो । कहिल्यै उपत्यका बाहिर नगएका उहाँलाई उपत्यका बाहिर पठाउन थानकोटसम्म पिताले नै छोड्न जानुभएको थियो र भन्नुभएको थियो–

"यहाँबाट ४ दिन गएपछि तिमी रक्सौल पुग्ने छौ । रक्सौलमा रेलबाट तिमीलाई जहाँ जाने इच्छा छ, त्यहाँ जान सकिन्छ ।"

पिताको कुरालाई मनन गर्दै प्रेमबहादुर हेटौडाको बाटो हुँदै हिँड्दै हुनु हुन्थ्यो । बाटोमा उहाँको टेबहालका एक परिचित व्यक्तिलाई भेटी सोध्नुभयो–

तपाई कहाँ जानुहुन्छ ? त्यसले जवाफ दियो– धरानमा मेरो छोरा छ,

Downloaded from http://dhamma.digital/

त्यही जाने । अलंपत्र (निरूदेश्य) मा हिँडिरहेका प्रेमवहादुर श्रेष्ठलाई त्यस परिचित व्यक्तिले धरानमा साथै लग्यो । त्यहाँ प्रेमवहादुरले टोपीको व्यापारको काम शुरू गर्नुभयो तर केही महिनापछि नै गाइजात्राको समय नजिक आएको याद आई त्यसबाट आफू विचलित भएका कारण असह्य भई अन्य एक परिचित वन्धुकी पत्नीसित आधा माना रक्सी लिई, पिई वेसुरमा तरी नामक जङ्गलतर्फ आउँदै गरे । जाँदा जाँदै दिन बित्यो, रक्सीको सुर पनि घट्यो, वाटैमा पुनः नेपाल (कान्तिपुर) आउने व्यक्तिहरूसित भेटघाट भयो र केही दिनमै काठमाडौं आइपुग्नु भयो ।

उहाँ काठमाडौं आइपुग्नुभएको केही दिनपछि एक दिन उहाँका एक मित्र दाल्चिनी मानन्धरले उहाँलाई आफ्नो पसलमा बोलाई भन्नुभयो– "मित्र ! हाम्रो देशमा जहाँतहीँ राम, कृष्ण, हरि, हर (महादेव) आदि देवताहरूको मात्र भजन गान हुन्छ, हामीहरूको बुद्ध भगवानको भजन गाउने कहीँ कतै देखिँदैन । तपाई गीत, भजन आदि तयार गर्न सक्नुहुन्छ । अतः बुद्ध भगवानको पनि एक दुइटा भजन तयार गरिदिनुहोस् ।" त्यति भनी त्यस मानन्धर-मित्रले पं. निष्ठानन्द बज्राचार्य (ने. सं. ९७८–१०५५) ले लेख्नु भएको "ललितविस्तर" नामक बुद्ध-जीवनीको ग्रन्थ एउटा दिनुभयो ।

त्यस ग्रन्थको पूर्ण अध्ययन मनन गरिसकेपछि प्रेमवहादुर श्रेष्ठले एक दुइवटा गर्दै एउटा भजनमाला नै तयार गर्नुभयो ।

त्यसैताका (फागुन, वि. सं. १९८१) नेपालमा तिब्वतको खाम् (अम्दो) प्रदेशबाट 'कुनसां लासेल' नामक एक लामा आइपुग्नुभएको थियो । नेपालका सुप्रसिद्ध चैत्यहरू (नमोबुद्ध, स्वयम्भू र वोधनाथ) दर्शन गर्न आउनुभएका उहाँ लामाले पछि आएर ठाउँ-ठाउँमा धर्मोपदेश दिँदै जानुभएको थियो, साथै ठाउँ-ठाउँमा (श्रद्धावान्हरूको घर-घरमा) पूजा पाठ गर्दै आउनुभएको थियो ।

यसै क्रममा एकदिन लगन टोलस्थित हीरारत्न शाक्यको घरमा छोपूजा

Downloaded from http://dhamma.digital/

गरिरहेको बेला मित्र दाल्चिनी मानन्धरले प्रेमबहादुर श्रेष्ठलाई त्यहाँ देखाउन लगेको थियो । शुरूमा त्यस पूजालाई देखावटी सम्झी हीनभावले हेर्नुभएका प्रेमबहादुर श्रेष्ठले पछि क्यान्छ्या लामाको उपदेश सुनी प्रभावित हुँदै जानुभयो । क्यान्छया लामाको उपदेश (तिब्बती) लाई नेपालभाषामा अनुवाद यटखा बहालका तिब्बतीलाई भाषाविद् वेरारत्न ताम्राकारले गरिदिन्थ्यो भने त्यसलाई पुनः विस्तृत रूपमा व्याख्या पाटनका पं. बुद्धिराज शाक्यले गरिदिन्थ्यो ।

विशेषतः क्यान्छ्या लामा (निधन–२२ कार्तिक १९९८ लक्ष्मीपूजा, ने. सं. १०६०) का ४ रत्न (अष्टादशलक्षण, संसार अनित्य, षदगति सम्बन्धी दुःख र कर्मानुसार विपाकको फल) बारे धर्मोपदेशबाट प्रेमबहादुर श्रेष्ठ निकै प्रभावित हुनुभयो । पछि उहाँले क्यान्छ्या लामालाई नछोडिकन सेवा गर्दैरहे । जब लामाले तिब्बत फर्कने कुरा शुरू गर्नुभयो तब प्रेमबहादुरले पनि साथै जान आग्रह गर्नुभयो तर प्रेमबहादुरको यौवनावस्था (२२/२३ वर्ष) देखि तिब्बतमा पुग्न (जान) असमर्थ होला भन्ने शङ्का गरी एक्लैमात्र स्वदेश फर्कनुभएको थियो । क्यान्छ्या लामा त प्रस्थान गर्नुभयो तर प्रेमबहादुर श्रेष्ठको वैराग्य भावना यथावतै रहेको थियो तसर्थ जस्तो भित्रीमन, बाहिर पनि त्यस्तै स्वभाव (परिस्थिति) हुन आयो–वैराग्यपूर्ण भजन गाउनु, घरमा गृहलक्ष्मी एवं मातापिताको कठोर वचन (कमाई नल्याएको), नाताकुटुम्बहरूले आफ्नो कुलधर्म (हिन्दू) छोडी बुद्ध-धर्ममा लागिरहेका कारण हेलचेक्र्याइँ आदि थियो ।

यस्तैमा कान्तिपुरमा “कुश्योरिम्पोछे” नामक अन्य एक लामा स्वयम्भूस्तूपको दर्शनार्थ आइपुग्नुभयो । उहाँ लामाज्यू तँलाछि (त्यौड) मा धर्ममान साहू (वि.सं. १९१८-१९९४) को घरमा रहनुभएको थियो । त्यहीं प्रेमबहादुर श्रेष्ठलाई उहाँको दर्शन गर्न पाएइको थियो । प्रेमबहादुर श्रेष्ठ ‘ललितविस्तर’ ग्रन्थको अध्ययन मनन पश्चात् “सर्वार्थसिद्ध” नामक नाटक बनाउने दौरानमा सहायतार्थ बराबर धर्ममान साहूकहाँ पुग्ने गर्नुहुन्थ्यो ।

Downloaded from http://dhamma.digital/

प्रथम पटकको दर्शनमै प्रेमबहादुर श्रेष्ठ लामा कुश्योरिम्पोछेबाट प्रभावित हुनुभएको थियो । क्यान्छ्या लामाले अपूर्ण गरिदिएको उहाँको लक्ष्य कुशयोरिम्पोछेको तर्फबाट पूर्ण गर्ने अभिप्रायले प्रेमबहादुर श्रेष्ठले धर्ममान साहूलाई द्विभाषिया बनाई आफ्नो इच्छा लामाज्यूसमक्ष जाहेर गर्नुभयो तर लामा कुश्योरिम्पोछेले पनि उहाँलाई विश्वास गर्नुभएन, उहाँको कलिलो उमेरको कारण ।

लामा कुश्योरिम्पोछे नेपालका विभिन्न दर्शनीय स्थलहरूको अवलोकन गरिसकेपछि एक दिन बिहान सबेरै तिब्बतको निमित्त प्रस्थान गरिनै हाले । त्यही दिन बिहानै प्रेमबहादुर धर्ममान साहूको घरमा पुगेको वेला लामाज्यू रहनुभएको कोठा खाली भएको देख्नासाथ अफशोच गरी घर फर्कनुभयो । उहाँ दिनभर छटपटिनु भयो र रातभर मनमा कुरा खेलाई बिहान सबेरै तोपको आवाजपछि आफ्नो पत्नीलाई "स्वयम्भू स्तूप" मा एकचोटि गएर आउँछु र त्यहाँ एक मित्रलाई भेटनु छ, विस्तार हुनेछ, खानाको निमित्त पर्खिराख्नु पर्दैन" भनी भित्री आशय अन्य राखी उहाँले सदाको निमित्त आफ्नो घरबार त्यागी वीरबल रञ्जितकार नामक एक हितैषी मित्रको तर्फबाट खानपानको प्रबन्धको निमित्त आवश्यक केही सरसामानहरू र धर्ममान साहूसित अनुमतिका साथ केही द्रव्य सहयोग पाएपछि सरासर लामाज्यू जानुभएको बाटो (ल्हुती-थमाथू-न्याग:मणि-रानीपौवा-तारी नदी) लागे । लामाज्यूको दुइ दिनको बाटो-आफूले एक दिनमा पुगी तारी नदीको किनार (लामा बास बसेको ठाउँ) मा पुग्नुभयो । प्रेमबहादुरलाई देख्नासाथ लामा कुश्योरिम्पोछे छक्क हुनुभयो र उहाँको आकांक्षालाई खुशीसाथ स्वीकार गर्नुभयो । त्यहाँ देखि उहाँहरू सबै ३ दिनको बाटो गरी 'केरूङ्ग' पुग्नु भएको थियो । विशेषत: प्रेमबहादुर श्रेष्ठको वार-वारको प्रार्थना पश्चात् लामा कुश्योरिम्पोछेले उहाँका स थै अन्य दुइजना नेपालीलाई पनि केरूङ्गस्थित "फाक्पा गुम्बा" मा लगी प्रव्रजित ग राए । प्रव्रज्या पश्चात् उहाँहरूको नाम यसप्रकार भयो–

Downloaded from http://dhamma.digital/

१) प्रेमबहादुर श्रेष्ठ – पल्धेन श्यरब ।
२) हर्षदेव शाक्य – पल्धेन ख्यरब र
३) वुद्धरत्न (कान्छा) शाक्य – पल्धेन दावा ।

यसरी प्रेमबहादुर एवं अन्य दुइजना मित्र महायानी ढङ्गबाट सन् १९२४ मा प्रव्रजित (घ्येलुं) भएको केही हप्तापछि केरूङ्गबाट फर्कनुभयो । पल्धेन ख्यरब एकजना त्रिशूलीबाट गोर्खा आरूघाटतिर गएको कारण पल्धेन श्यरब र पल्धेन दावामात्र कान्तिपुर फर्कनुभयो ।

त्यसवेला कान्तिपुरमा "छेरिन्नोर्वु" नामक एक जटाधारी तपस्वी (लामा) खामबाट आइपुग्नु भएको थियो । उहाँ सरकारसित अनुमति लिई नागार्जुन डाँडा (जामाःच्व) मा रही आफ्नो समाधिचर्य्यामा रहँदै थिए । उहाँहरू दुइजना (पल्धेन श्यरब र पल्धेन दावा) पनि उहाँको सत्सङ्गमा रहनुभयो । पछि अन्य ३ जना श्रद्धावानहरू पनि गुरुं छेरिन्नोर्वुका शिष्य भई घ्येलुं हुन आए । तिनीहरूको नाम गुरुको आज्ञानुसार पल्धेन श्यरबले नै यसप्रकार राखिदिए–

१) दाल्चिनी मानन्धर – पल्धेन छुल्थिङ्ग ।
२) बेखाराज शाक्य – पल्धेन चुन्दि र
३) ज्ञान शाक्य – पल्धेन नर्बू ।

यहाँहरू ३ जना लगायत उहाँहरू ५ जनाको तिब्बती नामको अर्थ यसप्रकार भए–

१) पल्धेन श्यरब – महाप्रज्ञा ।
२) पल्धेन दावा – महाचन्द्र ।
३) पल्धेन छुल्थिङ्ग – महाज्ञान ।
४) पल्धेन चुन्दि – महावीर्य ।
५) पल्धेन नर्बू – महाक्षान्ति ।

Downloaded from http://dhamma.digital/

यसप्रकार उहाँहरू ५ जना घ्येलुँले छेरिन्नोर्बु लामाको छत्रछायामा रही बुद्ध-धर्मको ज्ञान बृद्धि गर्दै लग्नुभयो। गुरुको उपदेशलाई मनन गर्दै त्यसलाई मातृ भाषा (नेपालभाषा) मा अनुवाद गरी ठाउँ ठाउँमा छाप्दै हिँड्नुभयो जसबाट दर्शकवर्गले हेरी बुद्ध-धर्मको परिचय थाहा पाउँदै गए।

त्यसबेलासम्ममा उहाँहरूको पहिरणमा एकरूपता भएको थिएन, न कुनै भिक्षुको नै उहाँहरूले पाउनु भएको थियो, अतः उहाँहरूले बहाल-बहिलहरूमा चित्रित एवं मुद्रित अग्रश्रावक सारिपुत्र र मौद्गल्यायन महास्थविरहरूका मूर्तिमा देखाए अनुरूप पहिरण बनाई एउटा-एउटा पिण्डपात्र हातमा लिई भिक्षाटन कार्य प्रारम्भ गर्नुभएको थियो।

शताब्दियौंदेखि बुद्ध-धर्मलाई लोप गर्ने पक्षमा सक्षम रहेका कट्टर शक्तिसम्पन्न ब्राह्मणहरूलाई उहाँहरूको प्रादुर्भाव असह्य भयो। अतः ती हिन्दूधर्मान्ध ब्राह्मणहरूले पंक्तिबद्धरूपमा भिक्षाटन गर्दै आइरहनुभएका बौद्ध भिक्षुहरूलाई एकदिन श्री ३ चन्द्रशम्शेर (शासनकाल सन् १९०१–२९) समक्ष पुऱ्याउनं सफल भए। त्यस समयावधिभित्रमा बुद्ध-धर्म विरोधी सम्पूर्ण तत्वहरू मिली त्यसभन्दा अगाडिसम्म नरहेको कानून तयार गरिसकेको थियो जसअनुसार–

१) शिवमार्गी (हिन्दू) बाट बुद्ध-धर्ममा दीक्षित हुनेलाई दीक्षा छुटाएर पनि एक वर्ष कैद।
२) दीक्षा दिने गुरुलाई ३ वर्ष कैद।
३) बुद्ध मार्गमा दीक्षित हुन खोज्नेलाई ६ महिना कैद।

यी कानूनहरू विशेषतः शिवमार्गीहरू बुद्ध-धर्म (मार्ग) मा दीक्षित नगराउनको निमित्त थियो तर बुद्धमार्गीहरू शिवमार्ग (हिन्दू धर्म) मा दीक्षित भएमा खुशीसाथ स्वीकार्य थियो– यस्तो थियो नेपालमा धर्मपालनको विधि-विधान।

Downloaded from http://dhamma.digital/

५ जना ती घ्येलुँहरूमा महाप्रज्ञा (प्रेमबहादुर) श्रेष्ठ जातिको हुनुहुन्थ्यो। अत: हिन्दूकुलमा जन्मेर बुद्ध-धर्ममा दीक्षित भएको (प्रव्रज्या) कारण उहाँ दोहोरो अपराधी ठहरिनुभएको थियो। अत: ५ जनामा उहाँलाई नै धेरै कडाइका साथ केरफेर गरिएको थियो, बाँकी अन्य ४ जनामा ३ जना शाक्य एवं एक जना मानन्धर हुनुका कारण बौद्ध जाति नै हुनाको कारण तिनीहरूलाई त्यति केरफेर गरिएको थिएन।

अन्तमा सत्ताधर पक्षका ब्राह्मणहरूको नै जीत भयो र ५ जना बौद्धभिक्षु (घ्येलुँ) हरूलाई वि.सं. १९८२ को श्रावण महिनामा देशबाट निर्वासित गर्न तिनीहरू सफल भए, यसको लगत्तै छेरिन्नोर्बु गुरुलाई पनि नागार्जुन डाँडाबाट झिकाई १००।- रूपियाँ जरिवाना गऱ्यो र बनपालेलाई पनि ५०।- रूपियाँ जरिवाना गरियो। गुरु छेरिन्नोर्बुको जरिवाना सुब्बा विहारीलाल श्रेष्ठ (नेपालभाषाका सुप्रसिद्ध साहित्यकार स्वयम्भूलाल श्रेष्ठका ठूलोबुबा) ले तिरिदिनु भएको थियो जो त्यसवेला पाटन (ललितपुर) मा रहनुहुन्थ्यो। गुरु छेरिन्नोर्बु पनि नेपाल छोडी रक्सौल पुग्नुभयो र उहाँ रक्सौल बजारमा रहनु भएका विहारीलाल श्रेष्ठका कनिष्ठ भाइ ईश्वरीलाल श्रेष्ठ (स्वयम्भूलाल श्रेष्ठका बुबा) कहाँ रहनुभएको थियो। गुरु छेरिन्नोर्बु पुग्नुभएको भोलिपल्टै ५ जना निष्कासित घ्येलुँहरू पनि त्यहीं आइपुगे।

उहाँहरू ५ दिनसम्म धर्मचर्चा एवं निष्कासित गरिएको कुराबारे छलफलादि गरी छैठौं दिनमा भगवान बुद्धले बोधिज्ञान प्राप्तगर्नुभएको ठाउँ 'बोधगया' तर्फ प्रस्थान गरे। त्यहाँ उहाँहरूले 'ऊ कोशाला' नामक एक स्थविरवादी भिक्षुलाई दर्शन गरे, उहाँको शान्तरूप, पहिरन र शीलाचरण आदिबाट प्रभावित भई गुरु छेरिन्नोर्बु सहित पाँचैजना घ्येलुँहरूले स्थविरवाद अनुरूप श्रामणेर भई काषायवस्त्र लगाए र मध्यान्ह (विकाल) पश्चात नखाने नियमका साथ अन्य श्रामणेर नियम (विनय) हरू सिक्दै पालन गर्दै लगे।

Downloaded from http://dhamma.digital/

उहाँहरू २ हप्ताजति बुद्धगयामा रहनु भई कलकत्ता प्रस्थान गर्नुभयो र कलकत्तामा धर्ममान साहूको कोठीमा रहनुभयो । त्यहाँ केही दिन रही "महाबोधि सभा" को धर्मराजिक विहारमा रहनुभयो । त्यहीँ नेपालका एक शिक्षित नवयुवक जगतमान वैद्य, जो धर्माचार्य बनिसकेका थिए ले उहाँहरूलाई आफ्नो देशबाट गरेको अन्याय र अत्याचारको बारे पूरा विवरणका साथ उहाँहरू छ जनैको फोटो समेत छापी विभिन्न पत्रिकाहरूमा प्रचार प्रसार गरेका थिए । गुरु छेरिन्नोर्बुको आग्रहमा धर्मादित्य धर्माचार्यले पाँचै जना शिष्यहरूलाई आधुनिक ढङ्गबाट शिक्षा दिने प्रबन्ध गरे ।

कलकत्तामा एक डेढ महिना रही उहाँहरू विशेषकारणवश कालिम्पोङ्ग जानुभयो । कालिम्पोङ्गमा धर्ममान साहूको आग्रह अनुरूप भाजुरत्न साहू (वि.सं. १९४०–२०१३) ले उहाँहरूलाई उचित प्रबन्ध गरी त्रिपाईस्थित एउटा गुम्बामा राखिदिनुभयो । त्यहीँ उहाँहरूलाई पुनः त्यहाँका प्रमुख लामा 'घ्येसेरिम्पोछे' ले घ्येलुँ (महायानी रूप) गरिदिनु भयो ।

त्रिपाईस्थित त्यस गुम्बामा रहनुभएको बेलामै एक दिन महाप्रज्ञा गुरु छेरिन्नोर्बुसित अनुमति लिई दार्जिलिङ्ग एकपटक घुम्न जानुभयो । दार्जिलिङ्गमा उहाँका एक हितैषी मित्र (नारायणदास श्रेष्ठ) ले यसरी घुमफिरमात्र गरिरहनु ठीक छैन, केही अध्ययन मनन पनि गर्नुपर्छ भन्ने सल्लाह दिई कलकत्तासम्म जाने बन्दोबस्त पनि मिलाइ दिए जसअनुसार महाप्रज्ञा कलकत्ता पुग्नुभई पहिले रहेकै ठाउँ "धर्मराजिक विहार" मा रहनुभयो ।

त्यहाँ रही धर्मादित्य धर्माचार्य र महाबोधि सभाका प्रधानमन्त्री देवप्रिय बलिसिन्हा (सन् १९०४–६८) सित केही विद्याध्ययन गर्दैरहेको बेला देवप्रियसित विचारमा केही मतभेद हुन गएको कारण कलकत्ता छोडी बनारस एकपटक घुम्न जानुभयो । बनारस (बाराणसी) मा केही दिन रही बुद्धगया जानुभयो र बुद्धगयामा उहाँको भेट सुगतकान्ति नामक एक उपासकसित भयो । त्यस उपासकले एउटा

Downloaded from http://dhamma.digital/

खालि जग्गा देखाई भन्नुभयो–

"यो जग्गा बर्माको ऊ ज्योतिका नामक भिक्षुले विहार बनाउनको निमित्त लिइराखेको थियो, तर उहाँ विहार बनाउन नपाउँदै निधन हुनुभयो। अतः तपाईले यहाँ आउने यात्रुहरूसित चन्दा लिइ विहार एउटा तयार गरी रहनुहोस्।"

महाप्रज्ञा गुरुले उपासकको कुरालाई सही ठानी यात्रु दाताहरूसित चन्दा लिंदै-गर्दै १०,०००।- लागतमा एउटा विहार तयार गर्नुभएको थियो। पछि आएर त्यस विहारमा आफ्नो ममत्व बढ्दै आएको कारण त्यसलाई मार सम्झी उहाँ केही दिनमै कालिम्पोङ्ग प्रस्थान गर्नुभएको थियो।

कालिम्पोङ्गमा गुरु छेरिन्नोर्बु ल्हासा जान तत्पर थिए। उहाँले महाप्रज्ञालाई पनि साथ लग्ने विचार गरी केही प्रबन्ध गर्नको निमित्त भद्रपुर (झापा) एकचोटी आउनु भयो, त्यहाँ सुब्बा विहारीलाल श्रेष्ठसित चन्दास्वरूप केही रकम प्राप्त गरी वि.सं. १९८३ को जेष्ठ महिनामा कालिम्पोङ्गबाट ल्हासातर्फ प्रस्थान गर्नु भयो।

कालिम्पोङ्गबाट प्रस्थान गर्नुभएको सातौं दिनमा उहाँहरू (गुरु छेरिन्नोर्बु र महाप्रज्ञा एवं अन्य व्यापारी) फारी पुग्नुभयो। फारीमा उहाँहरूको भेट दशरत्न साहू (पछि भिक्षु धम्मालोक) सित पनि भएको थियो। फारीमा केही दिन रही उहाँहरू पुनः प्रस्थान गर्नुभयो र पाँचौं दिनमा 'ग्याँची' पुग्नुभयो। ग्याँचीमा उहाँहरू धर्ममान साहूको कोठी "छु-सिङ-श्या" को शाखामा रहनुभएको थियो। त्यहाँ रहँदै जाँदा मांसाहार सम्बन्धमा गुरु छेरिन्नोर्बुसित पनि मतभेद हुन आएको कारण महाप्रज्ञा एक्लै र अन्य २ जना साहूकासाथ ल्हासा प्रस्थान गर्नुभएको थियो। ग्याचीबाट प्रस्थान गर्नुभएको नवौं दिनमा उहाँ ल्हासा पुग्नुभयो।

ल्हासामा उहाँको सम्पर्क साँखूका साहू जोगनारांसित हुन गयो, जो त्यसताका ल्हासाका एक प्रतिष्ठित एवं शूरवीर व्यक्ति थिए। त्यही साहूले महाप्रज्ञालाई ल्हासाको एक प्रसिद्ध गुम्बा "क्येचाँश्यार" का सुप्रसिद्ध लामा फोरंखा

Downloaded from http://dhamma.digital/

रिम्पोछेका एक प्रमुख शिष्यको हातमा सुम्पिदिए, जो तर्कशास्त्रका महान् आचार्य थिए। त्यस आचार्यले महाप्रज्ञालाई "लाम्रही" नामक ग्रन्थ अध्ययन गराउनु भएको थियो। जोगनारां साहूले महाप्रज्ञाको आवश्यक सहयोगको निमित्त नोकरको रूपमा एक साधारण घ्येलुँको पनि प्रबन्ध गरिदिनुभएको थियो। त्यस घ्येलुँले शुरुमा त महाप्रज्ञालाई खानपिनको राम्रो प्रवन्ध गरिदिएका थिए तर पछि आएर उसले विस्तारै महाप्रज्ञालाई नोकरको बोलीव्यवहार गरी आफू मालिक हुँदै आएको कुरा महाप्रज्ञाले आफ्नो आत्मकथामा स्पष्ट उल्लेख गर्नुभएको छ। यहाँसम्म कि त्यस घ्येलुँ नोकरले पहाड-पर्वतको बाटोमा उकाली-ओराली हुँदै पानी लिन जानुपर्ने ठाउँमा समेत महाप्रज्ञाले नै पानी लिन जानुपर्ने बाध्यता ल्याइदिएको थियो।

यसरी कठिनरूपमा रही विद्याध्ययन गरिरहेको बेला कहिलेकनहीं महाप्रज्ञाले तर्काचार्य गुरुवरबाट प्राप्त शिक्षा अनुरूप एवं आफ्नो स्वविचारबाट पनि अनेक चित्रहरू लेख्ने गर्दथे। एकदिन यस्तै एउटा चित्र निर्माण गर्दैरहेको बेला त्यही नोकरको रूपमा रहँदै आएका घ्येलुँले महाप्रज्ञालाई गाली गराउने हेतु तर्काचार्य गुरुवर समक्ष चुग्ली पुऱ्याएको थियो। अतः उसैलाई महाप्रज्ञालाई बोलाउन पठायो। महाप्रज्ञा पनि डराई-डराई गुरुवर समक्ष उपस्थित भए। गुरुवरले उहाँले लेख्नुभएको चित्रलाई गौररूपमा हेरेपछि भन्नुभयो–

"पल्धेन श्यरब ! यस चित्रको तात्पर्य (अर्थ) बताउँदै जाऊ।"

गुरुको अनुमति पाएपछि महाप्रज्ञा (पल्धेन श्यरब) ले आफूले लेखेको चित्रको पारमार्थिक अर्थ बताउँदै जानुभयो। महाप्र[illegible]को त्यस चित्रको पारमार्थिक अर्थ सुन्नुभएपछि तर्काचार्य गुरु यति प्रसन्न हुनुभ[illegible] कि उहाँले त्यस चित्र लिई, त्यसमा हस्ताक्षर गरी भन्नुभयो–

"पल्धेन श्यरब ! यस चित्र साथ लगी [illegible]ासा बजारमा रहेका नेवार साहूहरूलाई देखाई, अर्थ बताउँदै, धर्मोपदेश गर्न [illegible]ाऊ।"

गुरुको आज्ञानुरूप महाप्रज्ञा ल्हासा बजारम[illegible] गई गुरुको हस्ताक्षर भएको

Downloaded from http://dhamma.digital/

चित्र देखाउँदै, त्यसको अर्थ बताउँदै श्रद्धावान्हरूलाई धर्मोपदेश दिंदै जानुभएको थियो ।

चित्रको महत्वलाई याद गरी साथै चित्रले उचित सम्मान पाएकोले महाप्रज्ञा एक फोटोग्राफर कहाँ गई कयौं साइजहरू तयार गरिए । त्यस चित्रको फोटो प्रशस्त रूपमा विकेको थियो । ती फोटोचित्र ल्हासाका प्रायः सम्पूर्ण नेवार एवं तिब्वती श्रद्धावान्हरूको घर-घरमा पुगेको थियो ।

त्यस चित्रको तर्फबाट महाप्रज्ञाले उचित सम्मान पाइयो साथै यदि कुनै श्रोतागणहरू प्रव्रजित हुन चाहे उहाँले नै गरिदिनसक्ने अनुमति पनि गुरुवरबाट प्राप्त भयो ।

त्यही "क्येचांश्यार गुम्बा" पछाडि रहेको ढुङ्गाको गुफामा घाँसको आसन राखी ध्यान (भावना) गरेको बहाना (हेतु) बाट पछि आएर महाप्रज्ञालाई वातरोग (हातखुट्टा नचल्ने) हुनगयो, जसको उपचारार्थ जोगनारां साहूले वैद्य लिएर आए । वैद्यले दिएको औषधि मांसको रसमा मिसाई सेवन गर्नुपर्ने थियो तर महाप्रज्ञाले ज्यान गए पनि मांस एवं मांसको रस सेवन नगर्ने अठोट लिइराख्नु भएको थियो । अतः वैद्य नाराज भई फर्केको थियो ।

केही दिनपछि अन्य एक वैद्य महाप्रज्ञाको सामु उपस्थित हुन आए । उहाँ भन्नुहुन्छ– कुलमानसिंह तुलाधर । उहाँ वैद्यज्यूले गत ७–८ वर्ष अगाडिदेखि ल्हासामा स्थायीरूपमा रही व्यापार र वैद्यको काम गर्दै आएका थिए । कुलमानसिंह वैद्यले रोगी महाप्रज्ञा गुरुलाई राम्ररी जाँचिसकेपछि मांसको रसको आवश्यकता बिना नै महाप्रज्ञाको वातरोग शान्त गरिदिने निश्चय गरी त्यस दिनको बेलुकादेखि आफैले औषधि लगाई मालिस कार्य आरम्भ गर्नुभएको थियो । कुलमानसिंह वैद्य दिनको दुई पटक (बिहान र बेलुका) आई मालिस गरिदिने कार्य २ महिनासम्म अटूटरूपमा गरिदिएका थिए ।

त्यस दुई महिनाको उपचार अवधिमा कुलमानसिंह वैद्यले महाप्रज्ञाको

Downloaded from http://dhamma.digital/

वातरोग शान्त गरिदिनु भयो र महाप्रज्ञाले पनि कुलमानसिंह वैद्यको वैराग्य भावनालाई पुष्ट गरी गृहत्यागसम्म गराउन सक्षम गराउनु भयो। महाप्रज्ञा बाहिर आई हिड्डुल गर्न सक्ने भएपछि कुलमानसिंह वैद्यलाई साथ लिई उहाँ अवतारी लामा मानिएका फोरंखा रिम्पोछेको गुम्बामा लगी उहाँ (फोरंखा रिम्पोछे) कै आचार्यत्वमा घ्येलुँ (महायानी भिक्षु) गराइदिएका थिए। प्रवज्यापश्चात् कुलमानसिंह वैद्यको नाम "थिले छुल्थिम" अर्थात् "कर्मशील" राखियो।

फोरंखा रिम्पोछेको त्यस गुम्बामा केही दिन रहनु भएपछि महाप्रज्ञा, कर्मशीलका साथ महावीर्य (वि.सं. १९८२ साल, श्रावण महिनामा निष्कासित एक घ्येलुँ) पनि ल्हासा शहर छोडी "फिखाछें" को निमित्त प्रस्थान गर्नुभएको थियो। ल्हासा शहर छोड्नुभएको १८ औं दिनमा उहाँहरू "फिखाछें" पुग्नुभयो र त्यहाँका एक प्रतिष्ठित व्यापारी साहू भिक्षुवीरसिंहको घरमा रहनुभयो। एक दिन भिक्षुवीर सिंहले उहाँहरूलाई एक यस्तो स्थानको अवलोकन गर्न लग्नुभयो, जुन स्थान ध्यान-भावनाको निमित्त एकदम उपयुक्त थियो। फिखाछेंको मूलबजारबाट २ कोश जति टाढा रहेको, कुनै बस्ती नरहेको, आसपासमा एक स्मशान मात्र रहेको ठाउँ थियो, त्यस ठाउँको नाम हो– काप्क्या।

त्यस ठाउँमा उहाँहरू तीनैजना ४–५ महिनासम्म ध्यान-भावनामा तल्लीन भइसकेपछि महाप्रज्ञा र महावीर्य दुइजना कालिम्पोङ्ग आउनु भई साहू भाजुरत्न कंसाकार (वि.सं. १९४०–२०१३) को आश्रयमा रहनुभयो। कर्मशील एकजनामात्र काप्क्यामा ध्यान-भावनाको निमित्त एकदम उपयुक्त स्थान सम्झी पुनः केही महिना रहने विचारले उहाँहरूलाई बिदा दिइपठाएको थियो।

कालिम्पोङ्गमा भाजुरत्न साहूको आश्रयमा रही केही अध्ययन-मनन गरिरहेका महाप्रज्ञाले, अध्ययनको सिलसिलामा एउटा पुस्तकमा "आर्य अष्टाङ्गिक मार्ग" को बारेमा लेखिएको र केही कुरा नबुझेको कारण त्यसलाई बुझ्न कुशी-नगरमा रहँदै आउनुभएका बौद्ध विद्वान् ऊ. चन्द्रमणि महास्थविर (सन् १८७६–१९७२) समक्ष

Downloaded from http://dhamma.digital/

पुग्नुभयो । उहाँकै छत्रछायामा रही अन्य वुद्ध-धर्म सम्बन्धी ज्ञानहरू पनि हासिल गर्दै जानुभयो साथै ऊ. चन्द्रमणि महास्थविरकै आचार्यत्वमा पुनः थेरवाद परम्परानुसार श्रामणेर हुनुभयो– यो हो सन् १९२८ को कुरा ।

त्यसैताका, श्रामणेर महाप्रज्ञा ऊ. चन्द्रमणि महास्थविर समक्ष रही विद्याध्ययन गरिरहेको बेला, ऊ. चन्द्रमणि महास्थविरकै अन्य एक बर्मी शिष्य भिक्षु ऊ. कित्तिमा (सन् १९०३–८७), जो उहाँकै आदेशानुसार सन् १९२८ देखि सारनाथको वर्मी धर्मशाला (विहार) मा रहँदै आएका थिए, विशेषकारणवश वर्मा एकपटक जानुपर्ने खवर गुरुवर ऊ. चन्द्रमणि महास्थविर कहाँ पठाए । ऊ. चन्द्रमणि महास्थविरले पनि सारनाथको त्यस बर्मी धर्मशाला खालि नगर्नको निमित्त श्रामणेर महाप्रज्ञालाई त्यहाँ पठाए । अतः श्रामणेर महाप्रज्ञा, भिक्षु ऊ. कित्तिमा वर्मावाट नफर्कुन्जेल (झण्डै एक वर्ष) सम्म सारनाथमा रहनुभएको थियो– यो हो सन् १९२९ को कुरा ।

भिक्षु ऊ. कित्तिमा वर्मावाट फर्कनुभएपछि श्रामणेर महाप्रज्ञा उहाँसित बिदा लिई कुशीनगरमै फर्कनुभयो । कुशीनगरको यस पटकको निवासकाल (सन् १९२९) मा श्रामणेर महाप्रज्ञाले एक अविस्मरणीय कार्य गर्नुभएको थियो– त्यो हो, शताव्दियौंदेखि बुद्धको अग्निसंस्कार गरेको ठाउँ मुकुटबन्धन चैत्य जसलाई रामाभारको रूपमा नाम पनि परिवर्तन गरिसकेको थियो– परिनिर्वाण मूर्ति एवं स्तूपवाट २ किलोमिटर जति टाढा परेको ठाउँमा प्रत्येक वर्ष रामनवमीका दिन मेला मनाउनुका साथै प्रशस्तरूपमा वलि दिने कार्य पनि हुन्थ्यो– ती सम्पूर्ण प्रवन्ध त्यस गाउँको चौधरीको मातहत अनुसार भइरहेको त्यस ठाउँमा गई श्रामणेर महाप्रज्ञाले चौधरीसित वडो तार्किक रूपमा धर्मशाकच्छा गरी चौधरीलाई प्रसन्न तुल्याउनु भएको थियो । यसैको परिणामस्वरूप चौधरीको हुकुमबाट त्यहाँ वलि दिने कार्य त्यस वर्षको निमित्त मात्र होइन, सदाको निमित्त बन्द गर्ने आदेश दिलाउनमा महाप्रज्ञा सफल हुनुभएको थियो, यदि जवर्जस्ती कसैले त्यस ठाउँ

Downloaded from http://dhamma.digital/

(बौद्धहरूको एक पवित्र तीर्थस्थल) मा पुन: बलि दिने कोशिस गरेमा श्रीलङ्का, बर्मा, तिब्बत, नेपाल आदि देशहरूका बौद्धहरू मिली त्यसको घोरविरोध गर्न सक्छ भन्ने चेतावनी पनि दिएर उहाँ फर्कनु भएको थियो ।

त्यस कार्य गर्नुभएको केही महिनापछि श्रामणेर महाप्रज्ञा कालिम्पोङ्ग प्रस्थान गर्नुभएको थियो । त्यसबेलासम्ममा कर्मशील घ्येलुँ पनि काप्क्यामा ११ महिना ध्यान-भावनामा बिताई कालिम्पोङ्ग पुगिसक्नुभएको थियो । अत: पुन: एकपटक श्रामणेर महाप्रज्ञा कर्मशील घ्येलुँलाई साथ लिई भारतको विहार एवं उत्तर प्रदेशमा अवस्थित बौद्ध तीर्थस्थलहरू घुम्न आउनुभयो। त्यसै अन्तर्गत उहाँहरू सन् १९३० को शुरू (पौष-माघ १९८६) मा कुशीनगर पुग्नुभयो । कुशीनगर पुग्नुभएको केही दिनमै कर्मशील घ्येलुँ पनि थेरवाद परम्परानुसार ऊ. चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनुभयो ।

प्रव्रजित हुनुभएको महिनादिनपछि श्रामणेर कर्मशील शीलाचरण, परित्राण एवं अन्य बुद्ध-धर्म सम्बन्धी केही अध्ययन मननपश्चात् नेपालमा स्थविरवाद बुद्ध-धर्म प्रचार प्रसार शुभारम्भ गर्न जान गुरु चन्द्रमणि महास्थविरसित बिदा लिनु भयो र रक्सौलसम्म श्रामणेर महाप्रज्ञाले छोड्न आउनुभयो, रक्सौलबाट यता (नेपाल) आउन महाप्रज्ञालाई बन्देज थियो– श्रावण, १९८२ सालदेखि ।

रक्सौलबाट वीरगञ्ज हुँदै नेपाल भित्रेका श्रामणेर कर्मशीललाई वीरगञ्जमा त विना रोकतोक (सजिलैसित) राहदानी प्राप्त भएको थियो । तर भीमफेदी पश्चात् चिसापानी गढीमा पुग्नासाथ उहाँलाई त्यहाँका सरकारी कर्मचारीहरूले शङ्काको दृष्टिले हेरी उहाँको प्रत्येक सरसामान एवं वस्त्रहरू एक-एक गरी हेर्दै लगे । तिनीहरूले उहाँलाई वि.सं. १९८२ सालमा निष्कासित ५ भिक्षुहरूमध्ये प्रमुख हुनुभएका महाप्रज्ञा सम्झिए । श्रामणेर कर्मशीलले वीरगञ्जबाट प्राप्त राहदानी देखाउनुका साथै आफू त्यस बाटोबाट पहिले कहिल्यै आवत-जावत गरेको थिएन भने तापनि त्यो कुरा ती कर्मचारीहरूलाई विश्वास लागेन, चित्त बुझेन ।

Downloaded from http://dhamma.digital/

श्रामणेर कर्मशीललाई भने बडो फसाद पऱ्यो, किन कि उहाँले आफ्ना केही सरसामानहरू वीरगञ्जदेखि साथै आएका, जो कान्तिपुर (काठमाडौं) सम्म जानेवाला थिए सहयात्रीको भारीमा राखी ल्याएका थिए। ती सहयात्री त्यहाँको जाँच कार्य सकिन्नासाथ भारी लिई प्रस्थान गरिसकेको थियो। अतः श्रामणेर कर्मशीलले पुनः एकपटक बडो मिजाशका साथ आफू पहिले निष्कासित भिक्षुहरूमा नभएको, कान्तिपुरबाट सीधा ल्हासा व्यापारमा गएको र त्यहींबाट घ्येलुं भई कुशीनगर आई फर्कंदै आएको सत्य, तथ्य कुरा वृतान्त सुनाउनुभयो, तब पछि मात्र ती कर्मचारीहरूले उहाँको शान्त, सहनशील र नम्र बोलिवचनबाट प्रभावित भई स्वीकृति दियो। त्यस दिन उहाँ निकै अवेर (राती) पछि मात्र किन्दोल विहार पुग्नुभएको थियो।

त्यस दिन एक रात उहाँले किन्दोल विहारमा बिताई, भोलिपल्टै श्रामणेर कर्मशील कालिम्पोङ्गमा भेट्टिएका वागिन्द्रवज्र नामक मित्रको सल्लाहनुरूप स्वयम्भूपर्वत पछाडि रहेको आद्येश्वर (छ्वदों) मा अवस्थित कुमारनरसिंह कर्णेलको भग्नावशेष रहेको दरबारमा रहन जानुभयो। त्यहाँ ८/१० दिन जति रहनुभएको बेला उहाँको सम्पर्क दशरत्न साहू र लोकरत्न (तुयू दाजु) तुलाधरसित हुन गएको फलस्वरूप, उहाँहरूको आग्रहमा किन्दोल विहारमा रहन आउनुभयो।

श्रामणेर कर्मशीलले किन्दोल विहारमा अष्टमीव्रत न्यूनव्रत चलाउँदै आएका मञ्जुहर्ष नामक घ्येलुंलाई सहायतार्थ त्रिशरण जाने, शील प्रार्थना गर्ने आदि सिकाउँदै आएका थिए साथै बीच-बीचमा एवं अन्तमा धर्मोपदेश पनि दिँदै जानुभएको थियो। यसैको फलस्वरूप पछि आएर अष्टमीव्रत र न्यूनव्रतमा आउने श्रद्धालुहरूको झुकाउ थेरवाद बुद्ध शासन अनुरूपको पञ्चशील, अष्टशील एवं उहाँको धर्मोपदेशबाट प्रभावित भई केही व्यक्तिहरूले प्रव्रजित हुने समेत इच्छा जाहेर गर्दै ल्याए।

यस्तै समयमा श्रामणेर महाप्रज्ञा पनि गुप्त रूपमा वि. सं. १९८६ (सन् १९३०) को शिवरात्रीको अवसर लिई कान्तिपुर आइपुग्नुभयो। श्रामणेर कर्मशीलको

Downloaded from http://dhamma.digital/

स्वभावबाट प्रभावित भएका ती श्रद्धालुहरू (माहिला उपासक, पुण्यतारा, चन्द्रिमि, सङ्घतारा उपासिका) श्रामणेर महाप्रज्ञादेखि झन प्रभावित भए । उहाँहरूले एक आपसमा सल्लाह गरी, तिनीहरूलाई केही दिनपछि आउने सल्लाह दिई महाप्रज्ञा गुरु रक्सौलतिर प्रस्थान गर्नुभयो ।

श्रामणेर कर्मशील पनि प्रव्रजित हुन चाहने ती उपासकोपासिकाहरूलाई साथ लिई महाप्रज्ञा रक्सौल पुगेको छैठौं दिनमा उहाँहरू पनि त्यहीं पुग्नुभयो । उहाँहरू सबै रक्सौल बजारमा रहनुभएका ईश्वरीलाल श्रेष्ठको घरमा एक दिन रही भोलिपल्टै कुशीनगर तर्फ प्रस्थान गर्नुभएको थियो ।

उहाँहरू कुशीनगर पुग्नुभएको महिनादिनपछि वि. सं. १९८७ सालको बैशाख महिनामा चारैजना उपासकोपासिकाहरूलाई ऊ. चन्द्रमणि महास्थविरको तर्फबाट प्रव्रजित गराउन श्रामणेर महाप्रज्ञा एवं कर्मशील सफल हुनुभएको थियो । प्रव्रज्यापश्चात् तिनीहरूको नाम यसप्रकार भए–

१) माहिला उपासक– श्रामणेर शासनज्योति ।

२) पुण्यतारा उपासिका– अनागारिका रत्नपाली ।

३) चन्छिमि उपासिका– अनागारिका धर्मपाली ।

४) सङ्घतारा उपासिका– अनागारिका सङ्घपाली ।

तिनीहरूलाई प्रव्रजित गराएको केही हप्तापछि श्रामणेर कर्मशील अनागारिका धर्मपाली र सङ्घपालीलाई साथ लिई कालिम्पोङ्ग जानुभएको थियो । त्यसै समयमा उहाँको प्रथम भेट रामोदर साधु (भावी महापण्डित राहुल साँकृत्यायन) सित ५ जून १९३० (जेष्ठ, वि. सं. १९८७) मा भएको थियो । त्यस बेला रामोदर साधु तिब्बतमा सवा वर्ष (पहिलो तिब्बत यात्रा) बिताई फर्कंदै थिए, उहाँले श्रामणेर कर्मशीललाई तिब्बतबाट ल्याएका अनेक चीजवीज ग्रन्थ एवं तिब्वती चित्रपटहरू) हरू देखाउनुभएको थियो । रामोदर साधु उहाँलाई भेटेको भोलिपल्टै (६ जून १९३०) कलकत्ताको निमित्त सिलीगुडी प्रस्थान गर्नुभएको थियो ।

Downloaded from http://dhamma.digital/

यता, कुशीनगरमा अनागारिका रत्नपाली नेपाल गइसकेको कारण श्रामणेर शासनज्योति एकजना मात्र महाप्रज्ञा गुरुका साथ रहँदै आएका थिए । यसैबेला कुशीनगरमा गुरुवर ऊ. चन्द्रमणि महास्थविर समक्ष एक बर्मी अखवार पुग्नुभएको थियो जसमा महाप्रज्ञाको फोटो छापिएको थियो, अखवारद्वारा बर्माको एक दायकले उहाँको खोजनीति गरेको थियो, कारण त्यस दायकलाई महाप्रज्ञालाई उपसम्पन्न गराउने (दायक हुने इच्छा) भएको रहेछ ।

ऊ. चन्द्रमणि महास्थविर वर्मी भिक्षु हुनाको कारण त्यो अखवार कुशीनगरमा पनि पुऱ्याएको थियो । संयोगवश ! महाप्रज्ञा कुशीनगरमै रहेको कारण, उहाँका साथै श्रामणेर शासनज्योतिलाई पनि बर्मा पठाउने प्रबन्ध ऊ. चन्द्रमणि महास्थविरले मिलाईदिनुभयो ।

अत: वि. सं. १९८८ सालको बैशाख (मई, सन् १९३१) महिनामा कुशीनगरबाट कलकत्ता हुँदै पानीजहाजबाट ४ दिनको यात्रापछि श्रामणेर महाप्रज्ञा र शासनज्योति रंगून (बर्मा) पुग्नुभएको थियो । रंगून बन्दरगाहमा वर्लनासाथ उहाँहरूलाई लिन आउनेहरूले मोटरमा बसाई डेढ घण्टा जति पश्चात् गन्तव्य स्थानमा पुऱ्याइयो, त्यस स्थानको नाम एवं दाताको नाम महाप्रज्ञा यसरी उल्लेख गर्नुहुन्छ–

दाता– ऊ एमाऊ, स्थान – दोंगुसिरीला ।

उहाँहरू रंगून पुग्नुभएको केही दिनमै बैशाख-पूर्णिमा (वि. सं. १९८८) का दिन दायक ऊ. एमाउँका नाता– कुटुम्बका केही कुल पुत्रहरूको श्रामणेर हुने अवसरमा संलग्न गराई उहाँहरूको उपसम्पन्न गराउने हेतु खोजखबर गराइएको रहेछ, तसर्थ सम्पूर्ण प्रबन्ध भइसकेपछि श्रामणेर महाप्रज्ञा र शासनज्योति त्यस विहार (क्याउँ-म्याऊ-क्याउँ) का नायक महास्थविर ऊ केशराको उपाध्यायत्वमा उपसम्पन्न हुनुभयो ।

उपसम्पदापछि उहाँहरूले पहिलो बर्सावास त्यही "क्याउँ म्याउँ क्याउँ

Downloaded from http://dhamma.digital/

विहार" मा बिताउनु भएको थियो। वर्षावासपश्चात् भिक्षु महाप्रज्ञा बर्माका केही दर्शणीय स्थलहरूको अवलोकन गर्न जानुभयो।

यसको केही महिनापश्चात् गुरु ऊ. चन्द्रमणि महास्थविरको आदेश पत्रानुसार भिक्षु महाप्रज्ञा अराकन जानुभएको थियो। त्यहाँ उहाँले मा. धम्माचारी नामकी एक अनागारिकालाई भेट्नु भएको थियो। उनीकै एक पुत्र, जो सुप्रसिद्ध कर्मस्थानाचार्य थिए ले भिक्षु महाप्रज्ञालाई "कर्मस्थानभावना" विषय निकै अभ्यास गराउन भएको थियो। कर्मस्थानभावना गर्न त्रिकाय (काय, वाक, चित्त) परिशुद्ध गर्नु पर्ने बारे सप्रसङ्ग व्याख्या पनि ती कर्मस्थानाचार्य गुरुले महाप्रज्ञालाई दिँदै जानुभएको थियो।

त्रिलक्षण (अनित्य, दुःख, अनात्म) स्वभावलाई स्पष्ट रूपमा मनन र अभ्यास गर्नेलाई "विदर्शना भावना, विपस्सना भावना" एवं "प्रज्ञा भावना" भनिने कुरा उहाँलाई स्पष्ट भयो।

यसरी योग्य कर्मस्थानाचार्य गुरु प्राप्त हुनाको कारण भिक्षु महाप्रज्ञा पनि कर्मस्थान भावनामा चाँडै नै सफलता प्राप्त गर्दै जानुभएको थियो।

सन् १९३२ को शुरूमा भिक्षु महाप्रज्ञा अराकनकै आसपासमा रहेको "पाउँतो" नामक स्थानमा एक सांघिक कार्य (परिवास) को निमित्त जानुभएको थियो। त्यहाँ उपासकोपासिकाहरूको आग्रहमा एक सुन्दर धर्माशनमा रही धर्मोपदेश पनि दिनुभएको थियो तर उहाँ पाँसुकूलिक चीवर (थोत्रो-कसैलाई पनि लोभ लालचा नहुने, हराए पनि चित्त नदुख्ने, स्मशानादि ठाउँहरूमा प्राप्त अनेकौं कपडाहरूको जोडाइबाट तयार गरिएको) लाइरहनुभएको व्यक्ति हुनाको कारण उपासकोपासिकाहरूको आग्रहबाट धर्मोपदेश दिनु भएको स्थानीय भिक्षुहरूलाई सन्तोष भएको थिएन। भिक्षु महाप्रज्ञा त्यस धर्माशनमा वस्नासाथ धर्माशन नै मलिलो भएको महसूस ती भिक्षुहरूले गरेका थिए। पछि आएर ती भिक्षुहरूलाई धर्मसम्वाद गरी पराजित गरी महाप्रज्ञा पाउँतोमै फर्कनुभएको थियो।

Downloaded from http://dhamma.digital/

सन् १९३२ को मध्य (जून, जुलाई-आषाढ) मा भिक्षु महाप्रज्ञा, जो त्यसबेला चटगाउँ (बङ्गलादेश) को एक विहारमा रहँदै थिए लाई अराकनको ऊ. मनवा महास्थविरको निमन्त्रणामा अर्कन जानुभएको थियो। उहाँलाई आरकनमा आमन्त्रण गर्नुको खास कारण श्रामणेर कर्मशीलको उपसम्पदाको निमित्त थियो। श्रामणेर कर्मशीलले आफ्नो पूर्वाचार्य महाप्रज्ञा बताएको कारण ऊ. मनवा महास्थविरले चटगाउँमा रहनुभएका महाप्रज्ञा गुरुलाई उपसम्पदाको निमित्त राय लिन बोलाउनु भएको थियो।

भिक्षु महाप्रज्ञा अराकन पुग्नासाथ ऊ. मनवा महास्थविरले उहाँसित श्रामणेर कर्मशीललाई उपसम्पन्न गराउने बारे सरसल्लाह गर्नुभयो, जसअनुसार ऊ. मनवा महास्थविरकै आग्रहमा भिक्षु महाप्रज्ञा नै श्रामणेर कर्मशीलको उपाध्याय हुनुभयो। अतः भिक्षु महाप्रज्ञाले नै श्रामणेर कर्मशीलको उपसम्पदापश्चात् नयाँ नामकरण आफ्नै नामको स्मरणस्वरूप "प्रज्ञानन्द" राख्नुभएको थियो।

श्रामणेर कर्मशीलको उपसम्पदापश्चात् भिक्षु महाप्रज्ञा पुनः चट्गाउँ फर्कनुभएको थियो। त्यसबेला भिक्षु महाप्रज्ञाका दुइजना प्रमुख शिष्यहरूमा शासनज्योति अराकनकै "म्योहाउँ" नामक जङ्गलमा ध्यान-भावनाको निमित्त जानुभएको थियो। अन्य एक सिंहली युवक मेत्तेय्य जो भिक्षु महाप्रज्ञाका साथै जङ्गलमा रही उहाँ (महाप्रज्ञा) को ध्यान- ज्ञानद्वारा प्रभावित भई श्रामणेर भएका थिए साथै उपसम्पन्न पनि। भिक्षु मेत्तेय्य ३ वर्षसम्म भिक्षु महाप्रज्ञाका साथ रहि श्रीलङ्का फर्कनुभएको थियो। श्रामणेर कर्मशीलको उपसम्पदापश्चात् भिक्षु मेत्तेय्य पनि महाप्रज्ञाका साथ चटगाउँ जानुभएको थियो।

उहाँहरू चटगाउँमा रहँदै जानुभएको केही महिनापश्चात् विशेषतः भिक्षु मेत्तेय्यलाई औल ज्वर (Malaria) हुन गएको कारण उपचारार्थ उहाँलाई साथ लिई भिक्षु महाप्रज्ञा सन् १९३४ को शुरूमा कलकत्ता आइपुग्नु भयो तर भिक्षु महाप्रज्ञाको हालत पनि औलको कारण भयावह थियो, शायद त्यसैको कारण भिक्षु

Downloaded from http://dhamma.digital/

मेत्तेय्यलाई "महाबोधि सोसाइटी" मा स्थान दिएतापनि उहाँलाई नदिएको होला। उहाँले त्यहाँको अतिरिक्त बर्मीविहार एवं धर्मांकुर विहारमा पनि स्थान पाउनु भएन, तसर्थ उहाँ चितपुर रोडस्थित आफ्ना मित्र लालबहादुर रञ्जितकारको घरमा जानुभयो तर उहाँलाई देख्नासाथ मित्रकी पत्नी अधैर्यपूर्वक रोइन्, पछि उहाँको मित्रले ५ दिन अगाडि मात्र यो संसार छोडेर गएको कुरा बताइन्। उहाँको शारीरिक स्थितीलाई अवलोकन गरी मित्रकी पत्नीले पछि तुरून्तै एक कोठा बन्दोबस्त गरिदिइन् र औल ज्वरको केही उपचार पनि गरिदिइन्।

मित्रकी पत्नीको आग्रह अनुरूप भिक्षु महाप्रज्ञा मृतकको एउटा संस्कार (घः सू) सम्म रहिसकेपछि आफूलाई उपयुक्तस्थानको खोजीमा विचार्दै थिए, तव उहाँलाई एक्कासी कालिम्पोङ्ग याद आयो, जुन शहरको हावापानी एकदम उपयुक्त थियो न गर्मी, न ठण्डा। अतः उहाँ केही दिनपश्चात् कलकत्ताबाट कालिम्पोङ्गको निमित्त प्रस्थान गर्नुभयो।

कालिम्पोङ्ग त उहाँ पुग्नुभयो तर समस्या पुनः खडा भयो, उहाँ पाँसुकूलिक हुनाको कारण उहाँको वस्त्र एवं रूप पनि औलको असर बाकी रहनाको कारण निकै नराम्रो देखिएको थियो। पछि उहाँलाई भाजुरत्न साहूले देख्नासाथ सोध्नुभयो– तपाई को हुनुहुन्छ ? कहाँबाट आउनु भएको ? आदि।

उहाँले आफूलाई बर्माबाट फर्केको, पहिले नेपालबाट निष्कासित गरिएको एक भिक्षु, पहिले यहीं रहेको, पछि छेरिन्नोर्बु गुरुका साथ ल्हासा गएको, त्यहाँबाट फर्की यहीं रहेको, तपाईले नै सम्पूर्ण बन्दोबस्त गरिदिएको भनी सम्पूर्ण वृत्तान्त सुनाउनु भयो। तब मात्र भाजुरत्न साहूले महाप्रज्ञालाई चिन्नुभयो।

पछि आएर भाजुरत्न साहूकै अनुकम्पाबाट कालिम्पोङ्गको त्रिपाई डाँडामा एउटा विहार निर्माण गर्नु भएको थियो जुन विहारको नाम महाप्रज्ञा स्वयंले "प्रज्ञाचैत्य महाविहार" राख्नुभएको थियो। त्यस विहारको बाहिर ढोकामाथिको बोर्डमा यसप्रकार उल्लेख गर्नुभएको छ–

Downloaded from http://dhamma.digital/

# प्रज्ञा चैत्य महाविहार
# त्रिपाई, कालिम्पोङ्ग
# स्थापित – १९३६

त्यस विहारमा रहँदै जानुभएको बेला भिक्षु महाप्रज्ञाले त्यस विहारको माथि पूर्वतर्फ "भालुखोप" नामक स्थानमा एउटा विशाल ढुङ्गाको मुनि एउटा गुफा पनि तयार गर्नुभएको थियो जसलाई "शान्तिमय गुफा" नामकरण गरिएको थियो । त्यहीँ उहाँले एउटा सुन्दर वुद्धमूर्ति पनि निर्माण गर्नुभएको थियो, जो अद्यावधिसम्म यथावतै छ ।

सन् १९३५ / ३६ मा भिक्षु महाप्रज्ञालाई पुनः एकपटक चटगाउँबाट निमन्त्रण पठाइएको थियो । ३ महिना (मंसिर–फागुन) सम्मको चटगाउँ निवासकालमा उहाँलाई चटगाउँको एउटा विशेष ध्यान कमिटिको तर्फबाट "कम्म स्थानाचार्य" पद प्रदान गरेको थियो, जसको प्रमुख हुनुहुन्छ– सुरेन्द्रनाथ बरूवा एम.ए., पाली प्रोफेसर ।

स्मरणीय छ, २ अगस्त १९३६ का दिन श्रामणेर हुनुभएका अमृतानन्द (वि.सं. १९७५–२०४७) लाई गुरुवर ऊ.चन्द्रमणि महास्थविरले भिक्षु महाप्रज्ञा कहाँ (कालिम्पोङ्ग) पठाउनुभएको थियो । यसरी सन् १९३६ को अन्तिम महिना (अक्टोवर–नवेम्वर) मा कालिम्पोङ्ग पुग्नुभएका श्रामणेर अमृतानन्द गुरुवर भिक्षु महाप्रज्ञासित केही समय रहनुभएपछि भोजपुरस्थित आफ्ना नाताकुटुम्बहरूलाई भेटन वि.सं. १९९३ सालको मंसिर महिनामा भोजपुरका एक प्रतिष्ठत साहू जीतबहादुरका साथ इलामको बाटो हुँदै भोजपुर प्रस्थान गर्नुभयो, जीतबहादुर साहू व्यापारको सिलसिलामा भोजपुरबाट दार्जिलिङ्ग आएका थिए। श्रद्धावान् अमृतानन्दलाई भेट्नासाथै भोजपुर जान आग्रह गर्नुभएको थियो ।

Downloaded from http://dhamma.digital/

त्यसबेला भिक्षु महाप्रज्ञा प्रेस तयार गर्ने धूनमा थिए । ३ दिनसम्मको सोचाइपश्चात् निर्णय भए अनुसार प्रेसको बनौट तयार गरी कलकत्ताबाट टाइप (अक्षर) झिकाउने कार्यमा व्यस्त थिए । कलकत्ताबाट टाइप पुग्न नआएको कारण आफू पछि रेलबाट (कालिम्पोङ्ग-सिलीगुडी-कटिहार-जोगबनीसम्म रेलयात्रा, त्यसपश्चात मोटरबाट विराटनगर-धरान हुँदै पैदल भोजपुर पुग्नु) भोजपुर आउने सल्लाह दिई अमृतानन्द एक जनालाई मात्र साथ लैजान भिक्षु महाप्रज्ञाले जीतबहादुर साहूलाई अह्राएका थिए ।

श्रामणेर अमृतानन्द भोजपुर गएको महिना दिनपश्चात् टाइपको पार्शल कालिम्पोङ्ग पुग्नासाथ ती पार्शल चीज़लाई घुमपहाडस्थित कुलमुनि साहूकहाँ राखी भिक्षु महाप्रज्ञा पनि वि.सं. १९९३ को पौषको शुरूमा भोजपुर प्रस्थान गर्नुभएको थियो ।

भिक्षु महाप्रज्ञा भोजपुर पुग्नुभएको केही दिनपछि विशेषतः कुलधन शाक्यका सुपुत्रहरू (पुण्यधन, चैत्यधन र कुलराज शाक्य) को अनुरोधमा एउटा बुद्ध-मूर्ति निर्माण गर्नेतर्फ लाग्नुभएको थियो, जुन मूर्ति-भिक्षु महाप्रज्ञाद्वारा १९ दिनको अवधिमा तयार गरियो र ३० पौष १९९३ का दिन बडो भव्य रूपमा उत्सव मनाई, रथ परिक्रमा (बुद्ध-मूर्ति राखी) समेत गरी पहिलेदेखि धर्मस्थलको रूपमा रहँदै आएको एकतल्ले विहारमा प्रतिष्ठा (विराजमान) गराइयो, त्यस विहारलाई "शाक्यमुनि विहार" नामकरण पनि गरियो ।

यसको भोलिपल्ट (१ माघ १९९३) शाक्यमुनि विहारमा उपासकोपासिकाहरूका साथ स्थानीय देवबहादुर साहू पनि दान-प्रदान गर्न आइरहनु भएको थियो । उहाँलाई विशेष रूपमा भिक्षु महाप्रज्ञाले धर्मोपदेश दिइरहनु भएको थियो । ठीक, त्यसैबेला उहाँलाई भेट्न भोजपुर जिल्लाका बडाहाकिम गरुडध्वज विहारमा आइपुगे ।

विहारमा नयाँ बुद्ध-मूर्ति निर्माण भइरहेको देखी प्रसन्न भई कसले बनाएको

Downloaded from http://dhamma.digital/

भर्नी सोध्नुभयो । उपासकोपासिकाहरूले महाप्रज्ञालाई देखाए । महाप्रज्ञालाई देख्नासाथ परिचय लिइयो र थाहा पाइयो कि उहाँ वि.सं. १९८२ सालमा नेष्कासित भिक्षुहरूमा हुनुहुन्छ । तसर्थ बडाहाकिमले भिक्षु महाप्रज्ञा लगायत श्रामणेर अमृतानन्द एवं स्थानीय ९ जना उपासकहरूलाई भोजपुरको माल अड्डामा पुऱ्याइयो ।

त्यसबेला बडाहाकिमले अन्य केही आरोपहरू लगाई भिक्षु महाप्रज्ञा विशेषरूपमा) लाई पक्रेर लगेको थियो । ती आरोपहरू हुन्–

1) नेपालबाट निर्वासित गरिएका व्यक्ति नेपाल आगमन गरेको ।

२) हिन्दूकुलका व्यक्ति भिक्षु भएर बुद्ध-धर्म प्रचार गरेको ।

३) अदालतमा जाहेर नगरिकन बुद्ध-मूर्ति निर्माण गरी नगरपरिक्रमा समेत गरेको ।

स्थानीन उपासकहरूलाई ९ दिन बन्दी गरी, पछि तारिखमा छोडिदियो । केही दिनको बन्दी अवस्थामै भिक्षु महाप्रज्ञाले स्थानीय पुलिसहरूलाई प्रभावित तुल्याएको कारण बडा हाकिमले भिक्षु महाप्रज्ञा एवं श्रामणेर अमृतानन्दलाई जेलभित्रै राखिदिए, जहाँ उहाँहरू पूरा ३ महिना (माघ-चैत्र) रही चैत्र मशान्तका दिन २ पुलिसहरू साथ लगाई धनकुटा जेलमा चलान गरिदिएको थियो । ३ महिनाको भोजपुर जेलजीवन कालमा भिक्षु महाप्रज्ञाले कैयौ कैदीहरूलाई धर्मोपदेश-द्वारा दुःख हरण गरिदिएको थियो । कैदीहरूलाई मनपरी रूपमा कोर्दा हान्ने जेलरलाई समेत त्यसको दुष्परिणाम भोग्नुपर्ने अवश्यम्भावी भएको कुरा महशूस गराई कैदीहरूलाई कोर्दाबाट बचाउन भिक्षु महाप्रज्ञा सफल हुनुभएको थियो । कैदीहरूको वेदना सुनी, तिनीहरूलाई मानसिक शान्ति दिँदै रहनुभएका भिक्षु महाप्रज्ञा एवं श्रामणेर अमृतानन्द भोजपुर जेलबाट जान लागेको बेला कैदीहरूले कम विलाप गरेका थिएनन् । बिर्सेर विर्सन नसकिने किसिमले भोजपुरजेलबाट बिदाइ लिई उहाँहरू केही दिनमा धनकुटा पुग्नुभयो ।

Downloaded from http://dhamma.digital/

धनकुटा जेलमा १ महिना रहनुभएको समयावधिमा पनि त्यहाँ राखिएका राजनैतिक कैदीहरू, जसमा विद्वान्हरू समेत थिए सित धर्मशाकच्छा गर्नुका साथै तिनीहरूकै आग्रहमा जेलभित्रै भिक्षु महाप्रज्ञाले एक गणपति (गणेश) को मूर्ति निर्माण गरिदिनुभएको थियो ।

धनकुटा जेलमा एक महिना बिताई उहाँहरूलाई पुनः २ जना पुलिसहरू साथ लगाई नेपालको सीमाना पार गराउन आदेश दिइयो, जसअनुसार दुइजना पुलिसमा सिर्फ एकजनाले मात्र उहाँहरूलाई धरान-विराटनगर हुँदै जोगबनी स्टेशन पुऱ्याए ।

भिक्षु महाप्रज्ञा र श्रामणेर अमृतानन्द यसरी भोजपुरकाण्ड समाप्त गरी जोगबनीबाट कटिहार-सिलीगुडी हुँदै कालिम्पोङ्को त्रिपाई डाँडामा अवस्थित "प्रज्ञा चैत्य महाविहार" मा पुग्नुभएको थियो ।

त्यसै वर्ष (सन् १९३७) को मध्यतिर श्रामणेर अमृतानन्द पाली साहित्य अध्ययनार्थ वर्मा जानु भएको थियो । वर्माबाट केही महिनापछि श्रीलङ्का जानुभएको थियो । श्रामणेर अमृतानन्द वर्मा एवं श्रीलङ्का जानु अगाडि विशेषतः तानसेनका श्रद्धावान्हरूसित "ललितविस्तर" किताव प्रकाशनार्थ ५/५ रूपियाँ चन्दा (एउटा-एउटा किताब दिने गरी) लाई भिक्षु महाप्रज्ञालाई बुझाएर जानुभएको थियो । तसर्थ भिक्षु महाप्रज्ञालाई आफूले अनुवाद गरिराखेको महापण्डित राहुल साँकृत्यायन (सन् १८९३-१९६३) को "बुद्ध-चर्या" ग्रन्थको अनुवाद "ललित-विस्तर" को रूपमा चाँडोभन्दा चाँडो प्रकाशित गर्न बाध्य भयो । यस पुस्तक (ललित-विस्तर) बल्ल उहाँले वि.सं. १९९७ (बु.सं. २४८४) सालमा आफ्नो स्वविवेकबाट निर्मित प्रेसबाट ८० वटा मात्र प्रकाशित गर्नुभएको थियो । पछि अन्य स-साना पुस्तकहरू पनि लेखी उहाँले प्रकाशित गर्नुभएको थियो ।

भिक्षु महाप्रज्ञा कालिम्पोङ्मा पूरा एक दशक भिक्षु चर्य्यामा रही अनेकौं मतमतान्तरमा रहेका व्यक्तिहरूलाई समेत बुद्ध-धर्मको प्रभाव अवगत गराउनमा

Downloaded from http://dhamma.digital/

सफल हुनुभएका थियो । पछि आएर उहाँ विशेष कारणवश सन् १९४६ देखि गृहस्थ संसारमा प्रवेश हुन बाध्य हुनुपर्‍यो ।

गृहस्थ संसारमा प्रवेश भई एक पुत्री (रत्नदेवी) र एक पुत्र (मदन कुमार) भइसके पनि उहाँको मन विराग भावनामा लिप्त भइ नै रहेको थियो । यसैको फस्वरूप एक दिन (वि.सं. २०१४ साल) उहाँ सिलीगुडी-कटिहार-विराटनगर हुँदै हवाइजहाजबाट काठमाडौं आइपुग्नुभयो र सरासर श्रीघः विहारमा गई भिक्षु सुबोधानन्दलाई भेट्नुभयो । उहाँ भन्ते समक्ष आफ्नो मनसाय व्यक्त गर्नुभयो ।

तर, हप्तादिनपश्चात नै श्रीमती चिनीमाया पुत्र मदन कुमारलाई साथ लिई उहाँलाई खोज्न काठमाडौं आउनुभयो । तिनीहरूको एक परिचित असनका चन्द्ररत्न शाक्यलाई साथ लिई बनेपामा रहनुभएका भिक्षु सुबोधानन्द र महाप्रज्ञालाई भेट्न जान टुँडिखेलस्थित मोटर पार्कमा पुगिरहेका थिए । संयोगवश त्यसैबेला भिक्षु सुबोधानन्द र महाप्रज्ञा पनि बनेपाबाट पुगेको मात्र थियो– आमा चाहिँले नदेखेको भएतापनि पुत्र चाहिँले देख्नासाथ सम्बोधन गरिहाले ।

यसप्रकार घरपरिवारसँग भेट भएको कारण महाप्रज्ञा कालिम्पोङ्ग जान बाध्य हुनुभयो । उहाँ कालिम्पोङ्ग पुग्नु भई घर-परिवारको निमित्त घरको बन्दोवस्त गर्नुभयो, जुन घरको लागि उहाँले ३ वर्षसम्म (वाल रहनेहरू नउठेको कारण) नालीस अनुरूप अदालतमा गइरहनुपरेको थियो । बल्ल झगडा छुट्याई पुरानो घरलाई नयाँ घरको रूपमा तयार गरी बिजुली जडान पनि गरिदिइयो, जुन घर कालिम्पोङ्ग हाटबजार नजिक रेलरोडमा थियो ।

उहाँ गृहस्थाश्रममा रहे पनि नेपालमा आफूद्वारा शुरू गरिएको स्थविरवाद बुद्ध-धर्म प्रज्वलित गर्ने तर्फमा विचारधीन हुनुहुन्थ्यो । तसर्थ उहाँले नेपालमा गई बौद्ध ऋषि भावमा रही धर्म प्रचार-प्रसार गर्दै जाने अभिप्राय लिई कसैलाई केही नभनिकन सन् १९६१, जनवरीको पहिलो दिनदेखि उहाँले आफ्नो कपाल (केश) र

Downloaded from http://dhamma.digital/

दाढीलाई हजामत गर्न छोडिदिए ।

वि. सं. २०१८ सालमा पुनः एकदिन मौका पारी उहाँ कालिम्पोङ छोडी विराटनगर आउनुभयो । उहाँले विराटनगरबाट धरान हुँदै भोजपुर जान चाहनु भएको थियो तर त्यसबेला भोजपुर जाने उपर्युक्त समय नरहेको कारण उहाँ पुनः विराटनगर फर्की, त्यहाँबाट हवाइजहाजद्वारा कान्तिपुर आइपुग्नुभयो । यसपटक पनि भिक्षु सुबोधानन्द रहनुभएको ठाउँ पाटनको सुमङ्गल विहारमा पुग्नुभयो ।

त्यस वर्षको (वि. सं. २०१८ साल) पौष महिनामै "शाक्यमुनि बौद्ध सङ्घ"ले भोजपुरको टक्सारस्थित "शाक्य मुनि विहार" मा भव्यरूपमा महापरित्राण सम्पन्न गर्ने योजना बनाएको थियो, जुन योजनालाई सफल पार्न भिक्षु सुबोधानन्दले काठमाडौं उपत्यकामा रहेका भिक्षु-श्रामणेर, अनागारिका एवं उपासको-पासिकाहरूलाई भोजपुर लैजाने प्रबन्ध गर्नुभएको थियो । त्यस प्रबन्धमा उहाँले बौद्ध ऋषि महाप्रज्ञालाई साथ लानुभएको थियो ।

उहाँहरू सबै नेपालबाट भारत (कटिहार-जोगबनी) हुँदै विराटनगर-धरान पुग्नुभएको थियो । धरानबाट पैदल जानुभएका उहाँहरू १८ पौष २०१८ का दिन भोजपुर पुग्नुभएको थियो । कालिगढहरूको स्थान (टक्सार, भोजपुर) रहेको कारण महा-परित्राणको मण्डप यति राम्रोसित बनाइराखेको थियो कि दर्शकहरू नै प्रभावित थिए ।

२३ पौषदेखि भिक्षु महासङ्घबाट शुरू भएको त्यस महापरित्राण हप्तादिनको लागि भनेको ९ दिन (१ माघ २०१८) सम्म सम्पन्न हुन गएको थियो ।

महापरित्राणको समाप्तिपछि भिक्षु सुबोधानन्द एवं चैनपुरका धनबहादुर शाक्यको विशेष आग्रहमा महाप्रज्ञा केही दिनको निमित्त चैनपुर पुग्नुभयो । चैनपुरमा ९ दिन रहनुभई भोजपुरमै फर्कनुभयो । भोजपुरमा उहाँ पुनः ४ महिना रहनुभएको थियो । यस ४ महिनाको भोजपुर निवासकालको प्रतिफलस्वरूप भिक्षु सुबोधानन्दको आग्रहमा भगवान बुद्धको जीवनी पद्यमयरूपमा लेख्नुभएको थियो, जुन काठमाडौं आउनुभएपछि भिक्षु सुबोधानन्द महास्थविर स्वयं प्रकाशक हुनुभई बौद्ध ऋषि

Downloaded from http://dhamma.digital/

महाप्रज्ञाको त्यस पद्यमय वुद्ध-जीवनी "काव्यात्मक बुद्ध-जीवनी" को नामबाट वु. सं. २५०७ (ने. सं. १०८३) मा प्रकाशित गरिएको थियो। यस्तै एक वर्षको अवधिमा बौद्ध ऋषि महाप्रज्ञाले वि. सं. २००० साल अगाडि आफ्नै प्रेसबाट प्रकाशित "अष्टादश लक्षण व विराग मार्ग" नामक पद्यमय पुस्तकको दोस्रो संस्करणको साथै "निर्वाणमार्ग" र "शान्तिया त्वाथ:" नामक पुस्तक पनि लेखी प्रकाशित गराउनुभएको थियो।

वि. सं. २०२० सालमा श्रामणेर सुदर्शनको विशेष प्रयत्नमा गण-महाविहारको जीर्णोद्धार कार्य सम्पन्न गरी त्यहाँ स्थविरवादी भिक्षु एवं श्रामणेरहरू रहँदै आउनुभएको थियो। बौद्ध-ऋषि महाप्रज्ञा पनि सुमङ्गल विहार, पाटनपश्चात् भिक्षु सुवोधानन्द एवं अन्य व्यक्तिहरूसित वैचारिक मतभेद हुँदै आएको कारण उहाँ (बौद्ध ऋषि महाप्रज्ञा) वि. सं. २०२६ सालको पौष महिनामा गण-महाविहार छोडी वलम्वूको प्रणिधिपूर्ण महाविहारमा रहनु जानुभएको थियो, जहाँ रहनुभएको ५ दिनपछि नै उहाँलाई पुरानो वातरोगको असर अनुरूप खुट्टा दुख्न शुरूभयो। अत: उहाँलाई केही श्रद्धावान् उपासकोपासिकाहरूले अन्यत्र एक ठाउँमा प्रबन्ध गर्ने सल्लाह गरे अनुरूप बागबजारस्थित आशारत्न उपासकले प्रदान गरेको दुई आना भएको एउटा जग्गामा सवैको सहयोगबाट एउटा आश्रम तयार गरियो जुन "धर्मचक्र आश्रम" कहलाइयो।

१२ बैशाख २०२७ का दिन जग हाली निर्माण कार्य शुरू गरिएको त्यस आश्रम २५ जेष्ठ २०२७ (जेष्ठ शुक्ल द्वितीया– महाप्रज्ञाको ७० औं जन्मोत्सव) का दिन उद्घाटन महोत्सवमा 'च्वसापासा', र 'नेपालभाषा परिषद' का विभिन्न कविवरहरूका साथ· अन्य गण्यमान्य महानुभावहरू पनि उपस्थित हुनुभएको थियो। त्यस उद्घाटन समारोहमा धर्मरत्न 'यमि', शान्ति सौरभ, माष्टर कुञ्जबहादुर आदि विद्वद्वर्गले उहाँको देन बारेमा बोल्नुभएको थियो।

'कविकेशरी' चित्तधर 'हृदय' ले पनि– "महाप्रज्ञा 'च्वसापासा' को तर्फबाट

Downloaded from http://dhamma.digital/

'साहित्यसुता' उपाधि प्राप्त (२०१३ सालमा) गरेका एक सफल नेपालभाषाका गद्य-पद्य लेखक एवं विशिष्ट बौद्ध-धर्म प्रचार हुन्" भनी बोल्नुभएको थियो ।

यस उद्घाटन महोत्सवका प्रमुख आयोजक हुनुभएकाहरूमा एक शाक्यमुनि उपासकले उहाँको ७० औं जन्मोत्सवको उपलक्ष्य लिई "कर्मस्थानाचार्य बौद्ध ऋषि महाप्रज्ञाया संक्षिप्त जीवनी" नामक एक पुस्तक पनि प्रकाशित गरी वितरण गर्नुभएको थियो ।

तर अफशोच ! उहाँको निमित्त विशेषरूपमा बनिएको त्यस "धर्मचक्र आश्रम" मा पनि पछि आएर कलह उत्पन्न भयो । उहाँले त्यस आश्रमलाई पनि छोड़ी डिल्लीबजार घट्टेकुलोमा एक अन्य स्थायी आश्रमको प्रबन्ध गर्नुभयो, जुन आश्रमको शिलान्यास (जग) १ फागुन २०२९ का दिन भएको थियो । त्यस आश्रममा उहाँ १५ पौष २०३० का दिनदेखि स्थायीरूपमा रहनुभएको थियो ।

"बौद्ध ऋषि महाप्रज्ञा आश्रम" नामकरण गरिएको त्यस आश्रममै उहाँले आफ्नो शेष करुणमय रोगी जीवन (५ वर्ष) बिताउनु भई ९ चैत्र २०३५ (नवमी--चिल्लागा १०९९ ने.सं.) का दिन आफ्नो इहलीला समाप्त गरेर जानुभएको थियो ।

Downloaded from http://dhamma.digital/

# — सन्दर्भ —

कर्मस्थानाचार्य बौद्ध ऋषि महाप्रज्ञाया संक्षिप्त जीवनी
— शाक्यमुनि उपासक
— धर्मचक्र आश्रमया उपासकोपासिका
वागबजार, काठमाडौं—वि.सं. २०२७

साहित्यसुता, कर्मस्थानाचार्य व बौद्ध ऋषि महाप्रज्ञाया आत्मकथा
— सम्पादन–दरशा नेवा:मि
— सकल उपासकोपासिका, ऋषि आश्रम
डिल्लीबजार, काठमाडौं—ने.सं. ११०३, ११०९

क्यान्छ्यालामा वा ङोन्दु लुमन्ति मुना
— सत्यमोहन जोशी
— बोधि प्रकाशन केन्द्र, यल—ने.सं. १११०

नेपालय् "स्थविरवाद" गुकथं व:गु ख:
— लाकौल, बैकुण्ठप्रसाद
— मालती लाकौल, महाबुद्ध काठमाडौं—ने.सं. ११०५

शाक्यमुनि विहारया ऐतिहासिक परिचय (सप्तबोध्यङ्ग धर्म भावना)
खभिक्षु सुबोधानन्द
— पुण्यधन सपरिवार
भोजपुर-टक्सार, सगरमाथा अञ्चल — वि.सं. २०३०

★ ★ ★

Downloaded from http://dhamma.digital/

# स्मरणीय व्यक्तित्वहरू

## अभ्यास–५

१) प्रेमबहादुर श्रेष्ठ कसरी दरवारसँग नजिकिएको थियो ?

२) प्रेमबहादुर श्रेष्ठ "छेरिन्नोर्बु" लामाबाट कसरी प्रभावित हुनुभयो ?

३) कट्टर ब्राह्मणहरूको चुक्लीले श्री ३ चन्द्रशम्सेरले कस्तो ज्यादतीपूर्ण व्यवहार गरेका थिए ? वर्णन गर्नुहोस् ।

३) भिक्षु महाप्रज्ञासँग कुलमानसिंह बैद्य कसरी प्रभावित भएर गृहत्याग गरे ? लेख्नुहोस् ।

४) 'वर्तमान' नेपालको थेरवाद बुद्धशासनका अग्रज भिक्षु महाप्रज्ञा नै हुन् । यस कुरालाई पुष्टि गर्नुहोस् ।

५) नेपालको बुद्धशासनमा भिक्षु महाप्रज्ञाको अतुलनीय योगदान रहेको कुरालाई चर्चा गर्नुहोस् ।

६) भिक्षु महाप्रज्ञा पछि पुनः बौद्ध महाप्रज्ञामा परिणत भइसकेपछि पनि उनले के कस्ता योगदानहरू दिएका थिए ? चर्चा गर्नुहोस् ।

७) भिक्षु महाप्रज्ञाको योगदानबारे चर्चा गर्दै उनको संक्षिप्त जीवनी लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# ६. उपासक भाजुरत्न साहू

नेपालमा स्थविरवाद बुद्ध-धर्म प्रज्वलित गर्नमा विशेष योगदान दिनुभएका दाताहरूमा भाजुरत्न साहूको नाम प्रमुख रूपमा लिन सकिन्छ ।

उहाँको जन्म वि. सं. १९४० को पौष महिनमा कान्तिपुरको केलटोल स्थित "त:खा छेँ" मा भएको थियो । उहाँको पिताको नाम कुलवीरसिंह कंसाकार र माताको नाम नानीबेटी कंसाकार हो ।

बाल्यकाल बडो कष्टपूर्वक बिताउनुभएका भाजुरत्नको विद्याध्ययन प्राय: शून्य थियो तैपनि आफ्नो कुशाग्र बुद्धिको कारण यौवनावस्थामै उहाँले आफ्नो आर्थिक स्थिति निकै सुधार्नुभएको थियो । उहाँ सर्वप्रथम व्यापारको सिलसिलामा दार्जिलिङ्ग जानुभएको थियो ।

त्यहाँको व्यापारीवर्गहरूमा आफ्नो विशिष्ट स्थान प्राप्त गरिसकेपछि वि. सं. १९६३ मा उहाँ काठमाडौं आउनुभएको थियो । त्यसैबेला ज्ञानमाया कंसाकारसित विवाह गर्नुभएको थियो । उहाँको ज्ञानमायाको गर्भबाट ३ पुत्री र एक पुत्र पाउनुभएको थियो, उहाँहरू हुनुहुन्छ–

१) ज्ञानप्रभा कंसाकार (पछि 'कविकेशरी'– चित्तधर 'हृदय' को धर्मपत्नी)

२) लक्ष्मीप्रभा कंसाकार

३) लक्ष्मीहेरा कंसाकार

४) मणिहर्षज्योति कंसाकार (पछि विशेषत: 'धर्मोदय समा' का एक संस्थापक)

अफशोच ! मणिहर्षज्योति जन्मेको (५ नवम्बर, १९१७) ६ महिना पछि नै ज्ञानमाया कंसाकारले यस संसारलाई छोडेर जानुभएको थियो ।

संयोगको कुरा ! भाजुरत्न साहूको दोश्रो विवाह पनि ज्ञानमाया नामकै महिलासित हुन पुगेको थियो, जसको गर्भबाट भाजुरत्न साहूले दुई पुत्र र दुई पुत्री

Downloaded from http://dhamma.digital/

पाउनुभएको थियो । उहाँहरू हुनुहुन्छ–

१) ज्ञानज्योति कंसाकार

२) ज्ञानशोभा कंसाकार

३) हेराशोभा कंसाकार

४) देवज्योति कंसाकार

वि. सं. १९७८ (सन् १९२१) सालमा जन्मनुभएका ज्ञानज्योति कंसाकार ३ वर्षको उमेर भएको बेला भाजुरत्न साहूको काम दाजर्लिङ्गबाट कालिम्पोङ्ग सरेको थियो ।

वि. सं. १९८२ (सन् १९२५) सालमा नेपालबाट राणा चन्द्र शम्शेर (शासनकाल सन् १९०१–२९) को सरकारले गुरु छेरिंनोर्बु सहित ६ जना महायानी घ्येलुं भिक्षुहरूलाई देश निष्कासन गरेको थियो ती निष्कासित भिक्षुहरू भारतका विभिन्न ठाउँहरूमा पुग्नुभएपछि अन्त्यमा कालिम्पोङ्ग आउनुभएको थियो । कालिम्पोङ्गमा उहाँहरूलाई भाजुरत्न साहूले नै दैनिक गुजाराको लागि प्रत्यय गरिदिनुभएको थियो ।

तो निष्कासित घ्येलुंहरूमा महाप्रज्ञा पनि एक हुनुहुन्थ्यो, जो पछि स्थविरवादी भिक्षु भई बर्मा, चटगाउँ आदि ठाउँहरूमा गई विद्याध्ययनका साथै ध्यान भावनामा पनि निपुणता प्राप्त गरी सन् १९३४ मा कालिम्पोङ्ग फर्कनुभएको थियो । पांशुकुलिक चीवर लगाई धुतङ्ग पालन गरिरहेको उहाँलाई शुरुमा भाजुरत्न साहूकी जहान ज्ञानमाया कंसाकारले अलि हेय दृष्टिकोणले हेरेकी थिइन् भोजनदान समेत अरुलाई दिन लगाइएको थियो तर पछि विस्तारै भिक्षु महाप्रज्ञाको धर्मोपदेशबाट प्रभावित भई विशेषतः त्यस्तो कार्य (छुत-अछुतको भावना) विस्तारै छोड्दै ल्याउनुभएको थियो ।

भाजुरत्न साहूलाई बुद्ध-धर्ममा प्रभावित गर्ने व्यक्ति भिक्षु महाप्रज्ञाभन्दा पहिले सन् १९२८-२९ मा नेपालका प्रथम पत्रकार (बुद्ध-धर्म र नेपाल भाषाका)

Downloaded from http://dhamma.digital/

धर्मादित्य धर्माचार्य (सन् १९०२-१९६३) थिए । उहाँ त्यसवेलासम्ममा विशिष्ट बौद्ध विद्वान् भइसकेका थिए तर पनि भिक्षु वेशमा महाप्रज्ञाले काफी प्रभाव पार्नुभएको थियो । अतः भिक्षु महाप्रज्ञादेखि प्रभावित भई भाजुरत्न साहूले त्रिपाई डाँडामा अवस्थित एउटा सानो घर उहाँको निमित प्रवन्ध गरिदिनु भयो। त्यसैलाई सन् १९३६ मा भिक्षु महाप्रज्ञाले "प्रज्ञाचैत्य महाविहार" नामकरण गरी एउटा बुद्ध-मूर्ति पनि स्थापना गर्नुभएको थियो । यही विहार भिक्षु महाप्रज्ञाको साहित्य साधनास्थल हुन पुगेको थियो ।

नेपालमा वुद्ध -धर्म पुनरूत्थान गर्नआएका भिक्षु श्रामणेरहरूलाई पुनः एकपटक राणा जुद्ध शम्शेर (शासनकाल सन् १९३२-४५) को सरकारले सन् १९४४ (वि. सं. २००१) को वर्षावास कालभित्रै देश निर्वासित गऱ्यो । यसबेला निर्वासित भएका ८ जना भिक्षु श्रामणेरहरूमा भिक्षु प्रज्ञानन्दका साथ श्रामणेर कुमार काश्यप र श्रामणेर प्रज्ञारस कालिम्पोङ्ग जानुभएको थियो । उहाँहरूलाई कालिम्पोङ्गमा आवश्यक प्रवन्ध गर्न आश्वासन भाजुरत्न साहूले कान्तिपुर मै दिनुभएको थियो । भाजुरत्न साहू सन् १९४० देखि प्रायः कान्तिपुर मै रहनुभएको थियो ।

सन् १९४४ मा निष्कासित भएका भिक्षुहरूमा भिक्षु धम्मालोक पनि एक हुनुहुन्थ्यो । उहाँ पनि देशबाट निर्वासित भएपछि भिक्षु सुबोधानन्द र भिक्षु प्रज्ञा-रश्मिलाई साथ लिई कुशीनगर जानुभएको थियो । कुशीनगरमा वर्षावासकाल जसोतसो समाप्त गरी ३१ नवम्बर १९४४ (कार्तिक पूर्णिमा, २००१ साल) का दिन सारनाथमा "धर्मोदय सभा" को स्थापना पश्चात् केही दिन सारनाथ र कुशीनगरमा रही कालिम्पोङ्ग आउनुभएको थियो । कालिम्पोङ्गमा भाजुरत्न साहूकै आश्रयवाट 'फारी' पुग्नुभएको थियो । फारीमा दुइ हप्ता रहनु भई पुनः भाजुरत्न साहूकै आश्रयवाट 'दुयु' मा कुशलताका साथ रहने प्रवन्ध भयो । पछि भिक्षु अमृतानन्द (वि. सं. १९७५-२०४७) को सत्प्रयाशबाट नेपाल आगमन गर्न शुरू

Downloaded from http://dhamma.digital/

भएपछि भिक्षु धर्मालोक नै सर्वप्रथम काठमाडौं (आनन्द कुटी विहार) आउनुभएको थियो ।

यसरी आश्रयविहीन भइरहेका भिक्षुहरूलाई मात्र होइन कयौं गृहस्थहरूलाई पनि भाजुरत्न साहू एवं उहाँको परिवारले आश्रय दिइ नै रहेको कुरा हालसम्म पनि यथावतै छ ।

त्यसबेला, भाजुरत्न साहू एवं उहाँको परिवारका विशेष देनहरूमा कालिम्पोङ्गको 'धर्मोदय विहार' पनि एक थियो, जुन पहिले Eldzc Villa नामक एक वङ्गला थियो । त्यसलाई कालिम्पोङ्गका सम्पूर्ण बौद्ध धर्मावलम्वीहरू र भाजुरत्न साहूको अनुदानबाट सन् १९४७ देखि "धर्मोदय विहार" हुँदै आएको थियो । यसै विहारबाट सर्वप्रथम भिक्षु अनुरुद्ध र भिक्षु महानामको सम्पादनमा "धर्मोदय" नामक मासिक पत्रिका सन् १९४७ को अक्टोवर (आश्विन, २००४) देखि प्रकाशित हुँदै आएको थियो, जुन पछि (वर्ष ३ देखि) कलकत्तामा छापिइ कालिम्पोङ्गको त्यस "धर्मोदय विहार" बाट नियमित रूपमा वितरण हुँदै आएको थियो ।

भाजुरत्न साहूले सन् १९४८ को मई-जून (वैशाख-जेष्ठ, २००५) तिर "धर्मोदय सभा" लाई विभिन्न क्रियाकलाप गर्नको निमित भारतीय रूपिया १६,०००।- पनि प्रदान गर्नुभएको थियो । यसको अतिरिक्त उहाँले "धर्मोदयसभा" को नाममा धेर बौद्ध साहित्यहरू प्रकाशनमा पनि सहयोग गर्नुभएको थियो जसमा भिक्षु जगदीश काश्यप (सन् १९०८-७६) द्वारा अनुवादित "मिलिन्द-प्रश्न" पनि एक थियो । पालीबाट हिन्दीमा अनुवादित त्यस ग्रन्थलाई दोश्रो संस्करणको रूपमा सन् १९५१ मा भाजुरत्न साहूको सहयोगवाट "धर्मोदय सभा" ले प्रकाशन गरेको थियो ।

भाजुरत्न साहूले "आनन्दकुटी विहार" जस्तै स्थविरवादी भिक्षु श्रामणेरहरूको निमित्त काठमाडौं शहरको मध्यमा पनि एउटा विहारको आवश्यकता महशुस गरी श्रीघः, नःघलको चैत्य जिर्णोद्धार गरी त्यसको सँगै एउटा विहार पनि वनाउनुभएको थियो जुन विहारमा विशेष रूपमा हेर्न लायकको एक वुद्धको

Downloaded from http://dhamma.digital/

सिद्धशाक्या-मूर्ति पनि उहाँले बर्मामा बनाउन लगाई, नेपालमा ल्याई वि.सं. २००६ सालको वैशाख महिनाको अक्षयतृतीयाको दिनमा प्रतिष्ठा गरी सो विहार थेरवादी भिक्षु सङ्घलाई प्रदान गर्नुभएको थियो ।

भाजुरत्न साहूले सिर्फ बुद्ध-धर्मको क्रियाकलापमा मात्र त्याग गर्नु भएको थिएन, विभिन्न गुठीगानाहरूको रक्षार्थ पनि उहाँले प्रशस्त रकम खर्च गर्नुभएको थियो । उहाँमा कुनै प्रकारको धार्मिक भेदभावको व्यवहार थिएन । उहाँ नेपाल-संस्कृतिका अनन्य भक्त हुनुहुन्थ्यो ।

उहाँले जीवनको अन्तमा विशेषत: दुइवटा चाहना राख्नु भएको थियो । ती थिए– देश-विदेशका भिक्षुहरूलाई भोजन दान दिनु र 'कर्मपा लामा' को पुन: एकचोटि दर्शन गर्नु ।

संयोगको कुरा हो, उहाँको अन्तकाल हुनु एक महिना अगाडि १५-२२ नवम्बर १९५६ सम्म नेपालमा विश्व बौद्ध भ्रातृत्व सङ्घ (The World Fellowship of Buddhist) को चतुर्थ विश्व बौद्ध सम्मेलन सम्पन्न भएको थियो, जसमा विश्वका प्राय: जसो सुविख्यात बौद्ध विद्वान् एवं भिक्षुहरू सम्मिलित हुनुभएको थियो । उहाँहरू सबैलाई भोजन दान दिने मौका अस्वस्थ शरीरका भाजुरत्न साहूले पाउनुभएको थियो, त्यस भोजन दान कार्यक्रममा भिक्षु प्रज्ञानन्द, भिक्षु धर्मालोक, भिक्षु अमृतानन्द र भिक्षु सुबोधानन्दले भाजुरत्न साहूलाई उहाँको आफ्नै हातबाट भोजन दान गराउन (समाई) मद्दत गर्नुभएको थियो ।

भाजुरत्न साहूको अन्य एक इच्छा 'कर्मपा लामा' को दर्शन गर्ने मनसुवा पनि सजिलै प्राप्त भयो, कारण उहाँको अन्तकाल हुनु सिर्फ १२ दिन अगाडि सिक्किमबाट कर्मपा लामा काठमाडौं आइपुग्नु भएको थियो । उहाँको पनि भाग्यवश दर्श नगर्न पाएको कारण भाजुरत्न साहू निकै खुशी हुनुभएको थियो । कर्मपा लामालाई पछि रक्सौलसम्म ज्ञानज्योति साहू (भाजुरत्न साहूका माहिलो पुत्र) ले छोडेर आउनुभएको थियो ।

Downloaded from http://dhamma.digital/

यसरी आफ्ना दुबै इच्छा पूर्ण भएको कारण भाजुरत्न साहूले रोगी अवस्थामा पनि मानसिक शान्ति प्राप्त गर्नुभएको थियो । उहाँले आफ्नो प्राण छोड्नु एक घण्टा अगाडि परिवारका अन्य सदस्यहरूले लेटिनै रहने सल्लाह दिए वावजुद पनि पलेंटी कसी ध्यानमुद्रामा रहनु भएको थियो, त्यही मुद्रा (ध्यानावस्था) मा उहाँले आफ्नो जीवन परित्याग गर्नुभएको थियो । दिन थियो– २६ डिसम्वर १९५६ (पौष, वि. सं. २०१३), दिनको ३:४५ वजे ।

२७ डिसम्बर १९५६ का दिन भएको उहाँको शव-यात्रामा सवभन्दा पहिले सीबाजं, त्यसपछि भिक्षुहरू, तिब्वती लामाहरू, अनागारिका एवं वज्राचार्यहरू पनि आ-आफ्ना धार्मिक सम्प्रदाय अनुसार स्तोत्र पाठ गर्दै 'कर्ण दीप' तर्फ गएका थिए । उहाँका परिवार र त्यसपछि किसानीहरू आ-आफ्नो कार्यमा (अवीर, पैसा आदि छर्दै गएका) संलग्न थिए । तिनीहरूपछि नाताकुटुम्व, गुठीयार एवं आत्मीयजनहरू । कर्णदीपमा उहाँको अग्नि-संस्कार थेरवाद, महायान एवं वज्रयान (नेपाल चरित्रानुसार) अनुरूप सम्पन्न भएको थियो ।

उहाँको स्मृतिमा उहाँको परिवारले १९ चैत्र २०१७ (३१ मार्च १९६१– ल्हुतिपुन्ही, १०८१ ने. सं.) का दिन विशेष भव्यताका साथ देश एवं विदेशका भिक्षुहरू सम्मिलित भएको भिक्षु-महासङ्घको तर्फबाट श्रीघः विहार, नःघलमा महापरित्राण पाठ सम्पन्न गरेको थियो । यस महापरित्राणमा "अखिल नेपाल भिक्षु महासङ्घ" का सम्पूर्ण भिक्षु, श्रामणेर एवं अनागारिकाहरू लगायत विदेशका सुप्रसिद्ध विद्वान् भिक्षुहरूमा पूज्यपाद ऊ चन्द्रमणि महास्थविर (सन् १८७६-१९७२), एशिया, यूरोप र अमेरिकामा धर्मप्रचार गर्दै रहनुभएका नारद महास्थविर (सन् १८९८-१९८३), त्रिपिटकाचार्य भिक्षु जगदीश काश्यप (सन् १९०८-७६), त्रिपिटकाचार्य भिक्षु धर्मरक्षित (सन् १९२३-७७) एवं महाबोधि सोसाइटी, सारनाथका मन्त्री भिक्षु एम. सङ्घरत्न (सन् १९११-१९८५) जस्ता सुविख्यात भिक्षुहरूको समागमबाट पनि यस महापरित्राणका स्मृतिकारक भाजुरत्न साहूको देन अविस्मरणीय रहेको कुरा स्मरण गराउँछ ।

Downloaded from http://dhamma.digital/

## – सन्दर्भ –

१) 'धर्मोदय' पत्रिका – वर्ष-१०, अङ्क २-३
(मंसिर-पौष, २०१३)
२) बौद्ध ऋषि महाप्रज्ञाया आत्मकथा – सम्पादक-दरशा नेवाःमि
(निगू भाग)
– सकल उपासकोपासिका ने. सं. ११०३
श्रृषि आश्रम, डिल्लीबजार ने. सं. ११०९
३) महाचीन-यात्रा – भिक्षु धर्मालोक महास्थविर
(धर्मोदय सभा, कालिम्पोङ्ग–बु. सं. २४९३

★ ★ ★

Downloaded from http://dhamma.digital/

# स्मरणीय व्यक्तित्वहरू

## अभ्यास–६

१) भाजुरत्न साहू कसबाट किन प्रभावित भएका थिए ? लेख्नुहोस् ।

२) भाजुरत्न साहूको पारिवारिक एवं व्यापारिक जीवनाबरे चर्चा गर्नुहोस् ।

३) आश्रयविहीन भएका भिक्षुहरूलाई मात्र होइन कयौं गृहस्थहरूलाई पनि उपासक भाजुरत्न साहू र उहाँका परिवारले आश्रय दिइदै आएको इतिहासलाई कसैले नकार्न मिल्दैन । यसलाई प्रष्ट पार्नुहोस् ।

४) उपासक भाजुरत्न साहूले देशभित्र र बाहिर स्थविरवादी बुद्धधर्मको प्रचार-प्रसार गर्न, बौद्ध साहित्यहरू प्रकाशन गर्न सहयोग पुऱ्याउन भएका क्रियाकलापहरूको बारेमा चर्चा गर्नुहोस् ।

५) बुद्ध धर्मको उत्थानको लागि भाजुरत्न उपासकको योगदानबारे चर्चा गर्नुहोस् ।

६) भाजुरत्न साहूको विभिन्न विधामा रहेको योगदानलाई चर्चा गर्दै उहाँको संक्षिप्त जीवनी तीनसय शब्दमा लेख्नुहोस् ।

Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षाको एक चिनारी

**परियत्ति शिक्षा के हो ?**

राजकुमार सिद्धार्थको रूपमा नेपालका सुपुत्र, विश्वज्योति भगवान् वुद्धको जन्म नेपालको लुम्बिनी ग्राममा (हाल कपिलवस्तु तौलिहवा नजिकै) आजभन्दा करीव २६२६ वर्ष पूर्व भएको हो । उहाँ संसारलाई जलाइरहेको दुःखाग्नि देखी चिन्तित हुनुहुन्थ्यो र शान्तिको मार्ग खोज्न एकदिन राजसी ऐस आराम, प्यारी पत्नी यशोधरा र पुत्र राहुललाई त्यागगरी अज्ञानता र दुःखवाट मुक्तिको मार्ग खोज्न घरवाट निस्कनुभयो। त्यसवेलामा नाम चलेका ज्ञानीजनहरूवाट आफूले खोजेको शान्तिको ज्ञान प्राप्तहुने नदेखेपछि आफैले सो ज्ञान प्राप्तगर्न ६ वर्षसम्म कठोर तपस्या गर्नुभयो। अन्तमा वोधिबृक्षमुनि ध्यानरतहुँदा उहाँले सम्यक्सम्वोधि ज्ञान प्राप्त गर्नुभयो र बुद्ध कहलाउनुभयो । तत्पश्चात् आफैले पत्ता लगाएको अमृतमय वुद्धधर्मको सन्देश ४५ वर्षसम्म आफूले स्थापना गर्नुभएको संघका भिक्षुहरूमा तथा गृहस्थहरूमा फैलाउँदै ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो ।

प्राणीमात्रको हित र सुखको लागि भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएदेखि परिनिर्वाणको समयमा मल्लहरूको सालवनमा भिक्षु आनन्द एवं अन्य भिक्षुहरू तथा सुभद्र परिब्राजकहरूलाई दिनुभएको अन्तिम धर्मोपदेशसम्म ४५ वर्ष सम्म निरन्तर अभिव्यक्त गर्नुभएका आदि मध्य र अन्तमा पनि कल्याणकारी मूल र प्रामाणिक बुद्धवचन त्रिपिटक ग्रन्थमा सुरक्षित गरिएको छ। बुद्धवचन सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी ३ भागमा विभक्त गरिएको भएर नै त्रिपिटक भनिएको हो। पिटक भनेको धर्म साहित्यको पिटक (डालो) हो । बुद्धशासनमा परियत्ति, प्रतिपत्ति र प्रतिवेध ३ भागमा विभाजित

Downloaded from http://dhamma.digital/

शासन मध्ये त्रिपिटक परियत्ति शासन हो। परियत्ति भनेको बुद्धवचन त्रिपिटकको अध्ययन अध्यापन गर्नुपर्ने सैद्धान्तिक पक्ष हो भने प्रतिपत्ति भनेको व्यवहारिक प्रयोगात्मक पक्ष हो, अनि प्रतिवेध भनेको बुद्धधर्मको अभ्यासवाट प्राप्तहुने मार्गफल र निर्वाण हो। परियत्ति शासन भएन भने प्रतिपत्ति शासन हुँदैन। त्यस्तै प्रतिपत्ति शासन भएन भने प्रतिवेध शासन हुँदैन। तसर्थ बुद्धशासनको आधार शीला भइरहेको परियत्ति अर्थात् बुद्धवचन शुद्धरूपले सुरक्षितगरी राख्न संगायनहरू भैराखेका छन्।

परियत्तिको महत्वबारे अंगुत्तर निकायको अट्ठकथाको मनोरथपूरणी ग्रन्थको एउटा गाथामा यस्तो भनिएको छ - *"सूत्र रहेन भने र विनय नष्ट भयो भने लोक त्यस्तै प्रकारले अन्धकारमय हुनेछ जस्तो सूर्य अस्ताउँदा हुन्छ। सूत्र आदि रक्षा भइरह्यो भने प्रतिपति रक्षा हुन्छ, परियतिमा स्थिर भइरहने धीरपण्डित योगक्षेम निर्वाण प्राप्तगर्नवाट विमुख हुँदैन।"*

## नेपाल बौद्ध परियत्ति शिक्षाको संक्षिप्त इतिहास

आजभन्दा २६०० वर्ष अगाडि हाम्रो देश नेपालको लुम्विनी उपवनमा कपिलवस्तुका राजा शुद्धोदन र अग्रमहिषी महामायादेवीका सुपुत्र राजकुमार सिद्धार्थको जन्मभयो। उहाँ २९ वर्षको उमेरमा गृहत्यागगरी ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिबृक्षमुनि बोधिज्ञान प्राप्त गरी सर्वज्ञबुद्ध हुनुभयो। बुद्धत्व प्राप्तिपछि भगवान् बुद्धले संसारको हित र कल्याणको निम्ति ४५ वर्षसम्म गाउँ-गाउँमा, शहर-शहरमा, जनपद-जनपदमा चारिकागरी धर्म उपदेश गर्नुभयो। भिक्षाटनवाट फर्किसकेपछि खुट्टाधुने समयसम्म त्यसै नवसि उहाँ धर्मोपदेश गर्नुहुन्थ्यो। यसप्रकारको धर्मोपदेश दिने आदर्शलाई त्यसपछिको उहाँको शरणमा आउने सबै भिक्षु, श्रमण र श्रद्धालुहरूले पनि पालन गरे। बुद्धको महापरिनिर्वाण पछि

Downloaded from http://dhamma.digital/

बुद्धोपदेश लोप नहोस् भनेर मगध सम्राट अजातशत्रुको संरक्षणमा आयुष्मान् महाकाश्यप महास्थविरको नेतृत्वमा पहिलो संगायना भयो।

त्यसको १०० वर्षपछि राजा कालाशोकको संरक्षणमा आयुष्मान् रेवत महास्थविरको नेतृत्वमा विनय-नियम शुद्ध र स्वच्छ रूपले कायम गरीराख्ने विशेष उद्देश्य राखी दोस्रो संगायना भयो।

सम्राट अशोकले चारै दिशा तिर धर्मदूतहरू पठाई बुद्धको उपदेश प्रचार -प्रसार गर्नुभयो। धर्मको संगायनालाई फेरी चिरस्थायीको कामना गरी श्रीलंकाका राजा वट्टगामिनिले बुद्धोपदेश त्रिपिटकलाई ताडपत्रमा लिपिवद्ध गराउनु भयो। यसको अगाडि बुद्धोपदेश लिपिबद्ध नभएसम्म त्यसलाई कण्ठ गरिराख्ने जिम्मा लिइराख्ने भिक्षुहरूले विभिन्न रूपले भाणक विभाजन गरी गुरू शिष्य परम्परा आ-आफूले जिम्मा लिइराखेकोलाई त्यसै अनुरूप अभिभारा बोकी पूर्णरूपले जिम्मेवार वहनगरी राखेका थिए। दुर्भिक्षादि प्राकृतिक भय-अन्तराय आए जस्तै अधार्मिक राजाहरूवाट, अधिकारीहरूवाट पनि अनेकौं विघ्नवाधा आई शासनलाई धक्का पुग्नजाने अवस्थामा आफूहरूलाई केही भएमा धर्मको अंश नै लोप हुनसक्छ भन्ने भय लिई, संवेग लिई बुद्ध-शासन सुरक्षाको निम्ति भिक्षुहरू दत्तचित्त राखी लागि परे; भनेर वर्णन गर्न साध्य छैन। जस्तो उहाँ दूरदर्शी बुद्ध-श्रावकहरूले भविष्यलाई देखी भय गर्नुहुन्छ, त्यो स्थिति साँच्चै नै आई बुद्ध-शासनप्रति कहिले अराजकतापूर्ण दमननीतिको प्रहार भयो, दुर्भिक्षादि भयको सामना गर्नुपर्‍यो, अधार्मिक अधिकारीहरूको हातवाट वच्न लुकी-लुकी नदीनाला, पहाड, पर्वतको सहारा लिनुपर्‍यो। खाने, पिउने कुराको अभावमा खालि पेटको भरमा पनि हतोत्साही नभएका उहाँ आजानी वीरपुरूष भिक्षुहरूले बुद्धोपदेशको सुरक्षाको जिम्मा पूरा गर्नुभयो। पछि यो परम्परावाट मात्र शासन स्थिर नहुने

Downloaded from http://dhamma.digital/

स्थिति बुझी बाहिरको राम्रो वातावरण अनुकूल भइसकेपछि चौथो संगायनागरी पुस्तकहरूको रुपमा गतिलो छपाई काम सम्पन्न गर्नुभयो।

बुद्धोपदेश सबै ताडपत्रमा पुस्तकको रूपमा लिपिवद्ध भईसकेपछि यसको व्याख्या, टीका, अनुटीका, ग्रन्थी अनुग्रन्थी आदि धेरै धेरै ग्रन्थहरू लेख्ने तथा प्रचार-प्रसार गर्ने काममा के कसरी अविस्मरणीय अमूल्य काम-कुरा भई सकिसक्यो। त्यस्तै धर्मको परिशुद्धताको लागि राजावाट संगायन पनि भैसक्यो। पाँचौं संगायना हुँदा पहिला भन्दा वुद्ध-शासन चिरस्थायी गर्ने ठूलो इच्छा प्रवल श्रद्धा राखी बर्मी राजा मेण्डोनले मार्वलमा बुद्धोपदेश कुँदी शिलालेखको रूपमा सम्पूर्ण त्रिपिटक लिपिबद्ध गर्नुभयो। आज यी शिलालेख राखीराखेको प्रत्येक चैत्यहरू धर्म मन्दिरको रूपमा अहिलेसम्म दर्शन गर्न सकिन्छ। वुद्धधर्म जानी, बुझी तदनुसार आचरण गर्नुपर्ने धर्म भएकोले यसको प्रचार-प्रसारको निकै आवश्यक छ।

गौतम बुद्ध जन्मनु भएको लुम्विनी त्यस्तै नै उहाँको जीवनसँग सम्वन्ध भएको कपिलवस्तु, देवदह भएको देशमा वुद्धको उपदेशको अध्ययन-अध्यापन समय-समयमा भैराखेको इतिहासवाट प्रष्ट हुन्छ। प्राचीन युगमा मौखिक रूपमा धर्मको प्रचार-प्रसार भएता पनि लिच्छवी युगमा हाम्रो देशमा धेरै बुद्ध-धर्म, बौद्ध दर्शन र वौद्धकलाको अध्ययन-अध्यापनको केन्द्र थियो। मध्ययुगमा पनि कैयौं वौद्ध विहारमा यसरी नै अध्ययन-अध्यापनको व्यवस्था थियो। जयस्थिति मल्लको समयदेखी वौद्ध विषयमा यसप्रकारको अध्ययन-अध्यापनको काम व्यवस्थित रूपमा हुन सकेन। त्यसपछि गुठी पारायण पद्धतिब ट यसको अध्ययन-अध्यापन पद्धतिलाई जीवित वनाइराख्यो।

एशियामा फेरी संस्कृति र सभ्यताको पुन ागरण आयो। नेपालमा पनि वुद्ध-धर्म पुनः प्रचार-प्रसार भयो। यस कार्यमा भि ु प्रज्ञानन्द, भिक्षु धम्मालोक,

Downloaded from http://dhamma.digital/

भिक्षु शाक्यानन्द, भिक्षु अमृतानन्द, भिक्षु सुवोधानन्द, भिक्षु सुमंगलहरूको विशेष योगदान रहिआएको छ । बि.सं. २००१ सालमा तात्कालीन राणशासनमा नेपालमा भएका चारजना भिक्षुहरू र चारजना श्रामणेरहरूलाई नेपालमा बुद्ध-धर्म प्रचार-प्रसार नगर्नु भन्दाभन्दै पनि प्रचार-प्रसार गऱ्यो भन्ने आरोप लगाई देश निकाला गरी बुद्ध-धर्मको इतिहास समाप्तगर्ने प्रयास गरेता पनि नेपालका वौद्धहरूले भारतमा वसेर भए पनि धर्मको जागरणगर्ने काममा लागीरहे । यही क्रममा सन् १९४४ मा सारनाथमा **'धर्मोदय सभा'** को गठन भयो । सन् १९४६ मा भिक्षु अमृतानन्द महास्थविरको प्रयत्नबाट श्रीलंकाका प्रसिद्ध बौद्ध विद्वान् भिक्षु नारद महास्थविर प्रमुख ५ जना भिक्षुहरूको शिष्टमण्डलको रूपमा नेपालमा आउनुभयो। उहाँहरूले तत्कालीन राणाशासक पद्मशम्सेरलाई अनुरोध गरी देश निकाला गरिएका भिक्षुहरू पुन: नेपालमा फर्किनुभयो । त्यसपछि नेपालका धेरै श्रद्धालु उपासक-उपासिकाहरूले प्रव्रज्या ग्रहण गर्नुभयो।

सन् १९५१ मा **"अखिल नेपाल भिक्षु महासंघ"** को स्थापना भयो । भिक्षु महासंघद्वारा धर्मदेशनाबाट विहारमा सिकाउने, अध्ययन-अध्यापन गराउने काम पुन: शुरू भयो । यसबाट श्रीलंका, बर्मा, थाईल्याण्ड आदि देशहरूले नेपालका भिक्षुहरूलाई बुद्ध-धर्म अध्ययनार्थ छात्रवृत्ति प्रदान गरी नेपालको बुद्धधर्मको इतिहासमा कहिल्यै नबिर्सिने छाप राखिदियो । यसमा तत्कालदेखी कुशीनगर भारतमा वसोवासगरी आफूले सक्दो बुद्ध-धर्मको प्रचार-प्रसारको काममा धेरै योगदान दिंदैरहेका ऊ चन्द्रमणी महास्थविरको पनि ठूलो देन रहेको छ। नेपालका पुराना भिक्षु, अनागारिकाहरू धेरैजसो उहाँकै शिष्यहरू छन् ।

हाम्रो देशमा बुद्ध-धर्म सम्वन्धी अध्ययन र अध्यापनगर्ने कार्य अत्यन्त आवश्यक भएकोले यसलाई सुहाउँदो समय र परिस्थितिलाई हेरेर त्रिशुली सुगत बौद्ध मण्डलका सचिव धर्मरत्न शाक्यको सुझाव अनुसार श्रद्धेय भिक्षु बुद्धघोष

Downloaded from http://dhamma.digital/

महास्थविर त्रिशूली सुगतपुर विहारमा पाल्नुभएको वेलामा वि.सं.२०१९ मा वुद्ध-धर्मको अध्ययन र अध्यापन कार्यको शुभारम्भ गर्नुभयो। जुन परीक्षा क्रममा १ कक्षादेखि ५ कक्षासम्म परीक्षार्थीहरू उत्तीर्ण पनि भयो।

त्यसपछि भिक्षु वुद्धघोष महास्थविर र धर्मरत्न शाक्य 'त्रिशूली' ले **"अखिल नेपाल भिक्षु महासंघ"** मा प्रस्ताव पेश गरे अनुसार ५ वैशाख २०२० मा नवौं बैठकले परिवर्तित र परिवर्द्धित गरी त्यस शिक्षाको अधिराज्य भरी संचालन गर्नेगरी स्वीकारगरी यस शिक्षाको अध्ययन-अध्यापनको क्रमलाई **"नेपाल बौद्ध परियत्ति शिक्षा"** नामाकरण गर्ने निर्णय भयो। त्यसै वैठकको निर्णय अनुसार यस शुभकार्यको शुभारम्भ **"अखिल नेपाल भिक्षु महासंघ"** का **अध्यक्ष पूज्य प्रज्ञानन्द महास्थविर**को ६४ औं जन्मदिनमा उद्घाटन भयो।

**"अखिल नेपाल भिक्षु महासंघ"** को निर्णय अनुसार बु.सं.२५०७ को वुद्ध-पूर्णिमाको शुभदिनमा परीक्षा केन्द्र निर्णय भएको ठाउँमा नेपाल अधिराज्यभरी ठीक ८:४५ वजे विहान **"नेपाल बौद्ध परियत्ति शिक्षा"** को अध्ययन र अध्यापन कार्य प्रारम्भ भयो। यस सन्देश रेडियो नेपालवाट पनि त्यसै समयमा प्रसारण गरिदियो।

ने.सं.१००८, दिल्लागा ११ (वि.सं.२०२०, आषाढ १८ गते) को दिनमा अ.ने.भि.महासंघको वैठकको निर्णय अनुसार वौद्ध परियत्ति शिक्षाको पहिलो परिक्षामा कक्षा १ देखि कक्षा ५ सम्मको व्यवस्थागर्ने सम्पूर्ण कार्यभार श्रामणेर सुदर्शनलाई सुम्पियो। त्यस्तै महासंघको मैत्रीले विभिन्न परीक्षा केन्द्रमा परीक्षा नियन्त्रकहरू नियुक्त गरियो। पहिलो परीक्षा बि.सं.२०२० आश्विन २८ गते (अक्टोवर १४, १९६३) देखि सुभारम्भ भयो। पहिलोदेखी छैठौं परीक्षामा आशातीत सफलता र वुद्ध-धर्मको अध्ययन-अध्यापनको उत्साहवर्द्धक वातावरणको फलस्वरूप

Downloaded from http://dhamma.digital/

अ.ने.भि.महासंघबाट २३ फागुन २०२० को बैठकमा सातौं परीक्षालाई उपाधि परीक्षा गर्ने निर्णय भयो । शुरुमा सद्धम्म पालकसम्म अध्यापन गरिने ने.बौ.प.शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अझ उच्च शिक्षा दिन सद्धम्मपालक उत्तीर्ण धर्मरत्न शाक्य र अ.सुशीला प्रमुख सबै विद्यार्थीहरूको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविदसम्मको पाठ्यक्रम तयार गरी उच्चशिक्षा प्रारम्भ गरियो । त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय-समयमा विभिन्न प्रकारल परि वर्तन र परिवर्द्धन गर्ने क्रममा विभिन्न नीति नियमहरू निर्धारण गर्ने र समिति उपसमिति गठन गर्ने देखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थित रूपले कामकुरा अगाडि बढ्दै गयो । शुरुमा प्रारम्भिक प्रथमवर्ष देखि प्रवेश द्वितीयवर्षसम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रूपमा **"परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा"** सम्म संचालन हुँदै आइराखेको छ ।

Downloaded from http://dhamma.digital/

पञ्ञा नरानं रतनं

त्रिपिटक

अ.ने.भि. महासंघ द्वारा संचालित

नेपाल बौद्ध परियत्ति शिक्षा

स्थापित बु.सं. २५०७

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/



**लेखक आचार्य भिक्षु अमृतानन्द**
**(वि.सं. १९६७-२०४७)**



*मोतिलाल शिल्पकार*

## पुस्तक - दाताको परिचय

| | | |
|---|---|---|
| नाम | - | मोतिलाल शिल्पकार |
| जन्म | - | बि.सं. १९९१, माघ शुक्ल दशमी |
| माता | - | हरीमाया शिल्पकार |
| पिता | - | मोहनलाल शिल्पकार |

## अनुभवहरू

| | | |
|---|---|---|
| संस्थापक अध्यक्ष | - | उड कार्भिङ इण्डष्ट्रिज प्रा.लि. (२०२३) |
| संस्थापक | - | उड सिजनिङ्ग प्रा.लि. (२०३६) |
| अध्यक्ष | - | नेपाल उल ट्रेडिङ्ग कम्पनी (२०४२) |
| संयोजक (अध्यक्ष) | - | ललितपुर उद्योग बाणिज्य संघ (२०४४) |
| अध्यक्ष | - | इन्टर कार्पेट एक्सपोर्ट कम्पनी प्रा.लि. (२०४९) |
| संस्थापक अध्यक्ष | - | ललितपुर फाइनान्स कम्पनी लि. (२०५९) |
| संस्थापक अध्यक्ष | - | पाटन फाइनान्स कम्पनी लि. (२०५९) |
| संस्थापक अध्यक्ष | - | एन्जेल्सहार्ट स्कूल (२०४१) |

Downloaded from http://dhamma.digital/